३००

# भक्तपुर मासिक

Bhaktapur Month...
भाद्र २०७८
ISSN 2705-4454



## ख्वप अस्पतालमा आइसीयु सञ्चालनको तालिम

- 'देउवा नेतृत्वको गठबन्धन सरकार विदेशीको स्वार्थअनुसार आएको हो'
- कोरोना भाइरसको उत्पत्तिबारे विश्वका ३ सय पार्टी तथा सङ्गठनको संयुक्त वक्तव्य
- नेमकिपाबारे केही स्रष्टा तथा विद्वानको अभिमत
- भारतीय विस्तारवाद र नेपालमा उसको बढ्दो प्रभाव
- मध्यकालीन नेपाल (उपत्यका) मा संस्कृत वाङ्मय
- भक्तपुर लायकुको लोहँदेग:
- शताब्दीका साथ
- चिनी : एक स्वादिलो विष
- नगरपालिका गतिविधि




राष्ट्रिय पुस्तकालय दिवसमा भक्तपुर नपाद्वारा आयोजित
विचार गोष्ठी (भाद्र १५ गते)




अन्तर्राष्ट्रिय युवा दिवसमा 'कोभिड १९ विरुद्ध युवाहरुको भूमिका'
विषयक अन्तरक्रिया कार्यक्रम (साउन ३० गते)

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j l{#* cE !) g};#!!$! lj-;#@)&*efb| A.D.2021

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)





(दासुको फेसबुकबाट)


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

## 'श्रेष्ठ चरित्र नै उत्तम गुण हो ।' - मनुस्मृति

### यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | देउवा नेतृत्वको गठबन्धन सरकार विदेशीको स्वार्थअनुसार आएको हो | नारायणमान बिजुक्छेँ | ३ |
| २) | नयाँ कोरोना भाइरसको उत्पत्तिबारे नेमकिपालगायत विश्वका ३ सय पार्टी तथा सङ्गठनको संयुक्त वक्तव्य | - | ६ |
| ३) | 'भक्तपुर काण्डबारे नयाँ पुस्तालाई जानकारी दिनु हामी आफ्नो कर्तव्य ठान्छौँ' | सुनिल प्रजापति | ७ |
| ४) | विचार र सिद्धान्तमा अडिग राजनीतिक दललाई बिगार्न नसकिने | रजनी जोशी | १० |
| ५) | नेमकिपाबारे केही स्रष्टा तथा विद्वानको अभिमत | यशराज | ११ |
| ६) | १०८ रोपनीमा बसपार्क बनाउने काठमाडौँ महानपाको प्रस्तावमा भक्तपुर नपाद्वारा विरोध | - | १३ |
| ७) | 'भक्तपुरको इच्छाविपरित सल्लाधारीमा एउटा इँटा पनि हालिँदैन' | हरिप्रभा खड्गी | १५ |
| ८) | भारतीय विस्तारवाद र नेपालमा उसको बढ्दो प्रभाव | विवेक | १६ |
| ९) | 'आधुनिक र प्रविधियुक्त पुस्तकालयको महत्त्व झन् बढ्दै गएको छ' | प्रमुख सुनिल प्रजापति | १८ |
| १०) | 'सफूकोठालाई पुनर्जन्म दिनु आजको आवश्यकता' | उपप्रमुख रजनी जोशी | २० |
| ११) | जनज्योति पुस्तकालय | भूपाल मूल | २१ |
| १२) | शहीद स्मृति पुस्तकालय | नारायण प्रसाद मचामसी | २४ |
| १३) | किम इल सङको संस्मरण : शताब्दीका साथ (१०) | अनुवाद : नीरज | २५ |
| १४) | 'खोप लगाउनु नै कोरोनाबाट बच्ने प्रभावकारी उपाय हो' | डा.अमर प्रजापति | ३१ |
| १५) | मध्यकालीन नेपाल (उपत्यका) मा संस्कृत वाङ्गमय | डा. बलराम कायस्थ | ३४ |
| १६) | भक्तपुर लायकुको लोहँदेगः | ओम धौभडेल | ३७ |
| १७) | शताब्दी सौरभि सुगन्ध महोत्सव | तेजेश्वरबाबु ग्वंगः | ४१ |
| १८) | चिनी : एक स्वादिलो विष | राजेन्द्रबहादुर कायष्ठ | ४३ |
| १९) | तन्त्र सिद्धिको मूल आधार कुण्डलिनी जागरण | डा. वीरेन्द्रप्रसाद कायस्थ | ४७ |
| २०) | नेपालको वैदेशिक व्यापार | सबिन ख्याजू | ५१ |
| २१) | 'अदालतमा भ्रष्टाचार संस्थागत भयो' | प्रतिवेदन | ५४ |
| २२) | रक्सी खाने नराम्रो बानी हुँदैमा परिवारले पाटीमा फाल्न ल्याउन पाइन्छ र ? | कुशल | ५६ |
| २३) | लकडाउनले जोगाएको इज्जत (लघुकथा) | आर.दिस्ती | ५९ |
| २४) | कोभिड युनिटको सेवा र मेरो आत्मबलले जितेँ कोरोनालाई | अन्जु बाग | ६० |
| २५) | भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय | - | ६२ |
| २६) | भक्तपुर नगरपालिकाको गतिविधि | - | ७० |
| २७) | विविध समाचार | - | ९० |
| २८) | १०८ रोपनीमा गिद्धेदृष्टि नलगाऊ (सम्पादकको पृष्ठ) | - | १०८ |

**साथमा -** केटाकेटीको लागि-१२/ ख्वप अस्पताललाई सहयोग जारी-१९/ नेपालमा कोरोना-२३/बसिबियाँलो-४०/आफन्तीको कथा-९७/ विश्वमा कोभिड-९९/ २७ वर्ष काम लाग्ने क्यालेन्डर-१०१/ हाम्रो स्वास्थ्य-१०२/ स्थानीय सरकार सञ्चालन ऐन २०७४ (२२) -१०४/ SKETCHES FROM NIPAL–Henry Ambros Oldfield (63) - १०६/ रंगीन पृष्ठ-क-घ

# देउवा नेतृत्वको गठबन्धन सरकार विदेशीको स्वार्थअनुसार आएको हो– अध्यक्ष बिजुक्छेँ

*(नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) सँग देशको समसामयिक विषयमा विभिन्न सञ्चारमाध्यमले गरेको कुराकानी)*

■ सर्वोच्चको परमादेशबाट बनेको देउवा नेतृत्वको गठबन्धन सरकारलाई यहाँले कसरी लिनुभएको छ, बताउनुहुन्छ कि ?

सर्वोच्चको परमादेशबाट बनेको देउवा नेतृत्वको गठबन्धन सरकार विदेशीको स्वार्थअनुरूप आएको हो । अदालतले दिएको फैसला राजनीतिकरूपमा मान्य हुँदैन । त्यसकारण, राजनीतिक विषयमा हात हाल्नुअगाडि परिणाम के होला भनेर सोच्नु बुद्धिमानी हुन्छ । वर्तमान प्रधानन्यायाधीश चोलेन्द्र शमशेरको टोलीले गरेको फैसलाले गर्दा जनताले म्यान्डेट नदिएको व्यक्ति सरकारमा पुगेको छ । नेपालको सन्दर्भमा यसले गलत नजिर बसाल्ने देखिन्छ । गलत व्यक्तिको चयन हुनुको कारण देउवा सरकारले मन्त्रीमण्डल बनाउन नसकिरहेको हो । त्यतिमात्र नभई देउवा सरकारले आफ्नै संसदीय दलको सचिवालयसमेत बनाउन सकिरहेको छैन । अदालतले प्रधानमन्त्री घोषणा गर्नेजस्तो असंवैधानिक काम इतिहासमा कुनै पनि देशमा भएको छैन । हुन त कम्युनिस्ट भन्ने जुन शब्दावली एमालेले प्रयोग गरिरहेको छ, व्यवहारले त्यो कम्युनिस्ट नै होइन । कुनै पनि व्यक्ति या दल सत्तामा गइसकेपछि आफ्नो निम्ति भन्ने कुरो होइन, सत्तामा गएर लटरपटर गर्नै हुन्न, गलत छ भन्ने इतिहासले साबित गर्छ । चुनाव भएको भए को ठिक को बेठिक भन्ने कुरोको टुङ्गो लाग्थ्यो । राम्रो गरे राम्रै र नराम्रो गरे नराम्रै हुने हुनाले जस अपजसको भागीदार न्यायालय नै हो । उसैले जिम्मा लिनुपर्दछ ।

■ *पूर्व प्रम केपी ओलीले प्रतिनिधिसभामा व्यक्त गर्नुभएको कुरो ठिक हो ?*

यसले ठिक्कै अर्थ राख्दछ । उहाँको राजनीतिक अडान स्पष्ट छ । उहाँले जुन अडान लिनुभएको छ, त्यो ठिक्कै छ । किनकि, ओलीले सरकारमा बस्दा एउटा कुरो गर्ने अनि बाहिर बस्दा अर्को कुरो गर्ने गर्नुभएन, उही कुरो गर्नुभयो । त्यो ठिक छ ।

■ *अहिले सरकारले आफ्नै मन्त्रीमण्डल गठन गर्न सकेको छैन । गठबन्धनको सरकारको सुरुमा पाँच दल अहिले तीन दलको साझा कार्यक्रम र सहमतिबारे यहाँको के टिप्पणी छ ? माधवजीलाई दल मान्नु हुन्छ – हुन्न त्यसमा तपाईं के भन्नुहुन्छ ?*



यो सरकार भनेको पुच्छरजस्तो मात्रै हो । अघिल्लो सरकारको बाँकी बक्यौताको रुपमा आएको हुनाले पूर्णरूपमा यसले काम गर्नसक्तैन । जनताले तेस्रो पार्टीलाई म्यान्डेट दिएकै होइन । जनताले अघिल्लो बहुमतको सरकारलाई म्यान्डेट दिएका हुन् ।

■ *अदालतदेखि यस सरकारको निम्ति भूमिका खेल्ने व्यक्तिहरू जस्तै-बाबुराम भट्टराईसमेतले देउवा सरकारलाई प्रतिगमनको 'दोस्रो भेरियन्ट' भनी आलोचना गर्नुको अर्थ के हो ?*

यसको अर्थ बाबुराममा अब कुनै सिद्धान्त बाँकी रहेन । बाबुराम भट्टराईले समाजवादको कुरो गर्नुहुन्छ तर मार्क्सवाद पुरानो भयो, यसको कुनै काम छैन पनि भन्नुहुन्छ । हिजो आफूलाई माओवादी भन्नेहरू आज कता बिलाए ? माओ त्सेतुङ आफैले माओवाद मान्नुभएको थिएन । काङ्ग्रेस सत्तामा गएपछि समर्थन गर्ने सत्ताबाहिर रहँदा लासलाई जस्तै बेवास्ता गर्नु गलत प्रवृत्ति नै हो । यसकारण, सिद्धान्तहीन एकताले काम गर्दैन । त्यसभन्दा त फूट धेरै राम्रो किनकि त्यसले आफूमा स्पष्टता प्रदान गर्दछ ।

■ *दुईतिहाइ बहुमतको नेकपाको सरकारमा छँदा पूर्व प्रम ओलीलाई सबले तानाशाही, प्रतिगमनकारी भनी आलोचना गरेका छन् यसबारे प्रस्ट्याइदिनुहुन्छ कि ?*

वास्तवमा संसारका हरेक सरकार तानाशाह हो । किनकि, उसले ऐन कानुन आफूलाई लगाउँदैन । भारतको मोदी सरकार पनि तानाशाह नै हो । कोरोना महामारीबाट मरेका मानिसहरू कति बगाइयो, कति जलाइयो त्यसको वास्तविक तथ्याङ्क लुकायो । सञ्चारमाध्यम आफ्नो हातमा लियो ।

प्रजातन्त्रको हिमायती भन्ने अमेरिकी पूर्वराष्ट्रपति ट्रम्पले पनि आफूलाई प्रजातन्त्रवादी भन्थे तर हिटलरलाई ठिक मान्थे। त्यसबाट के प्रस्ट हुन्छ भने अमेरिकी ट्रम्प सरकार पनि तानाशाही नै हो। तर, जसले राजनीतिशास्त्र पढेका हुन्छन्, तिनीहरूले तानाशाही भन्दैनन्।

■ *दलहरू विभाजनको अवस्थामा आए, अब बचेखुचेका काङ्ग्रेसहरू पनि विभाजनतर्फ उन्मुख हुनुको कारण के हुनसक्छ ?*

दलहरू विभाजनको अवस्थामा पुग्नुमा विभिन्न कारण हुनसक्छन्। यसका पछाडि व्यक्तिगत, धार्मिक, क्षेत्रीय स्वार्थ र सैद्धान्तिक अष्पस्टताजस्ता कारण हुनसक्छन्। काङ्ग्रेसले भन्नलाई प्रजातान्त्रिक समाजवाद भन्दै आए पनि व्यवहारमा ठिक उल्टो गऱ्यो। उत्पादनका साधनहरू, कल कारखानाहरू सबै निजीकरण गर्ने वा बन्द गर्ने काम गऱ्यो। प्रचण्डजी माओवाद भन्नुहुन्छ तर विदेशीको स्वार्थमा चल्नुहुन्छ।

■ *आमरूपमा कम्युनिस्ट हौँ भनेर दुईतिहाइको सरकारमा गएको नेकपा अहिले आएर क्षतविक्षत अवस्थामा छ, एकथरी मान्छेहरू नेपालको कम्युनिस्ट आन्दोलन समाप्त भयो भन्ने खालका अभिव्यक्ति दिँदै छन्। यसबारे तपाईं के भन्नुहुन्छ ?*

आफ्नो पार्टीभित्र 'झगडा' हुनु स्वाभाविक हो। कतिपय प्रजातान्त्रिक देशमा प्रजातन्त्रको निम्ति सदनसमेत विघटन गरिएका छन्। अहिले पनि कतिपय देशमा धेरै मान्छे कोरोनाबाट मरेका छन्। त्यसैले त्यहाँको सरकारले लकडाउन घोषणा गऱ्यो। जनता अदालतमा गएका छन्। अदालतमा गए पनि सङ्कटकाल लागु गरिएको छ। त्यसले मानव अधिकारसमेत हनन भयो भन्ने सञ्चारमाध्यममा आयो। नागरिकको जिउधनको सुरक्षा सरकारले गर्नुपऱ्यो। आफूलाई आगोको संज्ञा दिई कसैले पनि गैरजिम्मेवारपूर्ण व्यवहार देखाउनुहुन्न। पहिलेका काङ्ग्रेसहरू पूर्वपन्थी अर्थात् भारतपक्ष हुन्थे भने अहिलेका काङ्ग्रेसहरू पश्चिमपन्थी अर्थात् अमेरिकापक्ष देखिन्छन्। कोइराला परिवारलाई भारतसित जोडेर हेर्ने गरिन्थ्यो भने देउवा परिवारलाई पश्चिमसित जोडेर हेरिन्छ। हरेक पार्टीलाई अन्योलमा पारेर कुनै दिन एउटा ठूलो पार्टी बनाउन पनि सक्छन्। यस्ता सबै क्रियाकलाप राजनीतिमा हुने गर्दछ।

■ *यहाँले चाणक्य नीतिबारे बरोबर बताउनुहुन्छ। नेमकिपाभित्र यस खालको बाह्य कुरोले कतिको प्रभाव पारेको छ ?*

कुटिल राजनीति भनेकै चाणक्य नीति हो। राजनीतिमा चाणक्य मरेका छैनन्। चाणक्यहरू सबै ठाउँमा छन्। एमाले विभाजन वा विसर्जनका लागि प्रचण्डले ठ्याक्कै चाणक्य नीति लागु गरेको आरोप एमालेका संस्थापन पक्षले लगाएको छ। पूँजीवादी हरेक राजनीतिक पार्टीमा घुसपैठ हुन्छ। राजा महाराजाका पालामा पनि सरकारलाई खतम पार्नका लागि गुप्तचरी गराउने, अपराधका गतिविधि गर्न लगाउने गरिन्थ्यो, अशान्ति गराउने र सरकार ढाल्ने गरिन्थ्यो।



■ *यहाँले भन्नुभएजस्तै एमाले विभाजन गराउन प्रचण्डले ठ्याक्कै चाणक्य नीतिको चलखेल गरेका हुन् भन्ने एमाले संस्थापन पक्षको आरोप छ, यसबारे स्पष्ट पारिदिनुहुन्छ कि ? एमाले विभाजन गराउने 'जागीर' प्रचण्डलाई अर्कैले दिएको हो त ?*

प्रचण्ड, उनी आफै उठेका नभई कसैले ठड्याइदिएका व्यक्ति हुन्। हातहतियार अरूले दिएको, तालिम पनि अरूले दिएको, पैसा पनि अरूले दिएको, बासको बन्दोबस्त अरूले गरिदिएको हो। जसरी चन्द्रमा अरूको प्रकाश छोड्नेबित्तिकै समाप्त हुन्छ, त्यसरी नै अरूको तागतबाट उठ्ने व्यक्ति पनि छिट्टै समाप्त हुन्छ। सबैसँग नेमकिपाको भिन्न मत छ। किनकि, नेमकिपा सरकारमा जाने पार्टी होइन। यो खान नहुने वस्तु हो भन्ने थाहा हुँदाहुँदै फेरि त्यही खानु गलत हुन्छ। जो आफूलाई कम्युनिस्ट भनेर फलाकिरहेका छन्, त्यहीअनुसार समाजलाई दिन सक्नुपर्दछ। उत्पादनका श्रोत साधन राष्ट्रियकरण गर्नु, सबैलाई योग्यताअनुसार काम दिनु कम्युनिस्टको काम हो तर, कामअनुसार ज्याला दिन्छौँ भनेर पार्टीमा ल्याउने अनि त्योअनुसार नपाएपछि गद्दार भयो, विश्वासघात गऱ्यो भन्नु स्वाभाविक हो। कि त यो व्यवस्थामा यी कुरो सम्भव छैन भनी स्पष्ट गर्नुपऱ्यो।

■ *यहाँले चाणक्य चलखेलको कुरो राख्नुभयो। आफ्नो पार्टीमा देखिने गरी यस्तो खालको चलखेल भएको छैन, नेमकिपा यसबाट पृथक छ भन्ने लाग्छ यहाँलाई ? यो कसरी सम्भव हुन्छ ?*

जहाँ प्रकाश हुन्छ, त्यहाँ छाया अवश्य हुन्छ नै। जो सरकारमा जान्छ उसले त्यहाँबाट धेरै फाइदा लिन खोज्छ अनि भ्रष्टाचार गर्ने नै भयो। पूँजीपति वर्ग, माफिया सबै शासक दलभित्र पस्छन्। नेमकिपाले यो पूँजीवादी व्यवस्थामा सरकारमा गएर केही हुन्न भनिरहेकै छ। चुनावलाई देश र जनताको हितमा उपयोग गर्ने नीति नेमकिपाको हो। हामी समाजको आमूल परिवर्तनका लागि सङ्घर्षलाई जारी राख्नुपर्छ भनी जनतालाई स्पष्ट गर्दै छौँ। यसकारण, चुनावमा जनतालाई ठगेर हुन्न, शिक्षा र चेतना दिनुपर्दछ। यस हिसाबले हामी चुनावमा भाग लिन्छौँ। सबैले त्यस्तो गरिदिएको भए देश आजको अवस्थामा आउँदैनथ्यो।

नेमकिपा सरकारमा नजाने पार्टी भएकोले त्यस्तो खालका मान्छेहरू यसमा छिर्न सक्तैनन्। एमाले काङ्ग्रेसहरूले नेमकिपा फुटाएको उदाहरण छ। जुम्लामा काङ्ग्रेसले र

दैलेखमा एमालेले क्रमशः प्रतिनिधिसभाका सदस्य भक्तबहादुर रोकाया र विनोद शाहीलाई पैसाले किनेका थिए । कालिकोटमा नेमकिपाका कार्यकर्ताहरूलाई माओवादीले घेरा हालेर लगे । विचारले सहमत भए जानुहोला नत्र परिणामले गलत हुने भन्ने कुरो हामीले बतायौँ । हामीले व्यक्तिको विरोध गरेका छैनौँ, विचारको विरोध गरेका हौँ । हामीलाई राजनीतिमा लाग्दा 'कुकुरले नपाएको दुःख पाउँछ' भनेर आमाबुबा-नातागोताले रोक्न खोजे पनि हर किसिमको दुःख कष्ट झेल्न तयार भएको हुनाले यहाँसम्म टिक्न सकेको अनुभव हुन्छ । जहाँ गए पनि इमानदारीपूर्वक काम गर्नुपर्दछ । कति मान्छे त गल्ती भयो कामरेड भन्ने पनि छन् । चौथो महाधिवेशनमा हामीले भोट दिएका खड्गबहादुर लामाले नेमकिपालाई धोका दिए । सुन सयचोटि जोखिन्छ तर मान्छेलाई एकचोटि जोख्ने हो । त्यसैले हामीले गलत मान्छेसित सम्झौता गर्नुहुँदैन । सर्पलाई तकियामुनि राखेर सुत्न सकिन्न । नेमकिपा एक्लै भए पनि जनताको सेवा गर्ने हो । चित्त बुझ्दैन भने अलग्ग हुनु र जे छ बहुमतको आधारमा निर्णय लिनु उचित हुन्छ । कि त राजीनामा गर्नुपर्ने हुन्छ कि त पार्टीले कारबाही गर्नुपर्ने हुन्छ । साम्यवादी सिद्धान्तअनुसार भौँटै दिनुपरे पनि खराबमध्ये असल यो हो भन्ने हिसाबले जानुपर्दछ । चुनावमा दलहरूको घोषणापत्रअनुसार काम नभएपछि खण्डन गर्ने, विरोध गर्ने काम हुन्छ । नेपालमा वैचारिक अभ्यासहरू धेरै कममात्र भएका छन् । शासक दलहरू जनादेशमा जान नचाहनुको कारण चुनावमा धेरै पैसा खर्च गर्नुपर्छ र यदि हारियो भने त सम्पत्ति खतम हुन्छ भनेरै हो । अस्ति चुनावमा लिएको ऋण नै तिर्न सकेका छैनन् होला कतिले ! पैसा खर्च गरेर चुनाव लड्ने बानीले गर्दा यिनीहरूमा चुनाव जितिएला भन्ने सोचै हुँदैन । कार्यकर्तालाई पैसा बाँड्ने, मासुभात खुवाउने, तेल राखिदिने, पानीभन्दा बढी बीयरमा खर्च गर्ने हुनाले आत्तिएका छन् । भोलि कुनै देशसँग लडाइँ भयो भने लड्ने नेपाली सेना भनेकै हुँदैन । किनकि युवाहरूलाई यी पूँजीवादी पार्टीहरूले भ्रष्ट पारिसकेका छन् । शासक दलहरूले एकदमै गलत गरेका छन् ।

■ *गलत गरेका छन्, यो प्रणालीले दिनुपर्ने सेवा दिएको छैन, यो व्यवस्था नै समस्या हो भन्ने बुझाइ राख्ने दल हो तपाईँको । सारा जीवन दिनुभयो तर कम्युनिस्ट आन्दोलन जीर्ण भयो भन्ने गरिन्छ, कम्युनिस्ट आन्दोलन अब के हुन्छ कसरी अगाडि बढ्छ ? नेपालको कम्युनिस्ट आन्दोलन कुन चरणमा आइपुगेको छ, बताइदिनुस् न !*

व्यापारीहरूले नाफा नलिई व्यापार गर्दैनन् । राजनीतिक नेता कार्यकर्ताले व्यापारीले जस्तो नाफा खोज्ने होइन । समाज रूपान्तरणको प्रक्रियामा ऐतिहासिक काल लाग्न सक्छ भन्ने बुझेर यसमा लागेका हौँ । धान र गहुँजस्तै ६/६ महिनामा बाली फर्काउने काम राजनीतिमा सम्भव छैन । आमूल परिवर्तनका लागि ऐतिहासिक युग नै लाग्न सक्छ । त्यसको मतलब हाम्रै पालामा सबै कुरो ठिक हुन्छ भन्ने होइन । कार्ल मार्क्सले आफ्नै पालामा, आफ्नै छोराको पालामा साम्यवाद आउँछ भन्नुभएको थिएन । बुद्ध जन्मेको २५ सय वर्ष भइसक्यो तर अहिलेसम्म चोर बढीरहेकै छन्, हत्याहिंसा बढेकै छ भनेर बुद्धलाई गाली गर्ने पनि छन् । यो त झुटा मान्छे हो, भन्छन् । तर, वास्तविकता त्यसो होइन । बुद्धले त्यति शिक्षा नदिएका भए झन् योभन्दा बढ्ता 'पाप' हुन्थ्यो, अपराध बढ्थ्यो । धर्ममा पनि केही काम लाग्ने चीज बाँकी रहेको हुनाले समाज बाँकी रहेको हो । नत्र त समाजमा लुँछाचुँडी भइसक्थ्यो । त्यसकारण, 'बुद्ध धर्म' को महत्त्व छ । यसले दक्षिण एसियामा मात्र सीमित नभई एसियाबाहिर पनि प्रभाव कायम राखेको छ । बुद्ध अनिश्वरवादी हुन्, भौतिकवादी हुन् । तर, उनलाई पूजा गर्न लगाए । चाणक्यहरू चलाख हुन्छन् । भिक्षुहरूमा जातको भेद नगर्ने भनिन्छ तर काठमाडौँमा दलित भिक्षु र अन्यबीचको भेद कायमै छ । समाजमा आमूल परिवर्तनको आवश्यकता त्यसबेलासम्म रहन्छ, जहिलेसम्म समाजमा आर्थिक समानता र व्यक्तित्व विकासमा समान अवसर रहँदैन । वर्ग रहेसम्म वर्गसङ्घर्ष रहन्छ ।

■ *समाजवाद ल्याउँछौँ, समाजवादउन्मुख संविधान ल्याउँछौँ भन्नेहरूले जुन किसिमको बेइमानी गरे के त्यसले कम्युनिस्टको लक्ष्य, भावना र मर्ममाथि प्रहार गरेको छैन ? के नेपालको कम्युनिस्ट आन्दोलन अगाडि बढिरहेको छ ?*

समाजवाद कुनै एक देशमा मात्र पनि स्थापना हुन सम्भव भएको कुरो सोभियत सङ्घले देखाइदियो । तर, एकचोटि समाजवादमा पुगिसकेको देश पनि सामाजिक साम्राज्यवादमा पतन हुनसक्ने यथार्थ रुसी कम्युनिस्ट पार्टीको इतिहासबाट स्पष्ट हुन्छ । साँचो मानेमा कम्युनिस्टको लक्ष्यमा एक दिन जरुर पुगिन्छ किनकि मानिस जन्मेपछि मर्छ, कम्युनिस्ट पनि कहिलेकाहीँ पराजित हुनसक्छ । जसरी मानिस स्वास्थ्यप्रति सचेत नहुँदा एक पटक रोग लागिसकेपछि निको हुने र फेरि पनि रोगी हुने, मर्ने सम्भावना हुन्छ, त्यसरी नै जनतालाई राजनीतिकरूपमा सचेत नपारेसम्म कम्युनिस्ट आन्दोलनमा अन्योलको स्थिति रहने निश्चित छ । नेमकिपा जनताको प्रजातन्त्र हुँदै समाजवाद र साम्यवादसम्म पुग्ने उद्देश्यअनुसार कार्यक्रम लिएर गाउँगाउँमा गई जनताको सेवा गरिरहेको छ । बन्दुक बोकेर लडाइँ गर्दा समेत परिवर्तन भएन । बन्दुक बोकेरै ल्याएको शासन व्यवस्था सधैँ टिक्न सक्छ भन्ने होइन । राजा पृथ्वीनारायण शाहले पनि बन्दुककै भरमा राज गरेका हुन् तर खोइ त टिक्न सकेनन् ! नेपालको कम्युनिस्ट आन्दोलन अगाडि बढाउन भारतको वामपन्थी आन्दोलन र सर्वसाधारणको समर्थन चाहिन्छ । अन्तर्राष्ट्रिय समर्थन लिन सकेमात्र क्रान्ति या समाजवादमा पुग्न सकिन्छ ।

स्रोत : मजदुर दैनिक

# नयाँ कोरोना भाइरसको उत्पत्तिबारे नेमकिपालगायत विश्वका ३ सय पार्टी तथा सङ्गठनको संयुक्त वक्तव्य

काठमाडौँ । विश्वका १०० भन्दा बढी देशका ३०० भन्दा बढी राजनीतिक पार्टी तथा विभिन्न सङ्‌गठनले कोभिड-१९ उत्पत्तिको अध्ययनबारे संयुक्त वक्तव्य प्रकाशित गरी विश्व स्वास्थ्य सङ्‌गठनमा पेश गरेका छन् । सो वक्तव्यमा कोभिड-१९ को उद्‌गमबारे अध्ययनमा चीनलाई दबाब दिई राजनीतिक रङ दिन खोजिएकोमा विरोध गरिएको छ । वक्तव्यमा कोभिड-१९ उत्पत्तिबारे संसारभरि अध्ययन गरिनुपर्ने र सो अध्ययन वस्तुपरक तथा निष्पक्ष ढङ्गमा हुनुपर्ने उल्लेख छ ।

चिनियाँ कम्युनिस्ट पार्टी, नेपाल मजदुर किसान पार्टीलगायतका संसारका ३०० भन्दा बढी जिम्मेवार दल तथा सङ्‌गठनको अङ्‌ग्रेजी भाषामा प्रकाशित संयुक्त वक्तव्यको पूर्ण पाठको नेपाली अनुवाद-

'कोभिड-१९ ले विश्वमै कहर बर्साइरहेको छ, वर्तमान परिस्थिति झन् जटिल भएको छ । हामी, जनताको सुस्वास्थ्य सुधार गर्ने गहन जिम्मेवारी बोकेका, राष्ट्रिय विकास र विश्व शान्ति एवम् स्थिरताको सुरक्षा तथा बढावा दिइरहेका विश्वभरका राजनीतिक पार्टी र सङ्‌गठनहरू विश्वव्यापी महामारीविरोधी सहयोगको नाममा भाइरसको मूलस्रोत पत्ता लगाउने राजनीति गर्ने कोलाहलप्रति हाम्रो ध्यान आकर्षण भएको छ र निम्नानुसारको संयुक्त वक्तव्य जारी गर्न सहमत भएका छौँ :

**१)** हामी सबैले देखिरहेका छौँ कि बितेको शताब्दीयता कोभिड-१९ नै सबैभन्दा व्यापकरूपमा फैलिएको र मानव जातिमाथि असर पारेको विश्वव्यापी महामारी हो । त्यसैले सबै मानव जातिले भाइरसविरुद्ध युद्ध चालुराख्न जरुरी छ । हामी समुदायमा बस्छौँ, त्यसैले हामी साझा भविष्यका साथ सँगै उठ्छौँ र सँगै लड्छौँ । यस सङ्‌कटको समाधानमा कुनै एक देश एक्लै रहन वा सङ्‌क्रमणमुक्त रहन सक्दैन । भाइरसलाई कुनै सिमाना र जाति थाहा छैन । भाइरसलाई परास्त गर्ने एउटै बाटो अन्तर्राष्ट्रिय समुदायले सँगै मिलेर काम गर्नुमात्र हो ।

**२)** हामीलाई थाहा छ, भाइरसलाई परास्त गर्न र रोग निर्मूल गर्न सकिने शक्ति भनेको विज्ञान नै हो । कोरोना भाइरस (सार्स-कोभ-२) नयाँ भाइरस भएकोले र मानव जातिलाई त्यसबारे कम जानकारी भएकोले त्यसको मूल स्रोत पत्तालगाउनु गम्भीर वैज्ञानिक मामिला हो । विश्वभरका वैज्ञानिकहरू तथा चिकित्सा क्षेत्रका विज्ञहरूले आपसी सहयोग र समन्वयसाथ काम गर्नु तथा तथ्य र प्रमाणहरूका आधारमा वैज्ञानिक निष्कर्ष निकाल्नु आजको आवश्यकता हो ।

**३)** हामीलाई थाहा छ, भाइरसको मूलस्रोतको खोजी गर्ने सबै देशको साझा प्रतिबद्धता हो । विश्व स्वास्थ्य सङ्‌गठनको सचिवालयले एकपक्षीयरूपमा चालेको पाइला र काम गर्ने योजनाको खाका न विश्व स्वास्थ्य सम्मेलनले सम्बन्धित प्रस्तावमाथि गरेको परिमार्जन र सुझावबमोजिम छ न त्यसबारेमा सदस्य राष्ट्रहरूसित पर्याप्त छलफल गरेरै ल्याएको हो, न उक्त खाका विश्वव्यापी महामारीको स्रोत पत्तालगाउन हालै हासिल गरेका अनुसन्धानका उपलब्धिलाई नै समेटेको छ । तसर्थ, त्यस खाका भावी क्रियाकलापलाई दिशानिर्देश गर्न उपयोगी नहुने स्पष्ट छ । धेरै देशले त्यसबारे आफ्नो चासो व्यक्त गरिसकेका छन् । हामी विश्व स्वास्थ्य सङ्‌गठनको सचिवालयसित विश्व स्वास्थ्य सम्मेलनले पारित गरेका प्रस्तावअनुसार सदस्य राष्ट्रहरूसित आपसी सहयोगको वातावरणमा काम गर्न आग्रह गर्दछौँ । साथै, नयाँ देखापरेका वैज्ञानिक प्रमाणहरूलाई पनि ध्यानमा राख्न र विश्वसनीय ढङ्‌गले कोरोना भाइरस रोग-२०१९ को विश्व स्वास्थ्य सङ्‌गठन-चीन संयुक्त टोलीको प्रतिवेदनका सिफारिस अनुसरण गर्न माग गर्दछौँ । कोरोना भाइरसको मूलस्रोत पत्तालगाउन चिकित्सा विज्ञ तथा वैज्ञानिक अनुसन्धानकर्ताहरूले पेशागत जोश जाँगरका साथ विभिन्न देश र विभिन्न स्थानमा गरिरहेको अध्ययनलाई हामी समर्थन गर्दछौँ । साथै, विश्वव्यापी महामारीको अर्को सम्भावित लहर रोक्न अत्यावश्यक सल्लाहको स्वागत गर्दछौँ ।

**४)** कोभिड-१९ ले जीवन, सुरक्षा र सबै मानव जातिको स्वास्थ्यमा गम्भीर खतरा उत्पन्न गरेको छ । भाइरसलाई परास्त गर्न अन्तर्राष्ट्रिय समुदायमा अझ बढी ऐक्यबद्धता र सहयोग जरुरी छ । भाइरसको मूलस्रोत खोज्ने मामिलामा राजनीतिकरणलाई अनुमति दिने निर्णयले उक्त मामिलामा विषाक्त वातावरण तयार गर्नेछ र भाइरसविरुद्ध संयुक्त अन्तर्राष्ट्रिय लडाइँलाई कमजोर पार्नेछ, जसले कुनै पनि पक्षको हितको सेवा गर्ने छैन । हामी कुनै पनि राजनीतिक तत्त्वबाट हुने यस मामिलालाई राजनीतीकरण गर्ने, ➲

# ‘भक्तपुर काण्डबारे नयाँ पुस्तालाई जानकारी दिनु हामी आफ्नो कर्तव्य ठान्छौँ’

– सुनिल प्रजापति, प्रमुख, भक्तपुर नगरपालिका



राजनीति सधैँ सरल रेखामा अगाडि बढ्ने गर्दैन । राजनीतिमा विभिन्न घटनाहरू घट्ने गर्छन् । सत्ता प्राप्ती र त्यसको संरक्षणको निम्ति पूँजीवादी राजनीतिमा षड्यन्त्र, छलछाम, जालझेल भइरहन्छन् । सामन्त र पूँजीपति वर्ग आफ्नो शासनको रक्षाको लागि जस्तोसुकै अनैतिक र कठोर कदम चाल्न पनि पछि पर्दैन ।

चाणक्यले भनेका छन्– ‘शत्रुको कुनै पनि उपायद्वारा नष्ट गर्नु सर्वथा नीतिसम्मत मानिन्छ ।’ उनले कुटिल नीतिअनुसार शत्रु पक्षलाई दबाउनका लागि जालझेल, षड्यन्त्र र छलछामलाई शास्त्रसम्मत मानेका छन् ।

राज्य सत्ता कसैले पनि सहज तरिकाले हस्तान्तरण गर्दैन, न त त्यो सहजै सुरक्षित हुने गर्छ । सत्ता सुरक्षाको लागि शासकहरूले छद्म भेषमा विभिन्न गतिविधिहरू गर्ने गर्छन् र जनताले थाहा नपाउन् भनी त्यसलाई पर्दा हाल्न (ढाकछोप गर्न) निकै कोसिस गर्छन् । हो, २०४५ साल भदौ ९ गते राज्यस्तरबाट रचिएको ‘भक्तपुर काण्ड’ पनि त्यस्तै एक भयङ्कर षड्यन्त्र थियो । त्यस षड्यन्त्रलाई ढाकछोप गर्न राज्य सञ्चालित सञ्चारमाध्यमहरू रेडियो, टेलिभिजनलगायत सबै सञ्चारमाध्यमको दुरुपयोग गरी जनतामा भ्रम फैलाइयो । नेमकिपालाई अपराधी समूहझैँ प्रचारप्रसार गरियो, नेमकिपाप्रति

---

➲ विश्वव्यापीरूपमा बदनाम गर्ने, विश्वव्यापी सहयोगमा तगारो सिर्जना गर्ने र भड्काउने कार्यलाई अस्वीकार गर्छौँ । राजनीतिक अपव्याख्याद्वारा अनुसन्धान प्रक्रिया र महामारीविरुद्धको अन्तर्राष्ट्रिय सहयोगमा अवरोध सिर्जना नगर्न आह्वान गर्दछौँ ।

**५)** भाइरसको मूलस्रोत पत्ता लगाउने अध्ययनलाई निरन्तरता दिँदै महामारी रोकथाम र नियन्त्रणको प्रयासलाई दुईगुणा वृद्धि गर्नुपर्छ । हामीले विकासशील देशहरूमा खोपको पहुँच र तिर्न सकिने मूल्यलाई सुनिश्चित गर्नुपर्छ र खोपलाई सार्वजनिक वस्तु बनाउनुपर्छ । यस मामिलामा हामी चीन र अरू देशले विश्वव्यापी महामारीविरोधी सहयोगमा टेवा पुऱ्याउँदै बाँकी विश्वका विकासशील देशहरूलाई खोप पुऱ्याउन चालेको सकारात्मक कदमको प्रशंसा गर्दछौँ । हामी खोप उत्पादन गर्न र खरिद गर्न सक्षम देशहरूसित त्यसको निर्यातमा प्रतिबन्ध लगाउने कार्य नगर्न वा आवश्यकभन्दा बढी मात्रामा खोप जम्मा नगर्न र खोपको राष्ट्रियकरण नगर्न आह्वान गर्दछौँ । खोपको अन्तर्राष्ट्रियकरणले सक्षम र कमजोर देशहरूबीचको खोप अभियानको खाडल साँघुरो बनाउने र भाइरसविरुद्धको अन्तर्राष्ट्रिय पर्खाललाई अझ बलियो बनाउन सहयोग पुऱ्याउनेछ ।

**६)** सबै देशका राजनीतिक पार्टी र सङ्गठनहरूले महामारीविरुद्धको विश्वव्यापी सहयोग उपलब्ध गराउन, सहयोगलाई जरुरी देशमा पुऱ्याउन, नीति निर्माण, संयोजन र परिपूरक क्रियाकलाप गर्न सहकार्य गर्नुपर्छ । त्यसले कोभिड–१९ विरुद्धको विश्वव्यापी लडाइँमा अतुलनीय गति पैदा गर्नेछ र सबैलाई स्वास्थ्य उपलब्ध हुने विश्व समुदाय निर्माणमा टेवा पुग्नेछ ।

**७)** जबसम्म अन्तर्राष्ट्रिय समुदायका सदस्यहरूले कठिन स्थितिमा एक अर्काको हेरचाह गर्नेछन् तबसम्म मानवताले महामारीमाथि विजय प्राप्त गर्नेछ, इतिहासको यस कालो घडीमा मानवता अझ बलियो हुनेछ र मानव विकासको अझ चहकिलो भविष्य प्राप्त हुनेछ ।’

स्रोत : मजदुर दैनिक

घृणा उत्पन्न हुने खालका सबै कदमहरू चालियो र नेमकिपालाई दबाउनको लागि माथिदेखि तलसम्मको सम्पूर्ण शक्तिको प्रयोग गरियो । तत्कालीन पञ्चायती व्यवस्था सर्वसाधारण जनतामा नेमकिपाबारे भ्रम फैलाउन क्षणिक रूपमा सफल भए पनि अन्ततः पञ्चहरूको षड्यन्त्र असफल भयो ।

राजनीतिमा आफ्नो सत्ता टिकाई राख्न मुलतः दुईओटा बाटाहरूको अवलम्बन गर्ने गरिन्छ– **पहिलो**, कानुन वा विधिको प्रयोग र **दोश्रो**, शक्ति वा बलको प्रयोग । कानुनको प्रयोगद्वारा शत्रु पक्षलाई दबाउनुलाई सरल बाटो मानिन्छ । यसमा राजनैतिक नेता कार्यकर्ताहरूलाई कुटपिट, लुटपाट, ज्यान, डाँका आदि मुद्दामा फसाएर जेलमा राख्ने, चरित्र हत्या गर्ने र राजनीतिमा उठ्नै नसक्ने गरी समाप्त पारिन्छ वा आत्मसमर्पण गर्न बाध्य गरिन्छ । बाली काट्ने आन्दोलन, भर्पाई आन्दोलन, मोहियानी हक सुरक्षाको आन्दोलनको नेतृत्व गर्नुभएका हाम्रा अग्रजहरू ज्ञानबहादुर न्याइच्याइँ, गोविन्द दुवाललगायत थुप्रै नेता कार्यकर्तालाई पञ्चहरूले त्यस्ता मुद्दाहरू लगाइएको हामीलाई थाहा छ । जनताका प्रिय नेताहरूलाई शासक दलले जस्तोसुकै षड्यन्त्रमा फसाउन खोजे पनि सफल भएनन् र सबै षड्यन्त्रहरू सफल हुँदैनन् पनि ।

'भक्तपुर काण्ड' मा शासकहरूले कानुन वा विधिको प्रयोग र शक्तिको प्रयोग दुवै गरेका थिए । ती दुवैको सहायताले नेपाल मजदुर किसान पार्टीका नेता कार्यकर्ताहरूलाई सम्पूर्ण रूपमा नष्ट गर्ने प्रयत्न गरेका थिए । एक जना मानिसको ज्यान गएकोमा नेमकिपाका केन्द्रीय अध्यक्ष का. नारायणमान बिजुक्छेँ (रोहित)लगायत पार्टीका मुख्य मुख्य नेता कार्यकर्ताहरूलाई छानी छानी ६७ जनालाई ज्यान मुद्दा चलाइनु, सयौँलाई शान्ति सुरक्षाअन्तर्गत जेलमा राख्नु र हजारौँ परिवारलाई दुःख दिनु तथा त्यसलाई सही सावित गर्न हजारौँ प्रहरी परिचालन गरी महिनौँसम्म भक्तपुरवासीहरूलाई दमन गर्नु, पक्राउ परेकाहरूलाई कठोर यातना दिनुले यो कुराको पुष्टि गर्दछ ।

आखिर नेमकिपाप्रति पञ्चहरूको त्यत्रो आक्रोश किन ? यो महत्त्वपूर्ण प्रश्न हो र आजका नयाँ पुस्ताले बुझ्नुपर्ने विषय पनि यही हो । पञ्चायती व्यवस्था निर्दलीय भए पनि पञ्चहरूको एकदलीय व्यवस्था थियो । पञ्चहरूको पक्षमा बाहेक अरू कसैले फरक विचार राख्न पाउँदैनथ्यो । सबै राजनैतिक पार्टीहरू प्रतिबन्धित थिए । पार्टीगत रूपमा प्रचारप्रसार गर्नुसमेत अपराध मानिन्थ्यो र जेल सजायँ भोग्नुपर्थ्यो । त्यस्तो कठोर समयमा नेपाल मजदुर किसान पार्टीका अगुवाहरूले बाली काट्ने आन्दोलन, भर्पाई आन्दोलन, भ्रष्टाचारविरोधी आन्दोलन, मोहियानी हक सुरक्षाको आन्दोलन, भारतले गरेको सुस्ता अतिक्रमणको विरोध, सन् १९५० को असमान सन्धि तथा भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको विरोध गर्दै जनतालाई सचेत र सङ्गठित पार्दै आउनु भएको थियो ।

नेपाल मजदुर किसान पार्टीले प्रतिक्रियावादी सङ्घ संस्थाभित्र गएर जनताको सेवा गर्ने लेनिनवादी नीतिअनुसार पञ्चायतका हरेक निर्वाचनलाई उपयोग गऱ्यो । तत्कालीन माले, चांथो महाधिवेशनलगायतले बहिष्कार गरेको बेला पनि नेमकिपाले निर्वाचनमा भाग लिएर पञ्चहरूलाई सजिलै जित्न दिएन । निर्वाचनलाई पञ्चायती व्यवस्थाका विकृति र विसङ्गतिहरूको जनताबीच नङ्ग्याउने र बहुदलीय व्यवस्थाको औचित्यबारे जनतालाई राजनैतिक शिक्षा दिने मञ्चको रूपमा प्रयोग गऱ्यो । नेमकिपाका उम्मेदवार जहाँ जहाँ उठे त्यहाँ त्यहाँ पञ्चहरूको सातो जान्थ्यो । हारे पनि जनताबीच बहुदलवादी विचारको छाप छोड्न पार्टी सफल भयो । त्यो पञ्चहरूको लागि सहज हुने कुरा थिएन । त्यसैले तिनीहरू नेमकिपालाई कुनै पनि रूपमा दबाउन चाहन्थे ।

नेपाल मजदुर किसान पार्टीका सङ्गठनहरू विभिन्न जिल्लाहरूमा क्रियाशील रहेकोमा कर्णाली र बागमतीमा भने त्यति बेला बलियो सङ्गठन थियो । भक्तपुरमा राष्ट्रिय पञ्चायतमा २ पटकसम्म नेमकिपाका उम्मेदवार जित्यो भने भक्तपुर नगर पञ्चायतमा नेमकिपाको पूर्ण बहुमत थियो । जिल्ला पञ्चायतमा पनि नेमकिपा र नेपाली काङ्ग्रेस समर्थितहरूको तुलनामा पञ्चहरू अल्पमतमा थिए । नेमकिपाले लिएको नीति अरू पार्टीहरूले पनि अवलम्बन गरेको खण्डमा पञ्चहरू धेरै ठाउँबाट हार्न सक्ने सम्भावना थियो । राष्ट्रिय पञ्चायतमा निर्वाचित प्रतिनिधिहरूले देश र जनताको हितको पक्षमा कानुन निर्माण गर्न र जनविरोधी कानुनहरू असफल पार्न प्रयत्न गर्नुभयो । नेमकिपाका एक जना प्रतिनिधि पनि पञ्चहरूको निम्ति 'फलामको च्युरा' सावित भयो । राष्ट्रिय पञ्चायतलाई बहुदलको प्रचार गर्ने मञ्चको रूपमा पार्टीले प्रयोग गर्दै आयो ।

स्थानीय निकाय निर्वाचनमा नेमकिपाका प्रतिनिधिहरूले भक्तपुर नगर पञ्चायतमा बहुमत प्राप्त गरेपछि शिक्षामा जोड दियो । सरकारले ५ कक्षासम्म निःशुल्क व्यवस्था गरेको बेला कक्षा ७ सम्मको शिक्षा निःशुल्कको व्यवस्था, 'पञ्चायत' मासिक प्रकाशन गरी मार्क्स, एंगेल्स, लेनिन, स्तालिन तथा माओका विचारहरूको प्रचारप्रसार गरियो । सम्पूर्ण हिसाब पारदर्शी गरियो । यस्ता कार्यले देशका विभिन्न जिल्लाका जनताबीच राम्रो प्रभाव पऱ्यो । एकछत्र शासन

गरिरहेका, जनतालाई दमन गरिरहेका भ्रष्ट पञ्चहरूविरुद्ध जनतालाई उठाउने, सचेत पार्ने काम नेमकिपाले गरिरहेको थियो। नेमकिपालाई कुनै पनि बहानामा पञ्चहरू दबाउन चाहन्थे। त्यसका लागि मात्रै तिनीहरूलाई निहुँ चाहिएको थियो।

२०४५ साल भदौ ५ गते गएको भूकम्पले उनीहरूलाई राम्रो अवसर प्रदान गऱ्यो। कानुन विपरीत भूतपूर्व रापसलाई राहत वितरण गर्न लगाइयो। उनले जानी जानी वास्तविक भूकम्प पीडितलाई नदिई चिनेजानेका आफन्तलाई पक्षपातपूर्ण तरिकाले राहत वितरण गरे। नेमकिपाबाट जितेर पार्टीलाई धोका दिएको हुँदा जनता उनीदेखि भित्रभित्र आक्रोशित त थिए नै, पञ्चहरूले पनि उनलाई विश्वास गरेका थिएनन्। त्यही विश्वास लिन पनि उनले भक्तपुरका जनता चिढाउने र पञ्चहरूको विश्वास प्राप्त गर्न खोज्दै थिए।

सर्वसाधारण जनताले शासकहरूको षड्यन्त्र बुझ्ने कुरा भएन। उनीहरूले अगाडिको कुरा मात्रै देखे। सामान्य कुटपिटबाट घाइते भएको व्यक्ति सोही दिन मृत घोषणा गरेर नेमकिपाका नेता कार्यकर्ताहरूलाई ज्यान मुद्दा चलाइयो। महिनौँ दिन भक्तपुर युद्धबाट पराजित भूमिझैँ सुनसान बन्यो। जनताले त्यसबेला पाएका दुःखको बयान गरी साध्य छैन। कैयौँले जागिरबाट हात धुनुपऱ्यो, धेरैको व्यापार व्यवसाय समाप्त भयो, कैयौँले परिवार गुमाउनुपऱ्यो। नगर पञ्चायत भङ्ग गरी मण्डलेहरूको समिति बनाइयो। त्यो दुःख र पीडामा साथ दिने कोही थिए भने नेमकिपाका पक्राउ पर्नबाट बचेका कार्यकर्ताहरू, किसान र महिला कार्यकताहरू नै थिए। उनीहरूले विस्तारै पञ्चायतको वास्तविक चरित्र उदाङ्गो पार्दै लगे। षड्यन्त्रबारे जनतालाई बुझाउन थाले। सामान्य लेखपढ पनि गर्न नजान्ने महिलाहरू पनि एकजुट भएर पञ्चायती राज्य सत्ताले रचेको षड्यन्त्रको विरोधमा निस्के। 'जहाँ दमन हुन्छ त्यहाँ प्रतिरोध हुन्छ' भनेझैँ चर्को प्रतिरोधले देशभरका जनतालाई एउटा नयाँ ऊर्जा प्रदान गऱ्यो।

जेलभित्र, बाहिर, भूमिगत तथा प्रवासमा रहेका सम्पूर्ण नेता कार्यकर्ताहरूको उद्देश्य पञ्चायती व्यवस्था समाप्त पार्ने भन्ने थियो। त्यही उद्देश्य पूरा गर्न मानव अधिकारवादी संस्थाहरू, कानुन व्यवसायीहरू, बुद्धिजीवीहरू र विभिन्न राजनैतिक दलका नेताहरू एक ठाउँमा ल्याउने प्रयास गरियो। २०४६ सालको संयुक्त जनआन्दोलनमा नेमकिपा वाममोर्चामा सामेल भयो। जनआन्दोलनमा पहिलोपटक गोली भक्तपुरमै चल्यो तर बन्दुकको गोलीले त्यो आन्दोलन रोकिएन। २०४६ साल चैत्र २६ गते बहुदलीय व्यवस्था पुनःस्थापना भयो। नेमकिपाका कार्यकर्ताहरू २०४७ वैशाख ५ गते जेलबाट छुट्नुभयो। त्यही दिनमात्र नेमकिपाका नेता कार्यकर्ताका परिवारहरूले बहुदलीय व्यवस्था आएको अनुभव गरे।

'रोहितलाई फाँसी दे' नारा लगाउने मरिचमानहरूलाई २०४६ सालको आन्दोलनमा जनताले 'मरिचेलाई फाँसी दे' भनेर नारा लगाए। 'जो आगोमा खेल्छ त्यो आगोमै मर्छ, जो पानीसँग खेल्छ त्यो पानीमै मर्छ' भनेझैँ षड्यन्त्रको सहारामा शासन सत्ता टिकाउन खोज्ने पञ्चहरू आफै समाप्त भए।

नेमकिपाले अहिले पनि निर्वाचनमा भाग लिएको छ। पूँजीवादी व्यवस्थाभित्र गएर जनताको सेवा गर्ने नीतिअनुसार क्रान्तिकारी संसदवादको रूपमा काम गर्दैछ। संसदमा जनविरोधी कानुन पारित हुन नदिन, जनताको पक्षमा नयाँ नयाँ कानुनहरू निर्माण गर्न सङ्घ र प्रदेश संसदलाई उपयोग गरिरहेको छ भने स्थानीय जनतासँग प्रत्यक्ष सरोकार राख्ने स्थानीय तहमा गएर जनताको सेवा गरिरहेको छ। देशमा शिशुशालादेखि कलेजहरू सञ्चालन गर्ने एउटै स्थानीय तह भक्तपुर नगरपालिका हो। विश्वविद्यालय सञ्चालनको लागि पनि भक्तपुर नगरपालिकाले तयारी गरिरहेको छ। स्वास्थ्य क्षेत्रमा अस्पताल सञ्चालन गरिरहेको छ। शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माणलगायत अन्य क्षेत्रमा भक्तपुरले प्रत्यक्ष जनताको हितको निम्ति काम गरिरहेको छ। जनताको हितमा काम गर्दैमा सबैले राम्रो मान्छन् भन्ने होइन। जनताको सेवा गर्ने हाम्रो भावनादेखि वर्ग शत्रुहरू तिरमिराइरहेका छन्। त्यस्ताहरू अनुकूल समयमा फेरि फेरि पनि नेमकिपालाई नष्ट गर्न सम्पूर्ण बलकासाथ उठ्न सक्छन्। २०४५ सालको 'भक्तपुर काण्ड' फेरि फेरि दोहोरिन सक्छ। त्यस काण्डको बारेमा नयाँ पुस्ताका साथीहरूलाई जानकारी दिनु हामी आफ्नो कतव्य ठान्छौँ। का. रोहितले भन्नुभएजस्तै– 'चाणक्य मरेको छैन।'

*(नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले भाद्र ११ गते नगरपालिकाद्वारा आयोजित भक्तपुर काण्डको भर्त्सना कार्यक्रममा दिनुभएको मन्तव्यको सार सङ्क्षेप)*

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रबाट लाभ उठाउनु होस्।

# विचार र सिद्धान्तमा अडिग राजनीतिक दललाई बिगार्न नसकिने

– रजनी जोशी, उपप्रमुख, भक्तपुर नपा



भक्तपुर देशकै सानो नगरको रूपमा परिचित छ । यस सानो नगरको परिचय देश विदेशमा फैलिएको हामी सबैमा अवगत छ । विश्व सम्पदा क्षेत्रमा रहेको साथै पूरै नगर भौतिक एवं सांस्कृतिक सम्पदाका कारणले नै यस नगर प्रसिद्ध रहेको हो ।

विशेष गरी सांस्कृतिक नगर भक्तपुरलाई ज्ञान विज्ञान र प्रविधिको नगर बनाउने लक्ष्यका साथ भक्तपुर नपा अघि बढिरहेको छ । हामीले हाम्रो नगरको इतिहास, यस नगरको भौतिक एवं सांस्कृतिक सम्पदाको साथै मौलिकता जोगाई हाम्रो सभ्यता जोगाउनु हाम्रो कर्तव्य ठानेका छौँ भने आधुनिक समयमा विज्ञानसम्मत ढङ्गले नगरलाई अघि बढाउनु समयको माग हो भन्ने हामीले बुझेका छौँ । नगरका सम्पूर्ण जनताले शिक्षा र स्वास्थ्य सेवा प्राप्त गर्नु नै भक्तपुर नपाको उद्देश्य रहेको छ, जनताका यी र यस्ता आधारभूत आवश्यकता पूरा गर्न हामी जनप्रतिनिधिहरूलगायत कर्मचारीहरू हातेमालो गर्दै अघि बढिरहेका छौँ, उद्देश्य प्राप्तिको बाटोमा लम्किरहेका छौँ । यसरी जन सहभागिताका साथ हामी अघि बढ्न सके हाम्रा अग्रजहरूको सपना अवश्य पूरा हुनेछ र सपना पूरा गराउने छौँ ।

आजको दिनसम्म आइपुग्न नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्षज्यू एवं पार्टीका अग्रजलगायतका कार्यकर्ताहरूले गर्नुभएको त्याग र बलिदानको कारणले नै हो । उहाँहरूको निरन्तर लगाव, चिन्तन र मिहिनेतको फल नै आजको भक्तपुरको परिचय हो र यसलाई अझै पनि खारिएर हाम्रो सांस्कृतिक नगर भक्तपुरलाई ज्ञान, विज्ञान र प्रविधिको केन्द्र बनाउने जिम्मा अब युवा पुस्ताको काँधमा आएको छ । हामीले हाम्रो जिम्मेवारी बहन गर्दा एकपल्ट इतिहास पल्टाउनु जरुरी हुन्छ र इतिहासबाट पाठ सिकेर अघि बढ्न सकेमा अवश्य पनि सफल हुनेछौँ ।

नेपाल मजदुर किसान पार्टी २०४५ सालको भाद्र ९ गते राज्यस्तरबाट रचिएको "भक्तपुर काण्ड" बाट प्रताडित हुनुपऱ्यो । तर, ३३ वर्ष अघि नेपाल मजदुर किसान पार्टीको जरा नै नष्ट गर्ने षड्यन्त्रको कारणले तत्कालीन पञ्चायती व्यवस्थाको साथै राजतन्त्र समेत टिक्न सकेनन् । नेपाल मजदुर किसान पार्टी न्यायपूर्ण समाज स्थापना गर्न वैचारिक, सैद्धान्तिक र राजनीतिक सङ्घर्षलाई औजार बनाई अघि बढिरहेको पार्टी हो । यसरी विचार र सिद्धान्तमा अडिग रहने राजनीतिक दललाई बिगार्न नसकिने इतिहासले प्रमाणित गरेको छ । नेपाल मजदुर किसान पार्टीको विचार र सिद्धान्त तत्कालीन शासकहरूको आँखाको कसिंगर बन्नपुग्यो । जनतालाई राजनैतिक रूपमा सङ्गठित गरी शासकहरूको विरोध गर्न थालेकाले नेपाल मजदुर किसान पार्टीलाई षड्यन्त्र गर्दै २०४५ भाद्र ५ को विनासकारी भूकम्पपछि राहत वितरण गर्दा वास्तविक भूकम्प पीडित जनतालाई वितरण नगरी धाँधली गरी सरकारबाटै भाद्र ९ गते भक्तपुर काण्ड रचिएको थियो । त्यस दिन नेमकिपाको लागि कालो दिन बन्यो र नेपाल मजदुर किसान पार्टीका धेरै अग्रज नेता एवं कार्यकर्ताले जेल नेलको ठूलो यातना भोग्नुपऱ्यो । तर यसै 'भक्तपुर काण्ड' कै कारणले २०४६ चैत्र २६ गते देशमा प्रजातन्त्र पुन:स्थापनाको वातावरण बन्यो । तत्पश्चात पनि नेपाल मजदुर किसान पार्टी कर्तव्यनिष्ठ भई आफ्नो सिद्धान्तमा अडिग रही अघि बढिरह्यो र जनताका हक अधिकार प्राप्तिको लागि राजनैतिक सङ्घर्ष गर्दै, जनतालाई राजनीतिक एवं र सैद्धान्तिक ज्ञान दिएर सङ्गठित गर्दै स्थानीय निकाय र संसदमा गएर जनताको सेवा गरिरहेको हामी सबैले बुझ्न सक्छौँ ।

तसर्थ यी र यस्ता घटनाहरू भविष्यमा फेरि पनि घट्न सक्ने सम्भावनालाई बुझी हामी नेपाल मजदुर किसान पार्टीका जनप्रतिनिधि, कार्यकर्तालगायत यस नगरपालिकाका कर्मचारीहरू सचेत र सजग भई जनताको सेवामा कटिवद्ध भई लाग्नुपर्दछ र नेपाल मजदुर किसान पार्टीको विचार र सङ्घर्षलाई मनन गर्दै अघि बढ्नु नै नेपाल मजदुर किसान पार्टीप्रतिको सम्मान हुनेछ । धन्यवाद ।

*(भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भाद्र ११ गते नगरपालिकाद्वारा आयोजित भक्तपुर काण्डको भर्त्सना कार्यक्रममा दिनुभएको मन्तव्यको सार सङ्क्षेप)*

# नेमकिपाबारे केही स्रष्टा तथा विद्वानको अभिमत

यशराज

## काठमाडौँमा भएको एउटा भेटघाटको प्रसङ्ग

गत साउन २२ गते काठमाडौँका केही लेखक साथीहरूसँग बानेश्वरमा भेट भयो । देशको राजनीति, साहित्य तथा देशको विभिन्न क्षेत्रका अगुवाहरूबारे कुराकानी केन्द्रित रह्यो । सृजनात्मक लेखन क्षेत्रका ढकालजीले भन्नुभयो, 'म काठमाडौँको मूलपानीमा जन्मेँ । त्यहीँ हुर्किएँ । त्यहाँबाट भक्तपुरको बोडे नजिकै पर्छ । नेमकिपाले बोडेमा गर्ने गतिविधिबारे थोरै जानकारी थियो । त्योभन्दा बढ्ता नेमकिपाबारे थाहा थिएन । तर, जब एक-दुई महिना अगाडि भक्तपुर पुग्ने अवसर मिल्यो मेरो सोचाइ परिवर्तन भयो । त्यहाँ रोहितजीसँग भेट भयो । अरू नेता-कार्यकर्तासँग पनि भेट भयो । उहाँहरूको विचार सुनियो । नेमकिपाले गरिरहेका गतिविधिबारे सङ्क्षेपमा जानकारी मिल्यो । शिक्षा, संस्कृति, सम्पदा, स्वास्थ्यको क्षेत्रमा भइरहेका काम प्रत्यक्ष हेरियो । ज्यादै प्रभावित भएँ । मलाई अचम्म लाग्यो ।' भर्खरै चालीस कटेका ढकालजीले भन्नुभयो, 'हामी पनि राम्रो कामको विचार तथा असल मानिसको प्रचार गर्न दत्तचित्त भई लाग्दै छौँ । असल काम गर्नु नै जीवनको उद्देश्य बनाएका छौँ । हामी नेमकिपाका कार्यकर्ता हौइनौँ । तर, छोटो समयमै नेमकिपाको असल कामको हामी प्रशंसक बन्यौँ । हामी स्वयम् प्रचार गर्दै छौँ ।'

पत्रकारिता र लेखन क्षेत्रमा केही दशकदेखि प्रतिबद्ध भई लागिरहनुहुने डंगोलजीले भन्नुभयो, 'राज्यका एक उच्चपदस्थ नेतासँग केही दिनअगाडि हामीले भेटेका थियौँ । औपचारिक ढङ्गमा सुरु भएको कुराकानी अनौपचारिकतातर्फ मोडियो । त्यही परिवेशमा उहाँलाई नेमकिपा र नारायणमान बिजुक्छेँको काम देशभरि फैलाउन सके जनताले परिवर्तनको अनुभूति गर्न पाउने धारणा राख्यौँ । राज्यको जिम्मेवार तहको मानिसलाई त्यसो भन्नुहुने थियो या थिएन त्यो म जान्दिनँ । तर, मनको कुरा खुलस्त राख्यौँ । उहाँलाई फुर्सद मिलाई भक्तपुर घुम्न जान पनि अनुरोध गर्‍यौँ ।' डंगोलजीले थप्नुभयो - 'उहाँले बिजुक्छेँजीबारे थप जानकारी पाउने अभिलाषा जाहेर गर्नुभयो । बिजुक्छेँजीप्रति उहाँको ठूलो सम्मानभाव रहेको पायौँ । मेरा निम्ति त नयाँ कुरा हो । बिजुक्छेँजीलाई धेरैले सम्मान गर्छन् । आजको समयमा यो बिरलै मात्र मिल्ने कुरा हो ।' एउटै पार्टीभित्र पनि वैमनश्यता चूलीमा पुगिरहेको तथा शासक दलहरूभित्र घात-अन्तर्घात सामान्य बन्दै गइरहेको सन्दर्भमा फरक पार्टीका नेतालाई समेत उच्च आदरभावका साथ हेर्नु सामान्य कुरा नभएको उहाँको भनाइ थियो । डंगोलजीले स्मरण गर्नुभयो- 'म ललितपुरकी छोरी । सानैबेला मैले रोहितजीको नाउँ सुनेकी । बुबाहरू उहाँबारे कुराकानी गर्नुहुन्थ्यो । त्यतिखेर सुनेका रोहित र हिजोआज भेटघाटपछि चिनेका रोहितमा धेरै अन्तर पाएँ । त्यस ताका रोहितको डरलाग्दो रूप मेरो सामुन्य जबरजस्त ठड्याइएको थियो । आज मैले चिनेका रोहित त अत्यन्त सरल, साह्रै माया गर्ने ! धेरै नेताहरूलाई नजिकबाट चिनेँ तर उहाँ जस्तो सामान्य जीवनशैली, सरल व्यवहारसहितको अरू पाइनँ । उहाँका विचार सुनिसकेपछि मैले कार्यशैलीमा फेरबदल ल्याएँ । नामको होइन कामको भोको बन्नुपर्छ भन्ने उहाँको भनाइलाई व्यवहारमा उतार्दै छु ।'

मरहट्ठा थरका इन्जिनियरिङ शिक्षा तथा फर्मास्युटिकल व्यवसाय क्षेत्रका एक व्यक्तिसँग पनि त्यहीँ भेट भयो । परिचयको आदानप्रदानसँगै उहाँले पनि पहिलो भेटमै खुलेर कुरा गर्नुभयो- 'नेमकिपाका केही नेताहरूलाई चिन्छु । ख्वप इन्जिनियरिङ कजेलसँग त पुरानो चिनाजानी हो । पन्ध्र-बीस वर्षसम्म नजिकबाट नियालेँ । केही सन्दर्भ-विषयमा सहकार्य गरेको अनुभव छ । नेमकिपाले जे गर्‍यो देशमा नमुना हुने काम गर्‍यो । अरूले पनि त्यो उदाहरणको अनुसरण गर्नुपर्थ्यो ।'

## एउटा अर्को भेटको प्रसङ्ग

गत साउन २३ गते नेमकिपाका अध्यक्ष का. रोहितसँग दिवङ्गत गोविन्दप्रसाद लोहनीका छोरा कपिलप्रसाद र 'शारदा' मासिकका सम्पादक विमल भौकाजीले भक्तपुरमा भेटघाट गर्नुभयो । कुराकानीको सिलसिलामा लोहनीजीबारे धेरै प्रसङ्ग आए । उहाँको व्यक्तित्व, योगदान, विलक्षण प्रतिभा तथा विद्वताबारे चर्चा भयो । एक प्रसङ्गमा कपिलप्रसादले भन्नुभयो- 'बुबा (लोहनीजी) भन्नुहुन्थ्यो, यो देशमा जम्मा चारजनाले मात्र मार्क्सवादलाई गहिरो ढङ्गमा बुझेका छन् । एकजना म आफैँ भइहालेँ, अर्को भनेको नारायणमान बिजुक्छेँ ।' अर्को एक प्रसङ्गमा भन्नुभयो- 'बुबाको जीवनको सबैभन्दा अन्तिम अन्तर्वार्तामा बुबाले प्रचण्डलाई खुब आलोचना तथा विरोध गर्नुभयो । त्यसैले नै हुनुपर्छ त्यो प्रसारण समेत भएन । विडम्बनाको कुरा त मसँग पनि रेकर्ड बाँकी छैन ।' आफ्ना पिताले भन्नुभएको स्मरण गर्दै कपिलजीले भन्नुभयो, 'बुबा नेमकिपा बाहेक अरू

कम्युनिस्ट नै होइनन् भन्नुहुन्थ्यो । तर, त्यो सानो छ । अझै विकास हुन बाँकी छ, उहाँ भन्नुहुन्थ्यो ।'

लोहनीजीको जीवनका विविध घटना सम्झने क्रममा विसं २०४५ भाद्र ९ गतेको भक्तपुर काण्डबारे कपिलजीले गम्भीर प्रसङ्ग उप्काउनुभयो– 'नारायणमानजीहरू जेल पर्नुभएपछि बुबा तत्कालीन प्रधानमन्त्री मरिचमानसिंह श्रेष्ठको निवासमा पुग्नुभयो । 'नारायणमानजीहरूलाई किन गिरफ्तार गरेको ? तुरुन्त छोड्नुपर्‍यो', बुबाले भन्नुभयो । 'मैले समातेको होइन । त्यो त दरबारकै काम हो ।' प्रम मरिचमानले जवाफ दिए । 'अनि, संसारमा कहिँकतै नभएझैं कार्यपालिका प्रमुख सडकमा गएर 'फाँसी दे' भन्दै नारा लगाउन कसले पठायो ? संसारमा कहाँ हुन्छ त्यस्तो ?', बुबाले भन्नुभयो । 'त्यो पनि दरबारले नै !' मरिचमानले भने । 'त्यसोभए राजीनामा देऊ !' बुबाले भन्नुभयो । मरिचमानले भने– 'तपाईं पो विद्वान हुनुहुन्छ । म त गाउँको साधारण हेडमास्टर हुँदै जिल्ला पञ्चायत सदस्य, राष्ट्रिय पञ्चायत सदस्य भएँ र राजाकै निगाहबाट प्रधानमन्त्री बनें । बल्ल पाएको प्रमबाट कसरी राजीनामा दिन सक्छु ?'

त्यस भेटघाटमा प्रत्यक्ष सहभागी कपिलजीको यो संस्मरणले पञ्चायती राज्यस्तरबाट नेमकिपाविरुद्ध रचिएको षड्यन्त्रको अर्को सानो अंश उदाङ्गो पार्दछ । साथै, त्यसताका देशका विद्वत व्यक्तित्वहरूले नेमकिपाको पक्षमा देखिने र नदेखिने प्रयास के-कसरी गर्नुभयो भन्ने सानो झल्को प्रस्तुत गर्दछ । तेत्तीस वर्ष बितिसकेको छ, अझै नयाँ यथार्थ खुल्ने क्रम जारी छ ।

भेटघाटमा अध्यक्ष रोहितले प्रस्ट शब्दमा भन्नुभयो, 'जनमत सङ्ग्रहको घोषणापश्चात् विसं २०३६ मा प्रवासबाट स्वदेश आइसकेपछि गोविन्दप्रसाद लोहनी, ऋषिकेश शाह, राममान श्रेष्ठजस्ता विद्वानहरूलाई बोलाएर नयाँ पुस्तालाई विभिन्न क्षेत्रबारे जानकारी दिने प्रयास गर्‍यौं । हाम्रो उद्देश्य हाम्रा नयाँ कार्यकर्ता तथा सदस्यहरूलाई तालिम दिएर योग्य बनाउनु थियो । त्यसलाई प्रतिक्रियावादीहरूले राज्यविरुद्धको विद्रोहको तयारी तथा सबैसँग मिलेर नयाँ पार्टी खोल्ने तयारीको रूपमा बुझे । बुद्धिजीवीहरूलाई भड्काइरहेको आशङ्का पञ्चायती शासकहरूको थियो । पैतालीस सालको षड्यन्त्र तथा हामीमाथिको दमनको एउटा कारण त्यो पनि थियो ।'

**अन्त्यमा,**

यो वर्षको भाद्र ९ को कालो दिन आउन दश-एघार दिनमात्र बाँकी छ । यी प्रसङ्गले भाद्र ९ को घटनालाई बुझ्न-बुझाउन अझ सहज बनाउने नै छ । प्रतिक्रियावादीहरूका षड्यन्त्र, छलछाम आदिबारे नयाँ पुस्तालाई सचेत पार्न निरन्तर प्रयास जारी राख्न आवश्यक छ भन्ने बोध गराउँछ यो प्रसङ्गले । अहिलेलाई भने यति नै मात्र भनौँ !

स्रोत : श्रमिक साप्ताहिक

केटाकेटीको लागि    बौद्ध जातककथा

## बोल्ने कला

–दिलिप आचार्य

बोल्न जान्ने तर के बोल्दा के प्रभाव पर्छ भन्ने पत्तो नपाउने एकजना महाशयले आफ्नो घरमा रात्रि भोजको आयोजना गरेका रहेछन् । तर भोज शुरु हुने बेलासम्म पनि सबै पाहुनाहरू उपस्थित भइसकेका रहेनछन् । ५० जना पाहुनाहरू आउनुपर्नेमा जम्मा ३० जना मात्रै उपस्थिति देखेपछि उनले आफ्नो स्वाभाविक शैलीमा भनेछन् 'खै, आउनुपर्ने मान्छे त अझै आएनन् नि !' उनको कुरा सुनेर उपस्थित पाहुनाहरूमध्ये केहीले सोचे 'आउनुपर्ने मान्छे त आएनन्, मतलव हामी त नआउनुपर्ने मान्छे पो रहेछौँ ।' यति सोच्ने वित्तिकै उपस्थित ३० जनामध्ये १० जना त्यहाँबाट निस्केछन् ।

ती महाशयले आइसकेका पाहुना पनि फर्केको देखेर फेरि भने: 'नजानुपर्ने मान्छे पनि गए' । यो वाक्यलाई पनि बाँकी पाहुनामध्यका केहीले अर्कै अर्थमा लिए– 'ओहो ! उनीहरू नजानुपर्ने मान्छे भए जानुपर्ने मान्छे त हामी पो रहेछौँ' । यति सोचेर फेरि अरु १० जना पाहुना पनि त्यहाँबाट निस्केछन् ।

यस पटक उसलाई आफूले बोल्दा केही गल्ति भएको आभाष भएछ र उनले आफूलाई प्रष्ट पार्ने हेतुले भने: 'मैले उनीहरूलाई लक्षित गरेर त्यसो भनेको होइन' । तर उनको यो वाक्यको पनि अर्कै अर्थ निक्ल्यो । बाँकी १० जनाले सोचे 'ती जानेहरूलाई लक्षित नगरेको भए हामीलाई नै लक्षित गरेर भनिएको होला' । यति सोचेर बाँकी १० जना पनि तुरुन्तै बिनाभोजन त्यहाँबाट निस्केछन् ।

(साहित्य सङ्ग्रहालय/इन्टरनेट)

आफू बस्ने घर, चोक, टोल र नगर
हाम्रो लागि हामी आफै सफा गरौं ।
सफाइ गर्दा इज्जत घट्दैन
बरु सभ्य भइन्छ र
रोगबाट समेत मुक्त हुन्छ ।

# १०८ रोपनीमा बसपार्क बनाउने कामनपाको प्रस्तावमा भक्तपुर नपाद्वारा विरोध



भक्तपुरको सल्लाघारीस्थित १०८ रोपनीमा बसपार्क बनाउनुपर्ने काठमाडौँ महानगरको निस्कर्षप्रति भक्तपुर नपाले कडा आपत्ति जनाउँदै साउन ३० गते एक वक्तव्य प्रकाशित गरेको छ। प्रकाशित वक्तव्य यहाँ दिइएको छ –

*'भक्तपुर पोष्ट डटकम'को २०७८ साउन ३० गते प्रकाशित 'भक्तपुरको सल्लाघारीलाई बसपार्क बनाउनुपर्ने काठमाडौँ महानगरको निष्कर्ष' शीर्षकको समाचारमा यस नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ। समाचारमा काठमाडौँ महानगरपालिकाले गठन गरेको यातायात सञ्चालनसम्बन्धी अध्ययन कार्यदलले काठमाडौँ उपत्यकाबाट पूर्व जाने सार्वजनिक सवारी साधनलाई जडीबुटी नजिक मनोहरा खोला कोरिडोर वा भक्तपुरको सल्लाघारीस्थित तीनकुने सडक किनाराबाट सञ्चालन गर्नुपर्ने व्यहोरासहितको प्रतिवेदन तयार गरेको उल्लेख छ। काठमाडौँ महानगरपालिकाका उपप्रमुख हरिप्रभा खड्गी श्रेष्ठको संयोजकत्वमा गठित कार्यदलले भक्तपुर सल्लाघारी तीनकुने सडक किनारबाट तत्कालको लागि धुलिखेल पूर्वतर्फका सार्वजनिक सवारी सञ्चालन गर्न सकिने उल्लेख गरिएको छ। काठमाडौँ महानगरपालिका क्षेत्रभित्र गन्तव्य बनाई आउने देशका विभिन्न भागका सवारी साधनहरूलाई व्यवस्थित गर्ने उद्देश्यले आफ्नो क्षेत्राधिकार बाहिर गएर भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारीस्थित १०८ रोपनी खुला जग्गामा पार्किङ व्यवस्थाको लागि प्रतिवेदन तयार गर्नु आपत्तिजनक छ। काठमाडौँ महानगरलाई आफ्नो क्षेत्राधिकार बुझ्न र स्थानीय सरकारको स्वायत्तताबारे अध्ययन गर्न पनि भक्तपुर नगरपालिका सचेत पार्न चाहन्छ।*

*मिति २०७८ श्रावण २२ गते शुक्रबारका दिन काठमाडौँ महानगरपालिकाका उपप्रमुख हरिप्रभा खड्गीको नेतृत्वमा एक प्रतिनिधि मण्डल भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग भेटको लागि आउनुभएको थियो। भेटको क्रममा विभिन्न विषयमा छलफल हुनुका साथै समाचारमा उल्लेखित यातायात सञ्चालन सम्बन्धी अध्ययन कार्यदलको विषयमा पनि सामान्य छलफल भएको थियो। सो क्रममा प्रमुख प्रजापतिले उपप्रमुख खड्गीलगायत कार्यदलका सबै सदस्यहरूलाई भक्तपुर सल्लाघारीस्थित १०८ रोपनी जग्गामा भक्तपुर*

नगरपालिकाले २०६० सालदेखि नै ख्वप विश्वविद्यालय स्थापना गरी सो अन्तर्गत चिकित्सा शास्त्र अध्ययनका लागि सदुपयोग गर्ने योजना रहेको विस्तृत जानकारी दिनुभएको थियो । छलफलको क्रममा बसपार्कजस्ता अत्यन्त व्यस्त हुने संवेदनशील विषयमा सबैसँग गहन छलफल गरी उपयुक्त ठाउँमा टुङ्गो लगाउनुपर्ने पनि सुझाव दिनुभएको थियो । बसपार्क क्षेत्रमा हुने वातावरणीय र सांस्कृतिक प्रदूषण, आर्थिक र सामाजिक प्रभावलगायतका विषयमा गम्भीरताका साथ अध्ययन हुनुपर्ने पनि सुझाव दिनुभएको थियो । यसरी भेटघाट र छलफलसमेत भएको विषय र भक्तपुर नगरपालिकाको भौगोलिक र प्रशासनिक अधिकार क्षेत्रको विषयमा अनधिकृत रूपले काठमाडौँ महानगरपालिकाले गठन गरेको अध्ययन कार्यदलले प्रतिवेदन पेश गर्नु खेदजनक विषय हो, ख्वप विश्वविद्यालय स्थापना गर्न नदिने जालसाजी हो ।

भक्तपुर नगरपालिकामा २०५४ सालमा नेपाल मजदुर किसान पार्टीका प्रतिनिधिहरू निर्वाचित भएर पदबहाली भएपछि निर्वाचन घोषणा पत्रको प्रतिवद्धता अनुसार २०५६ सालमा ख्वप उच्च मा.वि, २०५८ सालमा ख्वप कलेज र ख्वप ईन्जिनियरिङ कलेज, २०६० सालमा ख्वप वहुप्राविधिक अध्ययन संस्थान, २०६५ सालमा ख्वप कलेज अफ ईन्जिनियरिङ र पछि शारदा मा.वि र शारदा कलेज सञ्चालन गरी भक्तपुर नगरपालिकाले कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ । सर्वसाधारण जनताका छोराछोरीलाई उच्च शिक्षा प्रदान गर्ने उद्देश्यले स्थापना भएका यी कलेजहरूमा नेपालका मनाङबाहेक ७६ जिल्लाका हजारौँ विद्यार्थीहरूले अध्ययन गरिसकेका छन् र हाल ६५ जिल्लाका ६ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन् ।

भक्तपुर नगरपालिकाले भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने लक्ष्य लिएर विद्यालय र कलेजहरू स्थापना गरेको हो । यी शैक्षिक संस्थाहरूबाट देशकै लागि आवश्यक प्राविधिक र प्रशासनिक दक्ष जनशक्ति उत्पादन भइरहेको छ । ख्वप विश्वविद्यालयको विधेयक तयारी गरी वि.सं. २०६४ सालमा उक्त विधेयक शिक्षा मन्त्रालयमा दर्ता भयो तर राजनैतिक पूर्वाग्रह र पक्षपातका कारण उक्त विधेयक धेरै ढिला संसदमा पुग्यो । अन्य धेरै विश्वविद्यालयका विधेयकहरू संसदमा पेश भए । २०६८ सालसम्ममा ख्वप विश्वविद्यालयको विधेयकबारे शिक्षा मन्त्रालय र विश्वविद्यालय अनुदान आयोगबीच लुकामारी नै चल्यो । सो क्रममा भक्तपुर नगरपालिकाले शिक्षा मन्त्रालयमा ताकेता गरिरह्यो र सम्भाव्यता अध्ययनको लागि संसदीय टोली गठन पनि भयो । उक्त टोलीले ख्वप विश्वविद्यालयको पूर्वाधार अध्ययन गरेर सरोकारवालाहरूसँग छलफल गऱ्यो र ख्वप विश्वविद्यालयसँग पर्याप्त पूर्वाधार भएको निष्कर्ष निकाल्यो । विधेयक सांसदहरूको हात हातमा पुग्यो तर संसदमा औपचारिक रूपमा अझै पेश भएको छैन । राज्यको पुर्नसंरचनासँगै सङ्घीयता अभ्यास गर्ने क्रममा भक्तपुर नगरपालिका ख्वप विश्वविद्यालय स्थापना र सञ्चालन गरी देशको निम्ति महत्त्वपूर्ण योगदान दिने काममा निरन्तर प्रयासरत छ ।

नेपाल ट्रष्टको नाममा रहेको उक्त जग्गा भक्तपुर नगरपालिकाले नेपाल ट्रष्टसँग समन्वय गरी आफ्नै लगानीमा चारैतिर पर्खाल लगाई गेटहरूकोसमेत व्यवस्था गरी संरक्षण गर्दै आएको हो । यसर्थ काठमाडौँ महानगरपालिकाको यातायात सञ्चालन सम्बन्धी अध्ययन कार्यदलद्वारा भ.न.पा.को सहमतिबिना यातायात सञ्चालनसम्बन्धी पेश गरेको प्रतिवेदनलाई भक्तपुर नपाले गैरजिम्मेवार र स्थानीय तहको अधिकारमाथि हस्तक्षेपको रूपमा लिएको छ । नेपाल ट्रष्ट नियमावली २०६५ मा ट्रष्टको सम्पत्तिलाई विद्यालय, महाविद्यालय वा विश्वविद्यालयजस्ता शैक्षिक संस्था र स्वास्थ्य संस्था खडा गरी सञ्चालन गर्ने गराउनेलगायतका शैक्षिक क्षेत्रमा सदुपयोग गर्न उपलब्ध गराउने उल्लेख छ । यसरी ट्रष्टको नियमले समेत शैक्षिक क्षेत्रको लागि नै सदुपयोग गर्ने नियममा व्यवस्था भएको उक्त जग्गामा बसपार्क सञ्चालनको प्रस्ताव नियमसम्मत छैन । साथै भक्तपुर

नगरपालिकाको भौगोलिक र प्रशासनिक कार्यक्षेत्रको सल्लाघारी क्षेत्रमा बसपार्क सञ्चालन गर्ने काठमाडौँ महानगरपालिकाको कार्यदलले प्रस्ताव गर्नु सङ्घीयताको मर्म, विकेन्द्रीकरणको भावना र स्थानीय स्वायत्तताको सिद्धान्त विपरीतसमेत रहेको प्रष्ट पार्न चाहन्छ ।

काठमाडौँ महागरपालिकाले आफ्नो भौगोलिक क्षेत्रमा रहेको बसपार्कलाई भ्यू टावर र अन्य व्यवसायिक प्रयोजनको लागि प्रयोग गरी पैसा कमाउने उद्देश्यले बसपार्कहरू विस्थापित गर्ने र अन्य स्थानीय तहमा बसपार्क स्थानान्तरण गर्ने नियत राम्रो होइन । आफ्नो क्षेत्रको यातायात व्यवस्था गर्ने काम स्थानीय तहको आफ्नो काम हो । काठमाडौँ उपत्यकाको यातायात व्यवस्थापन काठमाडौँ उपत्यकाका स्थानीय तहहरूको मात्र नभई नेपाल सरकारकै समस्या हो । यसको समाधानको लागि सरोकारवाला सबै पक्षहरूसँग गम्भीर छलफलको आवश्यकता छ । अनियन्त्रित रूपमा जनसङ्ख्या वृद्धि र अनियन्त्रित रूपमा यातायातको साधन आयात गर्नाले काठमाडौँ उपत्यकाको यातायात सम्बन्धी समस्या विकराल बन्दै गएको हो । राजनैतिक दलहरूको निहीत स्वार्थका कारण काठमाडौँ उपत्यका झन्झन् अव्यवस्थित हुँदै गएको छ । भक्तपुर नगरपालिका काठमाडौँ उपत्यकालाई सांस्कृतिक राजधानीको रूपमा स्थापित गरी शिक्षा, स्वास्थ्य, प्रशासनिक र आर्थिकलगायतका गतिविधिहरूलाई देशका विभिन्न ठाउँहरूमा विकेन्द्रित गर्दै लानुपर्ने पक्षमा छ । देशको सन्तुलित विकासको अवधारणाअनुसार सङ्घीयतालाई अझ बलियो बनाउनसमेत देशका सबै भौगोलिक र प्रशासनिक क्षेत्र विकेन्द्रित बनाइनुपर्छ । तसर्थ, कुनैपनि स्थानीय तहले अर्को स्थानीय तहको क्षेत्राधिकार भित्रको विषयमा सम्बन्धित स्थानीय तहको सहमतीबिना बोल्न र कुनै कार्य गर्न मिल्दैन । भक्तपुर नगरपालिका उक्त समाचारसँग सम्बन्धित कार्यदल, कार्यदलका पदाधिकारीहरू र काठमाडौँ महानगरपालिकालाई समेत सो सम्बन्धमा ध्यानाकर्षण गर्न चाहन्छ ।’

– भक्तपुर नगरपालिका

# भक्तपुरको इच्छाविपरित सल्लाघारीमा एउटा इँटा पनि हालिँदैन’

– हरिप्रभा



काठमाडौँ महानगरपालिकाकी उप प्रमुख हरिप्रभा खड्गी श्रेष्ठले भक्तपुर सल्लाघारीमा बसपार्क बनाउनेबारे वैकल्पिक अध्ययनमात्र भएको बताएकी छन् । काठमाडौँ उपत्यकाका सबै नगरलाई व्यवस्थित नगरपालिकाको रूपमा विकास गर्न सबैसँग सहकार्य गर्दै जाने उनले प्रतिवद्धतासमेत प्रकट गरेकी छन् ।

भक्तपुर नगरपालिकाले मंगलबार सल्लाघारीमा बसपार्क बनाउने कार्यदलको प्रस्तावप्रति आपत्ति प्रकट गरेको सम्बन्धमा प्रतिक्रिया दिँदै उपप्रमुख खड्गीले उपत्यकाको ट्राफिक व्यवस्थापन र नगवासीलाई सहजता प्रदान गर्न विकल्पमात्र प्रस्तुत गरेको बताउँदै त्यो नै अन्तिम उपाय नभएको स्पष्ट पारिन् ।

भक्तपुर नगरपालिकाको अधिकार क्षेत्रमा काठमाडौँ महानगरपालिकाले कुनै किसिमको हस्तक्षेप गर्नेतर्फ आफूले सोचनसमेत नसक्ने उनले बताइन् । भक्तपुर आफ्नो जन्मभूमीसमेत भएको भन्दै काठमाडौँ महानगरकी उपप्रमुख हरिप्रभाले भक्तपुरको इच्छाविपरित कुनै कार्य नहुने बताइन् ।

भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापति आफ्नो स्कूल पढ्दाको कक्षाको साथीसमेत भएको भन्दै उनले आफ्नो कार्यदलका कारण भक्तपुर नगरपालिकाको चित्त दुखेकोमा दुख व्यक्त गरिन् । आफ्नो राजनीतिक जीवनमात्र नभई पारिवारिक जीवनभन्दा पनि माथि आफूले भक्तपुरलाई राखेर हेर्ने गरेको दाबी गर्दै उनले भक्तपुरको इच्छाविपरित सल्लाघारीमा एउटा इँटा पनि नहालिने भक्तपुर पोस्टसँग प्रतिक्रिया दिएकी छन् ।

स्रोत : बुद्धशरण शाही/भक्तपुरपोस्ट, २ भदौ २०७८

# भारतीय विस्तारवाद र नेपालमा उसको बढ्दो प्रभाव

विवेक

२०५६ सालको निर्वाचनबाट नयाँ संसद गठन पछि डा. बाबुराम भट्टराइले 'कान्तिपुर' दैनिकमा 'नयाँ संसद र सिक्किमीकरणको खतरा' शीर्षक एक लेख प्रकाशित गरे। उनले लेखेका थिए – **यो नयाँ संसदमा एकजना रोहितबाहेक अरू सबैको मुखमा प्रत्यक्ष वा अप्रत्यक्षरूपले भारतीय विस्तारवादको नून परेको छ भन्दा फरक पर्दैन। यसरी ९९.९ प्रतिशत लेण्डुप दोर्जेहरू भएको संसदले कुनै पनि बेला देशको सिक्किमीकरण नगर्ला भन्न सकिन्न** (*सुधिर शर्मा, प्रयोगशाला, पेज १६८*)

त्यतिबेला उनीलगायत माओवादीका नेता कार्यकर्ताहरू भारतमा बसेर कथित 'जनयुद्ध' को नाउँमा नेपालमा अराजकतावादी गतिविधिहरू सञ्चालन गरिरहेका थिए। भारत सरकारले उनीहरूमाथि केही कडाई गर्न थालेपछि भारतमै बसेर आफ्ना गतिविधिहरू अगाडि बढाउँदै आएका प्रचण्ड र भट्टराईलाई भारत सरकारले सोचेअनुसार सहयोग नगरेपछि भट्टराई भारतप्रति केही आक्रामक देखिएको अनुमान गर्न गाह्रो थिएन। सर्पको खुट्टा सर्पले देख्छ भने झैँ उनले नेपालका शासक दलहरूलाई 'लेण्डुप' को संज्ञा दिनु पनि आश्चर्यको विषय थिएन। आश्चर्य त यस मानेमा भयो कि घोर कम्प्युनिष्टविरोधी मानिएका प्रधानमन्त्री अटल विहारी वाजपेयीसँग माओवादीले 'भारतको हितमा काम गर्ने' लिखित सम्झौता नै गरे। त्यसपछि भने माओवादीहरूले भारतीय भूमिमा खुला गतिविधि गर्ने छुट पाए। उनीहरूले भारत सरकारबाट 'प्रहरीको सुरक्षा' प्राप्त गरेको कुरा त्यतिबेला सार्वजनिक भएको थियो।

डा. भट्टराइले 'कान्तिपुर' मा लेखेको दुई दशक नाघिसकेको छ। नेपालमा भारतीय प्रभाव घट्नुको सट्टा झन् झन् बढ्दैछ। नेपालको स्वतन्त्र अस्तित्व अस्वीकार गर्दै भारतले हेरक स-साना घटनाक्रमहरूलाई समेत चासो लिँदै आएको छ। नेपालको हरेक महत्त्वपूर्ण निर्णय भारतको जानकारीमा हुनुपर्ने उसको ठम्याइ छ। भारतमा सरकार परिवर्तन भए पनि नेपालप्रति हेर्ने दृष्टिकोणमा कुनै भिन्नता आएन किनभने भारतीय नेताहरू आफ्नो देशको स्वार्थलाई प्राथमिकतामा राख्छन्। नेपालका शासक दलका स्वार्थी र अवसरवादी नेताहरूलाई कठपुतली बनाउन भारत सधैँ सफल हुँदैआएको छ। यो नेपालमा मन्त्रिमण्डलमा हुने हेरफेर वा सरकार परिवर्तनको बेला शासक दलका नेताहरूको दिल्ली दौडको परिणाम हो। भारतकै विश्वविद्यालयबाट डिग्री हासिल गरी उसैको निर्देशनमा १० वर्षसम्म नेपालमा अराजकतावादी गतिविधि गर्दै देशको सार्वभौमिकता भारतको हातमा सुम्पन तयार डा. भट्टराईले अहिले पनि साँचो कुरा लेखेमा दुई दशक अघिकै कुरा दोहोऱ्याउने छन्। सर्वोच्च अदालतका बहालवाला प्रधान न्यायाधीशको नेतृत्वमा सरकार गठन गर्नेदेखि सर्वोच्च अदालतको परमादेशबाट प्रधानमन्त्री तोक्ने र संसदलाई निर्दलीय चरित्र प्रदान गर्नेसम्मको काममा विभिन्न दलको नेतृत्व गरेका राजनीतिमा अस्थिर चरित्रका डा. भटराईको महत्त्वपूर्ण भूमिकालाई नकार्न सकिँदैन।

नेपालमा भएको २००७, २०४६ र २०६३ सालको राजनैतिक परिवर्तनमा भारतले नेपाली नेताहरूमा लगानी नै उसले आफ्नो अंश खोज्नुको मुख्य कारण मान्न सकिन्छ। ब्रिटिस सरकारले भारत उपनिवेश छोडेर गएसँगै साना देशमाथि थिचोमिचो र अन्याय गर्ने मानसिकता पनि भारतीय नेताहरूमा छोडेर गए। भारत स्वतन्त्र भयो ब्रिटिस साम्राज्यवादकालीन मानसिकताबाट त्यहाँका नेताहरू मुक्त हुन सकेनन्।

नेपाल भारतबीच सन् १९५० मा भएको देशघाती सन्धि नै नेपालमा भारतीय प्रभाव बढाउने माध्यम बन्यो। त्यस सन्धिले नेपालको स्वतन्त्र अस्तित्व माथि नै प्रश्न उठाइदियो। 'नेपाल उपर कुनै देशको आक्रमण भएमा भारतविरुद्ध भएको ठानिने', नेपाललाई आफ्नो सुरक्षाको लागि आवश्यक पर्ने हातहतियार, गोली गठ्ठा तथा युद्ध सामग्रीहरू भारतको इलाकामार्फत नेपाल भित्र्याइने, एक अर्काका नागरिकहरूलाई औद्योगिक तथा आर्थिक विकासमा सहभागी हुन दुवै सरकारले राष्ट्रिय व्यवहार प्रदान गर्ने जस्ता घातक प्रावधान र भारतीय नेताहरूको तत्कालीन अभिव्यक्तिहरूले नेपाल सधैँ हेपिनु र पेलिनु परेको देखिन्छ। सन् १९५० मा राणा सरकारको अन्तिम प्रधानमन्त्री मोहन शमशेरले देशमा सम्भावित राजनैतिक परिवर्तनलाई ध्यानमा राखी आफ्नो सम्पत्ति भारतमा सुरक्षित राख्न देशघाती सन्धिमा हस्ताक्षर गरेका थिए। त्यो सन्धिको विरुद्ध निरन्तर सडकमा नारा लगाइँदै आएका दलहरू २०४६ सालपछि पटक पटक सत्तामा पुगे तर त्यसमा समयानुकुल परिवर्तन गर्न सकेका छैनन्। दिउँसो भारतीय विस्तारवादको विरुद्ध नारा लगाउने र राती राती भारतीय दूतावास धाउने नेताहरू आज शासन सत्तामा छन्। भारतको नून खानेहरूले उसलाई गुण गर्ने बाहेक नेपालको हितमा काम गर्न सक्दैनन्।

नेपालमा आफ्नो प्रभाव जमाइराख्न मधेसी दलहरू भारतको लागि 'एक्का' साबित भएका छन्। चाहेको बेला ती

दलहरूलाई उसले प्रयोग गर्दै आएको छ । ती दलहरू बारम्बार फुटिरहेका छन् र जुटिरहेका पनि छन् । मधेसी दलहरू फुट्ने र जुट्ने क्रम सामान्य भएको छ । बाहिरबाट हेर्दा नेताहरूको व्यक्तिगत स्वार्थको लागि फुट र जुट भएकोजस्तो देखिए पनि त्यसमा सबभन्दा बढी भारतीय स्वार्थ जोडिएको हुन्छ । सत्तापक्ष र प्रतिपक्षलाई आफ्नो नियन्त्रणमा राख्न बेलाबखत भारतले यो चाल चालिरहेको कुरा नेपालको राजनैतिक इतिहासमा भएका घटनाक्रमले पुष्टि गरेको छ ।

नेपालमा बलियो सरकार बनेमा उसको नियन्त्रणमा राख्न सहज नहुने बुझेका भारतीय नेताहरूले नेपालको स्वतन्त्र अस्तित्व रहेसम्म यहाँका राजनीतिक दलहरू भित्र खेल्न बन्द गर्ने छैन । वि.पी. कोइराला पछि के.पी. ओली नेतृत्वको सरकार सबभन्दा बलियो सरकार भएको निकै चर्चा भयो । त्यही सरकार लिपुलेक, लिम्पियाधुरा र कालापानी समेटिएको नक्सा जारी गर्न पनि सफल भयो । सर्वसम्मतिले संसदले जारी गरेको त्यो नक्सा भारतको लागि ठूलो चुनौती बन्यो किनभने भारतले नेपाली भूमि गाभेर २०७६ कार्तिक १६ गते नक्सा सार्वजनिक गरेको थियो भने २०७७ वैशाख २६ गते ट्र्याक खोलेर रक्षामन्त्रीले उद्घाटनसमेत गरेका थिए । छिमेकी देशमाथि हेपाहा प्रवृत्तिको उदाहरण यो भन्दा बढी के हुनसक्छ ? जसले जे सुकै व्याख्या विश्लेषण गरेपनि के.पी. ओली नेतृत्वको सरकार ढाल्नुमा चुच्चे नक्सा सार्वजनिक गर्नु वा नेपालको भूमि समेटिएको नक्सा संसदको सर्वसम्मतिले पारित गरेर विश्वमा भारतको बेइज्जत गर्नु पनि एक प्रमुख कारण हो भन्दा अन्यथा हुने छैन ।

के.पी. ओली नेतृत्वको सरकार 'बालुवाटारबाट बालकोटको बार्दलीमा पुगेको' पनि निकै चर्चा छ । पूँजीवादमा सरकार परिवर्तनका खेलहरू भइनै रहन्छन् । मुख्यकुरा कसको स्वार्थको निम्ति भयो भन्ने हो । नेपालमा पछिलो पटक भएको राजनैतिक परिवर्तनमा प्रचण्ड र माधव नेपाल भारतीय एजेन्टहरू कै रूपमा देखिए । हुन त इतिहासले यसको मूल्याङ्कन गर्ने नै छ । प्रचण्ड र माधव नेपालजस्ताहरू त 'निमित्त नायक' मात्रै हुन् । संसद पुनः स्थापना अघि नै प्रचण्डबाट भारतको लागि 'कम्फोर्टेबल' सरकार बनाउने घोषणा र माधव नेपालको बोलीमा पछिलो पटक आएको परिवर्तनले यो कुरा स्पष्ट पार्दछ ।

माधव नेपालले शनिबार आयोजित एक कार्यक्रममा साउन १५ गते दार्चुलामा भारतीय सुरक्षा बल (एसएसबी) ले ट्इन काटेर जयासिंह धामीलाई महाकाली नदीमा बगाएको प्रसङ्गमा बोलेका थिए - हामी पहिले राष्ट्रको नाम किटान गरेर आरोप लगाउने गर्थ्यौं । अब राष्ट्रको रूपमा होइन उनीहरूको काम हेरेर एक एक गरेर आलोचना गर्छौं । पहिले एक किसिमको सोच थियो । अहिले परिवर्तन गर्‍यौं ।

नेपालको नजरमा अब भारत विस्तारवादी रहेन । उनका अनुसार नेपालको सीमा मिचेको, सीमा क्षेत्रमा बाँध बाँधेर हजारौँ परिवारलाई वर्सेनी डुबानमा पारेको, लाखौँ भारतीय नागरिकहरूले नक्कली नागरिकता लिएको विषयमा अब भारतीय शासक वर्गको विरोधको आवश्यकता छैन । दार्चुलाको घटनामा एसएसबी फोर्सको र अन्य घटनामा सम्बन्धित इन्जिनियर वा ठेकेदारको विरोध गरे मात्र पुग्ने भयो । नेपालमा सरकार परिवर्तनपछि साँच्चै माधव नेपालमा ठूलै परिवर्तन आएको देखियो । यसलाई भनिन्छ- 'रुखलाई देख्ने जङ्गल नदेख्ने' ।

नेपाली नेताहरू भारतले कसरी आफ्नो मुठीमा पारिराखेका हुन्छन् भन्ने एक उदाहरण श्यामसुन्दर गुप्ता र सरिता गिरीलाई लिन सकिन्छ । उनीहरू सद्भावना पार्टीबाट पहिलो संविधान सभामा निर्वाचित भएका थिए । पछि पार्टी फुट भयो । त्यसबेला उनीहरू एकले अर्कालाई भारतीय दूतावासबाट करोडौँ रूपैयाँ खाएको खुलमखुला आरोप लगाउँथे ।

के.पी. ओली सरकारको १३ दिने उद्योगमन्त्री बनेका अनिल झाको विषयमा पनि तत्कालीन सद्भावना पार्टीका राष्ट्रिय उपाध्यक्ष भरत विमल यादव भन्ने गर्थे- 'झाले एउटा एनजिओ चलाएर बसेका छन् । दुई महिनाको एउटा रिपोर्ट फाल्छन् । लाजिम्पाट (भारतीय दूतावास) बाट मासिक रु ४० हजार बुझ्छन् ।'

गुप्ता अहिले अपराधिक कार्यमा संलग्न भएको आरोपमा जेलमा छन्, गिरी नेपालको नाम र झण्डा फेर्न संविधान सभामा प्रस्ताव राख्ने संविधान सभाका सदस्य हुन् भने झा पटक पटक नेपालको मन्त्री पदमा पुगेर भारतको निर्देशनमा काम गर्दै आएका पात्र हुन् । यी र यस्ता व्यक्तिहरू नेपालको सरकारको नेतृत्वमा पुगेपछि नेपाली जनताले कस्तो भविष्यको आशा गर्ने ?

अहिले देउवाको नेतृत्वमा अत्यन्त कमजोर सरकार बनेको छ । उपेन्द्रजी नै यो सरकारको निर्णायक नेता बनेका छन् । देउवाबाट भारतले के चाहन्छ त्यो गराउने सम्भावना छ । अझ सङ्घमा मात्रै होइन प्रदेश र स्थानीय तहमा जनप्रतिनिधिहरूलाई पनि भारतले प्रभाव पार्दै लगेको देखिन्छ । विभिन्न भ्रमण, गोष्ठी वा अध्ययन छात्रवृत्तिको नाउँमा उसले नेपालको नीति निर्माण तहमा बस्नेहरूमाथि प्रभाव जमाउँदै लगेको छ ।

महाकाली र कर्णालीमा धेरै पानी बगिसके । देशको नेतृत्व गर्ने शासक दलहरूमा भारतीय चाकरी गर्ने काममा कमी आउनुको सट्टा बढ्दै गएको छ । अब नयाँ पुस्ताले ती भारतीय स्वार्थको निम्ति काम गर्ने देशघाती नेताहरूको विरुद्ध अभियान चलाउन जरुरी छ । देशको सार्वभौमिकता र स्वतन्त्रता बचाई राख्न भारतीय विस्तारवादको निरन्तर विरोध एक मात्रै उपाय हो । नत्र लेण्डुपका नयाँ अवतारहरूले देश भारतलाई सुम्पने दिन टाढा छैन ।

# ‘आधुनिक र प्रविधियुक्त पुस्तकालयको महत्व झन् बढ्दै गएको छ’

– प्रमुख सुनिल प्रजापति

आज राष्ट्रिय पुस्तकालय दिवस । भक्तपुर नगरपालिकाको आयोजनामा पुस्तकालय दिवस मनाउँदैछौँ । आधुनिकतासँगै युवा पुस्तामा पठन संस्कृतिको विकास गर्ने यस कार्यक्रमको उद्देश्य हो । विज्ञान र प्रविधिको विकासले संसारलाई सानो मात्रै होइन मानिसलाई अत्यन्त व्यस्त पनि बनाएको छ । संसारमा भइरहेका नयाँ नयाँ विकास र समृद्धिको विषय आज छोटो समयमा कम्प्युटर वा मोबाइलको सहयोगमा अध्ययन गर्नसक्ने भएका छौँ । समाज आजको अवस्थासम्म आइपुग्न हजारौँ र लाखौँ वर्षको इतिहास पार गरेकोछ । त्यसबारे अध्ययन अनुसन्धान प्राचीन र आधुनिक पुस्तकालयहरूको सहयोगबिना सम्भव हुँदैन ।

एउटा अक्षर, शब्द, वाक्य र भाषा निर्माणको लागि समाज विकासको क्रममा हजारौँ वर्ष लागेको हुनुपर्छ । प्राचीन चीन, ग्रीस, रोम, भारतलगायतका देशहरूमा लेख्ने कलाको विकास भएको र त्यसबेला जनावरको हाड, बाँसको बोक्रा, काठको चोया आदिमा लेख्न सुरु भएको तथा लेख्ने कलासँगै संसारमा ज्ञान सामग्रीहरूको विकास भएको इतिहास पाइन्छ ।

लेख्ने, कोर्ने कलाको विकाससँगै त्यसलाई सङ्कलन गरी सुरक्षित कामको पनि सुरुवात भयो । त्यो सङ्ग्रह गर्ने ठाउँलाई नै पुस्तकालय भनियो र संसारमा सयौँ वर्ष पहिले नै यस्तो प्राचीन पुस्तकालयको विकास भएको थियो । सन् १४४० मा जर्मनीमा प्रेसको विकास भएपछि माटो, हाड, बाँसको बोक्रामा सीमित ज्ञान सामग्रीहरू कागजमा मात्रै सीमित भएन त्यसले विकासमा तीव्रता पायो ।

अठारौँ शताब्दीमा विश्वमा अध्ययन अध्यापनको लहरसँगै संसारमा विश्वविद्यालय स्थापनाको क्रम शुरु भयो । अध्ययन अनुसन्धानको सुरुवात त्यहींबाट भएको मानिन्छ ।

अहिले संसारमा लाखौँ पुस्तकालय सञ्चालनमा छन् । दैनिक लाखौँ पुस्तक र पत्रपत्रिकाहरू प्रकाशित भइरहेका छन् । प्राचीन पुस्तक र पत्रपत्रिकाहरू संरक्षणको अभावमा कैयौँ लोप भइसके होलान् भने कैयौँ सङ्ग्रह गरी संरक्षण गरेका थुप्रै पुस्तकालयहरू पनि छन् । पुस्तकालय नयाँ नयाँ विषय अध्ययन अनुसन्धान गर्नेहरूको लागि अत्यन्त उपयोगी ठाउँ हो । हाम्रा प्राचीन पुस्तक र पत्रपत्रिकाहरू पनि पुस्तकालयहरूमा सुरक्षित गर्नु आवश्यक छ । हाम्रो भूगोल, इतिहास र मानव विकास सम्बन्धी प्राचीन पुस्तकहरू पनि देश विदेशका विभिन्न पुस्तकालयहरूमा पाउन सकिन्छ ।



दरबारमा बस्ने राजा महाराजाहरू र कैयौँ धनी व्यक्तिहरू तथा बुद्धिजीवीहरू आफ्नै घरमा निजी पुस्तकालय बनाएर अध्ययन गर्ने गर्छन् तर त्यो सर्वसाधारण र काम गरी खाने वर्गको निम्ति सम्भवको विषय होइन । अध्ययन गर्ने र ज्ञान हासिल गर्ने अवसर सबैले पाउनु पर्छ । अध्ययनको पहुँच सर्व साधारण जनतासम्म पुऱ्याउनको निम्ति नै ठाउँ ठाउँमा सार्वजनिक पुस्तकालयहरूको आवश्यकता पर्दछ । अहिले टोल टोलका सार्वजनिक पुस्तकालयसँगै विद्यालय, कलेज र विश्वविद्यालयहरूमा पुस्तकालयहरूको विकास भइरहेको छ । कतिपय सार्वजनिक पुस्तकालयहरू नाम मात्रकै छन् । त्यसको उचित प्रयोग हुन सकिरहेको छैन भने आवश्यकताअनुसार पुस्तक पत्रपत्रिकाहरू पनि राख्न सकिरहेका छैनन् । विद्यालय र कलेजमा पुस्तकालय भएन भने त्यहाँका शैक्षिक स्तर पनि अगाडि बढ्न सक्दैन । जसरी शैक्षिक संस्थाहरूमा प्राध्यापक, विद्यार्थी र प्रयोगशालाहरूको आवश्यकता रहन्छ त्यसरी नै पुस्तकालयको पनि आवश्यकता हुने गर्दछ । अहिले विज्ञान र प्रविधिको विकाससँगै आधुनिक र प्रविधियुक्त पुस्तकालयको महत्त्व झन् बढ्दै गएको छ ।

ज्ञानगुण हासिल गर्ने सबैभन्दा सजिलो माध्यम पुस्तक र पत्रपत्रिकाहरू नै हुन् । जति बढी जनताको बीचमा पुऱ्याउन

सकिन्छ, त्यति नै जनता सचेत हुनेछन् । यसको लागि राज्यले प्राथमिकतामा राख्नुपर्ने हुन्छ ।

नेपालभाषामा पुस्तकालयलाई साफुकुथि भनिन्छ । भक्तपुरमै पृथ्वीनारायण शाहले आक्रमण गर्नुअघि नै व्यवस्थित पुस्तकालय भएको इतिहास छ । भक्तपुरका अन्तिम राजा रणजित मल्लले हालको साकोठामा पुस्तकालयको स्थापना गरेको, त्यहाँ नालन्दा विश्वविद्यालय, विक्रमशील विश्वविद्यालय र सिम्रनगौढ राज्यबाट ल्याइएका बहुमूल्य हिन्दु एवम् बौद्ध धर्म तथा ज्ञानविज्ञानसँग सम्बन्धित ग्रन्थहरू ल्याइ सङ्ग्रहित गरिराखेको उल्लेख छ । पृथ्वीनारायण शाहले वि.सं. १८२६ मा भक्तपुरमा आक्रमण गरी सयौँ घरहरू जलाउनुका साथै हजारौँ जनताको ज्यान लिएसँगै रणजित मल्लद्वारा निर्मित उक्त पुस्तकालय जलाएको इतिहासविद् विश्वमोहन जोशीले 'ख्वपको राजनैतिक अवस्थाको ऐतिहासिक परिचय' शीर्षक लेखमा उल्लेख गर्नुभएको छ । जे होस् भक्तपुरमा आजभन्दा २५० वर्षअघि नै राम्रो र व्यवस्थित पुस्तकालय रहेको बुझ्न सकिन्छ ।

अहिले भक्तपुरमा सार्वजनिक ३१ ओटा र कलेज र विद्यालयहरूमा पनि छुट्टाछुट्टै पुस्तकालयहरू सञ्चालनमा छन् । ती अधिकांश सार्वजनिक पुस्तकालयहरू व्यवस्थित रूपमा सञ्चालनमा आउन नसकेको जनगुनासो छ । त्यसबारे भक्तपुर नगरपालिकाको ध्यान गएको छ ।

भक्तपुर नगरपालिकाले जनज्योति पुस्तकालय सञ्चालन गर्दै आएको सर्वविदित्तै छ । अशिक्षित जनतामा ज्ञानको ज्योति दिने, अध्ययन, अनुसन्धानलाई अग्रसर बनाउने, दुर्लभ वा लोप प्रायः भएका पुस्तक तथा शैक्षिक साधनहरूलाई एकत्रित र सुरक्षा गरी सदुपयोग गर्नेलगायतको उद्देश्य लिएर २००७ सालमा स्थापना भएको उक्त पुस्तकालयलाई थप व्यवस्थित र समायानुकूल सुधार गर्ने प्रयास गरिरहेका छौँ । अध्ययन, अनुसन्धान गर्ने विद्यार्थीहरूको लागि उपयोगी बनाउने उद्देश्यले त्यसलाई थप सुधार र विस्तार गर्ने योजना बनाउँदैछौँ ।

अहिले वडा वडामा सञ्चालित सार्वजनिक पुस्तकालय र विद्यालय कलेजहरूमा सञ्चालित पुस्तकालयसँग जनज्योति पुस्तकालयमार्फत सम्पर्क बढाउने र सक्दो सहयोग गरी सेवा सुविधामा वृद्धि गर्ने नीति नगरपालिकाको रहेको जानकारी गराउन चाहन्छौँ ।

इन्टरनेटको समय भएकोले पहिलेजस्तै पुस्तकालयमा गई हरेक विषयमा अध्ययनको पनि जरुरत नपर्ला । त्यसलाई पनि ध्यानमा राखेर इ. लाइब्रेरीको विकास, उच्च शिक्षाको लागि अध्ययन गर्न छुट्टै व्यवस्थित अध्ययन कक्षको व्यवस्था र उच्च शिक्षा हासिल गर्ने विद्यार्थी र बुद्धिजीवीहरूको सुझावअनुसार थप पुस्तकहरू राख्ने हामीले तयारी गरिरहेका छौँ । हाल दिइरहेको सेवा अपुग भएको जनगुनासो पछि त्यसको स्तरवृद्धिको लागि आवश्यक व्यवस्था गर्ने कोसिस गरिरहेका छौँ ।

सबै साथीहरूसँग छलफल गरी बुद्धिजीवी साथीहरू र पुस्तकालयमा कार्यरत यहाँहरूको उचित सल्लाह र सुझावहरूलाई ध्यान दिएर पुस्तकालय विकासको निम्ति हामी निरन्तर लागिरहनेछौँ । यहाँहरूको निरन्तर सहयोगको अपेक्षा गर्दछौँ । धन्यवाद !

*(राष्ट्रिय पुस्तकालय दिवसको अवसरमा भक्तपुर नगरपालिकाको आयोजनामा २०७८ भदौ १५ गते भएको विचार गोष्ठीमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्य)*

## ख्वप अस्पताललाई सहयोग जारी

## भक्तपुर नपाबाट दाताहरूलाई हार्दिक धन्यवाद !

### साउन ३२ गतेसम्म कूल सहयोग रु.६२४७१८९०।७१

| | | | | | |
|---|---|---|---|---|---|
| १०५८ | श्री केशरी सुवाल | भनपा-४, बोलाछेँ, तँचा | २०७८।३।३१ | ५,००२।- | ५००२।०० |
| १०५९ | श्री रविन्द्र गोपाल भेलेश्रेष्ठ र पद्म केशरी भेलेश्रेष्ठ (स्व. राम गोपाल भेलेश्रेष्ठ र स्व. विरेन्द्र भेलेश्रेष्ठको स्मृतिमा) | भनपा-४, लाकोलाछेँ, खँला ( हाल आदर्श) | २०७८।४।३ | १,००,१०१।- | १००१०१।०० |
| १०६० | श्री नेपाल रेडक्रस सोसाईटी, जिल्ला शाखा भक्तपुर | दुधपाटी, भक्तपुर | २०७८।४।३ | अक्सीमिटर-२ थान, पिपिई-२५ सेट, माक्स-२००० थान | |
| १०६१ | श्री नेपाल रेडक्रस सोसाईटी, जिल्ला शाखा भक्तपुर | दुधपाटी, भक्तपुर | २०७८।४।५ | हेल्थ किट- ३५ सेट | |
| १०६२ | श्री सत्यराम प्रजापति (बुवा स्व. आशगोपाल प्रजापति र आमा विष्णु प्रजापति) | भनपा-८, भक्तपुर | २०७८।४।१३ | २०,००१।- | २०००१।०० |
| १०६३ | श्री रामकृष्ण रानामगर र इन्दु रानामगर | विजेश्वरी, काठमाडौँ | २०७८।४।३२ | १०,०००।- | १००००।०० |
| | | | जम्मा | | १३५१०४।०० |
| | | | हाजम्मको कूल जम्मा | | ६२४७१८९०।७१ |

# 'सफूकोठालाई पुनर्जन्म दिनु आजको आवश्यकता'

– उपप्रमुख रजनी जोशी

नेपालमा प्राचीनकालदेखि नै ज्योतिष, तन्त्र, धर्मग्रन्थ, धार्मिक विधिविधान आदि कुराहरू शिलालेख, ताम्रपत्र, भोजपत्र आदिमा लेखिन्थ्यो। यी सबै सामग्रीहरू मठ, मन्दिर, बहा–बहि आदि ठाउँहरूमा सुरक्षितसाथ राख्ने गरिन्थ्यो। अतः प्राचीनकालमा यी मठ, मन्दिर, बहा–बहि नै त्यस समयका पुस्तकालय मान्न सकिन्छ। मध्यकालीन समयमा नै काठमाडौँ उपत्यकाको राजधानी भक्तपुरमा पुस्तकालय रहेको इतिहासमा पढ्न पाउँछौँ। मल्लकालीन राजाहरू पुस्तक लेखन, सङ्कलन र अध्ययनमा निकै रुचि राख्दथे। त्यतिबेलाको पुस्तकालय 'सफूकुथी' को नाउँले चिनिन्थ्यो, जसमा सफू–पुस्तक र कुथी–कोठा वा ठाउँ हो। त्यस समयमा सफूकुथीमा १४००० थानभन्दा बढी पुस्तकहरू रहेको इतिहासमा लेखिएको छ। यही कारणले इतिहासकार कर्क पेट्रिकले (आफ्नो पुस्तकमा) त्यस समयको भक्तपुरलाई नेपालको वाराणसी भनेर चित्रण गरेका थिए। पृथ्वीनारायण शाहले उपत्यका विजय गरेपछि भक्तपुरलगायत अन्य ठाउँहरूबाट ग्रन्थहरू आफैसाथ हनुमानढोकामा लगेका थिए। युद्धको समयमा यसै सफूकुथीका पुस्तकहरू नष्ट गर्न महिना दिन आगो लगाइएको इतिहासमा पढ्न सकिन्छ।

पछि वि.सं. १८६९ भदौ १५ गते पुस्तकालयसम्बन्धी कानुनी मान्यतासहितको पुस्तलकालय स्थापना गरिएको थियो र यो नै नेपालको पहिलो पुस्तकालयको रूपमा स्थापित भए। यसै दिनको स्मरणमा २०६५ सालदेखि (सन् २००८) राष्ट्रिय पुस्तकालय दिवसको रूपमा मनाउन थालिएको हो।

पुस्तकालयको महत्त्व परापूर्व कालदेखि आजको दिनसम्म पनि बढ्दै आइरहेको हामी पाउँछौँ। २१ औँ शताब्दीमा पुस्तकालयको क्षेत्र अझ व्यापक हुँदै गएको पाइन्छ। हाल आएर Virtual माध्यमबाट अध्ययन गर्न E-Library को पनि विकास भइरहेको छ। शिक्षण संस्थाहरूबाट औपचारिक शिक्षा पाउन सकेता पनि समाज र देशको वस्तुस्थितिबारे पुस्तकालयहरूबाटै बुझ्न अध्ययन गर्ने थलोको रूपमा लिन सकिन्छ। पुस्तक पढ्ने बानी र पुस्तलकालयसँग अभ्यस्त रहने बानीले सुसंस्कृत, सुसूचित र सभ्य समाज निर्माण गर्न सहज हुनेमा दुईमत नहोला। अतः समाजका हरेक क्षेत्रमा राष्ट्रियस्तरीय, नगरस्तरीय, विश्वविद्यालय, कलेज/विद्यालयस्तरीय मात्र नभई वडा/ टोलहरूमा समेत पुस्तकालयहरू अपरिहार्य भइसकेको छ। तबमात्र अघि भनेझैँ हाम्रो समाज शिक्षित, सुसंस्कृत र सुसूचितका साथै सभ्य बन्न सक्दछ।

यद्यपि, पुस्तकालय एउटा कोठा वा भवनमात्र नभई उक्त स्थान सिक्ने वातावरणसहितको हुनु अत्यन्त जरुरी छ। म वास्तुकलाको विद्यार्थी भएको नाताले पुस्तकालय मा light/Ventilation सहित त्यहाँ अध्ययनका लागि आउने बालबालिकादेखि वृद्धवृद्धा तथा अपाङ्गहरूसमेतको लागि मिल्ने फर्निचरसहितको वातावरण हुनु जरुरी छ। Library आफैमा



एउटा system भएकोले व्यवस्थित अथवा well designed हुनुपर्दछ भन्ने मेरो ठम्याइ रहेको छ।

मैले ख्वप ई. कलेजमा अध्यापनको क्रममा २/३ ओटा पुस्तकालयको विषयमा Thesis superviser बन्ने अवसर पाएँ। वास्तुकला विज्ञानमा ५ वर्षको अन्तिम १० औँ Semester मा thesis गर्नुपर्ने र यसमा पनि २०७५ सालमा एक जना विद्यार्थीले 'भक्तपुरमा सफूकोठाको redevelopement (पुनर्विकास)' मा thesis topic लिएर आए र मलाई उक्त विषयको सुपरभिजन गर्ने जिम्मा दिइयो। पक्कै पनि मैले समय सान्दर्भिक एवम् यस नगरस्तरीय पुस्तकालय सफूकोठाको पुनःनिर्माण र पुनसञ्चालन हुनुपर्दछ भन्ने मेरो मान्यता रहेको र यसबारे प्रमुखज्यूसँग पछि मैले छलफल पनि गरेकी थिएँ। उक्त स्थानमा जग्गाको विषयमा जटिलता रहेको कारणले कुरा अघि बढ्न सकिरहेको छैन। तथापि अझैपनि उक्त स्थानका केही मुख्य भागहरू भएपनि अधिग्रहण गरी 'सफूकोठा' पुनःस्थापना गर्नसकेमा भक्तपुर नगरपालिकाले आफ्नो ठाउँको गर्विलो इतिहास र सफूकोठा प्रति न्याय दिलाउन सकिने छ।

भक्तपुर नगरपालिकाको प्रमुख उद्देश्य यस सांस्कृतिक नगरका सम्पदाहरूको जगेर्ना गर्नु र इतिहासले प्रमाणित गरेका धरोहरहरू जस्तैः न्यातपौ देगः/भैरवनाथ/रानीपुखु/भाजुपुखु जस्तै गरी सफूकोठालाई पनि टोलको नाममा मात्र सीमित नराखी पुनर्जन्म दिनु आजको आवश्यकता हो भन्ने मैले ठानेकी छु। तब मात्र हामीले अघि सारेको सांस्कृतिक नगर भक्तपुरले शिक्षित/सुरक्षित/सभ्य र सुसंस्कृत नगरको परिचय प्राप्त गर्न सकिन्छ। यसो गर्न सकेमा शैक्षिक गन्तव्य साथै भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र गर्ने लक्ष्यमा पुग्न टेवा मिल्ने छ र गौरवको विषय बन्नेछ।

*(राष्ट्रिय पुस्तकालय दिवसको अवसरमा भक्तपुर नपाको आयोजनामा भएको विचार गोष्ठीमा व्यक्त मन्तव्य)*

भक्तपुरका केही पुस्तकालय

# जनज्योति पुस्तकालय

– भूपाल मूल, अधिकृत–जनज्योति पुस्तकालय

सामान्य अर्थमा पुस्तकालय भन्नाले पुस्तकहरूलाई सुरक्षाका साथ सङ्कलन गरिएको एउटा कोठा वा घर भनेर बुझिन्छ, जुन कोठा वा घरबाट मार्क्स, लेनिन, माओ, गान्धी, टल्सटय, डार्विन, बनार्ड शा, सम, देवकोटा जस्ता दार्शनिक, राजनेता, वैज्ञानिक, लेखक, साहित्यकारहरूको पनि जन्म हुने क्षमता राख्दछ । यी र यस्ता महापुरुषहरूले समाज तथा संसारलाई बदल्ने क्षमता राखेको हुन्छ । पुस्तकालयको घर वा कोठाबाट सामान्य ज्ञानमात्र प्रदान गर्ने नभई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका प्राध्यापक, वैज्ञानिक, राजनीतिज्ञ, लेखक, डाक्टर, इन्जिनियर आदिलाई पनि उत्पादन गर्ने हुँदा राष्ट्रको सर्वाङ्गिण विकासमा पुस्तकालयले महत्त्वपूर्ण भूमिका खेलिरहेको हुन्छ । पुस्तकालयकै सहयोगबाट हिजोको विश्वलाई आजको विश्वमा परिणत गर्न सम्भव भैरहेको छ ।

पुस्तकालय (Library) शब्द Latin भाषाको liber (पुस्तक वा पाठ्य सामग्री) शब्दबाट लिइएको शब्द हो र यही liber बाट अङ्ग्रेजी शब्द Library को निर्माण भयो । यसले पुस्तक वा पाठ्य सामग्री सङ्कलन गर्न, अध्ययन गर्न, सुरक्षा गर्न र पठनपाठनको लागि उपयुक्त वातावरण तयार गरी सही पुस्तकहरू सही समयमा सही पाठकको समक्ष पुऱ्याउने तथा सूचनाहरूको सेवा आदान प्रदान गरी शिक्षा दिने भन्ने अर्थ दिन्छ ।

विश्वमा स्थापित भएका पुस्तकालयको इतिहासलाई हेर्दा आजभन्दा करिब २०० वर्षभन्दा अगाडिदेखि नै विश्वका विभिन्न देशहरूमा पुस्तकालयहरूको क्रमशः स्थापना हुँदै आएको हामी पाउँछौँ । उदाहरणको रूपमा फ्रान्सको **विब्लियोथिक नेशनल पुस्तकालय**, इटालीको **भ्याटिकन पुस्तकालय**, रुसको **लेनिनग्राड सार्वजनिक पुस्तकालय**, बेलायतको **ब्रिटिश म्यूजियम पुस्तकालय**, अमेरिकाको **लाइब्रेरी अफ कंग्रेस**, चीनको **पेकिङ विश्वविद्यालयमा रहेको पुस्तकालय**, भारतको **नेशनल लाइब्रेरी अफ इण्डिया**, नेपालको वि.सं. २०१६ सालमा स्थापित **सेन्ट्रल पुस्तकालय** आदि ।

संसारमा पुस्तकालयको आफ्नै छुट्टै इतिहास रहेको हामी पाउँछौँ । पुस्तक एउटा यस्तो प्रामाणिक दस्तावेज हो, जसको ऐतिहासिक कालदेखि आजसम्म पनि उत्तिकै अस्तित्व र महत्त्व कायमै रहेको पाउँछौँ । देशमा निर्मित भौतिक सम्पत्तिहरूको नोक्सान भएता पनि पुस्तकालयमा सङ्ग्रहित सामग्रीहरूको सुरक्षा भएमा उक्त देशले पुनःनिर्माण गरी अझ राम्रा भौतिक वस्तुहरूको निर्माण गर्न सक्दछ । पुस्तकालयले भूतकालको ज्ञान र



अनुभवदेखि वर्तमान अवस्था र भविष्यको सन्ततिलाई दस्तावेजहरू सुरक्षित राख्न महत्त्वपूर्ण भूमिका खेल्दछ । पुस्तकालयको विस्तृत अर्थमा परिचयगर्दा, पुस्तकहरूको सङ्कलन गरेको कोठा वा घरदेखि अति विशाल क्षेत्रफल ओगटेका भवनहरूसमेत यसमा समटिन्छ । यस्ता पुस्तकालयहरूमा आधुनिक पुस्तकालयले बहन गर्नु पर्ने प्रायः सम्पूर्ण कार्यहरू पर्दछन्, जहाँ पुस्तकालयको भावी योजना र कार्यक्रम निर्माण कक्ष, पुस्तकालयमा प्रयोग गरिने पुस्तकहरू तथा फर्निचर कक्ष, पुस्तकालय भवनभित्र आवश्यक आन्तरिक मर्मत तथा निर्माण कक्ष, पुस्तकालयमा आवश्यक कर्मचारी योजना कक्ष, पुस्तकालयमा सङ्कलित पाठ्य सामग्री, फर्निचर, मेशिनरी सामग्रीहरू मर्मत र सम्भार कक्षलगायत सूचना केन्द्र र यसको सुरक्षा आदिको छुट्टै व्यवस्था अनिवार्य गरिएको हुन्छ । यस्ता ठूला पुस्तकालय भवन वरिपरि निर्माण कार्यका लागि आउने २० वर्षपछि पनि भौतिक निर्माणका कार्यहरू गर्न सकिनेगरी स्थलको चयन गरेको हुनुपर्दछ ।

संसारका विभिन्न देशहरूमा स्थापित भएका पुस्तकालयहरू राष्ट्रिय, सार्वजनिक, शैक्षिक संस्थान, विशिष्ट र निजी पुस्तकालयका रूपमा रहेको पाउँछौँ । यसबाहेक अन्य फरक नामहरूबाट पनि पुस्तकालयहरू सञ्चालित रहेको पाउँछौ, जस्तोः बाल पुस्तकालय, घुम्ति पुस्तकालय, रेफरेन्स पुस्तकालय, राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यक्तित्वका नाममा स्थापित पुस्तकालय, सरकारी कार्यालयमा स्थापित पुस्तकालय, हस्पिटल पुस्तकालय, जेल पुस्तकालय, विद्यालय पुस्तकालय, औद्योगिक क्षेत्र पुस्तकालय, पालिकाहरूद्वारा सञ्चालित पुस्तकालयहरू आदि । तर विविध नामले स्थापित भए पनि माथिका पुस्तकालयहरू राष्ट्रिय,

सार्वजनिक, शैक्षिक, विशिष्ट र निजी पुस्तकालय अन्तर्गतनै पर्दछन्। नाम जेसुकै भए पनि पुस्तकालयको खास उद्देश्य अध्ययनका लागि पाठ्य सामग्री र सुविधा प्रदानगरी शिक्षा प्रदान गराउनु नै हो।

नेपालमा पुस्तकालय विकासको इतिहासलाई हेर्ने हो भने विश्वका अन्य देशहरूको तुलनामा धेरै पछि मात्र विकास भएको पाउँछौँ। नेपालमा पुस्तकालयको विकासलाई हेर्दा शिक्षाको विकासको इतिहासलाई पनि हेर्नुपर्ने हुन्छ। हुनत नेपालको शिक्षाको इतिहास ज्यादै पुरानो रहेको पाँउछौँ। हाम्रो देशका शासकहरू शिक्षाप्रेमी पनि थिए। शिक्षा प्रेम र पुस्तक प्रेम १७ औँ र १८ औँ शताब्दीका जितामित्र मल्ल र जयप्रकाश मल्लद्वारा रचित नाटकहरूबाट पनि यस तथ्यलाई प्रमाणित गर्दछ। तर पछि शाहहरूको शासनकाल युद्धमै बढी समय ब्यतित भएकोले शिक्षा क्षेत्रमा त्यति विकास भएको पाउँदैनौँ। पुस्तकालय र शिक्षाको विकास राणा शासनकाल (वि.सं १९०३–२००७) मा त झनै न्यूनरूपमा भएको पाउँछौँ। राणाकालमा आफ्ना सन्तान र सम्बन्धित व्यक्तिहरूलाई मात्र शिक्षा दिने व्यवस्था थियो। पुस्तकालय र पाठशाला खोल्नेबारे नाम लिनुमा नै सजायको भागी हुनुपर्दथ्यो। वि.सं. १९८६ मा भएको **लाइब्रेरी पर्व** यसको ज्वलन्त उदाहरण हो। वि.सं. २००७ सालपछि पुस्तकालयको रूपमा केही राणा परिवारका सदस्यहरूले पुस्तकालयहरू खोलेका थिए। जस्तोः **वीर पुस्तकालय**, **केशर पुस्तकालय** वि.सं. १९०९, **सिंह पुस्तकालय** आदि। नेपालमा प्रजातन्त्रको उदयपश्चात क्रमशः पुस्तकालयहरूको स्थापना भएको हामी पाउँछौँ। वि.सं. २०१३ सालमा **राष्ट्रिय पुस्तकालय** र **मदन पुस्तकालय**, वि.सं. २०१६ मा स्थापित **सेन्ट्रल पुस्तकालय** पछि २०१९ वैशाख १५ देखि **त्रिभुवन विश्वविद्यालय पुस्तकालय** आदि। नेपालमा वि.सं. २०२५ को शिक्षा ऐन अन्तर्गत निर्मित शिक्षा नियमहरू, २०२७ पछि मात्र देशका प्रायः हरेक क्षेत्रहरूमा क्रमशः पुस्तकालयहरू खुल्न थालेको देखिन्छ। वर्तमानमा नेपालको पुस्तकालय र शिक्षाको विकासमा ध्यान दिने पक्षहरूको अध्ययन गर्ने क्रममा केही सरकारी कार्यालय, सङ्घसंस्था र विद्यालयहरूले पनि आफ्नै हाताभित्र पुस्तकालयको स्थापना गरेका छन्।

भनिन्छ, पुस्तकालयमा जनतालाई बदल्ने शक्ति रहेको हुन्छ र यसैबाट मानिसले आफ्नो जीवनलाई आफूले चाहेको र सोचेको दिशातर्फ बदल्न सक्छ। यसै भनाईलाइ चरितार्थ पार्न, जाने सुनेअनुसार आज भन्दा करिब ७० वर्ष अगाडि तत्कालीन राजा श्री ५ त्रिभुवनद्वारा वि.सं. २००७ सालमा उद्घाटन भई नगरका केही शिक्षित ब्यक्तिहरूबाट ऐतिहासिक **जनज्योति पुस्तकालय** सञ्चालनमा आएको थियो। यसको उद्देश्य भक्तपुरका जनतालाई शिक्षा दिनु र सक्षम बनाउने रहेको थियो। पछि भक्तपुर नगरपालिकाद्वारा सञ्चालित भएपश्चात् भक्तपुर नगरलाई शैक्षिक नगरीमा बदल्ने, नगरवासीहरूलाई गुणस्तरीय शिक्षा तथा सूचनामा पहुँच बढाउने र ख्वप विश्वविद्यालयको आधारका रूपमा विकास गर्ने जनप्रतिनिधिहरूको चाहना रहेको देखिन्छ। यो पुस्तकालय भक्तपुर नगरका जनप्रतिनिधिहरूको अग्रसरता र संरक्षणमा सञ्चालित भैरहेको सार्वजनिक पुस्तकालय हो। पुस्तकालयको सञ्चालन तथा व्यवस्थापनको सम्पूर्ण जिम्मा भक्तपुर नगरपालिकाले बहन गरिआएको छ।

हाल यस पुस्तकालय भक्तपुर नगरको वडा नं. २ नःपुखु, इटाछेँ टोलको अति रमणीय स्थलमा वि.सं २०७५ जेष्ठ ७ गतेदेखि स्थानान्तर भई सञ्चालन भैरहेको छ। यस पुस्तकालयको इतिहास पनि छुट्टै भएको पाउँछौँ। स्थापना कालदेखि आजको अवस्थासम्म आउन धेरै उतारचढावहरू पार गर्दै आएको देखिन्छ। शुरुमा यसले आफ्नो शुरुवात कसरी गऱ्यो भन्ने तथ्यगत जानकारीहरू प्राप्त नभएता पनि जानकारीमा आएअनुसार यसले आफूलाई आजका दिनसम्म पुग्नका लागि विभिन्न स्थानहरूमा पुस्तकालय सञ्चालन गर्दै आएको देखिन्छ। यसअघि भक्तपुर दरबार स्क्वायरमा रहेको गुठी संस्थानको पुरानो भवनको जमिन तलामा, त्यसपछि भक्तपुर नगरपालिकाको पुरानो भवनको जमिन तलामा र पछि विद्यार्थी निकेतन स्कूल अगाडिको नगरपालिकाको आफ्नै साँघुरो भवनमा करिब २० वर्ष जति सञ्चालित भयो। दरबार क्षेत्रस्थित आफ्नै साँघुरो भवनमा सञ्चालित हुँदा पनि यसले नगरवासीहरूलाई सक्दो सेवा प्रदान गर्दै आइरहेको थियो। यहाँ रहँदा करिब ९,००० को सङ्ख्यामा पुस्तकहरू रहेको, ४० देखि ४५ प्रकारका पत्रपत्रिकाहरू उपलब्ध रहेको थियो र दैनिक १५० जना पाठकहरू आउनुहुन्थ्यो भने सदस्य सङ्ख्या ८५० भन्दा बढी रहेको थियो। २०६१ साल पश्चात् यस पुस्तकालयलाई सूचना शाखाको रूपमा पनि कार्य सुम्पिएको छ।

यस जनज्योति पुस्तकालयमा विविध विषयसँग सम्बन्धित करिब १७,५०० जतिको सङ्ख्यामा पुस्तकहरू उपलब्ध छन् र दैनिक, पाक्षिक तथा मासिक गरी ६० प्रकारका पत्रपत्रिकाहरू उपलब्ध छन्। पुस्तकालयमा Open Access को व्यवस्था गरिएको छ। हालसम्ममा सदस्य सङ्ख्या १३५० रहेको छ। पुस्तक तथा पत्रपत्रिकाका साथै यहाँ देश विदेशबाट प्रकाशित सामग्रीहरू, नगर प्रोफाईल, नगरपालिकाबाट पारित निर्णयहरू, नीति तथा कार्यक्रम पुस्तिकाहरू, बजेट पुस्तिका, बोर्ड बैठकका निर्णयहरू , 'भक्तपुर' मासिकका सङ्कलनहरूलगायत अन्य सूचनाहरू सङ्कलित र सुरक्षित छन्। पुस्तकालयमा सङ्कलित पुस्तकहरूमध्ये साहित्यिक पुस्तकहरू बढी रहेको, त्यसपछि इतिहास तथा राजनीति, कानून, जीवनी र अन्य विविध विषयहरूसँग सम्बन्धित पुस्तकहरू (अङ्ग्रेजी, नेपाली, हिन्दी र नेवारी भाषामा) सङ्कलित रहेको छ। यहाँ तुलनात्मक रूपमा नेपाली भाषाका पुस्तक सामग्रीहरू बढी सङ्कलित रहेका छन्।

पुस्तकालयमा सङ्कलित अधिकांश सामग्रीहरूलाई वैज्ञानिक पद्धतिबाट वर्गीकरण गरी राखिएको छ र पुस्तकहरूको Data Entry गर्ने कार्य पनि भैरहेको छ। साथै पुस्तकालयले प्रदान गरिने प्रायः सबै सेवाहरू प्रदान गर्दै आएको छ। पुस्तकालयले लेनदेन सेवा, सन्दर्भ सेवा, पत्रपत्रिका सामग्रीको सङ्कलन तथा सुव्यवस्था र सदस्यता सेवाका साथै wifi सेवा पनि प्रदान गरिआएको छ। पुस्तकालयले E- Library सेवा सञ्चालन गर्न प्रकृया अगाडि बढाइरहेको छ। पुस्तकालयका लागि आवश्यकतानुसार नयाँ पाठ्य सामग्रीहरू नगरपालिकाबाट प्राप्त भैआएको छ। साथै पुस्तकालय सञ्चालन गर्न आवश्यकतानुसार कर्मचारी र बजेटको व्यवस्था पनि नगरपालिकाबाट हुन्छ। पुस्तक र पुस्तकालयको सुरक्षार्थ पुस्तकालयमा CCTV क्यामेराको जडान भएको छ। पुस्तकालयभित्र सफा पिउने पानी र शौचालयको पनि राम्रो व्यवस्था गरिएको छ।

पुस्तकालयमा बालकदेखि अनुसन्धान तहसम्मका पाठकहरू आउनु हुन्छ र हाल प्रायः माथिल्लो तहका पाठकहरू बढी अध्ययनका लागि आउने गर्नुहुन्छ। साथै देशैभरिबाट आगन्तुकहरू अभिरुचिपूर्वक पुस्तकालयको व्यवस्थापनबारे जानकारी लिएर जाने गर्नुहुन्छ। यहाँ बालकका लागि बाल कक्ष, अनुसन्धानकर्ताका लागि छुट्टै अध्ययन कक्ष र पत्रपत्रिका अध्ययन कक्षको पनि व्यवस्था गरिएको छ। यस जनज्योति पुस्तकायलमा नियमित बसेर अध्ययन गरेका कतिपय व्यक्तिहरू आज देशका विभिन्न क्षेत्रमा रही राष्ट्रको सेवा गरिरहनु भएको छ। पुस्तकालयमा स्थानको तथा पुस्तकहरूको कमी अहिले पनि रहेको पाठकबाट सुझाव आइरहेको छ।

नगर प्रमुखज्यू स्वयं भक्तपुर नगरपालिका शिक्षा समितिका संयोजक रहनु भएकोले यस पुस्तकालयको भविष्य राम्रो छ र आउने दिनहरूमा आफूलाई स्रोत पुस्तकालयको रूपमा बदली अध्ययन तथा अनुसन्धानका लागि देशको एउटा राष्ट्रिय स्तरको अध्ययन केन्द्रका रूपमा स्तरोन्नती गर्न सक्षम बन्नेछ भन्ने विश्वास लिनसकिन्छ।

नेपालमा सञ्चालित पुस्तकालयहरूको एउटै प्रकारको समस्या रहेको देखिन्छ, जस्तोकि : सरकारी तवरबाटै पुस्तकालयलाई हेर्ने दृष्टिकोणमा परिवर्तन नआउनु, यसको महत्त्वलाई ख्याल नदिनु, बजेट विनियोजनगर्दा बेवास्ता गरिनु, २०७२ सालको विनाशकारी महाभूकम्पले पुस्तकालयको संरचनामा क्षति पुग्नु र यसको पुनःनिर्माणमा बेवास्ता गर्नु आदि।

भक्तपुर नगर क्षेत्रभित्र करिब ३१ ओटा सार्वजनिक पुस्तकालय तथा वाचनालयहरू रहेको तथ्याङ्कले देखाएको छ।

*(राष्ट्रिय पुस्तकालय दिवसको अवसरमा आयोजित विचार गोष्ठीमा भनपाद्वारा सञ्चालित जनज्योति पुस्तकालय अधिकृत भूपाल भूलद्वारा व्यक्त मन्तव्य)*

## नेपालमा कोरोना सङ्क्रमण

**भाद्र १५ गते**

**परीक्षण प्रयोगशाला :** ९६ (सरकारी- ५८, निजी- ३८)
**परीक्षण सङ्ख्या :** ३९,१५,१४६
सरकारी- २३,२८,१६८/निजी- १५,८६,९७८
**खोप : कोभिशिल्डः** पहिलो- २०७३९५१/दोस्रो- ११३१५२१
**भेरोसेलः** पहिलो- ३२६५३०१/ दोस्रो- १९७६६३९
**जोन्सनः** १३५१६०१
**कूल खोप :** पहिलो- ५३,३९,२५२/पूरा- ४४,५९,७६१
**कूल सङ्क्रमित :** ७,६२,६४७ (पु. ४५४७६५ म. ३०७८८२)
**निको भएका सङ्ख्या :** ७१६३०६
**मृत्यु भएको सङ्ख्या :** १०७५०

### प्रदेशगत सङ्क्रमित विवरण (साउन १६ - भाद्र १५ गते)

| प्रदेश | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| प्रदेश नं. १ | ६,७४५ | ६,१९९ | १२,९४४ |
| प्रदेश नं. २ | ६८३ | २०२ | ८८५ |
| बागमती | १९,५४९ | १६,६०५ | ३६१५४ |
| गण्डकी | ६,१३४ | ५,४२७ | ११,५६१ |
| लुम्बिनी | २,२५० | १,८५६ | ४,१०६ |
| कर्णाली | ७९४ | ५७४ | १,३६८ |
| सुदूरपश्चिम | ६१५ | ३८२ | ९९७ |
| जम्मा | ३६,७७० | ३१,२४५ | ६८,०१५ |

### काठमाडौं उपत्यका सङ्क्रमित विवरण (भाद्र १५ गते)

| जिल्ला | पुरुष | महिला | जम्मा | निको | मृत्यु |
|---|---|---|---|---|---|
| काठमाडौं | १३६,४२२ | ९८,४०७ | २३४,८२९ | २२७६७२ | २०९० |
| ललितपुर | २४,४७१ | २१,११२ | ४५५८३ | ४२८९१ | ६४१ |
| भक्तपुर | १४,९३५ | १२,५०३ | २७४३८ | २५७५८ | ४१६ |
| जम्मा | १७५,८२८ | १३२,०२२ | ३०७८५० | २९६३२१ | ३१४७ |

स्रोत : स्वास्थ्य मन्त्रालय (इन्टरनेट)

**अज्ञानीहरू रोगदेखि डराउँछन्**
**मूर्खहरू रोगलाई बेवास्ता गर्छन्**
**बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्**
**सफा गर्ने बानी बसालौं**
**रोगदेखि टाढा बसौं।**

# शहीद स्मृति पुस्तकालय

– नारायण प्रसाद मचामसी, अध्यक्ष

२०४६ सालको जनआन्दोलनमा शहादत प्राप्त गरेका अमर शहीद कृष्णराम दुवाललगायत अन्य शहीदहरूको सम्झनामा २०४८ सालमा श्री हरिकृष्ण तुल्सीबाख्योको अध्यक्षतामा शहीद स्मृति पुस्तकालय भनपा-७, गोल्मढीमा स्थापना भएको हो ।

२०४८ सालमा स्थापना भएको यस पुस्तकालयले स्थानीय गरिब, मजदुर र किसानका छोराछोरीहरूको शैक्षिक, राजनैतिक तथा सांस्कृतिक स्तर उकासी सुसंस्कृत समाज निर्माणमा टेवा पुऱ्याउन सुरुमा शैक्षिक जागरण ल्याई पठन सीपको विकास गर्ने उद्देश्य लिएको थियो ।

सुरुसुरुको अवस्थामा थोरै राजनीतिक र केही साहित्यिक पुस्तकहरू तथा एकदुई ओटा पत्रपत्रिकाका साथ वाचनालय जस्तै गरेर सञ्चालन भएको थियो । स्थानीय विद्यार्थीहरू राष्ट्रिय पोलियो खोप अभियानहरू, भिटामिन ए जस्ता स्वास्थ्य कार्यक्रममा सहभागी भई पुस्तकालयको लागि अर्थ सङ्कलन गरेर, स्थानीय सहयोगी महानुभावहरूसँग आर्थिक सहयोग लिनुका साथै विभिन्न प्रकाशन केन्द्रहरूबाट पुस्तक सहयोग लिई २०६५ सालदेखि करिब २०७२ सालसम्म यस पुस्तकाय दैनिक बिहान बेलुकी दुई सिफ्टमा २/२ घण्टा गरी सञ्चालन भएको थियो । यस पुस्तकायमा तत्कालीन भनपा १ देखि १७ वडा तथा सिपाडोल, नंखेल, कटुञ्जे, छालिङ, झौखेल लगायत स्थानका विद्यार्थीहरूले सदस्यता लिएका थिए । साथै दैनिक ५० देखि ८० जनासम्म सदस्यहरूले पुस्तकालयमै आएर अध्ययन गर्ने तथा पुस्तक लाने ल्याउने गर्थे ।

पुस्तकालय नियमित रूपमा सञ्चालन गर्नुका साथै २०७२ सालभन्दा अघि नियमित रूपमा हरेक वर्ष फागुन ८ गते शहीद दिवस मनाउने, मासिक रूपमा 'साहित्य गोष्ठी कायक्रम' गर्नुका साथै 'सांस्कृतिक कार्यक्रम तथा शुभकामना साँझ', 'च्वसु दबु बुलेटिन २०६५' प्रकाशन समेत गरिएको थियो ।

२०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्प पछि



स्थानीयवासीहरू तितरवितर रूपमा छरिन पुगेको अवस्थामा आर्थिक स्रोतको अभाव, दक्ष, योग्य र समर्पित साथीहरूको अभावका बाबजुद पनि छिटफुट रूपमा मात्र सञ्चालन भएको पुस्तकालय कोभिड-१९ को महामारीको कारण हाल पूर्णरूपमा बन्द अवस्थामा छ ।

यस्तै भिभिन्न कारणले बन्द अवस्थामा रहेका भक्तपुका सबै सामुदायिक पुस्तकालयहरूलाई पुनरजागरण ल्याउनु अति आवश्यक देखिन्छ । वर्तमान अवस्थामा पुस्तकालयलाई प्रविधिमैत्री बनाउँदै

- ई–पुस्तकालयको रूपमा विकास गर्न आवश्यक आर्थिक तथा प्राविधिक सहयोग,
- दक्ष जनशक्तिको लागि तालिमको व्यवस्था,
- पुस्तकालयलाई सांस्कृतिक र पुरातात्त्विक सङ्ग्रहालयको रूपमा समेत विकास गर्न पर्याप्त स्थान उपलब्ध गराउन यस नगरपालिकाबाट सहयोग हुने अपेक्षा गरेको छु ।

*(राष्ट्रिय पुस्तकालय दिवसको अवसरमा आयोजित विचार गोष्ठीमा सहीद स्मृति पुस्तकालयका अध्यक्ष नारायणप्रसाद मचामसीद्वारा व्यक्त मन्तव्य)*

**औषधी, खाद्यसामग्री लगायतका वस्तु किन्दा**

**म्याद हेर्ने बानी गरौं ।**



# किम इल सङ्को संस्मरण

# शताब्दीका साथ -!)_




## देशभक्त जमिनदार किम जो बु

भाग–९ । परिच्छेद ६ (क)

अन्तर्राष्ट्रिय राजनीतिक परिदृश्यमा कम्युनिस्टहरूको अभ्युदय भएपछि सबै देशका सर्वहारा वर्गले एउटा नारा लगाए,‘जमिनदार र पूँजीपतिहरू मुर्दावाद !’ यही नारा लगाउँदै कोरियाका श्रमिक जनताले पनि साम्राज्यवादी विदेशी शक्तिसँग मिलेका प्रतिक्रियावादी शोषक वर्गलाई फाल्न लामो, कष्टकर र भयानक वर्ग सङ्घर्ष अघि बढाएका थिए । कुकमिन–बुको नेतृत्वमा रहेको कोरियाली क्रान्तिकारी पार्टीका वामपन्थीहरूले समेत जमिनदार र पूँजीपति वर्गलाई फाल्नु आफ्नो उद्देश्य बनाएको थियो । उनीहरू जमिनदार र पूँजीपति वर्गलाई फाल्न आँधीबेहरी ल्याउने चाहना राख्थे ।

हामीले जमिनदार र पूँजीपति वर्गको विरोध गर्ने हाम्रो विचारलाई कसैसामू लुकाएनौं । न हामीले उनीहरूविरुद्ध लड्ने हाम्रो लक्ष्य नै कसैको अघि छोप्न खोज्यौं । अरूको रगत पसिनामा मोटाएका शोषकहरूको विरोध गर्नु हाम्रो आजीवन सिद्धान्त हो । म शोषकको विरोध गथें र आज पनि विरोध गर्छु । मेरो विचारमा लाखौं लाख कामदार जनताको रगत पसिनाको मूल्यमा जम्मा भएको धन ती जनता भोकै मर्दा पनि लुटपाट गरेर आरामदायी जीवन बिताउने शोषकहरूलाई म सधैं घृणा गर्छु ।

संसारभरका प्रगतिशील जनता मानवतावादी विचारका पक्षपाती हुन्छन् । मानवतावादले भौतिक सम्पत्तिको न्यायपूर्ण वितरण र सामाजिक न्यायको पक्षमा वकालत गर्छन् । हामी अल्पसङ्ख्यक मालिक वर्ग र तिनका आसेपासेको राजनीतिक अधिनायकत्व र आर्थिक एकाधिकारका साथै नैतिक भ्रष्टिकरणको विरोध गर्छौं । यस्ता सबै खराब कुराको अन्त्य गर्नुलाई हाम्रो ठूलो कर्तव्य मान्छौं ।

तर, व्यवहारमा निःसन्देह सिङ्गो शोषक वर्गलाई पराजित गर्नु र त्यो वर्गको कोही एक जना व्यक्तिसँगको सम्बन्धलाई एक अर्काबीचमा प्रष्टतः भिन्नता देख्न सक्नुपर्छ । जापानविरोधी क्रान्तिमा हामीले जापानी साम्राज्यवादी र उनीहरूका पिछलग्गु बनेका दुष्ट धनीहरूविरुद्ध सङ्घर्ष गर्‍यौं । यद्यपि, विगतमा कोही कोही कम्युनिस्टहरू वर्ग सङ्घर्षलाई मात्र जोड दिन्थे । त्यसकारण देशभक्त र साम्राज्यवादविरोधी जमिनदार र राष्ट्रिय पूँजीपतिहरूसँगको सम्बन्धमा ‘वामपन्थी’ गल्ती गर्छन् । वस्तुगत यथार्थको राजनीतिक, आर्थिक र सामाजिक पक्षलाई बेवास्ता गर्दै मालिक वर्गको निरपेक्ष विघटन, सम्पत्ति कब्जा र निर्मम व्यवहार गर्ने परम्परावादी नीति कार्यान्वयन गर्दा धेरै देशमा साम्यवादबारे नै भ्रम सिर्जना भएका छन् ।

यसलाई साम्यवादको विरोध गर्नेहरूले साम्यवादविरोधी प्रचारबाजीको लागि मसला बनाउने गरेका छन् ।

अहिले (कोरिया मुक्तिपछि) हाम्रो गणतन्त्रमा न कोही जमिनदार वर्ग छ न त पूँजीपति वर्ग नै ।

वर्गीय शिक्षा अहिले उच्च तहमा गहिराईमा पुगेर दिने गरिएको छ । त्यसकारण सबै अधिकारीहरूले वर्गीय नीति (class line) र जननीति (mass line) लाई एकाकार गर्न सक्छन् । सबै धनी मानिसहरू खराब हुन्छन् भन्ने पूर्वाग्रह र जमिनदार एवम् पूँजीपति वर्गबाट आएका मानिसहरूलाई उनीहरूका काम र विशेषतालाई उपेक्षा गरेर उही लठ्ठीले शासन गर्नुपर्ने साँघुरो सोचाइ अहिले हटिसकेको भन्न सकिन्छ । विगतको आफ्नो परिवारको धमिलो पृष्ठभूमिका कारण निन्याउरो मुख लगाएर बसेका मानिसहरू पार्टीमा सामेल भएको वा उपयुक्त पदमा पदोन्नति भएको र उत्साहपूर्वक जीवन बिताइरहेको खबरले हिजोआज सर्वसाधारणलाई खुशी बनाउने गरेको छ । यस्ता घटनालाई उनीहरूले आफ्नै खुशीयालीको रूपमा लिने गरेका छन् । कोरियाली मजदुर पार्टीको सबैलाई समावेश गर्ने राजनीतिको यो अमूल्य परिणाम हो ।

हामीले आधा शताब्दीदेखि सबैलाई समावेश गर्दै लाने राजनीति व्यवहारमा कार्यान्वयन गर्दै आएका छौं । जापानविरोध क्रान्तिका वर्षहरूदेखि कोरियाका असल कम्युनिस्टहरूले भिन्न–भिन्न पारिवारिक पृष्ठभूमि, धर्म र आर्थिक अवस्थाका जनतालाई एउटा सिङ्गो शक्ति बनाउने महान् राष्ट्रिय एकताको ध्वजामुनि सामेल गर्न कडा मिहिनेत गर्दै आएको छ ।

मेरो विचारमा **जमिनदार किम जोङ बु**सँगको हाम्रो अनुभवले जमिनदार र पूँजीपतिहरूप्रति हाम्रो विशिष्ट

धारणा एवम् सबैलाई सामेल गर्ने हाम्रो राजनीतिको ऐतिहासिक पृष्ठभूमि बुझ्न मद्दत गर्नेछ ।

हामीले किम जोङ बुलाई सबभन्दा पहिला सन् १९३६ को अगस्ट महिनामा भेटेका थियौँ । दियाङ्सीमा चन्दा सङ्कलनको जिम्मेवारी दिइएको एउटा सानो टोलीले ढिला राति केही मानिस लिएर आयो । उनीहरू सबै जापानपक्षधर जमिनदारहरू भएको सूचना थियो । उनीहरूमध्ये एक जना बुढो मान्छे पनि थियो जो ७० वर्षभन्दा माथिकै थिए । त्यत्तिबेला हामी इर्डोगाङ नजिकै मजाएची नजिक काठ चिर्ने मजदुरहरूको बस्तीमा बसेर सङ्गठनका काम गर्थ्यौं ।

पक्रेर ल्याइएकाहरूको नामावलीमा किम जोङ बुको नाम पनि देख्दा मलाई अचम्म लाग्यो किनभने उनलाई पनि 'जापानपक्षधर जमिनदार' को दर्जामा राखिएको थियो । त्यत्तिबेला त्यो सानो टोलीको संयोजक रि तोङ हक भएको हामीमध्ये केहीले सम्झेका छौँ । तर, जहाँसम्म मलाई लाग्छ, किम जोङ बुलाई आफूसँगै ल्याउने किम जु ह्योन थिए ।

मैले किम जु ह्योनलाई बोलाएँ र कडा शब्दमा सोधेँ,'के कारणले किम जोङ बुलाई समातेर ल्यायौ ?'

'त्यो बुढो मान्छेसँग १५० हेक्टरभन्दा बढी जमिन छ । मैले आजसम्म त्यत्ति धेरै जग्गा भएको मान्छेको बारे यसअघि कल्यै पनि सुनेको थिइनँ', उनले भने ।

'१५० हेक्टरभन्दा बढी जमिन भएको व्यक्तिलाई पक्राउ गर्ने भनेर कसले नियम बनाएको छ ?', मैले फेरि सोधेँ ।

'कमरेड कमान्डर, मलाई नियम कानुनको विषयमा कृपया नसोध्नुहोला । एक जना धनीले तीन गाउँलाई माग्ने बनाउँछ । यति धेरै जमिन भएको जमिनदारले दसभन्दा बढी गाउँलाई माग्ने बनाउँछ', उनले भने ।

मैले किम जु ह्योनलाई अर्को प्रमाण पेश गर्न आग्रह गरेँ । उनले मलाई किम जोङ बुको जापानी वाणिज्य दुतावासको शाखाका दुतसँग नजिकको सम्पर्क भएको बताए । जापानी वाणिज्य दुतले इतो नामका एक जना जापानी पूँजीपतिलाई योङचोन अथवा उत्तरी क्योङसान प्रान्तबाट बोलाएका थिए । तिनै जापानी पूँजीपतिलाई ६ हजार येन किम जोङ बुलाई दिएर काठको गोदाम खोल्न जापानी वाणिज्य दुतले लगाएका थिए । त्यही पैसाले किम जोङ बुले ट्रक किनेर जापानी साम्राज्यवादको सहायतामा ठूलो आकारको व्यापार गरेका थिए ।

'अरू कुनै प्रमाण ?'

'छन्, प्रशस्त प्रमाण छन् । जङ्गल संरक्षण सङ्घका प्रमुख र ग्रामीण सङ्गठनका पनि मुख्य मान्छे भएको नाताले उनी मन्चुकोको कार्यालयमा आउने जाने गरिरहन्छन् । उनका छोरा किम मान दुले पनि केही वर्षको लागि इर्डोगाङको एउटा गाउँमा मुखियाको रूपमा उनकै मातहत काम गरेका थिए ।'

त्यसपछि मैले किम जु ह्योनलाई किम जोङ बुका केही राम्रा पक्ष पनि छन् कि भनी सोधेँ । मेरो कुरा सुनेर जु ह्योन केही अकमकिए । आरोपितको पक्षमा जनमतबारे बुझ्ने यस्तो खालको सुनुवाइ उनले कहिल्यै भोगेका थिएनन् । अथवा उनले किम जोङ बुका यस्ता पक्षबारे मेरो चासो हुने कुरा चिताएका थिएनन् ।

'असल गुण ! किम जोङ बुजस्ता जापानपक्षधर तत्त्वबाट असल गुणको के अपेक्षा गर्ने ?' उनले भने ।

सानो टोलीका नेताबाट प्राप्त सूचना पूर्णतः नकारात्मक थियो । उनको शततः पूर्वाग्रही जानकारी सुनेर मेरो टाउको भारी भयो । वर्ग सङ्घर्ष र वर्गीय भावनाको व्यवहारिक प्रयोगबारे विगतको अभ्यासबाट अझै पूर्णतः मुक्त हुन नसकेको र किम जोङ बुबारे सबै कुरा नबुझ्दै नबुझी उनीहरूले जमिनदार र उनका छोरालाई समेत पक्राउ गरेका थिए । उनीमाथि 'जापानपक्षधर जमिनदार' र 'प्रतिक्रियावादी' को आरोप लगाइएको थियो । हामी चाङबाई आउँदा संयुक्त मोर्चाको काममा दखल पुऱ्याउनेहरूको नामावलीमा किम जोङ बुको नाम समावेश भएको हुनसक्ने बताइयो । उनका क्रियाकलापले संयुक्त मोर्चाको हाम्रो नीति, पितृभूमि पुनःस्थापना सङ्गठनका दस बुँदे कार्यक्रम र आरम्भिक घोषणा उल्लङ्घन गरेको बताइयो ।

किम जु ह्योङले किम जोङ बुको घरमा रहेको टेलिफोनलाई समेत उनी जापानपक्षधर भएको प्रमाणको रूपमा पेश गरे । उनले त्यो टेलिफोन सौखिन जीवनको लागि नभई गुप्तचरीको लागि प्रयोग गर्न आवश्यक भएको हुनसक्ने बताए । जापानी दूत, प्रहरी वा मञ्चुकोको कार्यालयमा सम्पर्क गर्नमात्र टेलिफोनको प्रयोग गर्न सक्ने आरोप लगाइयो । टेलिफोनबाट हुने कुराकानीमार्फत उनले क्रान्तिकारीहरूविरुद्ध सूचना दिने गरेको हुन सक्ने पनि किम जु ह्योङले आरोप लगाए । खासमा त्यत्तिबेला कसैको घरमा टेलिफोन हुनु भनेको सर्वसाधारणको लागि सपनाजस्तै थियो ।

तर, कसैको घरमा टेलिफोन हुनु नै उसमा जापानपक्षधर मनोभावना भएको ठान्नु र उसले शत्रुको हितमा टेलिफोनको प्रयोग गरिरहेको भन्नु हास्यास्पद कुरा हुँदैन र ? यदि सबै मानिसलाई यसरी नै मूल्याङ्कन गरे हाम्रो संयुक्त मोर्चाको नीतिले व्यवहारमा ठूलो कठिनाइ सामना गर्नुपर्ने हुन्छ । यो किम जोङ बुसँग जोडिएको समस्या मात्र पक्कै थिएन ।

किम जु ह्योङसामेल त्यो सानो टोलीको यस्तो तरिकाको विरोध गर्नुअघि मैले आफ्ना कार्यकर्तालाई राम्ररी प्रशिक्षण दिन नसकेकोमा आफ्नै आलोचना गरेँ । फुसोङमा झाङ वेइ–ह्वासँग सम्बन्ध राख्दा हामीमध्ये केही साथीहरूमा

यस्तो पूर्वाग्रही भावनाले हामीलाई चिन्तित बनाएको थियो। भ्भाङ वेई-ह्वाले हामीलाई सहायता सामग्रीको ठूलो भारी र ठूलो परिमाणमा पैसा उपलब्ध गराएपछि मात्र ती साथीहरूले मालिक वर्गभित्र पनि असल मानिस हुने कुरा स्वीकारेका थिए।

तर, जब चाङबाईमा १५० हेक्टर जमिन भएको एक जना जमिनदार भेट्दा उनीहरू उसप्रति शङ्का गर्न थाले।

भ्भाङ वेई-ह्वालाई हाम्रो मित्र मान्न सक्ने मान्छेहरूले किम जोङ बुलाई संयुक्त मोर्चामा सामेल गर्न सकिने व्यक्तिको रूपमा स्वीकार्न कसरी असफल भयो ? त्यसको अर्थ संयुक्त मोर्चाको नीतिबारे हाम्रो प्रशिक्षणमा अझै कमी देखियो।

विभिन्न तह र तप्काका जनता भनेर हामीले कुरा गर्दै गर्दा जीवनका विभिन्न क्षेत्र, पृष्ठभूमि र जीवन अवस्थाका जनता हुन्। यी सबै थरी मानिससँग व्यवहार गर्ने कुनै एउटा अचुक औषधि हुन सक्दैन। तर, केही उदाहरणले सबै फरक फरक अवस्थामा लागु गर्न सन्दर्भको रूपमा काम गर्छ।

ती दिनमा कोही पनि व्यक्तिको मूल्याङ्कन गर्न हाम्रो मापदण्डको रूपमा कुन मानकले काम गरेको थियो ? कोही व्यक्ति जापानपक्षधर थियो वा जापानविरोधी अथवा देशप्रेमी वा देशघाती ? जसले आफ्नो देश, राष्ट्र र जनतालाई माया गर्छ र जापानी साम्राज्यवादीहरूलाई घृणा गर्छ, त्यो व्यक्तिलाई हामी आफ्नो मित्र मान्थ्यौँ। अनि जसले आफ्नो सुख सुविधा र स्वार्थको लागि जापानको पक्षमा लाग्छ, आफ्नो देश, राष्ट्र र देशवासीका विषयमा कति पनि सोच्दैनन्, त्यस्ता मान्छेहरूलाई हाम्रो सङ्घर्षको निशाना बनाउँथ्यो।

हामीले किम जोङ बुलाई यही मापनमा नाप्यौँ र उनलाई संयुक्त मोर्चाको लागि सँगै काम गर्न सकिने व्यक्तिको रूपमा लियौँ। चाङबाईमा हामी पुग्ने बित्तिक्कै हामीले उनलाई चिट्ठी लेख्ने योजना बनायौँ। छलफलको लागि भूमिगत शिविरमा आमन्त्रण गर्ने र सहकार्यको लागि आग्रह गर्ने हामीले विचार गरेका थियौँ।

'मेरो विचारमा किम जोङ बुबारे हाम्रो मूल्याङ्कन बनिबनाउ र अवैज्ञानिक छ। हामीले कोही पनि व्यक्तिलाई त्यसरी हलुका तरिकाले सोच्नु हुन्न। जसलाई तिमीहरूले जापानपक्षधर जमिनदार ठानेका छौ, खासमा उनी देशभक्त जमिनदार हुन्। मलाई उनको विगत राम्ररी थाहा छ। तिमीहरूले दियाङ्सीमा एक दुई व्यक्तिहरूबाट सुनेका कुरा सुनेर किम जोङ बु यस्तो र कर्पोरल किम यस्तो भनेर मूल्याङ्कन गर्‍यौ। तिमीहरूले उनलाई सतही रूपमा मात्र बुझ्यौ। उनको दिमागभित्र पसेर कुरा बुझ्न सकेनौ। यदि किम जोङ बु वास्तवमै त्यस्तो खराब मान्छे हुँदो हो त किन दियाङ्सीका जनताले आफ्नो गाउँमा त्यस्तो खराब मान्छेको सम्मानमा सालिक बनाए ? के तिमीहरूलाई दियाङ्सीमा उनको सालिक भएको कुरा थाहा छ ?'

सानो टोलीले आफूलाई त्यसबारे थाहा नभएको जवाफ दिए।

मैले उनीहरूलाई किम जोङ बुको विगत थाहा भएको भए उनलाई जापानपक्षधर जमिनदारको रूपमा नहेर्ने बताएँ। किम जोङ बु गलहत्याउनुपर्ने होइन स्वागत गर्नुपर्ने, प्रतिक्रियावादी जमिनदार होइन, देशभक्त जमिनदार भएको कुरा निश्चयका साथ भन्न सक्ने मैले उनीहरूलाई बताएँ।

'कमरेड कमान्डर। हामीले उनलाई गलत ढङ्गले बुझ्यौँ। हामीले तपाईँको मनसाय राम्ररी बुझ्न पनि सकेनौँ', ठूलो पछुतोभावका साथ किम जु ह्योनले मलाई भने। 'हाम्रो एकाइको तर्फबाट म उनीसमक्ष माफी माग्छु र उनलाई दियाङ्सीमा फर्काउँछु।'

उनलाई फर्काउने कुरामा म उनीसँग सहमत भइनँ। 'उनलाई फर्काउन पर्दैन। म उनलाई भेट्न चाहन्छु। कुरा यहाँसम्म पुगिसके पछि अब उनलाई भूमिगत शिविरमा लैजानु होला। मेरो विचारमा समय मिलाएर मैले उनलाई भेट्न पर्छ। तिमीहरूको तर्फबाट पनि मैले उनीसमक्ष क्षमायाचना गर्नेछु', मैले भनेँ।

त्यो दिन मैले सानो एकाइका कमरेडहरूलाई संयुक्त मोर्चामा किम जोङ बुसँग सहकार्य गर्नुपर्ने कारणबारे मेरो धारणा प्रष्ट पारेँ। त्यही दिन पुरा एकाइलाई जमिनदार किमको विगतबारे सबै कुरा थाहा भयो।

मेरो अनुमानमा किम जोङ बुको जन्म सन् १८६० दसकको सुरुमा भएको हुनुपर्छ। हामी चाङबाईमा हुँदा नै उनी ७० वर्षका थिए। उनको गृहनगर उत्तरी फ्योङगानको उइजु काउन्टीको चोङ्सुदोङमा थियो। म जिलिनमा विद्यालयको विद्यार्थी छँदा उइजुका जाङ चोल होले मलाई निकै हार्दिकतापूर्वक किम जोङ बुबारे कुरा सुनाउने गर्थे। आफू धनी भएर पनि किम जोङ बुले स्वाधीनतालाई कसरी मद्दत गरेका थिए भन्ने कुरा उनले मलाई उत्तिबेला सुनाएका थिए। उनका छोरा किम मान दु चोङ्सुदोङ बस्दाताका जाङ चोल हो र ओ तोङ जिनका बालसखा थिए।

चाङबाईमा स्वाधीनता सेना उच्च उत्साहका साथ लड्दै गर्दा युद्धकोष सङ्कलन सङ्गठनको दक्षिण विभागका प्रमुख किम जोङ बु थिए। उनले स्वाधीनता सेनालाई आफ्नो सम्पत्ति बेचेर पनि लत्ता कपडा, खाना र अन्य आवश्यक सामग्रीको जोहो गरिरहेका थिए। स्वाधीनता सेना बलियो छँदा उनले सङ्गठनको लागि दियाङ्सीमा आलु र पानीघट्टमा चामल कुटेर पनि सेनालाई मद्दत गरेका थिए।

जिलिन, फुसोङ, लिनजियाङ, बादाओगो, ह्वादियानलगायत अन्य ठाउँमा सक्रिय स्वाधीनता सङ्ग्रामीहरू चाङबाईमा आउँदा किम जोङ बुका घरमा बस्थे र त्यहीँ बैठक गर्थे। यो तथ्यलाई मात्र पनि मूल्याङ्कन गर्ने हो भने मेरो विचारमा उनलाई विवेकपूर्ण व्यवहार गर्न आवश्यक हुन्छ।

युवा पुस्तालाई शिक्षित बनाउने कुरामा पनि किम जोङ बुको उल्लेखनीय योगदान छ। उनकै अगुवाइमा दियाङ्सीमा नियमित शिक्षा दिन सन् १९२० तिर विद्यालय स्थापना गरेका थिए। उनले आफ्ना मोहीका केटाकेटीलाई असल शिक्षा दिने क्रममा उनले गाउँको विद्यालयलाई चार वर्षको आधुनिक प्राथमिक तहको पढाइ हुने विद्यालयमा रूपान्तरण गरेका थिए। समयान्तरमा त्यो विद्यालय ६ वर्षको पढाइ हुने विद्यालय बनाइयो। त्यो विद्यालयमा १५० जनाभन्दा बढी विद्यार्थीहरूले शिक्षा आर्जन गर्थे। छिमेकी गाउँका बालबालिकालाई समेत त्यो विद्यालयमा पढ्न आउन उनले उत्साहित गरेका थिए। जोङ्सन निजी विद्यालयको व्यवस्थापन र शिक्षकहरूको तलब मोहीहरूबाट उठ्ने बालीबाट मिलाउने बन्दोबस्त गरिएको थियो। बालबालिकालाई स्वाधीनता र सार्वभौमिकताको विचार दिन विद्यालयमा देशभक्त शिक्षा दिने व्यवस्था गरिएको थियो। साथै त्यहाँ देश एवम् राष्ट्र प्रेमको भावना सिकाइन्थ्यो।

किम जोङ बुलाई उनका मोहीहरूले स्वेच्छिक रूपमा कुत तिर्थे। एक बोरा वा दस बोरा कति कुत तिर्ने भन्ने कुराको निधो मोहीहरू आफैले गर्थे। मोहीहरूले फसल कति लाग्यो, त्यसआधारमा बाली कति बुझाउने कुराको निधो गर्थे। किम जोङ बु त्यस्ता जमिनदार थिए जसको कुतमा लगाएको जमिनको आकार र गुणस्तरको तुलनामा कति बाली उठ्ने कुनै टुङ्गो थिएन। जमिनदार र मोहीबीच जग्गामा फलेको अनाजको भागबन्डा गर्ने कुनै करार नै गरिएको हुन्थेन।

जापानविरोधी क्रान्तिकारी लडाकु रि चि हो कुनै बेला दियाङ्सीमा किम जोङ बुका मोही थिए। उनले भनेका थिए,'मैले किम जोङ बुजस्ता असल प्रकृतिका र सद्गुणी जमिनदारबारे कहिल्यै पनि सुनेको थिइनँ। हामी उनको जमिन जोत्थ्यौँ। तर, हामीले उनलाई कति कुत बुझाउने हो, थाहा थिएन। हामीले उनीसँग बेलाबेला अन्न पनि सापटी माग्थ्यौँ। तर, हामीले कहिल्यै पनि ब्याजसहित कहिल्यै त्यो सापटी फिर्ता गर्दैनथ्यौँ। तै पनि उनी केही भन्दैनथे। उनी हामीलाई ती कुरा छोड्थे। त्यही भएर गाउँलेहरूले उनको घरअगाडि उनको शालिक स्थापना गरेका थिए। दियाङ्सीको उपल्लो थलोमा उनका धेरै हेक्टर जमिन थियो। तर, उनीसँग मलिलो नदी छेउको जग्गा १५ हेक्टरभन्दा बढी थिएन।'

दियाङ्सीका जनता एकमनले किम जोङ बुको कदर गर्थे। उनलाई गाउँलेहरू 'हाम्रा काका', 'हाम्रा मुखिया', 'हाम्रो विद्यालयका संस्थापक' आदि भन्थे। यो कुनै असामान्य कुरा थिएन।

उनको यस्तो सद्गुण देखेर छिमेकी गाउँका जमिनदारहरू डराउँथे। उनीहरू आफ्ना मोहीहरूले दियाङ्सीमा जस्तो गर्न माग गर्लान् भनी पिर मान्थे।

उनले किम जोङ बुललाई भनेका थिए,'तपाईँजस्तो उदार बन्नु के अति होइन र भन्या ! मोहीलाई जति मन लाग्यो, त्यत्ति कुत बुझाउन पाउने ! त्यो पनि बिना कुनै करार। तपाईंले यस्तै गर्दै जानुभयो भने तपाईँको सम्पत्ति तीन-चार वर्षको अवधिमा सखाप हुनेछ।'

तर, सद्गुणी नबन्न बेला बेलामा सल्लाह दिने मान्छेका कुरा किम जोङ बुले कहिल्यै सुनेनन्। उनले भने,'बाली लगाउन दिने विषयमा कुनै करार नगरेर के मेरो तीन जनाको परिवार भोकभोकै मर्ला त ? जब मेरा मोहीहरूले पेटभर खान पाउँछन्, मैले पनि भरपेट खान पाउँछु। उनीहरूको भोकै भए म पनि भोकै हुनेछु। यही सिद्धान्त मनमा राखेर हामीले एक आपसमा सहृदय बाँड्नुपर्छ। सबै कुरा त्यसैमा त हुन्छ।'

किम जोङ बु सहृदयी व्यक्ति भएकोले मञ्चुको सरकार र जापानी अधिकारीहरू उनका सामु अरू जमिनदारको अघि जस्तै उभिन सक्दैनथे।

सानो एकाइले गिरफ्तार गरेर ल्याएका जमिनदारहरूमा एक जना अर्को व्यक्ति पनि थिए जसको नाम हवलदार किम थियो। उनी पनि देशभक्त जमिनदार थिए। पुरानो कोरियाको आधुनिक सेनामा उनले हवलदार पदमा रहेर सेवा गरेको हुनाले उनलाई सबैले हवलदार किम भनी बोलाउँथे।

किशोरावस्थामा नै हवलदार किमले सैनिक सेवामा स्वयम्सेवकको रूपमा सामेल भएका थिए। उनी सामेल भएको हाम्रो देशको पहिलो आधुनिक सेनालाई 'प्योलजिगम' भनिन्थ्यो। कापसिन वर्षमा सुधारवादी पार्टीले विद्रोह गर्दा उनी विद्रोही सुधारवादी दलप्रति गहिरो सद्भाव राख्थे।

उनी हेर्दा गाउँको कोही वनपाले जस्तै सरल र सोझा थिए। तर, उनीसँग गहिरो राजनीतिक सुझबुझ थियो। काबो सुधार (सन् १८९४ को पूँजीवादी सुधार) ताका उनले शाही सुरक्षा गार्ड टुकडीमा रहेर काम गरेका थिए। पछि उनलाई गढमा तैनाथ गरिएको थियो। राष्ट्रिय सार्वभौमिकता गुमाएपछि उनी सत्यवादी स्वयम्सेवक सेनामा भर्ती भए। त्यो सेना पनि विघटन भएपछि उनी जीविकोपार्जनको काममा लागे।

पुरानो कोरियाका अन्तिम वर्षहरूमा आधुनिक सेना अस्तित्वमा रहेको बेला उनी आफ्नो सैनिक जिम्मेवारीप्रति दत्तचित्त भएर लागेका थिए। उनले रि वंशको सेना विघटन

भएको आफ्नै आँखाले देखे । (सन् १९०७ को अगस्टमा जापानी साम्राज्यवादीहरूले त्यो सेनालाई विघटन गराएको थियो ।) त्यत्तिबेला आधुनिक कोरियाले भोगेको कष्टसाध्य घटना र सङ्कट देखेका थिए । किम जोङ बुका अनुसार सैनिक सेवामा दत्तचित्त भएर धेरै वर्ष लागेर पनि उनको स्तरोन्नति गरिएको थिएन किनभने उनी उत्तरी क्षेत्रको कापसानका बासिन्दा थिए । त्यो ठाउँमा रि वंशका शासकहरूलाई निर्वासनमा पठाइएको थियो । सामन्ती दरबारले सेनामा सुधार र जातीय विभाजन निर्मुलन गरे पनि सिपाहींहरूको स्तरोन्नतिमा उत्तर र दक्षिणबीचको विभेद भने हटाउन सकेको थिएन ।

हवलदार किमसँग दस हेक्टर जमिन थियो । उनीसँग धेरै खाइलाग्दा पशु पनि थिए । तर, उनी प्रगतिशील विचार र मिहिनेती स्वभावका देशभक्त थिए ।

त्यत्तिबेला किम जोङ वा हवलदार किमलाई संयुक्त मोर्चाको लागि सूचीकरण गर्दा धेरै मानिस आश्चर्यचकित बनेका थिए । उनीहरू हामी वर्ग समन्वयको बाटोमा अघि बढेको भन्ने लागेको थियो ।

आधा शताब्दीअघि मात्र संसारका कम्युनिस्टहरूले मार्क्सवाद वा लेनिनवादी सिद्धान्तलाई आफ्नो मार्गनिर्देशक सिद्धान्तको रूपमा स्वीकार्दै गर्दा केही मानिसहरूले यो वा त्यो जमिनदारसँग हातेमालो गर्ने हाम्रो कदमलाई मार्क्सवाद त्याग्दै गएको अर्थमा विवाद गर्न आएका थिए । केही पूँजीपति वर्गलाई हामीले आफ्ना सहयोद्धा बनाउने हाम्रो गतिविधि देखेर उनीहरूलाई लेनिनवादविपरीत काम गरेको भनी आक्रोश पोखेका थिए । यस्ता सोचाई खासमा मार्क्सवाद-लेनिनवादलाई जडसूत्रको रूपमा बुझ्ने प्रवृत्तिले निम्त्याएको थियो । यस्तो जडसूत्रले हाम्रो देशको विशिष्ट चरित्र र वास्तविक क्रान्तिकारी परिस्थितिबाट अलग भएर मार्क्सवाद-लेनिनवादलाई निरपेक्ष रूपमा बुझिएको थियो ।

मुक्तिअघि कोरियाको ग्रामीण समुदायमा भूमिमाथिको स्वामित्वको अवस्था र वर्ग विभेदको तथ्याङ्क हेर्दा जब ठूला जापानी भूपतिको सङ्ख्या बढ्यो, ठूला कोरियाली जमिनदारहरूको सङ्ख्या घटेको थियो । अथवा ती कोरियाली जमिनदारहरू मध्यम वा साना मालिकमा सीमित बन्न पुगेका थिए ।

जापानी साम्राज्यवादीहरूले सामन्ती भूमि स्वामित्वको रक्षा गरेर सरकारलाई काम गर्न सहज बनाइदिएको थियो । त्यसक्रममा केही कोरियाली जमिनदारहरूले सरकारी सहायतामा ठूलो परिमाणमा जमिन र पैसा जम्मा गर्न सफल भए । त्यो पैसा उनीहरूले उद्योग र व्यापारमा लगानी गरे । उनीहरूले ठूलठूला मौजा बनाए अथवा उनीहरू दलाल पूँजीपति बने । यद्यपि, बहुमत कोरियाली जमिनदारहरू मध्यम वा साना मालिक वर्गमा ओरालो लाग्नुपर्‍यो ।

स्वभावतः मध्यम र साना जमिनदार वर्गमध्ये केहीले देशभक्तिको बाटो चुने । उनीहरूले नरम शैलीमै भए पनि जापानी साम्राज्यवादी कब्जा र उनीहरूको उपनिवेशवादी शासनको विरोधमा उभिए, जसले उनीहरूको अवस्था खराब बनाएको थियो ।

वास्तवमा केही कोरियाली जमिनदार र पूँजीपतिहरूले जापानविरोधी क्रान्तिमा सक्रिय समर्थन गरेका थिए । उनीहरूमध्ये कति जनाले त कोरिया मुक्त भए लगत्तै आफ्नो स्वामित्वमा रहेका जमिन र कलकारखाना राज्यलाई हस्तान्तरण गरेका थिए । उनीहरू पनि साधारण श्रमिक जनता बनेर नयाँ देश निर्माणमा समर्पित बने । **आफ्नो सम्पत्तिभन्दा माथि आफ्नो मातृभूमि र देशको समृद्धि राखेका यी मिहिनेती धनी मानिसहरूले कम्युनिस्ट नीतिको विरोध गर्ने कुनै कारण थिएन ।** अथवा कम्युनिस्टहरूको क्रान्तिकारी आन्दोलनलाई रोक्नुपर्ने कुनै भावनात्मक वा मनोवैज्ञानिक कारण नै थिएन ।

खासमा भन्नुपर्दा मेरो बाल्यकालीन दिनमा म पनि जमिनदार र पूँजीपति वर्ग सबैलाई परजीवी वर्ग नै ठान्थेँ ।

यद्यपि, चाङदोकमा विद्यालय पढ्दै गर्दा पैक सन हैडले विद्यालयलाई ठूलो क्षेत्रफल जमिन चन्दा दिएको मैले थाहा पाएँ । त्यही बेलाबाट मालिक वर्गका केही मानिसमा पनि विवेकको कमी नहुने कुरामा विश्वास गर्न थालेँ । अनि धनीहरूमा पनि देशभक्त र प्रतिक्रियावादीबीच भेद गर्नुपर्ने कुरा मैले बुझेँ ।

झाङ वेई ह्वासँग छलफलको क्रममा सबै धनी वर्गलाई एकै टोकरीमा राख्ने र उनीहरूलाई निमित्यान्न पार्ने धारणाको सैद्धान्तिक रूपमा आलोचना गर्ने वा अस्वीकार गर्ने मौका मिल्यो । चेन हान-झाङसँगको मेरो सामिप्यले धनीहरूप्रतिको मेरो धारणा अझ प्रष्ट बनाउन सजिलो भयो ।

यदि हामीले सबै धनी देशभक्तहरूलाई हमला गरेको भए अथवा उनीहरूको घेरा फराकिलो बनाएको भए के हुने थियो ? त्यसको अर्थ क्रान्तिलाई समर्थन गरिरहेका जनताको समर्थन अस्वीकार गर्नु हुने थियो । परिणामतः धनी देशहरूको समर्थन हामीले गुमाउने थियौँ । त्यत्तिमात्र होइन, जनताको ठूलो हिस्साको साथबाट हामी वञ्चित हुने थियौँ । आमजनताले पनि त्यस्तो रुखो क्रान्तिको विरोध गर्ने थिए । यस्तो अवस्थाले शत्रुलाई मात्र फाइदा हुने थियो । वर्ग सङ्घर्षमा सानो गल्ती वा विचलनले शत्रुको हात माथि पार्थ्यो र उनीहरूको हित हुने थियो ।

किम जोङ बु र उनको टोलीसँग गुरिल्ला सेनाको कमान्डरको नाताले माफी माग्नुपर्दा मलाई असजिलो अनुभव

भएको थियो ।

मेरो निर्देशनअनुसार टोली नेताहरूले उनीहरूलाई मेरो कोठामा लिएर आए ।

मैले कुनै गलत अभियोगमा मेरा साथीहरूले उनीहरूलाई गरेको व्यवहार र राति हिँडाएकोमा किम जोङ बुसमक्ष मैले क्षमा मागेँ ।

किम जोङ बुले केही पनि जवाफ फर्काएनन् । उनले मलाई रिसाएर तलमाथि घुरे मात्र । उनीसँगै आएका अरूले पनि मलाई त्यसरी नै घुरे । प्रष्टतः उनीहरू अब के हुन्छ भन्ने कुरा जान्न आतुर थिए । मैले अझ सहज ढङ्गमा कुराकानी गर्न चाहेँ । तर, हामीले एकअर्कालाई आफ्ना भावना साट्न सकेका थिएनौँ । त्यस्तो असजिलो अवस्थामा हामीले मुस्किलले हाम्रो संवाद अघि बढाउन सक्थ्यौँ ।

'मलाई तिमीहरू कुन सेनाका हौ, थाहा छैन । तर, यदि तिमीहरू स्वाधीनता सेना हौ भने भन तिमीहरूलाई कति सैनिक कोष चाहियो ? होइन, यदि तिमीहरू डाँकाहरू हौ भने भन तिमीहरूलाई कति पैसा चाहियो ?', किम जोङ बुका यस्ता तीखा शब्दले त्यो जमेको मौनतालाई चिर्‍यो ।

उनका यस्ता शब्दले कोठाको तापक्रम बढ्यो । किम जोङ बुले हामीलाई स्वाधीनता सेना वा डाँकाहरू भन्ठानेको देखियो ।

डाँकाहरू र चिनियाँ राष्ट्रवादी जापानविरोधी एकाइले प्रायशः अपहरण गर्थे । किम जोङ बु आफैलाई पनि पटक पटक अपहरण गरिसकेको थियो, त्यसक्रममा उनले धेरै दुःख पाएका थिए ।

जमिनदारहरूको टोलीले मलाई श्वास रोकेर हेरिरहेका थिए । उनीहरूले मैले धेरै ठूलो परिमाणमा पैसा माग्ने अपेक्षा गरेका थिए । त्यही बेला टोलीका नेता मेरो अघि दस प्याकेट चुरोट लिएर आए । उनले दियाङ्सीमा पसलेले आफूले पैसा दिन खोज्दा पनि चुरोटको पैसा लिन नमानेको बताए ।

मैले जमिनदारहरूलाई त्यो पसले कस्तो खालको मान्छे हो भनी जिज्ञासा राखेँ ।

'उनी निकै सहृदयी व्यक्ति हुन् । उनको नाम किम से इल हो', जमिनदारहरूको टोलीमा रहेका किम मान दुले भने । 'उनी टाट पल्टिसकेका मान्छे हुन् । मुखमा माड पार्न उनकी श्रीमती मिलमा ज्यालादारी काम गर्छिन् । उनको अवस्था यति खराब थियो, मैले नै उनलाई केही पैसा दिएर किराना पसल खोल्न सल्लाह दिएको थिएँ । अहिले उनीहरू पसल चलाएर जीवन धानिरहेका छन् ।'

यो सुनेर मैले टोली नेतालाई आलोचना गरेँ । 'त्यो गरिब मान्छेलाई तिमीहरूले पक्कै राम्रो व्यवहार गरेनौ । के तिमीहरूले उसले लिन नमानेकै कारण पैसा नतिरेको हो त ?' यो संवादले कोठाको जमेको वातावरण तत्काल तताएको देखेर म नै चकित परेँ ।

जमिनदारहरूले एक अर्कालाई हेराहेर गर्न थाले । उनीहरू सबैलाई केही कुराले चकित बनाएको थियो । उनीहरूबीच कानेखुशी पनि चल्यो । उनीहरू सम्भवतः मेरो सहयोद्धाहरूप्रति म निकै रुखो भएको कुरा गरिरहेका थिए । त्यसले उनीहरूसँगको कुराकानी अघि बढाउन केही सहज बन्यो ।

'त्यत्ति राति कष्टकर पैदल यात्रा गर्नुपरेकोमा म तपाईँसँग क्षमा माग्न चाहन्छु । नयाँ ठाउँ पुग्दा हामीबाट कहिले काहीँ यस्तो खालको गल्ती हुने गरेको छ । मलाई आशा छ, मेरा कमरेडहरूको अलि रुखो लाग्ने व्यवहारलाई तपाईँले माफी दिनुहुनेछ', मैले भनेँ ।

मैले यसरी क्षमा मागेपछि उनीहरूले अलि हलुका अनुभव गरेको देखियो ।

'खासमा यो कुन सेना हो ? तिमीहरू डाँकाहरू जस्ता पनि छैनौ, अनि पहिलेका स्वाधीनता सेनाका जस्ता पनि देखिन्नौ...', किम जोङ बुले मलाई नजिकबाट उत्सुकतापूर्वक नियाल्दै भने ।

'हामी कोरियाको मुक्तिको लागि लड्दै गरेका कोरियाली जनक्रान्तिकारी सेना हौँ', चाङबाईका गन्यमान्य मानिसहरूलाई मैले यसरी हाम्रो परिचय दिएँ ।

'जन क्रान्तिकारी सेना ! त्यसको मतलब के तपाईँहरू फुसोङमा जापानीहरू लखेटेको जनरल किम इल सङको सेना हो ?'

'हो !'

'के जनरल किम इल सङ अहिले फुसोङमा हुनुहुन्छ ?'

'मैले आफ्नो परिचय नदिएकोमा माफ गर्नुहोला । म नै किम इल सङ हुँ ।'

किम जोङ बुले मलाई सन्देहको आँखाले नियाले र नराम्ररी भुत्भुताए ।

'म सत्तरी वर्षको बुढोलाई नझुक्याउनुस् । अन्तरीक्ष समेत खुम्च्याउने क्षमता भएको भनिएको जनरल किम इल सङ के यति कलिलो युवक हुनसक्छ ? उनी त पक्कै पनि सामान्य मान्छे होइनन् । उनको दाँतको पनि दुई पङ्क्ति भएको हल्ला सुनिन्छ ।', किम जोङ बुले भने ।

त्यही बेला किम जु ह्योनले हाम्रो संवादको बीचमै अगाडि बसेको मान्छे नै जनरल किम इल सङ भएको पुष्टि गरे ।

त्यसपछि मात्र उनले मलाई चिने र चिन्न नसकेकोमा मसँग माफी मागे । **(क्रमशः)**

**नेपाली अनुवाद : नीरज**

अन्तरवार्ता

# 'खोप लगाउनु नै कोरोनाबाट बच्ने प्रभावकारी उपाय हो'

– डा.अमर प्रजापति, इन्टरनल मेडिसिन विशेषज्ञ

**(ख्वप अस्पताल कोभिड युनिटमा कार्यरत डा. अमर प्रजापतिसँग कोभिडको वर्तमान स्थितिबारे हाम्रा प्रतिनिधिले लिएको अन्तरवार्ता)**

**तपाईं इन्टरनल मेडिसिन विज्ञ हुनुहुन्छ, खासमा त्यो विषय के हो ? जनताले बुझ्ने भाषामा बताइदिनुहोस् न ?**

– इन्टरनरल मेडिसिन भनेको चिकित्सकीय उपचारको एक प्रमुख विषय हो। यो १८ वर्षभन्दा माथिका वयस्क बिरामीहरूलाई कुनै रोग लागेमा औषधीद्वारा उपचार गर्ने विधि हो। इन्टरनल मेडिसिनले मुटुसँग सम्बन्धित रोगजस्तै ब्लड प्रेसर, हार्ट फेलियर, मुटुको चालसँग सम्बन्धित (Arrythmia), श्वास प्रश्वाससँग सम्बन्धित रोग निमोनिया, दम, किड्नीसम्बन्धी रोग, हाडजोर्नीसम्बन्धी रोग, मानसिक रोग, सरुवा रोगजस्तै ट्युबरक्लोसिस, हेपाटाइटिस, कोभिड १९, एचआइभी एड्सलगायतका रोगहरू तथा पेट र आन्द्रासम्बन्धी रोगहरूको औषधि सेवनबाट निको पार्ने गर्दछ। यो विषयलाई अस्पतालमा उपचारको मेरुदण्डको रूपमा लिन सकिन्छ किनभने कोरोना जस्तै तीव्र गतिमा सर्ने रोग, दीर्घ रोग र अन्य सरुवा रोग इन्टरनल मेडिसिन विभागअन्तर्गत पर्दछ।

**कोभिड के हो र यो कसरी सर्छ ?**

– सन् २०१९ को डिसेम्बरमा चीनको उहान सहरमा श्वासप्रश्वाससँग सम्बन्धित रोग निकै तीव्र रूपमा फैलिन थाल्यो। उक्त रोगलाई 'निमोनिया अफ अन्नोन ओरिजिन' नामाकरण गरियो। अध्ययनको क्रममा उक्त भाइरस सार्स कोभ जुन सन् २००२–२००४ मा फैलिएको रोगको भाइरससँग मिल्दोजुल्दो देखियो। त्यसैले यो भाइरसको नामाकरण सार्स कोभ २ राखियो र त्यसबाट लाग्ने रोगलाई कोभिड १९ राखियो। यो कोरोना भाइरस मानिसमा सर्नुअघि, अन्य जीवजस्तै चमेरो, सालकमा रहेको अध्ययनले देखाएको छ। ती जीवबाट मानिसमा सर्दा निकै सङ्क्रामक र घातक रूपमा प्रस्तुत भएको थियो।

कोरोना सङ्क्रमित रोगीको श्वासमा रहेको थुकका छिटामा रहने र उक्त किटानु स्वस्थ व्यक्तिको शरीरमा श्वासप्रश्वासको प्रक्रियामा अथवा आँखाबाट सर्न सक्छ। भाइरस निकै सानो हुने र आँखाले नदेख्ने भएकोले भाइरसयुक्त छिटा कहाँ छ या छैन हामीलाई थाहा हुन्न। भाइरस रहेको छिटा हामीले छोएर नाक, मुख वा आँखामा छोयौं भने हामी सङ्क्रमित हुन सक्छौं।

**कोभिड नियन्त्रणको लागि नागरिकले के कस्तो उपाय अवलम्बन गर्नुपर्छ ?**



– कोभिड नियन्त्रणको लागि कोभिडको चेन ब्रेक गर्नुपर्ने हुन्छ। त्यसको उपायमा कोरोनाविरुद्धको खोप र स्वास्थ्यको मापदण्ड पालना गर्नु हो। कोरोनाविरुद्ध खोप लगाउँदा कोरोना लाग्ने सम्भावना निकै कम हुन्छ र कोरोना लागेमा पनि कोभिड रोग कडा रूपमा प्रस्तुत नहुने देखिन्छ। यसकारण कोरोनाबाट बच्ने महत्त्वपूर्ण उपाय भनेकै कोरोनाविरुद्धको खोप हो। अर्को उपाय भनेको स्वास्थ्यसम्बन्धी मापदण्ड पालना गर्नु हो। जसमा सामाजिक दूरी कायम गर्ने (२ मि. को दूरी कायम गर्ने), कुनै सामान छुँदा स्यानिटाइजरले हात स्यानिटाइज गर्ने, साबुन पानीले २० सेकेन्डसम्म हात धुने, भीडभाडमा नजाने आदि पर्दछन्। साथसाथै कोरोनाको लक्षण देखापर्ने बित्तिकै कोरोनाको जाँच गर्नुपर्छ। त्यसमा पोजिटिभ आएमा एकान्तबास बस्ने अथवा अस्पतालमा भर्ना भई उपचार गर्नुपर्दछ। ढिलो गरी कोरोना जाँच गर्दा फोक्सो खराब भई निकै सिकिस्त हुनसक्ने र आइसीयु अथवा भेन्टिलेटरको आवश्यकता पर्नसक्छ। समयमै कोरोना जाँच गरी अरूलाई सार्न नदिन स्वास्थ्य मापदण्ड पालना गर्नुपर्दछ।

**भक्तपुर नपाबाट सञ्चालित ख्वप अस्पतालमा कोभिड १९ परीक्षणको लागि आउने बिरामीहरूको अवस्था अहिले कस्तो छ ?**

– भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पतालमा दैनिक रूपमा १ बजेबाट २ बजेसम्म कोरोनाको जाँच अर्थात्

एन्टिजेन परीक्षण हुँदै आएको छ। कोरोनाको लक्षण भएका बिरामीहरूलाई फिभर क्लिनिकमा बिहान चिकित्सकबाट उपचार तथा परामर्श हुँदै आएको छ। केही समयदेखि फिभर क्लिनिकमा उपचार गर्ने बिरामीको सङ्ख्यामा वृद्धि भएको छ। त्यस्तै कोरोनाको एन्टिजेन परीक्षण गर्ने बिरामीको सङ्ख्या पनि बढेको छ। कोरोना शङ्कास्पद बिरामीको परीक्षण बढेसँगै कोभिड पोजिटिभको सङ्ख्या पनि बढेको छ।

**भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल कोभिड युनिटमा कोभिड सङ्क्रमितहरूको तथ्याङ्क र युनिटबाट प्रवाहित उपचार सेवाबारे केही बताइदिनुस् न ?**

– ख्वप अस्पताल कोभिड युनिट ब्रम्हायणीस्थित बहुउद्देश्यीय भवनमा २०७८ वैशाख १७ गतेबाट कोभिडका बिरामीहरू भर्ना गरी सञ्चालन भयो। ख्वप अस्पतालमा कोभिड आइसोलेसन वार्डमा ५० शय्या र एचडीयुमा २५ शय्या गरी जम्मा ७५ शय्या सञ्चालनमा छ। अबको केही दिनमै ७ बेडको आइसीयु पनि सञ्चालनमा ल्याइँदैछ। ख्वप अस्पताल कोभिड युनिटमा निःशुल्क उपचार भइरहेको छ। बिरामीलाई एम्बुलेन्सबाट लिन जानेदेखि बिरामीको खाने, बस्ने, प्रयोगशालाको परीक्षण, एक्सरे, अस्पतालमा उपलब्ध औषधीहरू र निको भइसकेपछि घरसम्म पुऱ्याउने सम्पूर्ण व्यवस्था ख्वप अस्पतालले निःशुल्क रूपमा बन्दोबस्त गरेको छ। नियमित रूपमा बिहान छि कोङ व्यायाम पनि प्रशिक्षकमार्फत जुमद्वारा सञ्चालन भइरहेको छ।

वैशाख १७ गतेबाट भाद्र १६ गतेसम्म ४३२ जना बिरामी ख्वप अस्पतालमा उपचार भई स्वास्थ्य लाभ गरिसकेका छन्। जसमध्ये ३१६ जना कोभिड आइसोलेसनमा, ११६ जना एचडीयुमा सेवा प्राप्त गरे। अहिले २१ जना भर्ना भई उपचाररत छन्।

**ख्वप अस्पताल कोभिड युनिटमा कोभिड सङ्क्रमित बिरामी जाँच्ने स्वास्थ्यकर्मी र कर्मचारीलाई सङ्क्रमितहरूबाट सुरक्षित राख्न के कस्ता उपायहरू निकाल्नुभएको छ ?**

– उपचारमा खटिएका स्वास्थ्यकर्मी तथा कर्मचारीहरूलाई सुरक्षित व्यवस्था गरिएको छ। अस्पताललाई रेड जोन र ग्रिन जोन गरी दुई भागमा विभाजन गरिएको छ। रेड जोन जहाँ कोभिड सङ्क्रमित बिरामीको उपचार गर्ने र सङ्क्रमित बिरामी आवतजावत गर्ने स्थान रहेको छ भने सङ्क्रमित बिरामी नबस्ने स्थानलाई ग्रीन जोन निर्धारण गरिएको छ। ग्रीन जोनबाट रेड जोनमा जान पीपीई सुट लगाएरमात्र जानुपर्ने हुन्छ।

ड्युटी सकाइ घर जानुपूर्व एन्टिजेन परीक्षण गर्नुपर्ने हुन्छ। एन्टिजेन परीक्षण नेगेटिभ आएमात्र घर जाने व्यवस्था मिलाइएको छ। सेवाको सिलसिलामा कुनै चिकित्सक वा कर्मचारीलाई कोभिडको कुनै लक्षण देखापर्ने बित्तिकै प्रशासनमा जानकारी गरी आइसोलेसनमा बस्नुपर्ने हुन्छ र तुरुन्त कोभिडको परीक्षण गर्नुपर्ने हुन्छ। निकै सावधानीका साथ काम गर्दा पनि केही चिकित्सक, नर्स र कर्मचारीहरू कोभिड पोजिटिभ भई ख्वप अस्पतालमै भर्ना हुनुपरेको छ।

**कोभिड युनिटमा उपचाररत बिरामीहरूको स्वास्थ्य अवस्थाबारे प्रष्ट पारिदिनुस् ?**

– ख्वप अस्पतालमा कोभिडको लक्षण भएका तर अक्सिजन नचाहिने बिरामी तथा थोरै अक्सिजन चाहिने बिरामीलाई आइसोलेसन वार्डमा उपचार गर्दै आएका छौँ। त्यस्तै अक्सिजन चाहिने बिरामी तथा एक्सरेमा कोभिड निमोनिया भएका बिरामीलाई एचडीयुमा उपचार गर्दै आएका छौँ। उपचारको क्रममा कुनै बिरामी निकै जटिल हुँदै गएमा आइसीयुको आवश्यकता हुने सम्भावना भएकाहरूलाई समयमै आइसीयुको व्यवस्था भएका अस्पतालहरूमा रिफर गर्छौं। पछिल्लो समयमा कोभिड युनिटमा भर्ना हुने बिरामीहरू पोजिटिभ आए पनि घरमा केही दिन बसेर श्वास फेर्न गाह्रो भएपछिमात्रै अस्पताल आउने गरेका छन्। कोभिड रोग जटिल भएपछि मात्र आउने बिरामीको सङ्ख्या अहिले बढ्दो क्रममा छ। यसरी जटिल अवस्थामा आएका बिरामीहरूको उपचार पनि निकै कठिन हुने गरेको हामीले पाएका छौँ।

**कोभिड युनिटमा चौबिसै घण्टा बिरामीको सेवाको लागि तपाईंहरू खटिरहनुभएको छ। चिकित्सक तथा कर्मचारीहरूको मनोबल बढाउन के कस्ता उपाय अपनाउनुभएको छ ?**

– कोभिड युनिटमा खटिरहनुभएका चिकित्सक तथा कर्मचारीहरूलाई प्रोत्साहन अस्पतालले जोखिम भत्ताको व्यवस्था गरेको छ। साथै लामो समय जस्तै १ हप्तादेखि १० दिनसम्म अस्पतालमै काम गर्दा कठिनाइ नहोस् भनी सम्पूर्ण कर्मचारी तथा स्वास्थ्यकर्मीहरूको संयुक्त बैठक गरी एक अर्काको समस्या बुझी सहजीकरणको व्यवस्था गरेको छ। एक आपसमा सहयोग गर्दै बिरामीको स्वास्थ्य उपचारलाई प्राथमिकतामा राखी अगाडि बढिरहेका छौँ।

**कोभिड रोकथामको लागि ख्वप अस्पताल व्यवस्थापन समितिले कस्तो भूमिका निर्वाह गरिरहेको छ ?**

– भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पतालको व्यवस्थापन समितिले कोभिड युनिटमा चाहिने सम्पूर्ण सामग्रीहरूलाई प्राथमिकताका साथ व्यवस्था गरेको छ। केही समयमै सञ्चालनमा आउने आईसीयुको लागि त्यहाँ कार्यरत स्वास्थ्यकर्मीहरूलाई आइसीयु तालिम सम्पन्न गरिसकेको छ। जनताबाट निर्मित अक्सिजन प्लान्ट पनि सञ्चालनमा छ। ख्वप अस्पताललाई चाहिने अक्सिजनको व्यवस्था उक्त अक्सिजन प्लान्टबाटै उपलब्ध हुँदै आइरहेको छ। व्यवस्थापन समितिले समय समयमा चिकित्सकहरू, कर्मचारीहरूको बैठक गरी हौसला दिइआएको छ।

**कोभिड बिरामीको सङ्ख्या दिन प्रतिदिन**

**बढिरहेको खबर छ। अहिले सङ्क्रमित व्यक्तिको स्वाब परीक्षण, एन्टीजेन परीक्षण कसरी सञ्चालन गरिरहेको छ ?**

– ख्वप अस्पतालले एन्टिजेन परीक्षण हरेक दिन निःशुल्क गर्दै आएको छ। एन्टिजेन पोजिटिभ आएमा ख्वप अस्पतालको कोभिड युनिटले पोजिटिभ आएको बिरामीलाई फोनमार्फत सम्पर्क गरी बिरामीको अवस्था बुझ्ने र सोहीअनुसार बिरामीलाई कोभिड युनिटमा भर्ना हुन सल्लाह दिन्छ। बढ्दो बिरामीको सङ्ख्याका साथै जटिल बिरामीहरू पनि अहिले बढिरहेको छ। जटिल अवस्थामा जानुअघि नै बिरामीलाई कोभिड अस्पतालमा उपचार गर्न हामीले सल्लाह दिँदै आएका छौँ।

**अहिले कति कोभिडका बिरामीहरू घरमै बसेर स्वास्थ्यलाभ गरिरहनुभएको छ। उहाँहरूको व्यक्तिगत स्वास्थ्य सुरक्षाको निम्ति केही बताइदिनुहुन्छ कि ?**

– कोभिड लाग्ने बित्तिकै पूर्ण रूपमा एकान्तबास बस्नुपर्ने हुन्छ। आफ्नो रोग अरूलाई सार्नबाट बचाउन कोभिड सङ्क्रमितले सकेसम्म अलग कोठामा बस्नुपर्छ। रोग लाग्दैमा आत्तिहाल्नु पर्दैन। निकै थोरै बिरामी मात्र जटिल अवस्थामा जाने हो। कोभिडको लक्षण दैनिक रूपमा बढेको छ वा छैन आफैले मोनिटर गर्नुपर्छ। विस्तारै श्वास फेर्न गाऱ्हो भएमा अथवा अक्सिजनको मात्रा कम हुँदै गएमा तुरुन्तै अस्पतालमा सम्पर्क गर्नुपर्छ। घरमा बस्दा चिसो, अमिलो खाना प्रयोग गर्नुहुँदैन। प्रशस्त मात्रामा झोल पदार्थ खानुपर्छ। कोभिड जोखिमका कारण परिवारका अन्य सदस्यहरूबाटै दूरी कायम गरी बस्नुपर्छ। घरका कोही सदस्यलाई कोरोनाको लक्षण देखापरेमा तुरुन्त एकान्तबास बसी कोभिड परीक्षण गर्नुपर्छ। कोभिडसँग डराउनुभन्दा सावधानी अपनाउनु बुद्धिमानी हुनेछ।

**दोस्रो, तेस्रो भेरियन्ट भनिन्छ, त्यो के हो, यसबारे प्रष्ट पारिदिनुहोस् न ?**

– भाइरस जीवभित्र रहे जीवित प्राणीको विशेषता देखाउने र जीव बाहिर रहे निर्जीव जस्तै रहने गर्दछ। भाइरसको सङ्क्रमण हुँदा भाइरसको डीएनए अथवा आरएनए सङ्क्रमित जीवमा प्रवेश गरी उक्त जीवकै डीएनए र आरएनएको प्रयोग गरी आफ्नो सङ्ख्या वृद्धि गर्ने गर्दछ। समयअनुसार भाइरसले आफ्नो रूप परिवर्तन गर्ने गर्दछ। कोरोना भाइरसको पहिलो प्रजातिलाई अल्फा भेरियन्ट भनियो। उत्परिवर्तन (म्युटेसन)को क्रममा नयाँ भेरियन्टहरूको उत्पत्ति भयो जसलाई डेल्टा भेरियन्ट भनियो, जुन २०२० को अक्टोबरमा भारतमा देखापरेको थियो। त्यस्तै बिटा भेरियन्ट अफ्रिकामा देखापऱ्यो। नयाँ भेरियन्टको उत्पत्तिसँगै कोभिड रोगको लक्षणमा पनि परिवर्तन आएको छ। पहिलो लहरमा वृद्धवृद्धाहरू ६० वर्ष माथिका उमेर समूहलाई निकै सिकिस्त बनाउने गरेको थियो। मृत्यु दर पनि ६० वर्षमाथि उमेरकालाई बढी थियो। पछिलो समयमा नयाँ भेरियन्टको सङ्क्रमणसँगै कम उमेर समूहलाई बढी सिकिस्त बनाउने गरेको छ। सङ्क्रमण दर पनि पहिलो भेरियन्टभन्दा निकै बढिरहेको छ। कम समयमै श्वास फेर्न गाऱ्हो हुने, शरीरमा अक्सिजनको मात्रा कम हुने देखिएको छ। नयाँ भेरियन्टसँगै खोप लगाएकाहरूलाई पनि कोभिड लाग्ने गरेको छ।

**सरकारले विभिन्न खालको खोपहरू भित्र्याइरहेको छ, ती खोपहरूको प्रभावकारिता कस्तो छ ? के सबै खोपहरू उत्तिकै प्रभावकारी होला ?**

– नेपालमा विभिन्न देशमा निर्मित खोपहरू भित्रिएको छ। अस्ट्रोजेनिका अक्सफोर्डको कोभिसिल्डको प्रभावकारिता ६०–९० प्रतिशत र चीनमा निर्मित भेरोसेलको प्रभावकारिता ७०–९० प्रतिशतसम्म रहेको अध्ययनले देखाएको छ भने अमेरिकामा निर्मित जोनसन खोपको प्रभावकारिता ९० प्रतिशत रहेको बताइन्छ। विभिन्न खोपको प्रभावकारिता फरक फरक भए पनि ती खोपले हामीलाई कोरोना लाग्नबाट जोगाएको पाइन्छ। खोप लगाएका थोरै व्यक्तिहरूमा कोरोना लागे पनि निकै सिकिस्त नभएको पाइएको छ। खोप लगाएकाहरूमा डेल्टा भेरियन्ट कोरोना भाइरस पहिलो भेरियन्टभन्दा बढी लागेको पाइन्छ तर सिकिस्त हुनेको सङ्ख्या कम भएको पाइन्छ। त्यसैले खोप लगाउनु नै कोरोनाबाट बच्ने प्रभावकारी उपाय हो।

**ख्वप अस्पतालले कोभिडविरुद्धको खोप अभियान सञ्चालन के कसरी गरिरहनुभएको छ ? खोप अभियानमा जनताको सहभागिता कस्तो पाउनुभएको छ ?**

– ख्वप अस्पतालले नेपाल सरकारले उपलब्ध गराएको खोपहरू व्यवस्थित रूपमा भक्तपुर नगरका जनसमुदायलाई वितरण गर्दै आइरहेको छ। कोभिसिल्ड, भेरोसेल, जोनसनको खोप विभिन्न समयमा प्रत्येक वडामा दिँदै आएको छ। अहिले केही समय अगाडि परीक्षा दिने विद्यार्थीलाई लक्षित गरी सरकारले खोप वितरण गरेको छ। त्यसलगत्तै पुनः भेरोसेलको पहिलो मात्राको खोप १८ वर्षमाथिका उमेर समूहलाई दिइयो।

सुरुको अवस्थामा कोरोनाविरुद्धको खोप नेपालीहरूमा प्रयोग मात्र गर्न खोजेको हो कि भन्ने शङ्का ब्याप्त थियो। फलस्वरूप खोप लगाउन साधारण जनताले रुचाएनन्। पहिलो समयमा खोपले कोरोना लाग्नबाट बच्ने र रोग लागेमा पनि गाऱ्हो नहुने भएको जानकारी व्यापक भएपछि खोप लगाउनेको सङ्ख्या बढेको छ। अझै पनि खोपको प्रभावकारिताबारे साधारण जनसमुदाय माझ पुऱ्याउनु जरुरी छ।

**अन्तमा केही ... ?**

– कोभिड सङ्क्रमण निकै छिटो सङ्क्रमण हुने रोग हो। यो रोगबाट बच्ने उपाय खोप नै हो। रोग लाग्न नदिन स्वास्थ्य मापदण्ड अनिवार्य अपनाउनुपर्दछ। यो रोगसँग बच्न अनिवार्य रूपमा खोप लगाउन अनुरोध गर्दछु। कोभिडसँग मिल्दो कुनै पनि लक्षण देखापरे सबैभन्दा पहिला कोरोनाको जाँच गराउनुहोला। कोरोनाबाट आफू पनि बचौँ र अरूलाई पनि बचाऔँ।

# मध्यकालीन नेपाल (उपत्यका) मा संस्कृत वाङ्मय



डा. बलराम कायस्थ

संस्कृत संसारकै प्राचीनत्तम भाषा हो। यो सबै भाषाहरूको जननी हो । यसैले यस भाषाको प्रभाव प्रायः सबैजसो भाषामा (विशेषतः इण्डोआर्यन समूहका भाषाहरूमा) परेको पाइन्छ । संसारको सबैभन्दा पहिलो लिखित ग्रन्थ भनेको **ऋग्वेद** हो, जुन संस्कृतमै छ। यस अतिरिक्त वेद, पुराण, स्मृति, नीतिशास्त्र, दर्शन, योग, खगोल, ज्योतिषविज्ञान, आयुर्वेदलगायत रामायण, महाभारतजस्ता पौराणिक साहित्यहरू पनि सबै संस्कृतमै लिपिबद्ध छन्। आर्यावत् भारतमा पढेलेखेका विद्वान तथा ब्राह्मण पण्डितहरूले ज्ञान आर्जन गर्ने मुख्य माध्यम संस्कृत भाषा नै थियो । यद्यपि अहिलेका पढेलेखेका आधुनिक भनाउँदा भौतिकवादी विद्वानहरू यो भाषाको कुनै काम छैन, यसलाई मृत भाषा भनी घृणा गर्ने गर्छन् । (एकपल्ट राणा प्रधानमन्त्री श्री ३ पद्म शम्शेरले पनि संस्कृतका विद्यार्थीहरूको मागका सम्बन्धमा यस्तै भनाइ राख्दा रानीपोखरीस्थित तीनधारा संस्कृत पाठशालाका विद्यार्थीहरूले 'जयतु संस्कृतम्' भन्ने आन्दोलन नै चलाएका थिए, जुन आन्दोलनको नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहासमा आफ्नै स्थान छ ।) तथापि पूर्वीय दर्शन, धर्म परम्परा, कलासंस्कृति, ज्ञानविज्ञानको विशाल ढुकुटीको ताला खोल्ने साँचोको रूपमा संस्कृत भाषा रहेको कुरालाई कसैले नकार्न सक्दैन ।

प्राचीन भारतमा विशेषगरेर गुप्तकालमा संस्कृत भाषाको उन्नति पराकाष्ठामा पुगेको थियो। यसको प्रभाव लिच्छविशासित नेपालमा पर्नु अस्वाभाविक थिएन। किनकि लिच्छविहरू भारतको वैशालीबाट आएका सभ्य र सुशिक्षित जाति थिए । किरातीहरूबाट शासनसत्ता हात पार्न सफल भएका लिच्छविहरूको राज्यकालमा संस्कृत नै आधिकारिक भाषाका रूपमा अगाडि आयो। उनीहरूले देव भाषा मानिने संस्कृत भाषालाई राजकीय भाषाको रूपमा प्रश्रय दिए । अतः तत्कालीन स्थानीय लोक भाषाको रूप जे-जस्तो भएता पनि सम्मानित व्यवहारमा संस्कृत भाषाकै उपयोग गरिन थाले, एकातिर यस्तो थियो भने अर्कातर्फ स्थानीय लोकव्यवहारमा प्रचलित नेवार भाषामा समेत संस्कृत भाषाको प्रभाव पर्न गएको देखिन्छ। नेपालका लिच्छवि राजाहरूका प्रत्येक शिलालेख परिमार्जित शुद्ध संस्कृत भाषामा लेखिएका छन्। यी शिलालेखमा केवल राजाका प्रशस्तिमात्र छैनन्, अपितु त्यसद्वारा सर्वसाधारणलाई आवश्यक राजाज्ञा पनि सुनाइएका छन् । पछिल्लो लिच्छविकाल अथवा मल्लकालको प्रारम्भदेखि नेवार भाषा खारिँदै आएर विशेष चालु हुन लागेता पनि प्राचीन धर्मसित सम्बन्धित भएकोले वाङ्मय रचनामा संस्कृतले नै प्रमुख स्थान पाएको थियो। मल्ल राजाहरूका शिलालेखहरूमा प्रशस्ति वा कीर्ति-वर्णनको अंश संस्कृतमै हुन्थ्यो/हुन्छ, कहीं-कहीं त्यसको पछिल्लो भागमा नेवार भाषाको पनि प्रयोग भएको पाइन्छ । सामान्य व्यवहारमा स्थानीय लोकभाषाका रूपमा नेवार भाषा प्रचलित रहे पनि परम्पराअनुसारको उच्च साहित्य निर्माण तथा विशेष सम्मानित व्यवहारमा भने मल्लकालमा पनि संस्कृत भाषाकै प्रयोग यथावत रह्यो ।

विक्रमको तेह्रौँ शताब्दीको प्रारम्भका राजा आनन्ददेव, जसले भक्तपुरलाई राजधानी नगरको रूपमा स्थापना गरी शासन गरेका थिए, तिनका अहिलेसम्म २१ ओटा ग्रन्थ तथा अभिलेखहरू पाइएका छन्, जसमध्ये १९ ओटा ग्रन्थ र २ ओटा अभिलेख रहेका छन्। भक्तपुर, पाटन, कान्तिपुर, नकदेश, फर्पिङ आदि स्थानबाट प्राप्त भएका यी ऐतिहासिक सामग्रीहरू संस्कृत वाङ्मयमै लेखिएका छन्। यी सामग्री मध्येको एउटा सुन्दर नमूना भक्तपुर टौमढी टोलस्थित तिलमाधव नारायण मन्दिर अघिल्तिर रहेको **गरुड स्तम्भमा उत्कीर्ण** अभिलेख पनि हो । यी उल्लिखित ऐतिहासिक सामग्रीहरूमा यिनलाई कतै महाराजाधिराज, कतै महासामन्त, कतै नेपालेश्वर आदि प्रशस्तिद्वारा सम्बोधन गरिनुका साथै यिनलाई योग्य शासक भइकन पनि धार्मिक क्रियाकलापमा प्रबल आस्था भएका राजनीतिज्ञको रूपमा चित्रण गरिएको छ। **प्रज्ञापारमिता** भन्ने प्रसिद्ध बौद्ध ग्रन्थ पनि यिनै राजाको पालामा ने.सं. २६८ पौष शुक्लपूर्णिमा सोमबारका दिन लेखिएको थियो। सुनको मसीले लेखिएको यो ग्रन्थको मूल प्रति अहिले नेपालमा छैन भन्ने सुनिन्छ। संयुक्त राष्ट्र संघको सदस्य बन्नको लागि नेपालले आफू स्वतन्त्र मुलुक भएको प्रमाणस्वरूप यस ग्रन्थलाई संयुक्त राष्ट्र सङ्घमा प्रस्तुत गरिएको थियो। फलतः सन १९५५ डिसेम्बर १५ मा नेपाल विधिवत् रूपले संयुक्त राष्ट्र सङ्घको सदस्य बन्न सक्यो ।

दरबार लाइब्रेरीमा राजा अरिमल्लदेवका पालाका दुईओटा हस्तलिखित ग्रन्थहरू क्रमशः **सत्तवाधाप्रसमन** (ने.सं. ३२२) र सोमशम्भु रचित **कर्मक्रियाकाण्ड** (ने.सं. ३२६) प्राप्त छन्, जसमा अरिमल्लदेव विजयराज्य भन्ने उल्लेख पाइन्छ। त्यस्तै, ब्रिटिश म्युजियममा सङ्कलित अघोर रचित **विद्यावली** (ने.सं. ३४२) बाट यसबेलासम्म पनि नेपाल उपत्यकामा मल्लहरूको राज्य स्थिर नभइसकेको कुरा थाहा हुन्छ। अभयमल्लको पालामा **भारतीयनाट्यशास्त्र** (ने.सं.३४४) र पञ्चराक्षको **प्रतिमा** (ने.सं. ३६७) गरी २ ओटा ग्रन्थ लेखिएका थिए। अनन्तमल्लको २८ वर्षको शासनकालमा लेखिएका अनेक ग्रन्थहरू प्राप्त छन्, जसमध्ये **क्षेमेन्द्रकृत बोधिसत्वदान कल्पलता** (ने.सं.४२२) क्याम्ब्रिज लाइब्रेरीमा रहेको छ। यसरी पूर्वमध्यकालसम्म पनि स्थानीय नेवार भाषामा साहित्यको विकास हुन सकेको थिएन। यो भाषा बोलीचालीमा मात्र सीमित रहेकाले संस्कृत भाषालाई नै राजकीय एवं सम्पर्क भाषाको रूपमा प्रयोग गरिएको थियो भन्ने तथ्य तत्कालीन हस्तलिखित ग्रन्थलगायत शिलालेख, मुद्रा, आदि सामग्रीहरूको अध्ययनबाट थाहा हुन्छ। यस परिस्थितिमा स्थानीय नेवार बुद्धिजीविहरूले पनि संस्कृत भाषाको अध्ययन गर्न आवश्यक ठाने। जसको फलस्वरूप नेवार भाषामा संस्कृत भाषाको प्रभाव अचाक्ली रूपमा पर्न थाल्यो। जस्तो– दरबार क्षेत्रलाई स्थानीय नेवारहरू लायकु वा लायकुली भन्ने गर्छन्। तर त्यो लायकु शब्द मूलरूपले संस्कृतको राजकुल (राजप्रासाद) शब्दबाट आएको अपभ्रंशित रूप हो। त्यस्तै संस्कृतको देव शब्द नेवार भाषामा द्यः बन्न आयो। यस सम्बन्धमा अरू पनि थुप्रै उदाहरण दिन सकिन्छ, त्यतातिर नजाऔँ। जे भएपनि संस्कृतको प्रभाव पर्नाले नेवार भाषा अझ परिष्कृत र समुन्नत देखिन थाल्यो।

अर्को कुरा, वि.सं. १३८१ मा कर्णाटवंशी राजा हरिसिंहदेवको पालामा दिल्लीका बादशाह गयासुद्दिन तुगलकको मुस्लिम सेनाद्वारा राज्य ध्वस्त नगरेसम्म तिरहुत क्षेत्रको सिम्रौनगढ राज्यले धर्म संस्कृति, ज्ञान विज्ञान, कला वास्तुकला, भाषा साहित्य आदि प्रत्येक क्षेत्रमा निक्कै उन्नति हासिल गरेको थियो। किनकि कर्णाटवंशीहरू दक्षिण भारतको कर्णाटक्षेत्रबाट आएका हुनाले सभ्य र शिक्षित हुनुका साथै राजनीति र धर्मशास्त्रको क्षेत्रमा यिनलाई निक्कै विशिष्ट ज्ञान थियो। कन्नडी वीर योद्धा र दक्षिणी सनातनी विद्वानहरूको आश्रयले गर्दा त्यसबेला यो क्षेत्र वास्तवमै समृद्ध बन्न पुगेको थियो। संस्कृत वाङ्मय उन्नतत्तर अवस्थामा थियो। वरिष्ठ मन्त्री देवादित्य ठाकुर र देवेश्वर ठाकुर अनि त्यस्तै मन्त्री चण्डेश्वर ठाकुर, कविशेखर ज्योतिरीश्वर, महाकवि विद्यापति आदि विद्वानले लेखेका कैयन ग्रन्थहरू त्यहाँको राज्य नष्ट भए पनि यहाँका पुस्तकालयमा सुरक्षित हुन आइपुगेका थिए। उत्तर भारतको प्रसिद्ध शैक्षिकस्थल नालन्दा र विक्रमशिलाका विद्वानहरूको मुसलमानी आक्रमण पश्चात् मुख्य शरणस्थल यही **सिम्रौनगढ राज्य** बनेको थियो। सामाजिक र सांस्कृतिक क्षेत्रका अतिरिक्त भाषा साहित्य क्षेत्रमा पनि सिम्रौनगढले निक्कै प्रगति हासिल गरेको थियो। त्यहाँको स्थानीय मैथिलीलगायत प्राचीन संस्कृत भाषा र साहित्यको प्रभाव उपत्यकाका मल्ल राजाहरूको दरबारसम्म आइपुगेको थियो। समग्रमा भन्नुपर्दा यस कर्णाटवंशी राज्यले मध्यकालीन नेपालको क्षेत्रीय इतिहासमा एउटा विकसित शासन, समृद्ध सभ्यता, उन्नत संस्कृत साहित्य प्रस्तुत गर्न सकेको थियो, जसको प्रभाव नेपालको केन्द्रीय राज्य (नेपाल उपत्यका) मा समेत उल्लेखनीय रूपमा परेको थियो।

मल्लकालीन प्रसिद्ध राजा जयस्थिति मल्लको पालादेखि भने संस्कृतका साथै स्थानीय नेवार भाषामा पनि लेख्ने क्रम शुरु भयो। यस सन्दर्भमा ने.सं. ५०१ मा संस्कृतको **अमरकोष** ग्रन्थलाई पहिलोपल्ट नेवार भाषामा अनुवाद गरियो। संस्कृतका साथै सर्वप्रथम स्थानीय नेवार भाषामा नै अध्ययन अध्यापन गर्ने कार्यको थालनी पनि सोहीबेलादेखि भएको मानिन्छ। जयस्थिति मल्लले आफ्ना पुत्र धर्ममल्ल जन्मेको उपलक्षमा चार अङ्कको एक **रामायण** नाटक खेलाएर आफ्नो काव्यप्रियताको परिचय दिए। यो नाटक यसपछि पनि प्रदर्शित भयो। उनै राजकुमार धर्म मल्लको विवाहका अवसरमा यिनले माणिकभा रचित **भैरवानन्द** नाटक पनि प्रदर्शित गराएका थिए। यस नाटकमा भैरव र मदनावती नायक-नायिका छन्। श्रृङ्गार रसमा आधारित यो नाटक मल्लकालकै एक उत्कृष्ट रचना हो। यिनी र यिनका उत्तराधिकारीका शिलालेखमा पाँच शताब्दीदेखि विलुप्त हुन पुगेको लालित्यपूर्ण संस्कृत गद्य र पद्यको छटा फेरि देखापर्न थालेको थियो। यिनलाई इतिहासको पनि निक्कै शौक थियो। नेपालमा अहिलेसम्म पाइएका वंशावलीमा सबैभन्दा प्राचीन वंशावली **गोपालराज वंशावली** मानिन्छ। यो वंशावली यिनैको शासनकालमा, यिनैको आदेशले लेखिएको हो। यसैले यो वंशावली सम्भवतः भक्तपुर दरबार क्षेत्रकै कुनै स्थान विशेषमा बसेर लेखिएको अनुमान हुन्छ। यसमा संस्कृत र नेवार भाषा दुवैको प्रयोग गरिएको छ। त्यसबेला दक्षिण भारतबाट बसाई सरेर आएका भट्ट ब्राह्मणहरूले समेत संस्कृतका साथै स्थानीय नेवार भाषालाई अङ्गीकार गरेका थिए। परिणामतः संस्कृत मिसिएका नेवारभाषाका शिलालेखहरू, स्वर्णपत्र, ताम्रपत्र, हस्तलिखित ग्रन्थहरू, वंशावली, थ्यासफूहरू प्रचलनमा आउन थाले। जस्तो– राजा यक्षमल्लको ने.सं. ५६१ को भक्तपुर टौमढीटोलको **विश्वयात्रा** उद्धृत् ४५ हरफको अभिलेखमा ३४ हरफ संस्कृतमा छ भने बाँकीमा नेवारभाषा

प्रयोग गरिएको छ। त्यस्तै राजधानी भक्तपुरलाई सामरिक गढको रूपमा परिणत गर्नको निम्ति राजा यक्षमल्लले राखेको ने.सं. ५७३ को भक्तपुर राजदरबार बाहिर भित्ताको ३७ हरफको अभिलेखमा शुरुको २१ हरफ संस्कृतमा छ भने बाँकी नेवार भाषामा लेखिएको छ। राजा ज्योतिर्मल्लको पालामा ने.सं. ५४३ मा स्थापना गरिएको **काष्ठमण्डप मन्दिरको ताम्रपत्र**को आधा भाग नेवार भाषामा लेखिएको छ। पाटन राजदरबारको ने.सं. ५४७ को **भण्डारखाल अभिलेख**को अन्तिम दुई हरफ नेवारभाषामा लेखिएको छ। राजा यक्षमल्लको राज्यकालमा रचना गरिएको ज्योतिषशास्त्र सम्बन्धी **'स्वरोदयदशा'** नामक ग्रन्थमा पनि नेवार भाषा मिश्रित संस्कृत भाषा प्रयोग गरिएको पाइन्छ।

यसरी मल्लकालमा संस्कृतसँगसँगै नेवार भाषाले पनि विशेष उन्नति गर्ने अवसर पाएको थियो। साथै, तिरहुत क्षेत्रको मैथिली भाषा, साहित्यप्रति पनि मल्ल राजाहरूले विशेष अनुराग राख्दथे। भक्तपुरका प्रसिद्ध राजा भूपतिन्द्र मल्लसित सम्बन्धित कुल ३१ ओटा नाटकहरूमध्ये २७ ओटा मैथिलीमा, एउटा संस्कृतमा र ३ ओटा नेवार भाषामा लेखिएको तथ्य एक अनुसन्धानबाट थाहा लागेको छ।

मल्लराजाहरू आफै पनि विद्वान थिए। यसैले मल्ल दरबारमा विद्वान र विद्वताको ठूलो कदर गरिन्थ्यो। यो परम्परा पछिसम्म कायम रहयो। जस्तोकि संस्कृतका पण्डित र मैथिली विद्वानहरूको लागि यहाँ बसोबासको उचित प्रवन्ध मिलाइदिएको थियो। षड्दर्शन पढेकालाई बस्न सत्तल, अग्निशाला, कुवा, भान्साघर तथा टुटेधारा बनाइएको थियो। वेद, वेदाङ्ग, धर्मशास्त्र, पुराण, मिमांसा, तर्कशास्त्र आदि गरी १४ प्रकारका विद्या प्रचारित थिए। यसरी मल्लकालमा नेपाल उपत्यकाले धर्म संस्कृति, ज्ञान विज्ञान, कला वास्तुकला, भाषा साहित्य, शिक्षा, सङ्गीत आदि विविध क्षेत्रमा चौतर्फी उन्नति हासिल गरेको थियो।

मल्ल राजाहरूको साहित्य प्रेमको सिलसिला मल्ल वंशको अन्तिमकालसम्मै रहेको थियो। प्रतापमल्ल आफूलाई कवीन्द्र भनेर विशेष गौरवान्वित ठान्दथे। यिनले पनि आफ्नो साहित्यिक प्रतिभा देखाउन संस्कृत भाषालाई नै माध्यम बनाएका थिए। यद्यपि प्रत्येक मल्ल राजाहरूले असङ्ख्य गीत, गजल, भजन, कविता, गीतिनाट्य, नाटक, प्रहसन आदि साहित्यिक रचना गरेर गएका छन्। यी रचनाहरू संस्कृतका अतिरिक्त स्थानीय नेवार र मैथिली भाषामा लेखिएका पाइन्छन्।

नेपालमा भारतीय वाङ्मयका श्रेष्ठ रत्नहरूको निक्कै प्रचलन देखिन्छ। **कामन्दकीय नीतिशास्त्र**, **शुक्रनीति र चाणक्यनीति**को अनुवाद पनि मल्लकालमा भयो। मुरारी मिश्रले राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिको समीक्षा **एकादशाद्यधिकरणम्**मा गरे। दर्शनको क्षेत्रमा कुनै प्रसिद्ध मौलिक रचना नरचिए पनि प्रसिद्ध भारतीय दर्शनहरूका लिखित प्रति र तिनका अनुवाद भने अवश्य भेट्टिन्छन्। यसैगरेर रामायण, महाभारत आदि संस्कृत भाषाका महाकाव्य पनि मैथिल एवं नेवार भाषा र लिपीमा सारिए। बौद्ध, शैव र शाक्त तन्त्रका ग्रन्थहरू पनि यस कालमा सारिए। यी ग्रन्थहरू नेवारी, देवनागरी, मैथिली सबै किसिमका लिपिमा लेखिएका छन्। यसदेखि बाहेक वैद्यक, ज्योतिष, गणित, कर्मकाण्ड, पूजा-उपासना आदि व्यावहारिक विषयका ग्रन्थहरूको पनि मल्लकालीन वाङ्मयमा न्यूनता छैन। सङ्क्षेपमा वाङ्मयका दृष्टिले पनि मल्लकालीन नेपाल आफ्नो संस्कृतिको मूल उद्गमस्थल भारतकै मुखापेक्षी देखिन्छ। मल्ल राजाहरूले गर्वसाथ आफ्नो सम्बन्ध तराईको कर्णाट वंशसित देखाएका छन्। जयस्थिति मल्लले सामाजिक सुधार गर्दा उतैका पण्डितहरूको सल्लाह, सुझाव लिएका थिए। माथि उल्लेख गरिएका अधिकांश मौलिक रचनामा कर्णाट दरबारसित सम्बन्धित तिरहुते पण्डितहरूको प्रत्यक्ष वा परोक्ष प्रभाव परेको छ। यसका साथै दक्षिण भारतबाट आएका भट्ट ब्राह्मणहरू, संस्कृतका पण्डितहरू, तान्त्रिक विद्वानहरूको योगदान पनि यहाँको संस्कृत वाङ्मय सम्पदामा कम महत्त्वको छैन।

मल्लकालीन प्रसिद्ध साहित्यिक कृतिहरूमा **गीति-दिगम्बर, पाण्डव-विजय, भैरवानन्द, गोपालराज वंशावली, सङ्गीतसार-सङ्ग्रह, स्वरोदयदशा, मुदितकुवलयाश्च, हरगौरी-विवाह, कुञ्जविहारी, पारिजात-हरण, मूलदेव-शशिदेव-व्याख्यान, गीतावली, पद्म समुच्चय, मदालसाहरण, अश्वमेध, कालिकावचनम्, सर्वपराधस्तोत्र, जेमिनीभारत, गीतगोविन्द, कंसवधोपाख्यान, नलचरित्र, विद्याविलाप** आदि रहेका छन्। अस्तु।

## सन्दर्भ सामग्री


योगेशराज, '**मध्यकालीन नेपाली संस्कृतिमा कर्णाटकहरू**,' पासुका ,वर्ष १, अङ्क ७ (२०५३ चैत्र)।

मुनंकर्मी, लीलाभक्त, **नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन**, भक्तपुर : भवानी केसरी, वि.सं. २०४१।

रेग्मी, डि.आर., **मिडियभल नेपाल**, भाग १, कलकत्ता : के.एल. मुखोपाध्याय, ई.सं. १९६६।

रेग्मी, जगदीशचन्द्र, **नेवारी संस्कृतिको रूपरेखा**, काठमाडौँ : अफिस अफ नेपाल एन्टिक्वेरी, वि.सं. २०३५।

वज्राचार्य, धनवज्र (सं.), **इतिहास संशोधनको प्रमाणप्रमेय**, पहिलो भाग, ललितपुर : जगदम्बा प्रकाशन, वि.सं. २०१९।

शर्मा, बालचन्द्र, **नेपालको ऐतिहासिक रूपरेखा**, वाराणसी : कृष्णाकुमारीदेवी, वि.सं. २०३३।

# भक्तपुर लायकुको लोहँदेगः



ओम धौभडेल

भक्तपुर दरबार क्षेत्र विश्व सम्पदा सूचीमा सूचिकृत एक महत्त्वपूर्ण ऐतिहासिक सम्पदा स्थल हो। नेपाल संवत् ४४४ मा श्री तलेजु भवानीको आगमन पश्चात यक्ष मल्लको समयमा विभिन्न मन्दिरका साथ ङयङापा झ्यः (पचपन्न झ्याल) दरबारको जग शिलान्यास तथा रायमल्लको समयमा ने.सं. ६०५ मा यक्षेश्वर महादेवको मन्दिर निर्माणबाट शुरु भएको यहाँको वास्तु निर्माणमा जर्गज्योती मल्ल, जगतप्रकाश मल्ल, जितामित्र मल्ल, भुपतिन्द्र मल्ल हुँदै रणजित मल्लसम्म आइपुग्दा भक्तपुर नगर बसन्तपुर दरबार, चौकोट दरबार, ङयङापा झ्यः दरबार, थन्थु दरबार, भण्डारखाल दरबार, न्हायकंछेँ दरबार गरी आधा दर्जनभन्दा बढी एकसेएक भव्य दरबारहरूलगायत मूल चोक, कुमारी चोक, किसिगर चोक, सिध्दी चोक, जमद्वार चोक, तुंथी चोक, गणेश चोक, थंथु चोक, लुँहिति चोक, जहँ चोक, भैरब चोक, दुमाजु चोक, तालसीं चोक, हितिलिबी चोक, भण्डारखाल चोक, बेको चोक, महादेव चोक, मालती चोक, एटा चोक, दबल चोक, दुचोक, चिकंअत चोक, नृत्यनाथ चोक, कुथुचोक जस्ता ज्ञात अज्ञात ९९ चोकहरू, प्रशस्त मन्दिरहरू जस्तै तलेजु भवानी मन्दिर, यक्षेश्वर महादेव मन्दिर, गुह्येश्वरी मन्दिर, मनकामना मन्दिर, शंकर नारायण मन्दिर, त्रिविक्रम नारायण मन्दिर, हरिहरेश्वर महादेव मन्दिर, वाणेश्वर महादेव मन्दिर, हरिशंकर मन्दिर, गौरी शंकर, दत्तात्रय मन्दिर, बद्रीनाथ, केदारनाथ, द्वारिकानाथ, जगनाथ, रामेश्वर मन्दिर , **नृत्य वत्सला मन्दिर, सिद्धी वत्सला मन्दिर, यन्त्र वत्सला मन्दिर**, सिलु महादेव मन्दिर लगायत, पाटी, सत्तल, डबली, पोखरी, ढुङ्गेधारा आदिसहितको दथु, कुथु र थथु तीन लायकुहरू पूर्णरूपमा बनिसकेको देखिन्छ। यसरी मल्लकालको मध्यसमयमा विकास भएका यी सम्पदास्थलमा यक्ष मल्लदेखि रणजित मल्लसम्मका कयौं सम्पदाहरू देखनसकिन्छ। मल्लकाललाई भक्तपुरको इतिहासमा स्वर्णयुग मानिन्छ। यहाँ रहेका प्रशस्त सम्पदाहरूमा ढुङ्गैढुङ्गाले बनेका तीनओटा मन्दिरहरू पनि छन्। जसलाई नृत्य वत्सला, सिद्धी वत्सला र यन्त्र वत्सला भनिन्छ। समग्रमा **त्रिवत्सला** मन्दिरको रूपमा लिइन्छ। यी तीनओटै मन्दिरहरू ङयङापा झ्यः दरबार वरपर छन्। जसमा नृत्य वत्सला मन्दिर एक प्रमुख हो। यो मन्दिरको पूर्वमा लायकुहिति रहेको छ। दक्षिणमा यक्षेश्वर महादेवको मन्दिर छ। उत्तरमा तव गां रहेको छ। पश्चिममा लायकुको फराकिलो खुला ठाउँ रहेको छ। यो मन्दिर भक्तपुर दरबार अर्थात् लायकुको अति शोभायमान सम्पदामध्ये एक हो। भक्तपुर लायकुको जुनसुकै भागबाट सजिलै देखिने यो मन्दिर जताबाट हेरे पनि उतिक्कै आर्कषक छ। लोँहदेगःले पनि चिनिने यो मन्दिर भक्तपुर दरबार क्षेत्रको मध्यभागमा रहेको कारण सबैको ध्यान आत्कृष्ट गर्न सफल भएको हो। असल खालका ढुङ्गाको सिँढी, पेटी, थाम, निदाल, गारो, ढोका, झ्याललगायत सम्पूर्ण मन्दिर नै ढुङ्गैढुङ्गाले निर्माण हुनु महत्त्वपूर्ण छ। मन्दिरमा उपयोग भएका अति सूक्ष्म अनि कलात्मक बुट्टाहरूले कुँदिएका मूर्तिहरू तथा अन्य ससाना सम्पदाहरूले यो मन्दिर अति नै सुन्दर देखिन्छ। यो मन्दिरको निर्माण राजा जितामित्र मल्लले गर्न लगाएको हो। राजा जितामित्र मल्लले भक्तपुर लायकुलाई अति भव्य बनाउन धेरै नै मिहिनेत गरेको इतिहास साक्षी छ। हुन त राजा जितामित्र मल्ल भक्तपुरका मल्लकालीन इतिहासमा एक विद्वान राजा भएकोले आफ्नो नाम अगाडि



पुनःनिर्मित भक्तपुर लायकुको लोहँदेगः (नृत्य वत्सला)

'सुमति' राख्थ्ये । साहित्यिक क्षेत्रमा उनको ठूलो नाम छ । यसमा भक्तपुर लायकुस्थित श्री तलेजु भवानी पस्ने मूलद्वार सम्मुख नेपाल संवत् ७९८ मा बनाउन लगाएको लोहँदेग: उनको बिर्सन नसक्ने एउटा कीर्ति हो । तत्कालीन भक्तपुर राज्य इँटा, काठ, धातु, चित्र, मृत्तिका, स्थापत्य हरेक क्षेत्रमा आत्मनिर्भर रहे पनि असल खालका ढुङ्गामा अरू राज्यमाथि निर्भर थियो । यति हुँदाहुँदै पनि राजा जितामित्र मल्लले अति कष्टपूर्वक नाला, हललगाउँ, पनौती, ललितपुर आदि ठाउँहरूबाट असल खालका ढुङ्गाहरू ल्याई भक्तपुर दरबार वरपर लोहँदेग: बनाई छाडे । ङयङापा भ्यः दरबार अगाडिको ठूलो घण्टासँगै जोडिएको अवस्थामा बनेको यो मन्दिर पाटनको प्रसिद्ध कृष्ण मन्दिरको शैलीमा बनेको देखिन्छ । भक्तपुरका राजा जितामित्र मल्लले ने.सं. ७९८ मार्ग सुदि दितियाको दिनमा यो मन्दिर बनाउन लगाँउदा पाटनको प्रसिद्ध कृष्ण मन्दिरको शैली अपनाएको मानिन्छ । त्यसैले भक्तपुर दरबार क्षेत्र पुग्ने जो कोही यो मन्दिर देखेपछि कृष्ण मन्दिर हो कि भन्ने भान पर्छ । पश्चिमाभिमुख यो मन्दिरको प्रवेश गर्ने मार्गमा पहिलो पङ्क्तिमा एकजोडा हात्ती रहेको छ । यहाँ रहेको हात्ती सजिव देखिन्छ । हात्तीले बुट्यान खाइरहेको दृश्य सो हात्ती बनाउने कलाकारको जीवन्त सोचमा निर्भररहेको पुष्टि हुन्छ । त्यसभन्दा माथिको तहमा एकजोडा सिंह रहेको छ । सिंहभन्नासाथ जंगलको राजा, भयानक ठूलो जिउको कल्पना यहाँ पुग्दा तुषारापात हुन्छ । यो लोहँदेग:को सिंह पुड्के पुड्के छ । तीन तह पेटीमाथि चारैतिर तीन तीन खुला कवल रहेको सो मन्दिरमा रहेको असल ढुङ्गा कोट्खा लोहँका खम्बाहरू यस मन्दिरका अर्को आर्कषण हुन् । पश्चिमतर्फ मन्दिर प्रवेश गर्ने काठको द्वार छ । अरू तीन दिशामा ढुङ्गाकै बुट्टेदार तर खोल्न नमिल्ने द्वारहरू अङ्कित छन् । मन्दिरको मूल गर्भगृहमा पूर्णकलशमाथि श्रीयन्त्र कुँदिएको छ । मूल देवताको रूपमा पूर्ण कलश मुनि नृत्यनाथको मूर्ति स्थापना गरिएको छ । मन्दिरमा ढुङ्गाका अत्यन्त राम्रा राम्रा अष्टमातृका, भैरव एवं अन्य तान्त्रिक देवदेवीका मूर्तिहरू चारैतिर देख्न सकिन्छ । मन्दिरको पहिलो तलाको चारैतिर फयगांहरू रहेको छ । हरेक दिशाबाट हेर्दा २४ वटा नृपुर अर्थात फयगां रहेको छ । त्यसभन्दा माथि पूर्व, पश्चिम, उत्तर र दक्षिणमा रहेको ढुङ्गाको तीनतह छानासहितको मन्दिरहरूमा क्रमशः पूर्वमा सिंह बाहन लिई त्रिशुलले दैत्यमाथि आक्रमण गरिरहेकी महालक्ष्मी देवीको अति सुन्दर मूर्ति रहेको छ । त्यस्तै पश्चिममा भैँसी बाहन लिई दैत्यमाथि त्रिशुलले घोपिरहेकी बाराहीको मूर्ति देख्न सकिन्छ । उत्तर दिशामा हात्तीबाहन लिई दैत्यमाथि त्रिशुलले आक्रमण गरिरहेकी इन्द्रायणी देवी रहेको छ भने दक्षिणमा गरुडमाथि सवार रही दैत्यलाई त्रिशुलले संहार गरेको भद्रकाली अर्थात वैष्णावीको मूर्ति रहेको छ । यी देवीहरू रहेको हरेक मन्दिरको अग्रभागमा दुई फयगां र त्यसमाथि सुनको गजुर रहेको छ । यही तहमा चारकुनामा लिङ्गाकार शैलीको मन्दिर रहेको छ । जहाँ आठ आठको सङ्ख्यामा विभिन्न तान्त्रिक देवदेवीहरूको कलात्मक मूर्तिहरू स्थापित छ । हरेक लिङ्गाकार मन्दिरको शिर्षभागमा सुनको गजुर रहेको हुन्छ । यसभन्दा केहीमाथिको तहमा चारैकोणमा भैरवका अति भयानक तर सुन्दर मूर्तिहरू रहेका छन् । र चारैदिशामा उड्न लागेका सिंहका मूर्तिहरू रहेका छन् । त्योभन्दा माथिको तहमा अर्को फयगां रहेको छ । जुन प्रत्येक दिशाबाट हेर्दा १२ ओटा सङ्ख्यामा छन् । सबैभन्दा माथिको तहमा कमलासनमा आठ दिशामा अष्टमातृका देवीहरू रहेका छन् । यसको माथि ढुङ्गाको अति राम्रो कमलासन रहेको छ । त्यसको माथि ठूलो सुनको गजुर छ । गजुरमा त्रिशूल र डमरुले सुसज्जित छ । यति विधि अतिसुन्दर अनि वैभवशाली मन्दिर विशेषगरि वत्सला देवीको लागि नै बनेको मन्दिर हो । जुन अति तान्त्रिक मतले बनेको छ । यहाँ उपयोग भएका अष्टमातृका तथा भैरव तन्त्रका देवदेवताहरू हुन् । यो मन्दिर बनेको दिन मार्ग शुदि दितियाको दिन यो मन्दिरको बुसाधां मनाउने चलन छ । बुसाधांको दिनलाई लक्षित गरी यो दिन यहाँ लोहँदेग:को वर्षबन्धन पूजा हुन्छ । जसमा तँचाभारी जजमान बसी कर्माचार्यले पूजा सञ्चालन गर्छ । एक छागबलि र एक हसंबलिसहित नृत्यनाथको भव्य पूजा हुन्छ । र मन्दिरमा पत्तो राखिन्छ । यो दिन मूलचोकस्थित श्रीकोमा थापूजा पनि हुन्छ । यो थापूजाको नाम लोहँदेग: थापूजा हो । थापूजाको क्रममा लिने वाक्यअनुसार यो थापूजाको स्थापना भूपतिन्द्र मल्लले गर्न लगाएको हो । विशेषगरि यो मन्दिर बनेको केही समयपश्चात नै नेपालमा ठूलो भूकम्प आयो । नेपाल संवत् ८०१ को भूकम्पले क्षतिग्रस्त भएको यो मन्दिरको पुनर्निर्माण ने.सं. ८२० मा राजा भूपतिन्द्र मल्लले गरे । अनि श्री तलेजुभित्र सो मन्दिरसित सम्बन्ध रहने नाममा लोहँदेग: थापूजाको कीर्ति राख्न लगाए । पुनर्निर्माणकै क्रममा उनले मन्दिर अगाडि पेटीमा थाममाथि कलात्मक खड्गसहित एउटा घण्टा स्थापना गर्न लगाए । मन्दिरभित्र ढुङ्गाको दियो पनि चढाएको थियो । जुन दियोको अभिलेख यस प्रकार छ–

*स्वस्ति श्री श्री जय भूपतिन्द्र मल्ल देवसन लोहो देवलयात दयका ॥ सं ८२० मार्ग शिर २ शुभम् ।*

यो मन्दिरको पहिलो पेटीमा ढुङ्गाको खम्बामा एउटा घण्टा देख्नसकिन्छ । यो खम्बाको माथि ढुङ्गाकै निदाल छ । जसमा दायाँ बायाँ छुचुन्द्रो र बीचमा अति कलात्मक खड्ग

रहेको छ । खड्गमाथि छत्र पनि रहेको छ । हेर्दा साधारणझैँ लाग्ने यो घण्टाको स्थापना राजा भूपतिन्द्र मल्लले गरेको इतिहास छ । जितामित्र मल्लले मन्दिरको निर्माणपश्चात नै भूकम्पले क्षति पुगेपछि त्यति ध्यान दिन नसकेकोमा उनका छोरा भूपतिन्द्र मल्ल भक्तपुरको राजा भएपछि आफ्नो बाबुले बनाएको सो मन्दिरको जीर्णोद्धार गरी नेपाल संवत् ८२० मा यो घण्टा राख्न लगाए । साथै त्यतिबेला कलशार्चाच्चरणसहित कोट्याहुति यज्ञ पनि गरेको थियो । यो घण्टा बजाउने बेला वरपरका कुकुरहरू भुक्ने गर्थ्यो । यसकारण यो घण्टाको नाम नै खिचाख्व गां (कुकुर रुने घण्टा) रहन पुग्यो । एक कहावतअनुसार एकदिन राजा भूपतिन्द्र मल्लले अति नराम्रो सपना देखेछ । सो नराम्रो सपनाबाट जोगिन यसप्रकारको खिचाख्व गां राख्न लगाए । यसको पछाडि यो घण्टा विशेष प्रकारको धातुले बनाएको मानिन्थ्यो । यो घण्टामा रहेको अभिलेख यसप्रकारको छ-

*ॐ स्वस्ति ॥ संवत् ८२० मार्ग शुदि दितिया कुन्हु श्री श्री जय भूपतिन्द्र मल्लदेवसन श्रीश्रीश्री वत्सला देवी स्त कोट्याहुति यज्ञ नं दुतां, न्हपाया गुलि सेङा व हन याङाव थव घण्टा दुतां ॥ सवंत ८४१ फागुन वदि ६ शुभम् ।*

यो अभिलेखको आधारमा नेपाल संवत् ८२० मार्ग शुदि दितियाको दिन कोटयाहुति यज्ञसमेत गरी घण्टा स्थापना गरेको पुनः बिग्री नेपाल संवत् ८४१ फागुण वदि ६ को दिन घण्टा पुनः राख्न लगाएको देखिन्छ । त्यतिमात्र होइन, यो लोहँदेगःसमेत पुनः बनाउनको लागि भूपतिन्द्र मल्लले नेपाल संवत् ८३५ मा भक्तपुरको पूर्वी भेगको हलल गाउँ र नालामा ढुङ्गा लिन पठाएको समेत यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ । आफ्नो बुबा जितामित्र मल्लले बनाउन लगाएको लोहोदेवलको लागि भूपतिन्द्र मल्लले नेपाल संवत् ८३५ मा हलल गाउँ र नालाबाट ढुङ्गा ल्याउन आरम्भ गरेको एउटै ब्यहोरा यस प्रकारको छ-

*ॐ श्रीर जय भूपतिन्द्रमल्लदेवन ववुजुया नामन रोहोदेवर दयकेयाता रोहोवरावया, आरंभ, सवंत् ८३५ फागुन शुदि ७ वृहस्पतिवार ॥*

यसबाट नेपाल संवत् ८३५ फागुनशुदि ७ वृहस्पतिबारको दिनबाट हलल गाउँ र नालाबाट ढुङ्गा ल्याउन सुरुगरेको स्पष्ट हुन्छ । यसरी ढुङ्गा ल्याउँदै त्यसमा आवश्यक बुट्टा तथा देवदेवीको मूर्ति कोर्दै यो लोहोदेवल बनाउन करिव ६ वर्षपछि नेपाल संवत् ८४१ फागुन वदि ६ को दिन पुनः निर्माण सम्पन्न भएको तथ्य यो घण्टाको अभिलेखले पुष्टि गर्छ ।

यो वत्सला मन्दिरको उल्लेख यसकारण गर्नु आवश्यक हुन्छ कि तत्कालीन समयमा भक्तपुर अरू मामिलामा आत्मनिर्भर भए पनि ढुङ्गाको मामिलामा प्रायःजसो पाटनकै भर पर्नुपर्थ्यो । कान्तिपुर, पाटन भक्तपुरका तत्कालीन शासकहरूले इँटा, माटो, काठ, धातुलगायतका साधनहरूको भरपुर उपयोग गरी सम्पदा निर्माण गर्ने क्रममा ढुङ्गाको लागि कान्तिपुर र भक्तपुरको दाँजोमा ललितपुर आत्मनिर्भर रहेको तथ्य ने.सं. ७६१ मा ललितपुरका राजा सिद्धीनरसिंह मल्लले बनाउन लगाएको प्रसिद्ध कृष्ण मन्दिरबाट पुष्टि हुन्छ । यसमा ललितपुरको दक्षिणी भेगको ढुङ्गाखानीबाट प्राप्त भएका ढुङ्गाहरूबाट उनले कयौँ सम्पदा निर्माण गर्न लगाए । यसै दौरान कान्तिपुर र भक्तपुरले ढुङ्गाकै लागि ललितपुरसँग असल सम्बन्ध राख्दै आए । यसमा भक्तपुरका राजा जर्गज्योर्ती मल्लले भक्तपुरलाई ढुङ्गाको मामिलामा आत्मनिर्भर बनाउने प्रयास स्वरूप ने.सं. ७४५ मा भक्तपुर नगरको पूर्वी भेगको हलल गाँउमा रहेको छाँगो नजिकको ठूलठूला चट्टानहरूतर्फ आँखा लगाए । केही सम्पदाहरू पनि निर्माण गर्न लगाए । तर उनको यो इच्छा लामो समयसम्म टिक्न सकेन । जब कान्तिपुरमा प्रताप मल्लजस्ता प्रतापी अनि महात्वाकाङ्क्षी राजा बने । उनले चाँगुदेखि पूर्वको हलल गाउँ, नाला, योसिंगुँ आदि ठाँउहरूमा अधिकार जमाउँदै जाने क्रममा हलल गाँउका ठूल्ठूला चट्टानमा पनि आफनो अधिकार कायम गरे । ने.सं.७७५, ७७७ र ७७८ का अभिलेखहरू यसका प्रमाण हुन् । यसमा ने.सं. ७७८ को अभिलेखमा त प्रताप मल्लले चाँगुमा हात्ती, सिंह बनाउन ढुङ्गा लिएको स्पष्ट उल्लेख छ । चाँगुमा रहेका सिमधनिगु किसी (सम्पन्न नभएको हात्ती) यद्यपि चाँगुमा देख्न सकिन्छ । यता प्रताप मल्लको मृत्युपछि भक्तपुरका राजा जितामित्र मल्लले यहाँका चट्टानमाथि आफ्नो अधिकार जनाउँदै कयौँ अभिलेखहरू राख्न लगाए । जसमा ने.सं. ८११ मा जितामित्र मल्लले ढुङ्गाको काम गर्न लगाएको उल्लेख छ । जुन वर्ष उनले **नासमनामा यन्त्र वत्सला मन्दिर** बनाए । यसमा ने.सं. ८१३ को जितामित्र मल्लको चट्टान अभिलेखले ठूलो महत्त्व राख्दछ । जसमा उनले ढुङ्गाको मन्दिर बनाउन ढुङ्गा लिएको उल्लेख छ । ने.सं. ८१३ मा यहाँको ढुङ्गा ल्याई भक्तपुर दरबार क्षेत्रको यन्त्र वत्सला मन्दिर बनाउन लगाएको र ने.सं. ८१६ मा सम्पन्न भएको देखिन्छ । यसैबीच ने.सं. ८३५ मा भक्तपुरका राजा भूपतिन्द्र मल्लले यहाँ राख्न लगाएको दुईओटा अभिलेखहरूबाट भक्तपुरका यी लोँहदेगःहरूप्रति तत्कालीन शासकहरूको लगाव प्रस्ट हुन्छ । आफ्नो बाबु जितामित्र मल्लले बनाउन लगाएका ढुङ्गेदेवल बनाउन ढुङ्गा लिएको ब्यहोरा ती अभिलेखहरूबाट पुष्टि हुन्छ । विशेषगरि ने.सं. ७९२ को सिद्धी वत्सला मन्दिर, ने.सं. ८१६

मा बनेको यन्त्र वत्सला मन्दिर र ने.सं. ७९८ मा बनेको नृत्य वत्सला मन्दिरहरू तत्कालीन समयमा भक्तपुरको लागि ठूलो चुनौतीको वावजूद पनि निर्माण भएका सम्पदाहरू हुन्। त्यसमध्ये भूपतिन्द्र मल्लले ६ वर्ष लगाएर पुनः निर्माण गरेको लोहँदेगः सदैव भक्तपुरको लागि प्रतिष्ठाको विषय बन्न पुगेको छ ।

यसै सन्दर्भमा यही २०७२ साल वैशाख १२, १३ र २९ गते आएको भूकम्पबाट सो लोहँदेगः (नृत्य वत्सला मन्दिर) भत्केको थियो। एउटा सुन्दर मन्दिर हेर्दाहेर्दै ध्वस्त भएको थियो। मन्दिरका कयौँ राम्रा राम्रा ढुङ्गाका मूर्तिहरूमा क्षति पुगेको थियो। तर मन्दिरको मुख्य देवता सुरक्षित रहनु सबैभन्दा खुसीको कुरा हो। भूकम्पले नराम्रोसित भत्केको यो मन्दिरको पुनःनिर्माण भक्तपुर नगरपालिकाले सम्पन्न गरिसकेको छ। वि.सं. १८९१, वि.सं १९९० र वि.सं २०७२ सालको गरी पटक पटक भूकम्पले यो मन्दिर ढल्नुको पछाडि यो मन्दिरसँग जोडिएको तव गां हुनसक्ने अड्कल गरेको छ। नेपाल संवत् ८७२ मा राजा रणजित मल्लले तव गां बनाइसकेपछि यहाँसम्म जाने बाटो यही लोहँदेगः भई जाने गरियो। लोहँदेगः र तव गां बीचको पेटीलाई सम्म पारिदियो। जसको कारण भूकम्पको दौरान तव गांको हिस्साले लोहँदेगःलाई धक्का दिई मन्दिर ढल्नेभयो। यसकारण प्राविधिकहरूबाट वि.सं. १८९१, वि.सं १९९० र वि.सं. २०७२ सालको भूकम्पमा तव गांको धक्काले लोहँदेगः भत्केको निष्कर्ष निकालियो। यसकारण हाल लोहँदेगःको पुनर्निर्माणमा लोहँदेगः र तव गां बीचको पेटीलाई एकले अर्कोलाई नछुने गी बनाइएको छ। र तव गांसम्म जानलाई बीचमा ढुङ्गाको साँघु निर्माण गरिएको छ। यसरी भूकम्पबाट भत्केको यो लोहँदेगः यहीकै शिल्पी कलाकार एवं भक्तपुर नगरपालिकाको दृढ अठोटले पुनर्निर्माण भइसकेको छ। आजभन्दा ३४३ वर्ष अघि बनेको एक मौलिक सम्पदा पुनः जीवन्त भएको छ।

**सन्दर्भ ग्रन्थ**


१. मुनंकर्मी, लिलाभक्त – **मल्लकालीन नेपाल**

२. **ऐतिहासिक पत्र सङ्ग्रह** दोस्रो भाग

३. रेग्मी, डा. डि.आर.– **मेडियभल नेपाल** चौथो भाग

४. श्रेष्ठ, प्रा.डा. पुरुषोत्तमलोचन – **चट्टान अभिलेख र अन्य सम्पदा**

५. बोन गुस्टोभ – **भोयेज टु नेपाल**

६. चालिसे पुष्पराज – **नेपालको पुरानो इतिहास**

७. मुनंकर्मी, लिलाभक्त – **तुलजाभवानीको थापूजा र पर्वपूजाविधि**

८. धौभडेल, ओम – **भक्तपुर दरबारका वत्सला मन्दिरहरू** – भक्तपुर मासिक, सङ्ख्या २१९


## बासिबियाँलो





चित्रको तल दिइएकाजस्तै वस्तुहरू कहाँ कहाँ छन्?



एउटैजस्तो देखिए पनि दुई चित्रमा केही फरक छन्, फेला पारेर चिनो लगाउनुहोस्।

(चित्र : इन्टरनेट)

# शताब्दी सौरभि सुगन्ध महोत्सव



तेजेश्वरबाबु ग्वंगः

यसै महोत्सव उसै महोत्सव ! महोत्सव महानै हुन्छन् । उसमा पनि शताब्दीमय महोत्सव । महान् हुनै पर्छ । त्यसमा अझै मित्रराष्ट्र महाचीनको महत्तापूर्ण उपलब्धिले भरभराउँदो शताब्दी दिवस ! चीन केवल शताब्दीकै इतिहास, कला–साहित्य, साङ्गीतिक सम्पदा युक्त राष्ट्रमात्र रहेको छैन । विशाल भौगोलिक विविधता, सामुद्रिक फैलाव, जैविक वैविध्य यसको सराहनीय सम्पदा स्वरूप रहेको छ । छोप्न खोजेर पनि झल्झलाकार रहने यथार्थ बनेको तथ्य । अब त चीनले प्राकृत अन्धकार मास्ने तिमिरनाशक चमत्कारिक भूचन्द्रसमेत प्रक्षेपण गरिँदै गरेको छेस्को खासखुसे प्रसङ्ग बन्न थालेको पाइन्छ । शताब्दी महोत्सवले डोऱ्याइयून् यसलाई ... शुभकामना ... ! अझ उज्ज्वल भविष्य निर्माणका लागि !

दृढ सङ्कल्पित गम्भीर नेतृत्व, अविचलित विशाल जनसमुदायी सागर राष्ट्र निर्माण निमित्त मूलाधार साबितिन्छ । तिनकै कर्मनिष्ठ कुरवानमा चीनको वर्तमान झलमलाएको– आजको उज्ज्वल रूप–स्वरूप यो ! पक्का पक्की । निस्कपट, निस्कलङ्क, आत्मरति मुक्त नेतृत्व सय वर्षभरिका चिनियाँ नेतृत्व विविध आयामिक कोण र पक्षबाट विवेचना गर्नु समयोचित हुन्छ यथासन्दर्भमा ! सन् १८४० मा अफिम युद्ध लडेर अर्धऔपनिवेशिक सामन्तवादी स्थिति मुक्त भए चीन । सन् १९१२ मा सन यातसेनको नेतृत्वमा चीन राजतन्त्रात्मक पद्धतिबाट गणतन्त्रात्मक स्वरूपमा अवतरण हुन पुग्यो । गृह युद्धले मुलुक चरम गरिबीमा धकेलियो । जनजीवन दर्दनाक अभाव र गरिबीमा चुर्लुमियो । यस नाजुक अवस्थाबाट जनतालाई त्राण दिन जनवादी क्रान्तिको थालनी हुनु अनिवार्य थियो । अध्यक्ष माओ त्सेतुङको सबल, समक्ष नेतृत्वमा जनवादी चिनियाँ क्रान्ति फलिभूत भयो । कठोर यत्नसाथ माओले क्रमबद्ध विकास अभियान थालनी गरे । चाउ एनलाई जस्ता सार्थक प्रधानमन्त्री तथा अन्य दृढसङ्कल्पित जमात प्रारम्भिक सुदृढ सङ्कल्प साँचोका झुप्पा थियो निसन्देह ।

चिनियाँ कम्युनिस्ट पार्टी सन् १९२१ मा स्थापना भएथ्यो । सन् १९४९ मा माओले चीनलाई जन गणतन्त्र राष्ट्र घोषणा गरे । विशाल, सुदृढ चीनले प्रारम्भिक चरणमा अनेक अनुभवका लागि विकास परीक्षणमूलक अभियानहरू चलाए । कम्युन खेती प्रणाली तिनमध्ये एक उल्लेखनीय अभियान थियो पक्कै । भूमिहिन मजदुर वर्गका पक्षधर यो अभियानले निम्नआयस्तरका ग्रामीण चिनियाँ जनतालाई एकजुट भई सामूहिक प्रयासमा जुट्ने, संयुक्त सामूहिक प्रयासरत रहने संस्कारको बिजारोपण थियो । क्षेत्रीय र वर्गीय विकास प्रयास क्रमिक तवरले स्थानीय पर्यावरणमूलक कार्यक्रम अगाडि सार्दै समुदाय, समाज, राष्ट्र अगाडि बढाउने प्रयास अनुकरणीय बन्दै गयो । आँटिलो साहस, दृढसङ्कल्प, अनावश्यक कलह, कचिङ्गल र वैमनस्यमुक्त समाज निर्माण साम्यवादका आधारशिला बन्छ । यस्तै बनाउने क्षमतावान शताब्दी सौरभि महोत्सवको अन्तरचेत थियो यो ।

थियानचिन शहर तत्कालीन चीनको विदेशी दबदबायुक्त भूभाग थियो । चीनको पुनरुत्थान निमित्त आफ्नो भूमिमा त्यस्तो स्थिति विद्यमान रहनु स्पृहनीय थिएन । स्थानीय चिनियाँजनलाई बलजफ्ती तानातानी साथ आ–आफ्ना मुलुकमा दासदासी बनाउँदै ओसार्ने होडबाजी चल्दै थियो । अमानवीय त्यो बलजफ्तीबाट त्राण पार्नु नयाँ सुधारमुखी पहलकदमी नै थियो । वर्तमान सुदृढ समाजवादी स्वरूपका गर्भगृह भित्रका रहस्यमय इतिवृत्ति पक्कै हुने त्यो पहल । हतारहतारमा अत्तालिएर होइन, नितान्त सुझबुझका साथ ठोस कम्मर कसेर अघि सर्दे बढ्दै गर्नुको नियति भनूँ परिणाम यो शताब्दीव्यापी महोत्सव पक्कै ! शताब्दीव्यापी यो पहलकदमले उत्तरी छिमेकी मित्र मुलुक चीन सदाबहार सबल सार्थक रहनुपर्छ, रहन् नै । छिमेकी सबल सार्थक रहे नै हामी पनि मोटोघाटो राष्ट्र बन्दै जानेछौँ । अपेक्षा हाम्रो यही नै ।

लगभग ५०/५२ वर्ष अघि नेपालभाषाका महारथि महाकवि स्व.चित्तर 'हृदय' ले चीन भ्रमण गर्नु भएथ्यो । त्यहाँबाट स्वदेश नेपाल फर्कनु भएर नेपालभाषा परिषद्, च्वसापासा, कलेजहरूद्वारा उहाँको अनुभूतिगम्य प्रवचनहरू आयोजना गरिए । उहाँले विशाल चीनलाई महाचीनभन्ने आँट भरे पक्कै । अहिलेको यो शताब्दीव्यापि महोत्सवको भव्यता हेर्दै देख्दै महाकवि 'हृदय' का उद्घोष सार्थक लाग्यो सतप्रतिशत । सतवार्षिकी यो महोत्सव त्यसै सहज मनाइएको भने पक्कै थिएन । युगीन समयको अन्तरालमा उदित नेतृत्वबाही पुरुष–नारी चिनियाँ महानुभावहरूका दुरदर्शितापूर्ण योजनाकारिताले कर्मयोगदान नपुऱ्याएको पक्कै थिएन । एक्काइसौँ सदीको पहिलो चौखण्डको आरम्भमै हामीले उपभोगी अनुभूति लिन पायौँ महामहिम सी चिनफिङको नेतृत्वमा अग्रगमनरत महाचीन मित्र राष्ट्रको । यसकै अग्रगामी पहलकदमी भर्दै आगामी सन् २०२९ सम्ममा चीन विश्वको अग्रपङ्क्तिमा चुलिने दौडमुखी छ । विश्वका सबै सबै नै मुलुककै निमित्त अनुकरणीय र अनुसरणीय पहलकदम नै ठहरिन्छन् यी घटना विवरणहरू ।

राष्ट्रोत्थान निमित्त राष्ट्रिय व्यक्तित्वका उत्थान नभइहुन्न । माओ त्सेतुङ 'च्याङ्सा' भन्ने स्थानबाट पेकिङ्ग आएथे । रुसको बोल्सेभिक क्रान्ति १९१७ को मार्क्सवादी क्रान्तिको प्रभाव चीनमा पनि प्रगाढ रूपमा परेको थियो । पिपुल्स् डेली पत्रिकाको सङ्ग्रहालयका अभिलेखअनुसार चिनियाँ मजदुर आन्दोलन अगाडि बढाउन १९३८ मा चेन ताओ महासचिव सम्मिलित भएथे । तत्कालीन

चिनियाँ सामन्तवादको विरुद्ध सङ्घर्षको बिजारोपण भएथ्यो। यी र यस्तै अन्य प्रासङ्गिक प्रसङ्गहरू चिनियाँ कम्युनिस्ट पार्टीका प्रारम्भिक इतिवृत्ति गाथा रितुराज सुबेदी (सहायक कार्यकारी सम्पादक, दराइजिङ नेपाल, जुलाई २३, २०२१) मा 'हन्ड्रेड ईएर्स अफ सीपीसी मेसमराइजिङ रेभुल्युसन एण्ड इकोनोमिक मिराकल्स्' शीर्षक रचनामा उल्लेख गर्नुभएको छ। राष्ट्र निर्माण कार्य अभियान देशका आमूल परिस्थिति वस्तुगत रूपमा सार्थक तवरले पहिचान, मूल्याङ्कण गरेर आम देशवासीका जनमनसम्म बोध गराउनु पर्दोरहेछ। यस निमित्त आमजनताका कण्ठनाद-भाषा अभिव्यक्तिलाई माध्यम बनाउनु पर्दोरहेछ। भाषा राष्ट्रका सांस्कृतिक अभिमुखीकरणका जनजिब्रो हो। एउटै चिनियाँ भाषा वाङ्मय, माओले पहिरिराखेका पोशाक पहिरन राष्ट्रकै चिनेरी बनेको छ। यसलाई प्रत्येक राष्ट्र र देशले सहीसलामत ढङ्गले आत्मसात गरेको पनि हुनु पर्दोरहेछ।

बहकिँदो राजनीति अस्थिर हुँदोरैछ पींध नभएको भाँडोजस्तो। चिनियाँ नेतृत्व कलङ्कमुक्त रहेको छवि दिँदो देखिन्छ। भएकै भए पनि हाम्रोमा जस्तो आम सञ्चारले फलाकेको पाइन्न। बकवासे लोकतन्त्र आएजस्तो छाडापन जनजिब्रो ! अपच पौष्टिक पोषण तत्त्व ! ऐरे, गैरे, खैरे सबै एकै नासे। सडक कुचिकारका जिब्रोका टुप्पोमा नि भुण्डिएको उही राजनीति। कता पुऱ्याउँदो हुन्छ देशका नेपाली सद्दे समाज ... ! २०७८।३।२१ मा 'तमसोमा ज्योतिर्गमय' हेर्दै गर्दा चीनका निवर्तमान नेपाली राजदूत श्री लीलामणि पौडेल प्रसङ्गबस प्रसङ्ग जोड्दै थिए कि 'बेल्ट एण्ड रोड इनिसियटिभ्' विकास रणनीति सार्वभौम शक्ति राष्ट्रहरूको संयुक्त समभ्दारीपूर्ण प्रयासबाट आएको हो। यसै सिलसिलमा श्रीलङ्काका स्वतन्त्र थिङ्क ट्याङ्क र राजदूतहरूसित कुराकानी हुँदा चीन र श्रीलङ्काका भन्दा ऋणको प्रसङ्गमा काठमाडौँमा बढी हल्ला हुँदोरहेछ अनि एसियाली पूर्वाधार विकास बैङ्कले दिएको ऋणलाई गलपासो नमान्ने 'बेल्ट एण्ड रोड इनिसियटिभ्'को ऋण गलपासो हुने धारणा कोल्टिएको (Tilted) भएन र ? ऋण उपयोगको भाष्य नै ठीक नभएर प्रयोग पनि सद्दिशा उन्मुख गर्न नसकी ऋणलाई कुदृष्टिगत व्याख्या गरिएको छ। चीन विश्वशक्ति राष्ट्र हुँदै गर्दा मित्रराष्ट्रहरूले कोल्टे फेर्नुपर्ने हुन्छ। चीनसितको स्वार्थसित नेपालको पनि स्वार्थ साझा भए हामी किन टाढिनु पर्दो हो। कोभिड महामारीको बेला चीनले लकडाउन गर्दा पश्चिमी राष्ट्रहरूले चीनले मात्र गर्छ भने। तर अब संसारले अपनाइरहेछ। अहिले खोप अभियान विश्वभर छरपस्ट छ। कोभिड पश्चात पर्यटनमुखी अर्थव्यवस्था चीन वरपर नै रुमलिएको छ। किन्तु चीनको वर्तमान यो वैभव पछाडि अल्याख चुनौतीहरूका भण्डारण पनि छन्। ती ऐतिहासिक, तर कहालिलाग्दा इतिवृत्तिलाई ओझेल भित्रै भण्डारण गर्नु समयोचित होला। यी वैभव साध्य साधनामा केही अन्तर्राष्ट्रिय प्रविधिहरू भने आंशिक रूपमा भए पनि समाहित भए गरेकै यथार्थ रहेको छ। प्रविधि विज्ञानको युगमा हामीमध्ये कोही अछुटो रहन सकिन्नथ्यो। ती लक्ष हासिल गर्न चीनले चार महान् कार्य सम्पन्न गरे- १) वैदेशिक हस्तक्षेप मुक्ति, २) विस्तारवादको अन्त, ३) आन्तरिक सामन्तहरूको विसर्जन र ४) यी लक्ष प्राप्ति निमित्त दृढ सङ्कल्पित जुझारु जनशक्ति निर्माण ! ३० लाख मानिसले यसमा आत्मोत्सर्ग गरेथे। वृहद एकछत्र महाचीन निर्माणको ऐतिहासिक पृष्ठभूमि थिए यी।

यो शताब्दी पूर्वका चीनमा पनि प्रविधियुक्त कलकारखानाहरू शून्य थियो, यो होइन। साङ्घाई प्रान्तजस्ता केही चिनियाँ भूभागहरू थिए जहाँबाट औद्योगिक वस्तु-पदार्थहरू निर्यात हुन्थे। तर इनेगिनेका मुलुकहरूमा सीमित हिस्सामा। यस शताब्दी महोत्सवका घडीमा महाचीनले महाविश्वभरि नै चिनियाँ उत्पादनहरू छ्यापछ्याप्ती पुऱ्याएको छ। चाक्लो, बाक्लो, तीनमाना पाक्लो औद्योगिक एवं व्यापरिक रणनीतिले संसार ढाकेको छ। एकाइसौँ शताब्दीको आर्थिक, प्राविधिक, औद्योगिक साझा रणनीतिले विश्व भायचारालाई आफ्ना पाखुरीले अँगाल्ने क्षमतावान साम्यवादी पद्धति वरदान साबितिएको अवसर बनेको छ यो सतवार्षिकी अवसर। यो अवसर जुटाउने अवसरका रूपमा चीनले १९८० सम्ममा ३ लाख सतहत्तर हजार उद्योग व्यवसायबाट सन् १९९० प्रवेश गर्दा ८० लाख उद्योग व्यवसायमा फड्को मारिसकेको लीलामणि पौडेलले 'तमसोमा ज्योतिर्गमय' अन्तरक्रियामा व्यक्त गर्नुभएथ्यो। प्रतिव्यक्ति आयस्तर ३० प्रतिशत वृद्धि भएको तथ्याङ्क त्यहींबाट अवगत गरें। कसैको कुभलो नचिताई सत्मार्गगामी हुँदा द्रुततर अग्रगमनका राजमार्ग बन्दै गर्ने चेतको पनि चेत अन्तरचेत आफै भित्रबाट उघारें ! यिनै सत्यार्थ प्रकाशका आधार स्तम्भमा वर्तमान चिनियाँ जनता र चीनको लागि कम्युनिज्मको विकल्प छैन। बहुदलीय व्यवस्था महाचीनको लागि अफापसिद्ध भइसकेको अनुभूति बटुलें मनग्य 'तमसोमा ज्योतिर्गमय' अन्तरसम्वादको माध्यमबाट।

नेपालले आफ्नो वैदेशिक रणनीति नितान्त सन्तुलित राख्नुपर्छ। त्यसमा पनि भारत र चीनसित त झन मजबूत, सुदृढ, सन्तुलित राख्नु अनिवार्य रहेको श्री पौडेलको निचोड पाएँ। बित्मार्ने सङ्घारमा पुग्दा रेडियो नेपालको बिहानी कार्यक्रममा सञ्चारकर्मी मित्र श्री हरिशरण लामिछानेजीले अन्तरसम्वाद कार्यक्रमको माध्यमबाट मिडिया ग्रुप चाइनाका प्रमुख श्री च्याङ (नेपाली नाम-वर्षा) सितको अन्तरक्रिया सुन्दै गरेथें। वहाँले प्रक्षेपण गरेका केही सन्तुलित कुटनैतिक उद्गारहरू उल्लेख गर्न चाहें- १) मार्क्सवादी विचारलाई आफ्नो देशको वातावरणीय परिस्थिति अनुकूल चिनियाँ जनताको हितमा चेयरमेन माओ त्सेतुङले उपयोग गरे। २) विभिन्न कालखण्डमा परिवेश अनुरूप पूर्वजहरूले चिनियाँ जनजीवन उत्थान र सम्मुनत गर्न गरेका अभियान अनुकूल वर्तमान राष्ट्राध्यक्ष सि चिनफिङले अहम् (अम) भरेका छन्। ३) वर्तमान विश्व परिवेशले हामीलाई मित्रराष्ट्र बीच सद्भावपूर्ण आपसी सहयोग गर्न सिकाएको छ। सतवार्षिकी यस महोत्सवको अवसरमा रेडियो नेपाल झैं लोकप्रिय आमसञ्चार माध्यमले यो अन्तरसम्वाद गरी विश्वभर पुऱ्याउने गरेको सराहनीय छ। अत्यधिक चिनियाँहरूले नेपाली भाषा बोल्न थालेको छ। त्यसरी नै धमाधम धेरैभन्दा धेरैले एक आपसमा सम्बन्ध सुदृढ पार्दै जानुपर्छ, जाऔं ! भाषा सुबन्धका मजबूत सूत्रधार हो। धन्यवाद !

# चिनी : एक स्वादिलो विष



राजेन्द्रबहादुर कायष्ठ

**विषय प्रवेश :** चिनीलाई अङ्ग्रेजीमा sugar वा table sugar भनिन्छ। यसको रासायनिक नाम sucrose हो। यो नाम सन् १८५७ मा अङ्ग्रेज रसायनशास्त्री विलियम मिलरले राखेका थिए। यसको अणुसुत्र $C_{12}H_{22}O_{11}$ हो। एउटा चिनीको अणुमा १२ ओटा कार्वनको परमाणु, २२ ओटा हाइड्रोजनको परमाणु र ११ ओटा अक्सिजनको परमाणु हुन्छ। हामीले प्रयोग गर्ने चिनी एक प्रकारको डाइस्याकराइड (एक प्रकारको कार्वोहाइड्रेट) जुन ग्लुकोज र फ्रुटोज मिलेर बनेको हुन्छ। यसमा ५० प्रतिशत ग्लुकोज र ५० प्रतिशत फ्रुटोज हुन्छ। यसको अर्थ चिनी एउटा ग्लुकोज र एउटा फ्रुटोजको अणु मिलेर बनेको हुन्छ। चिनी धेरै प्रकारको हुन्छ। त्यसमध्ये **मुख्य ४ प्रकारका चिनीहरू** Glucose (कार्वोहाइड्रेट बढी भएको वस्तुहरू जस्तै रोटी, आलु आदिबाट प्राप्त हुने), Fructose (फलफुल, फलफुलको रस, केही तरकारी, मह आदिबाट प्राप्त हुने), Sucrose (मुख्यतया उखुबाट प्राप्त हुने) र Lactose (विभिन्न दुधजन्यवस्तुबाट प्राप्त हुने) हुन्। यसमध्ये मुख्यतया उखुबाट प्राप्त हुने सुक्रोजलाई प्रशोधित चिनी र बाँकी ३ थरीको चिनीलाई प्राकृतिक चिनी भनिन्छ। प्राकृतिक चिनी शरीरले ढिलो शोषण गरे पनि यसबाट शरीरलाई धेरै फाइदा गर्दछ। तर चियामा प्रयोग गरिने प्रशोधित चिनीलाई शरीरले छिटो शोषण गर्ने शक्ति प्रदान गरे पनि यसले दीर्घकालीन रूपमा हानि पुऱ्याउँछ।

चिनीको उत्पादनको इतिहास हेर्ने हो भने केही इतिहासविद्हरूले गुप्त शासनकालमा सन् ३५० तिर भारतमा उत्पादन भएको भनिन्छ। केही इतिहासविद्हरू यसको पहिलो उत्पादन चीनमा आठौँ शताब्दीतिर भएको बताउँछन्। अठारौँ शताब्दीसम्म चिनीलाई विलासी वस्तुको रूपमा लिइन्थ्यो। यसको मूल्य महँगो भएकोले धनी मानिसहरू मात्र यसको प्रयोग गर्दथे। तर उनाइसौँ शताब्दीतिर पुग्दा युरोपमा यसको प्रयोगमा धेरै वृद्धि भयो। यो विलासी वस्तु नभइकन दैनिक जीवनमा आवश्यक वस्तुको रूपमा प्रयोग हुन थाल्यो। विशेष गरी चिया, चकलेट, केक, मिठाइ आदि बनाउनमा अत्यधिक प्रयोग हुन थाल्यो। अठारौँ शताब्दीको अन्ततिर जमैकामा पहिलो पटक steam engine यन्त्रको प्रयोग गरी सन् १७६८ मा चिनीको उत्पादन शुरु गरियो। विश्व यान्त्रिक युगमा प्रवेश गरेपछि चिनीको उत्पादनको धेरै वृद्धि भयो। सन् २०१९ देखि २०२० मा विश्वमा चिनी 166.18 million (1 million = १० लाख) मेट्रिक टन चिनी उत्पादन भएको थियो। सन् २०२० देखि २०२१ मा चिनीको उत्पादन 182 million मेट्रिक टन हुने अनुमान गरिएको छ। यसरी चिनीको उत्पादन र प्रयोग दिनदिनै बढदै गएको पाइन्छ। हाल विश्वमा सबभन्दा बढी चिनी उत्पादन गर्ने देश ब्राजील हो। यसको प्रमुख उत्पादक देशहरू चीन, भारत, अमेरिका, रसिया, युरोप, ब्राजिल, थाइल्याण्ड आदि हुन्। सन् १९७० मा नेपालको चिनी उत्पादन २,७५,००० मेट्रिक टन थियो भने सन् २०२० मा पुग्दा ३५.६ लाख मेट्रिक टन पुगेको छ। हाल नेपालमा ११ ओटा मझौला र ठूलो चिनी कारखानाहरू सञ्चालनमा छन्। नेपालमा चिनीको उत्पादन वर्सेनी ६.६ प्रतिशत ले बढदै गएको छ। नेपालमा चिनी उत्पादनको लागि चाहिने उखु सबैभन्दा बढी उत्पादन गर्ने जिल्ला सर्लाही हो। नेपालको ४१ जिल्लाहरूमा उखु खेती गरिए पनि व्यवसायिक रूपमा १४ जिल्लामा मात्र उखु उत्पादन गरिएको छ।

**चिनीको गुण र कार्य :** यसको रङ्ग सेतो र स्वाद गुलियो हुन्छ। यसको प्रयोगबाट हाम्रो शरीरलाई शक्ति प्राप्त हुन्छ। तर चिनीको प्रयोगबिना पनि हामीलाई आवश्यक शक्ति दैनिक जीवनमा विभिन्न खानाहरू खाँदा हामीले पाइरहेको हुन्छ। हामीले खाने गहुँ, आलु, मकै, फापर, कोदो, पिंडालु, सखरखण्ड, उखु, केरा, मह, मिश्री आदिमा चिनीको विभिन्न स्वरूपको रूपमा रहेको हुन्छ। नेपालीले दैनिक खाने दाल, भात, तरकारी, रोटी आदिमा पनि केही न केही ग्लुकोज रहेको हुन्छ। हाम्रो शरीरका अङ्गहरूले विभिन्न कार्यहरू गर्न शक्ति वा उर्जाको आवश्यक पर्दछ। शक्ति प्राप्त गर्न शरीरको प्रत्येक जीवकोषमा अक्सिजन र ग्लुकोजबीच रासायनिक प्रतिक्रिया हुनु पर्दछ। यस प्रतिक्रियाबाट कार्वन डाइअक्साइड, पानी र शक्ति उत्पादन हुन्छ। जुन शक्तिबाट हाम्रो शरीरका अङ्गहरूले काम गरेर दैनिक विभिन्न क्रियाकलापहरू गर्दछौँ। त्यसैले ग्लुकोज मानिसको लागि आवश्यक वस्तु हो। तर यसलाई शरीरले खपत गर्न सकेन भने यसबाट मधुमेह रोग हुन जान्छ।

**नेपालमा चिनीको उपयोग :** नेपालीले दिनभरि खाने कुनै न कुनै खानामा चिनी अवश्य नै हुन्छ। यसमा बजारबाट किनिएका खाद्यवस्तुमात्र होइन घरमै बनाइने धेरै

किसिमका परिकारमा चिनी मिसाइएको हुन्छ । नेपालमा बर्सेनि चिनीको खपत वृद्धि भइरहेको छ । नेपालीले नास्ताको रूपमा प्रयोग गर्ने सेल, माल्पा, पाउरोटी, हलुवा, बिस्कुट, आदि र विभिन्न प्रकारका मिठाइहरू, चिसो पेय पदार्थहरू, दही आदिमा चिनी प्रयोग गरिएको हुन्छ । विशेषगरि चाडपर्व जस्तै तिहार, बुबाको मुख हेर्ने, आमाको मुख हेर्ने, धार्मिक पूजा आदिमा यसको खपत धेरै हुन्छ । हिजोआज धेरैजसोको जन्मदिनमा केकको प्रयोग, विद्यार्थीको परीक्षामा सफलता, कर्मचारीको बढुवा, सन्तान प्राप्ति, विवाहको निर्णय आदि अवसरमा गुलिया मिठाइहरू बाँडने गरिन्छ । यसरी बालबालिकाले राम्रो कार्य गर्दा स्याबासीको साथै चकलेट दिएर हौसला बढाउने गरिन्छ । घरमा आएका पाहुनाहरूले पनि बच्चाहरूको लागि विभिन्न प्रकारका चकलेटहरू उपहारको रूपमा ल्याउने गर्दछन् । तर यसको अध्यधिक सेवनबाट कसरी शरीरलाई हानि पुऱ्याइरहेको हुन्छ भन्नेमा हामीले सोचेका छैनौँ ।

**विश्वमा चिनीको प्रयोग :** विशेषगरि चिया, केक, पाउरोटी, मिठाइ, चकलेट, फलफुलको रस, चिसो पेय पदार्थ आदिमा प्रशस्त चिनी प्रयोग गरेको हुन्छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार एकजना व्यक्तिले दैनिक बढीमा २५ ग्रामसम्म चिनी उपयोग गर्नु ठिक हुन्छ । तर यी वस्तुहरू सेवन गर्दा हामीले २५ ग्रामभन्दा बढी नै चिनी उपभोग गरेको हुन्छ । यसकारण यी वस्तुहरूको सेवन सन्तुलन मिलाएर गर्नुपर्दछ । विश्व स्वास्थ्य सङ्गठनको अध्ययनअनुसार विश्वमा वर्षमा एक व्यक्तिले औसत २४.८ किलोग्राम चिनी उपभोग गर्दछ । संयुक्त राज्य अमेरिकामा एक व्यक्तिले वर्षमा औसत ६० किलोग्राम चिनी उपभोग गर्छ । भारतमा एक व्यक्तिले वर्षमा औसत २० किलोग्राम चिनी खाने गर्छ । नेपालमा भने दैनिक एकजना व्यक्तिले औसत २५ ग्रामभन्दा बढी चिनी प्रत्यक्ष र अप्रत्यक्ष रूपमा खाने गर्दछ । यसको अर्थ एकजना नेपालीले वर्षमा लगभग ९ किलोग्राम जति चिनी खाने गर्दछ । विश्वमा सबभन्दा बढी चिनी उपयोग गर्ने वा बढी चिनी मनपराउने ४ देशहरू क्रमशः अमेरिका, जर्मनी, नेदरल्याण्ड र आयरल्याण्ड आदि हुन् ।

**चिनी भएको खाद्य वस्तुहरू :** दैनिक जीवनमा प्रयोग गरिने बिस्कुट, चिजबल, चक्लेट, चुइङ्गम, आदि प्याकेट गरिएको खाना, चिया, कफी, हर्लिक्स, बोर्नभिटा, भिभा आदिमा चिनी राखिएको हुन्छ । यसरी चिसो पेय पदार्थ लस्सी, कोक, फेण्टा, पेप्सी, ड्यु, मिरिण्डा, फ्रुटी, सर्बत बनाउने टाङ आदिमा धेरै मात्रामा चिनी राखिएको हुन्छ । त्यस्तै नेपाली समाजमा नास्ता र कोसेलीको रूपमा प्रयोगमा ल्याउने सेल, माल्पा, मिठाइ, गुँदपाक, पुष्टकारी, केक, आइसक्रिम आदि खाद्यवस्तुमा पनि चिनीको प्रयोग धेरै गरिएको हुन्छ । हामीले पिउने एक बोतल चिसो पेय पदार्थ जुन ३०० मिलि जति हुन्छ त्यसमा लगभग ४० ग्राम जति चिनी राखिएको हुन्छ । यदि कुनै मानिसले एकदिनमा २ बोतल चिसो पेय पदार्थ पिएमा उसको शरीरमा ३ दिनलाई पुग्ने चिनी एकैदिनमा जान्छ । यसले गर्दा उसको शरीरमा आवश्यकभन्दा बढी क्यालोरी जम्मा भएर मोटोपन हुने, चिनी रोग हुने आदि समस्या देखापर्दछ । यसैगरी चाउमिन, रोटी, समोसा, ससेज आदिसँग खान प्रयोग हुने एक चम्चा केचपमा लगभग ४ ग्रामजति चिनी हुन्छ । यसरी नै एक कप चियामा सामान्यता ५ ग्रामदेखि १० ग्रामसम्म चिनी हुन्छ । यदि कुनै व्यक्तिले दिनको ४ कप चिया पिउँछ भने उसले दैनिक २० ग्रामदेखि ४० ग्रामसम्म चिनी उपयोग गर्दछ । यसबाहेक उसले बिस्कुट, पाउरोटी, जाम आदि प्रयोग गरेमा चिनीको उपभोग अझ बढ्ने भयो ।

**चिनी बढी भएको कृत्रिम खाद्य वस्तुहरू :**







## चिनी भएको प्राकृतिक खाद्यवस्तुहरू :



## चिनी बढी भएको फलफुलहरू :

| फलको नाम | १ कप रसमा पाइने चिनी |
|---|---|
| केरा | १८.५ ग्राम |
| अंगुर | १५ ग्राम |
| भुईकटहर | १६.३ ग्राम |
| अनार | २३.८ ग्राम |
| चेरी | १७.७ ग्राम |
| आँप | २२.५ ग्राम |
| आरु | १६.४ ग्राम |
| खुपार्नी | १५.३ ग्राम |
| ब्लुबेरी | १४.७ ग्राम |
| अंजीर | २९.३ ग्राम |

**चिनीको हानीकारक पक्षहरू :** चिनीलाई वैज्ञानिकहरू **सेतो मन्द विष** भन्ने गर्दछन् । यसरी नै खाद्यविज्ञहरू यसले विश्वकै **स्वादिलो विष** भन्दछन् । किनभने यसको उपभोगले मानिसमा विस्तारै विभिन्न समस्याहरू ल्याउने गर्दछ । चिनी शरीरलाई पोषण दिने खाद्यवस्तु होइन । तर यसको स्वाद सबैले मन पराउँछन् । विश्वको प्रत्येक पसलमा यो सेतो विष भएको खाद्यवस्तुहरू पाइने गर्दछ । नेपालीमा त एउटा उखान नै छ 'जहाँ गुलियो त्यहाँ बाहुन भुलियो' । तर राम्ररी अध्ययन गर्ने हो भने बाहुनमात्र होइन धेरै मानिस चिनी वा गुलियो वस्तुमा लोभिएको देखिन्छ । वास्तवमा यो उपयोग गर्दा फाइदा हुने वस्तु चाहिँ होइन । चिनीले रगतमा खराब कोलेस्टोरोल (बोसो) बढाउँछ । बोसोले मानिसलाई बलियो होइन अल्छीपन, मोटोपन र विभिन्न रोगहरू लाग्नमा सहयोग गर्दछ । शरीर बलियो पार्न मांशपेसी र हाडहरू बलियो हुनुपर्दछ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार मानिसहरूमा नसर्ने रोग हुनुको प्रमुख कारण चिनी हो । हाल विश्वमा मानिसहरूको मृत्यु सर्नेभन्दा नसर्ने रोगहरूको कारण बढी हुन्छ । चिनीजन्य वस्तुहरूको अत्यधिक प्रयोगले बालबालिकाको दाँतमा किरा लाग्ने र मोटोपनको समस्या धेरै बढ्दै गएको छ । अधिकांश खाद्य वस्तुको स्वाद बढाउन चिनी सबैभन्दा महत्त्वपूर्ण चिज भइरहेको छ । विभिन्न खाद्यवस्तुमा चिनीको प्रयोग हुनुको अर्को कारण यसले खाद्यवस्तुलाई बिग्रन नदिई लामो समय सुरक्षित राख्दछ । **चिनीले खाद्यवस्तुको गुणस्तर बढाउने होइन । यसले खानाको स्वाद बढाउने र खानालाई लामो समय सञ्चय गर्न सहयोगमात्र गर्दछ ।** यसको साथै चिनीले शरीरलाई दीर्घकालीन रूपमा हानि पुऱ्याइरहेको हुन्छ । यसरी नै खाद्य उद्योगहरूले प्याकेटमा चिनीको मात्रा कति हुन्छ भनी खुलाइएको हुँदैन । प्रशोधित खाद्यवस्तुमा चिनीको मात्रा उल्लेख गर्नुपर्ने पनि सर्वसाधारणले चिनी भनेर नबुझ्ने गरी ग्लुकोज, माल्टोज, फ्रुटोज, ल्याक्टोजजस्ता नाम राखिएको हुन्छ । जुन चिनीकै नाम तथा फरक स्वरूप हुन् ।

**अध्ययनबाट मानव शरीरमा चिनी प्रयोग कहिल्यै गरिएन भने क्यान्सर रोग कहिल्यै हुँदैन ।** चिनीको प्रयोगबिना पनि हाम्रो शरीरका लागि चाहिने उर्जा फलफुल, गहुँ, मकै, कोदो आदिबाट प्राप्त हुन्छ । चिनीको उपयोगबिना पनि हाम्रो शरीर नियमित सञ्चालनमा कुनै असर गर्दैन । सकभर चिया र दुध पिउँदा चिनी नहाली सेवन गर्नु शरीरको लागि धेरै फाइदाजनक हुन्छ ।

धेरै गुलियो खाँदा विशेषगरि दाँत छिटो कुहिने, मोटोपन बढ्ने, मधुमेह रोग लाग्ने, मुटु रोग, उच्च रक्तचाप, पक्षघात आदि हुने समस्या बढी हुनजान्छ । गुलियो सेवन गरेपछि मुखमा रहेका किटाणुले चिनीसँग क्रिया गरी अम्ल उत्पादन गर्दछ । त्यो उत्पादित अम्लले दाँतको इनामेललाई गाल्छ । यो दाँतमा प्वाल पर्ने अवस्थाको शुरुवात हो । यो दाँतमा प्वाल पर्ने क्रम भित्रसम्म बढ्दै जान्छ । यही दाँतको प्वालबाट अम्ल भित्र गएपछि सहन नसक्नेगरि गिजा दुख्न थाल्दछ । यसले गर्दा बच्चादेखि किशोरहरू सम्ममा पनि दाँत दुख्ने, दाँत झर्ने आदि समस्या देखापर्दछ ।

बढी चिनी र चिल्लो पदार्थको उपयोगले रगतमा कोलेस्टेरोल बढाउँछ । चिल्लो पदार्थ र कोलेस्टेरोल धमनीको भित्ताहरूमा लेऊजस्तै टाँसिन जान्छ । यसले गर्दा धमनीहरू साँघुरिने र कडा हुने समस्या देखापर्दछ । यसले गर्दा मुटुमा विभिन्न समस्याहरू देखापर्दछ । हाल नेपाललगायत विश्वमा मुटु रोगीहरूको सङ्ख्या बढ्दै गएको पाइन्छ । साथै मुटु रोगबाट हुने मृत्यु दर पनि बढिरहेको छ । पहिले नेपालमा धनी र शहरिया मानिसहरूमा मात्र देखापर्ने चिनी रोग र मुटु रोग अहिले आएर गाउँ र शहरमा बस्ने निम्न तथा मध्यम वर्गका मानिसहरूमा पनि बढ्दै गएको छ ।

चिनीले मानिसको रोग विरुद्ध लड्ने क्षमतामा कमि ल्याउँछ । यसरी नै यसले मानिसहरूमा छिटो बुढ्यौली ल्याउँछ ।

यसले मानिसमा तनाव बढाउने कार्य गर्दछ । अनुसन्धानबाट प्राप्त नतिजाअनुसार चिनी बढी सेवन गर्ने मानिसको शरीरले पोषकीय तत्त्वहरू जस्तै फलाम, क्याल्सियम, म्याग्नेसियम, फोसफरस, भिटामिन ए, भिटामिन बी, भिटामिन बी१२ आदिको शोषण कममात्र गर्दछ ।

## चिनीको सेवनबाट हुने अन्य बेफाइदाहरू :

१) यसले मानिसको रोगविरुद्ध लडने क्षमता घटाउँछ ।
२) यसले रक्तचाप बढाउँछ ।
३) यसले कलेजोमा बोसोको मात्रा बढाउँछ ।
४) बढी चिनीको प्रयोगबाट मानिसमा विभिन्न किसिमको क्यान्सर जस्तै : आन्द्राको क्यान्सर, प्रोटेस्ट क्यान्सर, स्तन क्यान्सर, लिवर ट्युमर आदि हुनमा सहयोग गर्दछ ।
५) यसको बढी सेवनले शरीरमा रहेको हर्मोनको क्रियाशिलतामा परिवर्तन हुनजान्छ । जस्तै कुनै हर्मोन आवश्यकभन्दा बढी सक्रिय हुने र कुनै हर्मोन कम क्रियाशील हुने गर्दछ ।

## चिनीबाट हुने हानिबाट बच्ने उपायहरू :

१) चिनीले स्वाद बढाउने काम मात्र गर्ने हो । यो शरीरको लागि आवश्यक तत्त्व होइन भनी सम्झने ।
२) चिया र दुध पिउँदा सकभर चिनी नराखीकन खाने ।
३) बच्चाहरूलाई चिनीजन्य वस्तुहरू जस्तै चकलेट, केक, बिस्कुट, चिसो पेय पदार्थ, प्रशोधित जुस आदिको प्रयोग कम गर्ने वा सकिन्छ भने प्रयोग नै नगराउने ।
४) यदि चिनीजन्य खाद्यवस्तुहरू सेवन गरेको भए मुख राम्ररी कुल्ला गर्ने, औँलाले दाँत माझ्ने र पछि ब्रसले दाँत माझ्ने । यसले दाँतलाइ बिग्रनबाट बचाउँछ ।
५) विज्ञापनको भरमा चिनी भएको वस्तुहरूबाट शरीरलाई फाइदा गर्दछ भन्ने भ्रममा नपर्ने । जस्तै : विभिन्न थकित खेलाडीहरूले ग्लुकोज खाएपछि शक्ति प्राप्त हुने विज्ञापनको विश्वास नगर्ने ।
६) बजारमा पाइने चिनी भएको खाद्यवस्तुमा सर्वसाधारणले नबुझ्ने भाषामा चिनीको मात्राको ठाउँमा यसको अन्य नामहरू ग्लुकोज, फ्रुटोज, ल्याक्टोज, माल्टोज आदि नामबाट राखिएको हुन्छ । यस्ता खाद्यवस्तुहरू सकभर कम प्रयोग गर्ने ।
७) चिसो पेय पदार्थ र मिठाइहरू कमभन्दा कम प्रयोग गर्ने ।
८) मानिसको कार्यशैलीअनुसार चिनीको खपत गर्ने क्षमता फरक फरक हुन्छ । सामान्यतया बढी शारीरिक परिश्रम गर्ने मानिसको शरीरलाई चिनीको खपत बढी गर्न सक्दछ भने शारीरिक परिश्रम कम गर्ने मानिसले चिनीको खपत कम मात्र गर्न सक्दछ । यसकारण अरूको देखासिकीमा चिनीको प्रयोग नगर्ने ।

## कति चिनी खानु ठिक हुन्छ ?

सकेसम्म चिनीको उपयोग नगर्नु सबभन्दा राम्रो हो । तर यसको स्वाद एकचोटि चाखेपछि हाम्रो मस्तिष्कले यसलाई पटक पटक प्रयोग गर्न उत्प्रेरित गर्दछ । यसलाई शरीरले छिटो शोषण गरेर शक्ति दिए पनि दीर्घकालीन रूपमा विभिन्न नकारात्मक असर गर्दछ । शरीरलाई आवश्यक शक्ति चिनीबिना पनि हामीले खाने विभिन्न खाद्यवस्तुहरूबाट निरन्तर प्राप्त भइरहेको हुन्छ । खानै परे पनि यसको उपयोग कम गर्नु नै बुद्धिमानी हुन्छ । विश्व स्वास्थ्य सङ्गठनको सन् २०१५ को सल्लाहअनुसार मानिसले विभिन्न स्रोतहरूबाट दैनिक ५ चिया चम्चा लगभग २५ ग्राम भन्दा कम चिनी प्रयोग गर्नु स्वास्थ्यको लागि ठिक हुन्छ । तर व्यक्तिको लिङ्ग र शारीरिक क्रियाशिलता अनुसार फरक हुन्छ । विश्व स्वास्थ्य सङ्गठनको भनाइअनुसार एकदिनमा पुरुषले २५ ग्राम र महिलाले दैनिक १५ ग्राम चिनी खानु स्वास्थ्यको लागि राम्रो हुन्छ ।

## कम चिनी उपयोगबाट हुने फाइदाहरू :

१) चिनीको कम सेवनले शरीरको तौल सन्तुलित राख्ने कार्य गर्दछ ।
२) चिनीको उपयोग कम गरेमा विभिन्न वस्तुहरूको स्वाद मिठो लाग्ने गर्दछ । बढी चिनी खाएमा अरू वस्तुहरू बेस्वादिलो लाग्ने गर्दछ ।
३) चिनीको बढी प्रयोगले मानिसमा शारीरिक क्रियाशिलता घटन जान्छ भने कम चिनी खाएमा शारीरिक क्रियाशिलता बढ्न जान्छ ।
४) कम चिनी खाने मानिसको तुलनामा बढी चिनी खानेमा निद्रा कम लाग्ने हुनजान्छ ।
५) कम चिनीको सेवनबाट कब्जियत समस्या घट्ने गर्दछ ।
६) दाँत सम्बन्धी समस्या कम हुने ।
७) मुटु स्वस्थ हुने र मुटु रोग लाग्ने सम्भावना कम हुने ।
८) शरीरमा फुर्ति बढने र राम्रो निद्रा लाग्ने ।
९) पाचन शक्ति बलियो हुने ।

**सन्दर्भ सामग्रीहरू :**


१) **खाना खानु भयो ?** : डा. अरूणा उप्रेती र लक्ष्मण अधिकारी
२) **स्वास्थ्य रहस्य** : डा. राजेन्द्र के.सी.
३) **आधुनिकतासँग सावधान** : केदार शर्मा
४) युट्युब
५) गुगल


(चित्र : इन्टरनेट)

# तन्त्र सिद्धिको मूल आधार कुण्डलिनी जागरण



डा. वीरेन्द्रप्रसाद कायस्थ,

कुण्डलिनी योग ध्यानको एक माध्यम हो। कुण्डलिनी शक्तिलाई आदिशक्ति मानिएको छ। शक्ति मतबाट प्रादुर्भाव भएको कौल मतमा शिव र शक्तिलाई समान महत्त्व दिइएको छ अर्थात् प्रकृति र पुरुषलाई एक मान्दछ। यसको प्रतीकारात्मक रूप षट्कोण हो। षट्कोणको उर्ध्वत्रिकोण शिव र अधोत्रिकोण शक्तिको प्रतीक मानिन्छ। कौल शब्द नै कुल शब्दबाट बनेको हो जसको अर्थ कुण्डलिनी शक्ति हो जुन योगतान्त्रिक साधनाको आधार हो।



कुण्डलिनी शक्ति मातृगर्भमा रहँदा जागृत हुन्छ। बालावस्थामा निद्रित रहन्छ। मानिसको जाग्रत अवस्थामा भने यो शक्ति सुषुप्त हुन्छ। स्वप्न अवस्था, सुषुप्ति अवस्थामा तन्द्रित रहन्छ। जाग्रत कुण्डलिनी शक्ति सुषुप्ना मार्गबाट षट्चक्रलाई भेदन गरी शिवसँग गएर मिल्दछ। यसबारे आन्दद लहरी ग्रन्थमा आदी जगद्गुरु शंकराचार्यले वर्णन गर्नुभएको पाइन्छ।

उक्त वर्णनमा कुण्डलिनी शक्ति मूलाधार चक्रबाट उठेर मणिपुर चक्र हुँदै (आज्ञाचक्रलाई पार गरेर सहस्रारमा आफ्ना पति शिवसँग विहार गर्दछन्। अर्थात कुण्डलिनी शक्ति ईडा र पिङलाको बीच सुषुम्ना नाडी हुँदै मूलाधारबाट सहस्रारतर्फ गमन गर्दछ। मूलाधारलाई शक्तिको केन्द्र तथा सहस्रारलाई शिवको स्थान मानिन्छ। यी दुवै ऋणात्मक र धनात्मक ध्रुव हुन्।

कुण्डलिनी शक्ति गुह्यस्थानबाट दुई अङ्गगुल मास्तिर र लिङ्गमूलभन्दा दुई अङ्गुल तल मूलाधार पद्म विद्यमान छ। त्यसैको बीचमा पूर्वोक्त ब्रह्मनाडीको मुखमा स्वयम्भू लिङ्ग विद्यमान छ। त्यसको गाँठमा दक्षिणवर्तले साढे तीन फन्को लगाएर सुतिरहेको हुन्छन्।

गुह्य र लिङ्गको बीचमा पछिल्तिर मुख फर्काएर रहेको योनिमण्डल छ। यसै योनिमण्डललाई कन्द पनि भन्छन्। योनिमण्डलको बीचमा कुण्डलिनी शक्तिले सबै नाडीहरूलाई बेरेर साढे तीन फन्को मारी सर्परूपको आफ्नो मुखमा हालेर सुषुम्णा विवरलाई छेकेर अवस्थान गरिरहका छन्।

तन्त्रग्रन्थमा पनि कुण्डलिनी शक्ति स्वयम्भू लिङ्गमा साढे तीन कुण्डल मारेर सुतिरहेको छ भन्ने वर्णन पाइन्छ। यो कुण्डलिनी नै नित्यानन्द स्वरूप परमा प्रकृति हो। यसका दुई मुख छन् एवं यो बिजुलीसमान अति सूक्ष्म छ, जो देख्दा आधा ओंकार (ॐ) को प्रतिकृतिजस्तो लाग्छ। नर – अमर असुरादि सबै प्राणीहरूको शरीरमा कुण्डलिनी विराजमान हुन्छन्।

योगको अनुष्ठानद्वारा कुण्डलिनीको चैतन्य सम्पादन गर्नु नै मानव जीवनको पूर्णत्व हो। भक्तिपूर्ण चित्तद्वारा प्रतिदिन कुण्डलिनी शक्तिको ध्यान पाठ गरेपछि साधकमा यस शक्तिको सम्बन्धमा ज्ञान उत्पन्न हुन्छ र यो शक्ति बिस्तारै–बिस्तारै जाग्रत हुन्छ। योगले शरीर, मन र ज्ञानेन्द्रियहरूलाई बलियो बनाउँछ। शरीरको सबै नशाहरूमा रगतको प्रवाहलाई नियन्त्रित रूपमा सञ्चालन गर्दछ। शरीरमा सिम्पाथेटिक र प्यारा सिम्पाथेटिक मेरुदण्ड (spinal cord) बाट निक्ली गुच्छाको रूपमा बाहिर देखिन्छ र त्यसबाट नशाहरू निस्की शरीरका सबै तन्तु (parts) लाई सप्लाई गर्दछन्। यी गुच्छाहरूलाई चक्र (Ganglion plexus) भनिन्छ।

योग शास्त्रले मानव शरीर भित्र ७ प्रकारको चक्रको बारेमा वर्णन गरेको पाइन्छ। ती हुन् : मूलाधार, स्वाधिष्ठान, मणिपुर, अनाहत, विशुद्धि, आज्ञा र सहस्रार चक्र।

यसको अधिपति क्रमशः पृथ्वी, अग्नि, जल, वायु, र आकाश हो। यी चक्रको स्थान क्रमशः योनि, लिङ्ग, नाभि, हृदय, कण्ठ र मष्तिक हो। यी सबै चक्रहरूमा नशा सन्तुलन भई चल्नुपर्दछ। कुनै गडबडी भएमा नर्भस (break down) हुन्छ, जसको कारणले नै ब्लड प्रेसर, अल्सर र डिप्रेसनजस्ता लक्षण देखापर्दछन्।

चक्र ध्यानको माध्यमद्वारा कुण्डलिनी जागरण गरी अटोनोमिक नर्भस सिस्टमका नशाहरूमा सन्तुलन कायम हुन्छ र हामीमा ज्ञानको ढोका खुल्दछ जसबाट सकारात्मक विचार उत्पन्न हुन्छ। यी

छ चक्रबाहेक एक सातौँ चक्र हुन्छ। जसलाई सहस्रार चक्र भनिन्छ। यो चक्र मष्तिष्क पछाडिको माथि हुन्छ। यही परात्पर पुरुष, सहस्रदलको कमलमा विराजमान हुन्छन्।

## ७ वटा चक्र परिचय

### १. मुलाधार चक्र :



चित्र२

यो चक्र गुदद्वार र लिङ्गको बीचमा हुन्छ। पृथ्वी तत्त्वसँग यो जोडिएको छ। हाम्रो नेगेटिभ इनर्जी कुण्डलीमा लिन भएर सुषुप्त अवस्थामा बसेको हुन्छ। यो सुषुप्त उर्जा जागरण भएन भने हामी सधैँ अज्ञानी नै रहन्छौँ। यसको गति अति दुर्लक्ष्य छ। यो कुण्डलिनी शक्ति प्रचण्डस्वर्णवर्णा, तेजस्वरूपा, दीप्तिमती र सत्व, रज र तम यी तीनै गुणहरूको प्रसुति ब्रह्मशक्ति हो। यो कुण्डलिनी शक्ति नै इच्छा, क्रिया र ज्ञान यी तीन नाममा विभक्त भएर समस्त शरीरका चक्रहरूमा भ्रमण गर्छ। यो शक्ति नै हाम्रो जीवनशक्ति हो। यस शक्तिलाई आफ्नो वशमा ल्याउनु नै योगसाधनाको उद्देश्य हो।

कुण्डलिनी प्रसुप्त अवस्थामा रहिरहन्छ। यसको शरीरसम्बन्धी कुनै काम बाह्य दृष्टिद्वारा प्रतीत हुँदैन। यसैकारण पाश्चात्य शरीरशास्त्रका विद्वान (Physiologist) ले पनि अहिलेसम्म यो कुरा पत्ता लगाउन सकेका छैनन्, तर प्राचीन यूनान, रोम आदि देशका तत्त्ववेत्ता यस कुरामा परिचित थिए। अफलातुन (Plato) तथा पिथागोरस (Pythagorus) जस्ता आत्मदर्शी विद्वानहरूका लेखहरूमा यस प्रकारको सङ्केत पाइन्छ।

नाभिको नजिकै एक यस्तो अद्भुत शक्ति विद्यमान छ जसले मस्तिष्कको प्रभुता अर्थात प्रकाशलाई उज्ज्वल गरिदिन्छ र जसद्वारा मनुष्यभित्र दिव्य शक्तिहरू प्रकट हुन्छन्।

कुण्डलिनी शक्ति नै जीवात्माको प्राणस्वरूप हो। कुण्डलिनी शक्तिले ब्रह्मद्वारलाई छेकेर सुखपूर्वक सुतेका हुन्छन्। त्यसैले जीवात्मा इन्द्रिगणद्वारा चालित भएर अहम्भावापन्न भएको छ एवं अज्ञानको मायाद्वारा आच्छन्न भएर सुख दुःखादिको भ्रान्तिज्ञानद्वारा कर्मफलको भोग गरिरहेछ।

कुण्डलिनी शक्तिलाई ब्यूँझाउन नसकेमा शास्त्र पढे पनि वास्तविक ज्ञानले सम्पन्न हुनसक्दैन। किनकी यो शक्ति नजाग्दा अर्थात प्रकृति र पुरुष (शिव र शक्ति) को संयोग हुन पाएन भने जन्म र मृत्युको चक्र चलिरहन्छ। जब यसको योग हुन्छ तब अमरत्व वा मोक्षको प्राप्ति हुन्छ र वेदले यसैलाई स्वीकार गर्दै भनेको छ यसलाई जानेर नै मृत्युलाई पार गर्न सकिन्छ, यसबाहेक अन्य कुनै उपाय छैन।

मूलाधारस्थित कुण्डलिनी शक्ति जबसम्म बिउँझँदैन तबसम्म मन्त्रजप र यन्त्रादिद्वारा पूजार्चना गरेको निष्फल हुन्छ। यदि पुण्यको प्रभावद्वारा यी शक्तिदेवी बिउँझिन् भने मन्त्र–जपादिका सबै फल सिद्ध हुनसक्छन्।

मुलाधार चक्र (Root plexus) को नसाहरूले शरीरको सबैभन्दा तल्लो भागमा उर्जा सप्लाई गरिरहेको हुन्छ, जसले गर्दा ती तन्तुहरू नियन्त्रणमा हुन्छन्। यसमा गडबडी भयो भने सियाटीका, हड्डी कमजोर हुने आदि लक्षण देखापर्दछन्।

योग शास्त्रले यसलाई चेतन शक्तिको प्राण ऊर्जा केन्द्र भनिन्छ। जसको जीवनमा भोग सम्भोग र निद्रा प्रधान छ भने यो चक्र नजागेको अवस्थामा छ। यसलाई जगाउन योग आसान प्रणायाम र नियमित रूपले त्यस क्षेत्रमा ध्यान केन्द्रित गर्नाले यो जाग्रत हुन्छ। यो चक्र जागेको मानवमा वीरता, निर्भीकता, सक्रियता र आनन्दको भाव हुन्छ र अतीन्द्रिय दिव्य ज्ञानको गुप्त भण्डार साधकले पाउँछ। मस्तिष्कको प्राण विद्युतीयशक्तिको आपूर्ति यसै केन्द्रको माध्यमबाट हुन्छ। मूलाधार चक्रमा स्थित कुण्डलिनी शक्तिलाई आदि शंकराचार्यको भनाइअनुसार सावित्री भनिन्छ।

वैज्ञानिकले मुलाधार चक्रको सम्बन्ध प्रजनन ग्रन्थिसँग जोडेको छ। यो कामवासनाको शक्ति केन्द्र हो। साधकले योग साधनाबाट नियन्त्रन एवं परिष्कृत गरेमा उच्चस्तरीय शक्तिको स्वामी बन्न सक्छन्।

### २. स्वाधिष्ठान चक्रः



चित्र३

यो लिङ्गको नजिक हुन्छ। यो शरीरको जल तत्त्वसँग जोडिएको हुन्छ जसले गर्दा रगत, इन्डोर्क्राईनिन ग्ल्यान्ड आदिलाई नियन्त्रण अर्थात् सन्तुलन गर्दछ। यसमा प्रोष्टेट, किड्नी, ब्लड क्यान्सर, तल्लो ढाड दुख्ने आदि रोग लाग्नबाट बचाउने शक्ति हुन्छन्। यो चक्र निष्क्रिय हुँदा कामवासना, मनोरञ्जन मोज मस्तीमा बढी समय बित्छ। यसलाई जीवनी शक्तिको केन्द्र पनि भनिन्छ।

वैज्ञानिकले एड्रिनल ग्रन्थिलाइ स्वाधिष्ठान चक्र मानेका छन्। यसले वीर्य रक्षागर्ने गर्छ। जीवन शक्तिको पोषणको प्रमुख केन्द्र हो। स्वाधिष्ठान

चक्रको साधना गर्ने साधकले कामवासनामा नियन्त्रण गर्न सकिन्छ । साधक ब्रह्मचारी हुन्छ । स्वाधिष्ठान चक्रमा रूद्र नै अग्नि बनेर निवास गर्छन् । यस चक्रलाई भेदन गर्ने साधक पञ्चविद्यामा निष्णात हुन्छन् । सूक्ष्म शरीरमा व्याप्त समस्त दैहिक र दैविक दोषको नष्ट गर्नमा सक्षम हुन्छन् । यो चक्र जाग्दा मानिसमा सृजनात्मकताको वृद्धि हुन्छ । यो चक्र सक्रिय बनाउनको लागि लिङ्गको मूलमा ध्यान दिइ योगासन प्रणायाम र ध्यान गर्नुपर्छ ।

**३. मणिपुर चक्र :**



चित्र ४

यो चक्र शरीरमा हृदयको तल्लो नाभिको मूलमा हुन्छ । मणिपुर चक्र (Solar plexus) शरीरको अग्नि तत्त्वसँग सम्बन्धित छ । मणिपुर चक्रले शरीरको अग्नि तत्त्वलाई बलियो बनाउँछ र नियन्त्रण गर्दछ । यसले शरीरको चिनी पदार्थलाई जलाउँछ र चिनी रोग (diabetes) निको पार्न मद्दत गर्दछ । यसबाट सप्लाई हुने शक्तिबाट pancreas endocrine system, spleen, liver, stomach, intestine, diges-tive system आदि बलियो हुन्छ ।

प्राण ऊर्जाको केन्द्र भएकोले वैज्ञानिकले यसलाई सोलर प्लेक्सस र पाचन संस्थानसँग जोडेकाले यसलाई एपीगैस्ट्रियल प्लेक्सस भनिन्छ । यसको सम्बन्ध शरीरमा स्थित पैंक्रियाज ग्रन्थिसँग पनि छ । शरीर वैज्ञानिकले रिसर्चको निष्कर्षमा भनेका छन् । नाभि स्थानमा स्थित चैतन्य केन्द्रको सम्बन्ध स्नायु तन्त्रसँग हुन्छन् ।

यो चक्र निष्क्रिय हुने व्यक्ति तृष्णा, घृणा, इर्ष्यामा रहन्छ । यो सक्रिय हुने व्यक्ति खुसी र उत्साहले भरिएको हुन्छ । यो चक्र सक्रिय बनाउनको लागि नाभिचक्रमा ध्यान दिई योगासन प्रणायाम र ध्यान गर्नुपर्छ ।

**४. अनाहत चक्र :**



चित्र ५

यो प्रेम र करुणाको चक्र हो । शरीर वैज्ञानिकले यो चक्र थायमस ग्लान्डको आसपास स्थित मानेका छन् । यो शरीरको वायु शक्तिसँग जुडेको हुन्छ । यसले शरीरको सबै अङ्गमा अक्सिजन पुऱ्याउँछ । मुटु र फोक्सोको नली बन्द हुन नदिन मद्दत गर्दछ । जसले गर्दा heart attack, छाती दुख्ने, ब्लड प्रेसर आदि हुँदैन । यो निष्क्रिय भएमा डर, घृणा हुन्छ । यो चक्र सक्रिय बनाउनको लागि छातीमा ध्यान दिई योगासन प्राणायम र ध्यान गर्नुपर्छ ।

**५. विशुद्ध चक्र :**



चित्र ६

कण्ठमा सरस्वतीको बास हुन्छ । यो आकाश तत्त्वसँग सम्बन्धित छ । जुन वायु पिनास, कान भित्रका खाली ठाउँ र फोक्सोका खाली ठाउँहरूमा रहेको हुन्छ । शरीरको गर्दनमा हुने ग्रन्थिलाई थायराइड ग्लान्ड भनिन्छ । वैज्ञानिकको भनाइअनुसार शरीरको पाचन प्रक्रियाको नियन्त्रनमा थायराइड ग्लान्डको भूमिका हुन्छ । थायराइड ग्लान्डले मनको चञ्चलतालाई पनि नियन्त्रण गर्छ । यसको शक्तिबाट दमको रोग, क्रोध नियन्त्रण, बोल्ने शक्ति, सुन्ने शक्ति र सञ्चार शक्तिको विकास हुन्छ । निष्क्रिय हुँदा अरूलाई दोष लगाउने र कुरा काट्ने प्रवृत्ति हुन्छ । यो चक्र सक्रिय बनाउनको लागि कण्ठमा ध्यान दिई योगासन प्रणायाम र ध्यान गर्नुपर्छ ।

**६. आज्ञा चक्र :**



चित्र ७

दुइ आँखीभौंको बीचमा हुन्छ । आज्ञा चक्रलाई दिव्यदृष्टि वा तेस्रो आँखा पनि भनिन्छ । शरीर वैज्ञानिकले आज्ञा चक्रलाई पीनियल ग्रन्थिलाई मानेका छन् । जसलाई मास्टर ग्लान्ड पनि भनिन्छ । यस ग्रन्थिबाट निस्कने रसायनले सम्पूण शरीरको ग्रन्थिलाई प्रभावित र नियन्त्रित गर्दछन् । पीनियल ग्लान्डको परिष्कारले शारीरिक र मानसिक रोगको निराकरण हुन्छ । मनमा आउने आवेगलाई नाश गर्ने यो केन्द्र जागृत भएपछि साधकलाई ऊर्ध्वरेता र दिव्य दर्शनको क्षमता प्रदान गर्दछ । तेस्रो नेत्र जब खुल्छ तब गुप्त र प्रसुप्त अतिन्द्रीय शक्तिको विशेष ज्ञान साधकलाई प्राप्त हुन्छ । यस्तो व्यक्ति जुनसुकै क्षेत्रमा प्रगति गर्नसक्छन् । भगवान शंकरले कामदेवलाई भष्म गर्ने, अग्नि रूप तेस्रो नेत्र भृकुटी स्थानमा स्थित आज्ञा चक्र नै हो । जागृत भयो भने ज्ञानको

सागर खुल्दछ। यसलाई शिवनेत्र पनि भनिन्छ। यो सक्रिय भयो भने तेस्रो माईग्रेन (Migraine) ठीक गर्दछ र नर्भस सिस्टम (Nervous system) बलियो हुन्छ। यो चक्र निष्क्रिय हुने व्यक्ति रीसाहा हुन्छ । यो चक्र सक्रिय हुने व्यक्ति बौद्धिक रूपले सम्पन्न हुन्छ। यो चक्र सक्रिय बनाउनको लागि तेस्रो नेत्रमा ध्यान दिई योगासन प्राणायाम र ध्यान गर्नुपर्छ।

**७. सहस्रार चक्र :**



चित्र ८

यो मस्तिष्कको मध्य भागमा हुन्छ। जागृत भएपछि मानिस शान्त, आनन्दित, भित्रभित्रै गद्गद् भैरहेको हुन्छ। उसलाई कुनै दुःखले छुँदैन, न त सुखको नै उत्तेजनामा लाग्छ। यो अवस्थामा मानिसले संसार र अध्यात्म दुवैको बोध प्राप्त गर्दछ। अझ भनौं भने यो मानव जन्मको मुक्तिको अवस्था हो । Enlightenment को अवस्था हो, नरबाट नारायणको अनुभूति हो, सत्कर्मको यात्रा हो । त्यसैले कुण्डलिनी जागरणद्वारा सबभन्दा तल्लो उर्जा शक्तिलाई वृढि गरी सहस्रसम्मको उर्जाको अनुभूतिबाट मात्र मानिसमा सकारात्मक सोचको विकास हुन्छ। पढेको र सुनेको भरमा सकारात्मक सोच हुनुपर्दछ भनेर मात्र व्यवहारिकरूपमा सकारात्मक सोचको विकास हुँदैन। यो चक्र सक्रिय भएको व्यक्ति संसार सन्यास र सिद्धिको मतलब गर्दैन सधैं आनन्दमय रहन्छ। यो चक्र सक्रिय बनाउनको लागि टुपी नजिक ध्यान दिई योगासन प्राणायाम र ध्यान गर्नुपर्छ।

अन्त्यमा, शक्तिले हाम्रो शरीर, भाव र विचारलाई प्रभाव पार्दछ। कुण्डलिनी जागरणको लागि हाम्रो शरीरमा भएको ७२ हजार नाडीहरू शुद्ध र पुष्ट हुनु आवश्यक छ। ७२ हजार नाडीहरूमध्ये प्रमुख नाडी तीन छन्– इडा, पिंगला र सुषुम्ना।

**सुषुम्ना नाडी –** नाभिको मूलाधार चक्रको तल सर्प आकारको साढे तीन अङ्गुलको सुषुप्त अवस्थामा रहेको हुन्छ। कुण्डलिनी शक्ति पहिले जागृत हुने बेलामा शरीरमा कम्पको महसुस हुन्छ। साधकले निरन्तर साधना एवं अभ्यासबाट जब कुण्डलिनी जागृत हुन्छ, तब त्यो माथितिर बढछन्। त्यस समय सुषुम्ना नाडी, प्राणवायुको लागि राजपथ बन्छन्। प्राणवायु, सुषुम्ना नाडीमा सुखपूर्वक बहन्छन्। योगी लागि कुनै किसिमको भय हुँदैन। योगाचार्यको भनाइअनुसार बिनासुयोग्य गुरुको देखरेख बिनाकुण्डलिनी जागृतको प्रयास गर्नुहुँदैन।

तन्त्रशास्त्रमा पनि सुषुम्ना नाडीको महिमा वर्णन गरेको पाइन्छ। यसलाई शून्य पदवी, ब्रह्मरन्ध, महापथ, श्मशान, शाम्भवी, मध्यमार्ग आदि नाम दिएका छन्। कुण्डलिनी जागरणमा महामुद्राको विशेष विधान छ। यी महामुद्रालाई आदिनाथ आदि सिद्धिप्राप्त गरेकाले प्रकट गरेको हो। यस महामुद्राबाट पञ्च महाक्लेष– अविद्या, अस्मिता, राग, द्वेष र अभिनिवेश रूपी शोक-मोह आदि नष्ट हुन्छन्। ध्यानलाई गहिर्याउँदै गएपछि एक चक्रबाट अर्को चक्रमा प्रवेश गर्दै सहस्रार चक्रसम्म पुग्छन्। कुण्डलिनी जागृत भएपछि जब माथि उठछन् शरीरको सबै चक्र खुलछन्। ब्रह्म ग्रन्थि, विष्णु ग्रन्थि र रुद्र ग्रन्थि खुल्छन्, तथा शरीरमा स्थित षट्चक्र पूर्ण विकसित भई खुल्छन्।

ईडा र पिंगला नासिकाका दुवै छिद्रहरूसँग जोडिएका हुन्छन् जुन प्राणवायुको मार्गमा स्थित छन्। शरीरको दायाँ र बायाँ नासारंध (नाक) मा ईडा र पिंगला नाडी हुन्छन्। मेरुदण्डको बीचमा सुषुम्ना नाडी हुन्छ। यी नाडीमा प्राणवायु सञ्चालन हुन्छन्। ईडा नाडी चल्नुको अर्थ हो, बायाँ नाकबाट श्वास चल्नु र पिंगला नाडी चल्नुको अर्थ हो, दाहिने नाकबाट श्वास चल्नु। कुन समय कुन नाडी चलेका छन्, यसको अनुभव नासिकाको छिद्रमा औँला राखेर थाहा पाउँन सकिन्छ।

यी नाडी चल्ने क्रम यसप्रकार छन्– शुक्ल पक्षमा पहले तीन दिनसम्म चन्द्र नाडी चल्छन् भने त्यसपछि तीन दिनसम्म सूर्य नाडी चल्छन्। फेरि तीन दिनसम्म चन्द्र नाडी र त्यसपछि तीन दिन सूर्य नाडी चल्छन्। यसैप्रकारबाट प्रत्येक दिन यी नाडीको क्रमबद्ध उदय एवं अस्त हुन्छन्। दुवै नासिकाबाट सास चल्नुको अर्थ के हो भने त्यो समयमा सुषुम्ना क्रियाशील छ। यी समस्त नाडीहरूको क्रमबद्ध सञ्चालन गर्ने शक्तिलाई कुण्डलिनी शक्ति भनिन्छ। ईडा (चन्द्र) र पिंगला (सूर्य) नाडीबाट प्राणवायुको अभ्यास गर्ने व्यक्ति, स्वरोदय शास्त्रको अनुसार, त्रिकालदर्शी हुन्छन्। अर्थात भविष्यको ज्ञान प्राप्त हुन्छ। यी नाडीबाट शुभ-अशुभ, कुनै कार्य सिद्ध हुने वा नहुने ज्ञान प्राप्त हुन्छ। यी कुरा स्वरोदयशास्त्रमा चर्चा गरिएको छ। Subtle-energy-body-Prana शुभ कर्ममा चन्द्र वा ईडा नाडी चल्नु तथा रौद्र कर्ममा (सूर्य) पिंगला नाडी चल्नु राम्रो मान्छन्।

**षट्चक्र एवं ग्रह**

| क्र. सं. | षट्चक्र | अधिष्ठात्र देवता | कारक देवता |
|---|---|---|---|
| १) | मूलाधार | गणेश | बुध |
| २) | स्वाधिष्ठान | विष्णु | शुक्र |
| ३) | मणिपूर | रुद्र | रवि |
| ४) | अनाहत | रुद्र | मंगल |
| ५) | विशुद्ध | रुद्र | चन्द्र |
| ६) | आज्ञा | रुद्र | गुरु |

(चित्र : लेखक)

# नेपालको वैदेशिक व्यापार



सबिन ख्याजू

नेपालको अर्थतन्त्र आत्मनिर्भर हुन सकिरहेको छैन । अन्तर्राष्ट्रिय व्यापारमा नेपालको व्यापार घाटा हरेक वर्ष बढ्दो क्रममा छ । वैदेशिक व्यापारको आकारमा भएको वृद्धिअनुसार निर्यातको हिस्सा बढ्न सकेको छैन । आ.व. २०७५/७६ मा निर्यातको कुल गार्हस्थ उत्पादनसँगको अनुपात २.८ प्रतिशत र कुल व्यापारमा निर्यातको अंश ६.४ प्रतिशत रहेको छ । नेपालमा लगभग सम्पूर्ण वस्तु आयात हुने गरेको छ । आखिर व्यापार घाटाको कारण के हो ? प्रत्येक नागरिकको टाउकोमा ऋणको भार प्रत्येक वर्ष किन थपिन्दै छ ? नेपाल औद्योगिकीकरणतिर किन अगाडि नबढेको होला ? के देशको आर्थिक नीति नै असफल भएको हो ? के नेपाल आत्मनिर्भर हुन सक्दैन ? यी र यस्ता प्रश्नहरू सचेत नेपालीको मनमा खेलेको हुनुपर्दछ ।




## नेपालबाट निर्यातको अवस्था

आ.व. २०७६/७७ मा नेपालबाट आठ सयभन्दा बढी वस्तुहरू विदेश निर्यात भएको तथ्याङ्क छ । नेपालबाट निर्यात हुने वस्तुहरूमा कच्चा मालसामान र कृषिसँग सम्बन्धित खाद्यतत्व मात्र भएको तथ्याङ्क छ । धेरै आयतन र थोरै मूल्यको वस्तु निर्यातको डोकोमा हुनु नकारात्मक कुरा त होइन तर थोरै आयतन र धेरै मूल्यको वस्तुलाई तुलनात्मक रूपमा प्राथमिकतामा पर्ने गर्दछ । नेपालको उत्पादन विदेशमा निर्यात हुने वस्तुहरूमा पाम तेल, भटमासको तेल, प्रशोधित धागो, उनी गलैंचा, कपडा, अलैंची, फलफूलको जुस, जुट, चिया आदि प्रमुख हुन् ।

नेपालबाट निर्यात हुने प्रमुख वस्तुहरूको अवस्था (रूपैयाँ अर्बमा)

| Product | Unit | Quantity | | Export Value | | % Change | | Share in Total Export (%) | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | FY 2075/76 | FY 2076/77 | FY 2075/76 | FY 2076/77 | Quantity | Value | FY 2075/76 | FY 2076/77 |
| Refined Palm Oil | MT | 95,665 | 169,982 | 10.33 | 18.32 | 77.68 | 77.27 | 10.64 | 18.75 |
| Refined Soybean Oil | MT | 20,459 | 94,184 | 2.35 | 12.69 | 360.36 | 440.88 | 2.42 | 12.99 |
| Synthetic Yarns | MT | 37,900 | 29,355 | 9.72 | 7.19 | -22.55 | -26.00 | 10.01 | 7.36 |
| woolen Carpets | SQM | 403,574 | 308,512 | 7.37 | 6.16 | -23.56 | -16.45 | 7.59 | 6.30 |
| Readymade Garments | Million PCS | 10.7 | 8.9 | 5.69 | 4.35 | -17.35 | -23.61 | 5.86 | 4.45 |
| Cardamom | MT | 5,240 | 5,013 | 4.28 | 4.02 | -4.34 | -6.19 | 4.41 | 4.11 |
| Juice | KL | 63,490 | 47,861 | 4.57 | 3.43 | -24.62 | -24.95 | 4.71 | 3.51 |
| Jute Fabric | Million MTR | 84.7 | 82.5 | 3.06 | 3.15 | -2.49 | 3.04 | 3.15 | 3.23 |
| Other Textile (except Cotton, woolen and terry cotton) | Million MTR | 356.0 | 335.3 | 3.42 | 2.87 | -5.82 | -15.92 | 3.52 | 2.94 |
| Tea | MT | 15,044 | 11,185 | 3.20 | 2.78 | -25.65 | -13.14 | 3.30 | 2.85 |
| **Subtotal** | - | - | - | **54.00** | **64.97** | - | **20.31** | **55.61** | **66.49** |
| **Total** | - | - | - | **97.11** | **97.71** | - | - | **100.00** | **100.00** |
| **% share of subtotal** | - | - | - | **55.61%** | **66.49%** | - | - | - | - |

- माथिको तालिकाअनुसार पाम तेलको निर्यात आ.व. २०७५/७६ र २०७६/७७ मा क्रमशः १०.६४ प्रतिशत (१० अर्ब ३३ करोड रूपैयाँ) र १८.७५ प्रतिशत (१८ अर्ब ३२ करोड रूपैयाँ) रहेको थियो ।
- भटमासको प्रशोधित तेलको निर्यात आ.व. २०७५/७६ र २०७६/७७ मा क्रमशः २.४२ प्रतिशत (२ अर्ब ६९ करोड रूपैयाँ) र १२.९९ प्रतिशत (१२ अर्ब ६९ करोड रूपैयाँ) रहेको थियो ।
- प्रशोधित धागोको निर्यात आ.व. २०७५/७६ र २०७६/७७ मा क्रमशः १०.०१ प्रतिशत (९ अर्ब ७२ करोड रूपैयाँ) र ७.३६ प्रतिशत (७ अर्ब १९ करोड रूपैयाँ) रहेको थियो ।
- उनी गलैंचाको निर्यात आ.व. २०७५/७६ र २०७६/७७ मा क्रमशः ७.५९ प्रतिशत (७ अर्ब ३७ करोड रूपैयाँ) र ६.३० प्रतिशत (६ अर्ब १६ करोड रूपैयाँ) रहेको थियो ।
- तयारी कपडाको निर्यात आ.व. २०७५/७६ र २०७६/७७ मा

क्रमशः ५.८६ प्रतिशत (५ अर्ब ६९ करोड रूपैयाँ) र ४.४५ प्रतिशत (४ अर्ब ३७ करोड रूपैयाँ) रहेको थियो ।

## नेपालमा आयातको अवस्था

विदेशबाट नेपालमा कुल आयात हुनेमा निकै थोरै वस्तुले प्रतिनिधित्व गरेको छ । कम मूल्यका कृषिभन्दा पनि बढी मूल्य पर्ने औद्योगिक वस्तु विदेशबाट नेपालमा आयात हुने गरेको छ । नेपालमा आयात हुने वस्तुहरूमा डिजेल, एम् एस् विलेट, एल.पी. ग्यास, पेट्रोल, हट रोल्ड सिट, तयारी कपडा, चामल, कोइला, पोलिथिन, भटमासको कच्चा तेल आदि हुन् ।

**नेपालबाट आयात हुने प्रमुख वस्तुहरूको अवस्था (रू.अर्बमा)**

| Product | Unit | Quantity | | Value | | Revenue | | % Change in | | | % Share in Total Import | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | FY 2075/76 | FY 2076/77 | FY 2075/76 | FY 2076/77 | FY 2075/76 | FY 2076/77 | Qty | Value | Revenue | FY 075/76 | FY 076/77 |
| Diesel | KL | 1,718,955 | 1,500,273 | 119.89 | 87.38 | 29.61 | 29.72 | -12.72 | -27.12 | 0.38 | 8.45 | 7.30 |
| MS Billet | MT | 1,188,485 | 888,727 | 66.96 | 42.24 | 12.29 | 7.76 | -25.22 | -36.93 | -36.89 | 4.72 | 3.53 |
| LP Gas | MT | 428,840 | 451,029 | 35.55 | 30.73 | 6.63 | 5.73 | 5.17 | -13.55 | -13.55 | 2.51 | 2.57 |
| Petrol | KL | 567,288 | 512,712 | 35.55 | 28.37 | 17.87 | 17.08 | -9.62 | -20.21 | -4.39 | 2.51 | 2.37 |
| Hot Rolled Sheet | MT | 431,142 | 425,054 | 28.76 | 24.46 | 5.18 | 4.28 | -1.41 | -14.95 | -17.48 | 2.03 | 2.04 |
| Ready-made Garment | Million PCS | 206.37 | 143.11 | 31.06 | 23.46 | 10.43 | 7.71 | -30.66 | -24.46 | -26.09 | 2.19 | 1.96 |
| Rice | MT | 489,445 | 410,924 | 24.63 | 22.24 | 1.94 | 1.85 | -16.04 | -9.71 | -4.69 | 1.74 | 1.86 |
| Other Coal | MT | 1,664,410 | 1,337,213 | 26.26 | 19.25 | 4.90 | 3.59 | -19.66 | -26.71 | -26.72 | 1.85 | 1.61 |
| Polythene Granules | MT | 155,754 | 154,296 | 22.49 | 19.03 | 4.52 | 3.79 | -0.94 | -15.38 | -16.05 % | 1.59 | 1.59 |
| Crude Soybean Oil | MT | 151,583 | 199,536 | 13.43 | 18.72 | 3.00 | 3.04 | 31.64 | 39.42 | 1.04 % | 0.95 | 1.56 |
| Subtotal | | | | 404.58 | 315.88 | 96.37 | 84.54 | | -21.92 | -12.27 | 28.52 | 26.39 |
| Total | | | | 1418.53 | 1196.80 | 362.75 | 305.19 | | -15.63 | -15.87 | 100.00 | 100.00 |

- डिजेलको आयात आ.व. २०७५/७६ र २०७६/७७ मा क्रमशः ८.४५ प्रतिशत (१ खर्ब १९ अर्ब ८९ करोड रूपैयाँ) र ७.३० प्रतिशत (८७ अर्ब ३८ करोड रूपैयाँ) रहेको थियो ।
- एम.एस्. विलेटको आयात आ.व. २०७५/७६ र २०७६/७७ मा क्रमशः ४.७२ प्रतिशत (६६ अर्ब ९६ करोड रूपैयाँ) र ३.५३ प्रतिशत (४२ अर्ब २४ करोड रूपैयाँ) रहेको थियो ।
- एल्.पी. ग्यासको आयात आ.व. २०७५/७६ र २०७६/७७ मा क्रमशः २.५१ प्रतिशत (३५ अर्ब ५५ करोड रूपैयाँ) र २.५७ प्रतिशत (३० अर्ब ७३ करोड रूपैयाँ) रहेको थियो ।
- पेट्रोलको आयात आ.व. २०७५/७६ र २०७६/७७ मा क्रमशः २.५१ प्रतिशत (३५ अर्ब ५५ करोड रूपैयाँ) र २.३७ प्रतिशत (२८ अर्ब ३७ करोड रूपैयाँ) रहेको थियो ।
- हट रोल्ड सिटको आयात आ.व. २०७५/७६ र २०७६/७७ मा क्रमशः २.०३ प्रतिशत (२८ अर्ब ७६ करोड रूपैयाँ) र २.०४ प्रतिशत (२४ अर्ब ४६ करोड रूपैयाँ) रहेको थियो ।




## नेपालको अर्थतन्त्र विकासका केही पक्षहरू :

□ **न्यून उत्पादन**

नेपालको कृषि परम्परागत शैलीको छ । नवीन प्रविधिको प्रयोग निकै न्यून छ । जसकारण कृषि उत्पादन र उत्पादकत्व विश्वको औसतभन्दा कम छ । नेपालीको आधारभूत माग पनि देशभित्रको उत्पादनले पूर्ति गर्न सकेको छैन । ६५.५ प्रतिशत जनता कृषि पेशामा आबद्ध हुँदा पनि खानलाई पुग्ने उत्पादन गर्न सकेको छैन ।

विदेशबाट आयात हुने वस्तुहरू देशभित्रै उत्पादन गर्ने र आयात प्रतिस्थापन गर्ने उद्देश्यसहितको अभियानलाई तीव्रता दिनु आवश्यक छ । कृषिमा उन्नत जातको बीउ, उपयुक्त सिँचाइ, रासायनिक र प्राङ्गारिक मल, रोग-कीरा व्यवस्थापन, यन्त्रको प्रयोग आदिको उच्च महत्त्व रहन्छ । यसकारण उत्पादन न्यून हुनु स्वभाविक हो । साथै, नेपाली युवा वर्ग रोजगारीको सिलसिलामा विदेश पलायन भएका कारण वा फेरिएको उपभोक्तामुखी जीवनशैलीका कारण नेपालको खेतीयोग्य जमिन बाँझो हुने क्रममा वृद्धि भएको तथ्याङ्क छ । औद्योगिकीकरणले तीव्रता पाउन नसक्नाले औद्योगिक वस्तुहरूको उत्पादन पनि कमजोर अवस्थामा छ । यसकारण औद्योगिक वस्तुले निर्यातमा ठूलो भाग ओगट्न सकेको देखिएन ।

□ **कमजोर विज्ञान र प्रविधि**

नेपाल कलकारखानाको विकासमा पछाडि छ । गैर-कृषि वस्तुहरू अर्थात औद्योगिक सामानहरूको उत्पादनले गति लिन सकेको छैन । नेपालमा पेट्रोलियम पदार्थ, ग्यास, जडिबुटी, बहुमूल्य धातुहरूको खानीको सम्भाव्यताको अन्वेषणलाई तीव्रता दिइनु आवश्यक छ । जलविद्युतको धेरैभन्दा धेरै उत्पादन गरी

देशभित्र औद्योगिकीकरण गर्ने र धेरै भएको विद्युतलाई विदेश निर्यात गर्ने प्रबन्ध गर्ने सोच राख्न सकेमा धेरै विकास गर्न सकिन्थ्यो । यसको लागि विज्ञान र प्रविधिको विकास अपरिहार्य हुन्छ ।

सरकारले विज्ञान प्रविधिमा अनुसन्धानको लागि आवश्यक विशेषज्ञ, जनशक्ति र स्रोतसाधनको परिचालन गर्नुपर्ने देखिन्छ । खोज र अनुसन्धानको लागि आवश्यक आधुनिक प्रयोगशालाहरूको निर्माण अनिवार्य शर्त हो । नयाँ विचार, प्रविधि र ज्ञानबारे छलफल, परामर्श र समीक्षालाई तीव्रता दिने र प्रयोगमा ल्याउन सकिनेलाई कार्यान्वयन गर्नु राम्रो हुन्छ । प्रविधिको विकाससँगै औद्योगिकीकरणमा लानु आवश्यक छ । विश्वविद्यालयहरूमा अनुसन्धान पक्षलाई प्राथमिकता दिई कार्यक्रमहरू ल्याउनु राम्रो हुन्छ ।

### □ प्रशोधनलाई कम प्राथमिकता

देशभित्रको कृषि वस्तुको उत्पादनलाई मूल्य अभिवृद्धि गर्न प्रशोधनको उपाय उपयुक्त हुन्छ । कच्चा वस्तुभन्दा प्रशोधित वस्तुको निर्यातले देशको आयमा वृद्धि सम्भव हुन्छ । प्रशोधन उद्योगको स्थापना र विस्तारले रोजगारीमा वृद्धि हुने मात्र नभई निर्यात गर्ने वस्तुमा विविधीकरण गर्न सकिन्छ । मानिस अर्थात उपभोक्ताले विविधीकरण रुचाउने हुँदा विविधीकरणलाई पनि प्राथमिकता दिनसके वस्तुको बिक्रीमा वृद्धि गर्न सकिन्छ । च्याउलाई सुप बनाउन पाउडर बनाउने, अदुवालाई क्याण्डी, सुठो बनाउने, लालीगुराँसबाट तेल उत्पादन गर्ने, जडिबुटीबाट तेल उत्पादन गर्ने वा औषधी बनाउने, फलफूलबाट जुस बनाउने, माछाको सुकुटी वा अचार बनाउने, दूधबाट पनिर, चिज, घ्यू बनाउने आदि कार्यहरू प्रशोधनका उदाहरण हुन् । प्रशोधन कार्यमा लाग्न चाहनेलाई तालिम र स्रोतसाधन जुटाउन सकेमा यो क्षेत्रमा विकास गर्न सकिन्छ ।

### □ भण्डारण क्षमतामा वृद्धि

कृषि वस्तु नासवान वस्तु भएकाले उत्पादनको समयमा भण्डारण प्रमुख समस्या हुन्छ । बाली लिने समयमा भण्डारणको उचित बन्दोबस्त गर्न सकेमा अभावको समयमा मूल्य बढाएर बिक्री गर्न सकिन्छ । नेपालमा बाली लिने समयमा बढी भएको वस्तु सस्तोमा बिक्री गर्न किसानहरू बाध्य हुन्छन् । अरु समयमा त्यही वस्तु महँगोमा खरिद गर्नुपर्ने परिस्थिति आउँछ । यसकारण भण्डारणको पूर्वाधारलाई बलियो बनाउनु त्यत्तिकै महत्त्वपूर्ण पक्ष हो ।

कृषि उत्पादन हुने जिल्लाहरूमा आवश्यकताअनुसारको चिस्यान केन्द्रको स्थापना र सञ्चालन हुनु जरुरी छ । एकल वा बहुबाली चिस्यान केन्द्र सञ्चालनमा ल्याउँदा केन्द्रहरूको सङ्ख्यामा थपिने र रोजगारीमा वृद्धि हुन्छ । जनशक्ति विदेश पलायन हुनबाट केही हद भए पनि रोक्न सकिन्छ । कृषि उपज नोक्सान हुनबाट जोगाउन सकिन्छ ।

कृषि उत्पादन खेर जान नदिई आयातमा न्यूनीकरण गर्न सकिन्छ । बालीको उत्पादकत्व बढाउनुभन्दा बाली लिइसकेपछि हुने नोक्सानको मात्रालाई मात्र घटाउन सकेमा ठूलो फाइदा हुने अनुसन्धानहरूले देखाएको छ । यस सम्बन्धी विज्ञहरूको छलफल-विमर्श र किसान-व्यापारीलाई तालिमको जरुरत छ । ढुवानीमा पनि कोल्ड चेनको अवधारणाअनुसार बन्दोबस्त गर्नु पनि त्यत्तिकै महत्त्वपूर्ण पक्ष हो ।

### □ असफल आर्थिक नीति

विभिन्न समयमा सरकारले आवधिक कृषि रणनीति वा योजनाहरू घोषणा गरेका थिए । तर कुनै पनि योजनाले आशातित सफलता हासिल हुन सकेन । नीति व्यवहारसँग अमिल्दो हुँदा यस्तो असफता हात पर्छ । यसको अर्को कारण भ्रष्टाचार हो । नेपालमा संस्थागत भ्रष्टाचारले संरक्षण पाएको बताइन्छ । भ्रष्टाचारीलाई कारबाही गर्ने व्यक्ति वा निकाय आफै भ्रष्टाचारमा चुर्लुम्म डुबेको छ भने कसरी भ्रष्टाचार न्यूनीकरण होला ? किसानलाई दिइने अनुदानमा सरकारी कर्मचारीले नै ३५ प्रतिशतसम्म कमिशन लिएको समाचार आएको सर्वविदित्तै छ । महँगी र कालाबजारी जतातत्तै व्याप्त छ । सिँचाइको क्षेत्रफल विस्तार नुहुनु, यान्त्रीकरणमा तीव्रता हुन नसक्नु, औद्योगिकीकरणमा मन्द गति, रोजगारीको कम अवसर आदि केही उदाहरण हुन् ।

## निष्कर्ष

हरेक समस्याको समाधान हुन्छ भनेझैँ असफल आर्थिक नीतिलाई सच्याउनु जरुरी छ । भ्रष्टाचारीलाई हदैसम्मको कारबाही हुनु आवश्यक छ । विज्ञान र प्रविधिको प्रगतिलाई प्राथमिकता दिनुपर्दछ । अनुसन्धान कार्यलाई व्यापकता दिनु आवश्यक छ । कृषि उपजको प्रशोधन गरी मूल्य श्रृङ्खलाको नियमअनुसार विकास गर्दै लानु जरुरी छ । सरकारले विभिन्न शीर्षकमा दिने अनुदानलाई व्यवस्थित र वैज्ञानिक तवरले प्रयोग गरिनु आवश्यक छ ।

## सन्दर्भ सामग्री

- Nepal Foreign Trade Statistics. Fiscal Year 2019/20 (2076/77). Department of Customs, Ministry of Finance, Government of Nepal.
- नेपालको वैदेशिक व्यापार प्रवृत्ति, नेपाल राष्ट्र बैंक । २०७६ माघ ।
- कृषि डायरी, २०७८ । नेपाल सरकार ।

तस्बिर : इन्टरनेटबाट

(khyajusabin@gmail.com)

# 'अदालतमा भ्रष्टाचार संस्थागत भयो'

**प्रतिवेदन**

नेपालमा समस्या पन्छाउन, लुकाउन, आफू अनुकूल निष्कर्ष निकाल्न विभिन्न निकायले अध्ययन समिति, छानविन समिति गठन गर्ने र प्रतिवेदन दराजमा थन्क्याउने एक प्रकारको परम्परा छ । यसैक्रममा हालै न्यायपालिकासम्बन्धी एक प्रतिवेदनको व्यापक चर्चा छ ।

गतवर्ष प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरासहित न्यायाधीश तेजबहादुर केसीको इजलासले पत्नीहत्याको अभियोग लागेका सशस्त्र प्रहरी बलका पूर्व डीआईजी रञ्जन कोइरालालाई कैदमा भारी छुट दिने फैसला गरेपछि कानून व्यवसायी वृत्तमा त्यसको चर्को विरोध भएको थियो । त्यसको प्रतिक्रियास्वरूप कानून व्यवसायीहरूको भेलाले पछिल्लो समयका विवादास्पद आदेश र फैसलाहरूको छानविन गर्न माग गरेको थियो ।

यी फैसला र आदेशपछि भएका आलोचना मत्थर गर्न प्रधानन्यायाधीश जबराले अदालतमा हुने अनियमितता रोक्न गएको साउनमा एक समिति बनाउने निर्णय गरेका थिए । यसअघिका अध्ययन प्रतिवेदन गुपचुप राख्दै आएको सर्वोच्चले फेरि एक समिति गठन गरेको हो ।

प्रधानन्यायाधीश जबराले २९ साउन २०७७ मा उक्त समिति गठन गरेका थिए ।

सर्वोच्चको निर्णयमा भनिएको छ, 'विकृतिजन्य कार्य रोक्नका लागि आवश्यक पर्ने कानुन, संस्थागत संरचना तथा उपयुक्त र प्रभावकारी उपाय सुझाउन समितिलाई निर्देशन दिइएको छ । न्यापालिकामा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता, भ्रष्टाचार तथा बिचौलियाबाट हुनसक्ने क्रियाकलाप तथा यसका रोकथामका उपायहरूका सम्बन्धमा यसअघि भएका अध्ययन प्रतिवेदनसमेतको अध्ययन गरी त्यस्ता क्रियाकलापहरू रोक्न कानुनी, संरचनागतलगायतका उपयुक्त र प्रभावकारी उपायहरूसहितको प्रतिवेदन तीन महिनाभित्र पेश गर्न एक समितिको गठन भएको छ ।'

विकृति, बेथितीजस्ता शब्द प्रयोग गरेर छानविन हुने अभ्यास तोड्दै सर्वोच्च अदालतले अनियमितता र भ्रष्टाचार शब्द नै प्रयोग गरेर अध्ययन समिति गठन गरेको हो । विगतमा पनि यस्ता कैयौं समिति गठन भएकाले आलोचकहरूले यसलाई लोकप्रिय हुने परम्परागत काम भनी टिप्पणी गरेका थिए ।

सर्वोच्च अदालतका न्यायाधीश हरिकृष्ण कार्कीको संयोजकत्वमा सर्वोच्चकै अर्का न्यायाधीश प्रकाशमानसिंह राउत, महान्यायाधिवक्ता कार्यालयका नायब महान्यायाधिवक्ता पदमप्रसाद पाण्डेय, बार एशोसिएसनका अध्यक्ष चण्डेश्वर श्रेष्ठ, सर्वोच्च अदालतका रजिष्ट्रार निर्मला पौडेल भट्टराई, सर्वोच्च अदालत बार एशोसिएसनका अध्यक्ष पूर्णमान शाक्य, बार एशोसिएसनका महासचिव लीलामणि पौडेल, सर्वोच्च बारका सचिव ऋषिराम घिमिरे सदस्य रहेको समितिमा सर्वोच्च अदालतका सह-रजिष्ट्रार नारायण रेग्मी सदस्य सचिव थिए ।

त्यस्तै सर्वोच्चका तत्कालीन रजिष्ट्रार (हाल मुख्य रजिष्ट्रार) लालबहादुर कुँवर, सर्वोच्च बारका पूर्व अध्यक्ष खगेन्द्र अधिकारी र पूर्वसचिव शुभनराज आचार्य पनि आमन्त्रित सदस्य थिए ।

समितिले सर्वोच्च अदालतमा **'न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता वा भ्रष्टाचार एवम् बिचौलियाबाट हुनसक्ने क्रियाकलापहरू र त्यसको रोकथामको लागि चाल्नुपर्ने उपायहरूको सम्बन्धमा पेस गरेको प्रतिवेदन'** शीर्षकमा साउन १३ गते बुझाएको छ ।

समितिले प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा र सर्वोच्चका सबै न्यायाधीशको उपस्थितिमा करीब साढे दुई सय पृष्ठ लामो प्रतिवेदन बुझाएको हो ।

तीन महिनाको कार्यादेश पाएको समितिले कोरोना महामारीका कारण करीब एक वर्षमा प्रतिवेदन बुझाएको हो । समितिले कुन कार्ययोजना कहिले कार्यान्वयन गर्ने भन्ने पनि प्रतिवेदनमै उल्लेख गरेको छ ।

प्रतिवेदन बुझ्दै प्रधानन्यायाधीश जबराले प्रतिवेदन सार्वजनिक गर्ने र हुबहु कार्यान्वयन गर्ने बताएका छन् ।

## के छ प्रतिवेदनमा ?

प्रतिवेदनले मुख्यतः चार विषय समेटेको छ । ती हुन् न्यायाधीश नियुक्ति, मुद्दा तोक्ने विषय, बिचौलियाको चलखेल र संवैधानिक इजलासको औचित्य ।

प्रतिवेदनले न्यायाधीश नियुक्ति प्रक्रियालाई विसङ्गतिको प्रमुख कारकको रूपमा औँल्याएको छ ।

'न्यायाधीशको नियुक्तिको सिफारिस गर्ने कर्तव्य न्याय परिषद्मा रहेको र न्याय परिषद्ले न्यायाधीश पदमा नियुक्तिको सिफारिस गर्दा कानूनले तोकेको मापदण्डको आधारमा भन्दा पनि मनोगत आधारमा सिफारिस गर्ने गरेको कारण न्यायाधीशको नियुक्ति प्रायः विवादित बन्ने गरेको देखिन्छ ।'

प्रतिवेदनमा न्यायाधीश नियुक्तिको प्रक्रियाबाटै न्यायपालिकाको सुधार हुनुपर्ने खाँचो औँल्याएको छ । नियुक्ति प्रक्रियामा राजनीतिक व्यक्ति हाबी हुने, क्षमतावान् व्यक्ति बाहिरै

रहने, कानुन व्यवसायमा असफल व्यक्तिले मात्र न्यायाधीशमा रुचि राख्नेजस्ता विषयलाई प्रतिवेदनमा समेटेको छ ।

न्याय परिषद्मा राजनीतिक प्रतिनिधित्वसमेत रहने भएकाले नियुक्ति प्रक्रिया निष्पक्षसमेत नरहेको प्रतिवेदनमा उल्लेख छ । राजनीतिक हस्तक्षेप हुँदा कतिपय योग्यतम् व्यक्तिहरू न्यायाधीश बन्न नै अनिच्छुक रहेको प्रतिवेदनमा उल्लेख छ । समितिले प्रधानन्यायाधीशको न्याय परिषद्को प्रतिनिधित्वको विषय पनि समेटेको छ । प्रतिनिधित्व पुनर्विचारका लागि प्रतिवेदनमा सुझाव दिइएको छ ।

'न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता वा भ्रष्टाचार एवम् विचौलियाबाट हुनसक्ने क्रियाकलापको प्रमुख कारकतत्व न्यायाधीशको नियुक्ति बन्दै आएको छ' प्रतिवेदनमा ठहर गरिएको छ ।

समितिले न्यायाधीशको सरुवा र काज, न्यायाधीशमाथिको कारबाहीमा असमानता, विचौलियाका कारण भ्रष्टाचार बढेको औंल्याएको छ ।

यसैगरी प्रतिवेदनमा पेसी व्यवस्थापनलाई 'अटोमेसन'मा लैजान सुझाव दिइएको छ । अटोमेसनमा लैजाने प्रक्रिया सुरु नहुँदासम्म गोला प्रथामा जान सुझाव दिइएको छ । 'न्यायाधीशले पेसी तोक्दा कतिपयमा न्यायाधीश रोज्ने गरेका गुनासा छन् । स्वार्थ जोडिएका कुरा पनि सार्वजनिक हुने गरेका छन् । यसर्थ पेसीलाई 'अटोमेसन'मा लैजानुपर्छ । त्यो नहुँदासम्म गोला प्रथामा जान उपयुक्त हुने सुझाव' प्रतिवेदनमा दिइएको छ ।

'पूर्णकालीन पेशेवर विचौलियाहरूको पनि न्यायालयमा व्यापक प्रभाव रहेको देखिन्छ ।' 'विचौलियाहरूले न्यायाधीश र मुद्दाका पक्षहरू बीच भ्रष्टाचारका निमित्त सम्पर्क सूत्रको रूपमा काम गरेको देखिन्छ ।'

त्यसैगरी विचौलिया नियन्त्रणमा पनि समितिले सुझाव दिएको छ । अदालत प्रवेशदेखिकै सबै तथ्याङ्कलाई व्यवस्थित गर्नुपर्ने सुझाव प्रतिवेदनमा छ । अदालत प्रवेश गर्नेदेखि कर्मचारीसम्मको निगरानीको सुझाव प्रतिवेदनमा छ । न्यायाधीशहरूको सामूहिक आवास भएमा अनुचित प्रभाव पार्ने व्यक्तिहरू सम्पर्कमा आउन असम्भव हुने भन्दै उक्त परिकल्पना अगाडि बढाउन उपयुक्त हुने सुझाव प्रतिवेदनमा छ ।

न्यायिक नेतृत्व आचरणमा रहे सुधारमा उल्लेख्य सहयोग पुग्ने छ । 'न्यायाधीशदेखि अदालतका कर्मचारी, न्यायाधीशका परिवारका सदस्य, सरकारी र निजी वकिलसमेत विचौलियाको भूमिकारहेको'समेत प्रतिवेदनमा औंल्याइएको छ । ठूला ठूला विचौलिया अदालतबाहिर नै सक्रिय हुने र मुद्दा मिलाउने हुँदा त्यसको कडाइमा ध्यान दिन भनिएको छ ।

प्रतिवेदनमा भनिएको छ, 'कतिपय न्यायाधीश, कानुन व्यवसायीले विचौलियाको भूमिका खेले । नेतृत्वको आचरणले पनि शुद्धिकरणमा सहयोग पुऱ्याउँछ । न्यायाधीश, कर्मचारीलाई सामूहिक आवासको व्यवस्था गरे भ्रष्टाचार न्यूनीकरण हुन्छ । भ्रष्टाचारमा मुछिए सेवाबाट हटाउन सुझाव छ ।'

राजनीतिकर्मी, सञ्चारकर्मी, कानुन व्यवसायीले समेत विचौलियाको काम गरेको बताइएको छ । उनीहरूलाई न्यायाधीशको पहुँचबाट रोक्नुपर्ने समितिको सुझाव रहेको छ ।
समितिले संवैधानिक इजलासको प्रभावकारितामा पनि प्रश्न उठाएको छ । हाल कायम इजलास प्रभावकारी नभएको भन्दै अन्य मुलुकको अनुभवसमेत हेरेर अदालत बनाउने वा इजलास नै कायम राख्ने विषयमा अध्ययन हुनुपर्ने सुझाव समितिको छ ।

प्रतिवेदनले संवैधानिक परिषदमा प्रधानन्यायाधीशको संलग्नता ठिक हो कि होइन भन्नेबारे पनि अध्ययन गर्न जरूरी भएको उल्लेख गरेको छ ।

'संवैधानिक निकायका नियुक्तिमा प्रधानन्यायाधीश संलग्न हुने हुँदा नियुक्तिविरूद्ध परेका मुद्दा प्रभावित भएको भन्ने गुनासो आएपछि यसबारे अध्ययन गर्नुपर्ने देखिएको छ ।' त्यतिमात्र होइन, न्यायाधीश नियुक्ति र संसदीय सुनुवाइका व्यवस्था प्रभावकारी हुन नसकेकाले छुट्टै अध्ययन गर्नुपर्ने सुझाव प्रतिवेदनले दिएको छ ।

त्यसैगरी समितिले न्यायिक काममा हुने ढिलाइ, न्यायिक प्रक्रियामा हुने अनियमितता, फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनमा हुने कमजोरी, न्यायसम्पादनमा हुने समस्याहरूलाई विकृतिको कारक मानेको छ ।

'प्रहरी अनुसन्धान, सरकारी वकिलको अभियोजन र न्याय परिषद्ले राम्रो काम तदारूकतासाथ गर्न नसकेको' पनि प्रतिवेदनमा औंल्याइएको छ ।

प्रधानन्यायाधीश जबराको एकल निर्णयबाट गठन भएको समितिलाई अनियमितता र भ्रष्टाचार हुनसक्ने क्रियाकलापको अध्ययन गरी रोकथामका उपायसहित प्रतिवेदन पेश गर्ने कार्यादेश दिइएको थियो ।

## "भ्रष्टाचार संस्थागत भयो"

प्रतिवेदनले अदालतमा भ्रष्टाचार संस्थागत भएको औंल्याएको छ । 'कर्मचारीमा घुस लेनदेन बढेको छ । सामान्य फोटोकपी लिन समेत ५०० र एक हजारसम्म लिएको गुनासो समितिको सुझावमा आएको छ । कर्मचारीबाट हुने आर्थिक अनियमितता रोक्न सम्पूर्ण आर्थिक कारोबार बैंकबाट गर्न समितिले सुझाव दिएको छ ।

साथै, तारेख पेसी एक घण्टामा दिनसमेत प्रतिवेदनमार्फत सुझाव दिइएको छ । न्यायिक नेतृत्व इमानदार हुनुपर्नेसमेत समितिले बताएको छ ।

यो ऐतिहासिक प्रतिवेदन बनेको छ । कार्यान्वयन भएमा न्यायपालिकाको रूपान्तरण नै हुनेछ । जनआस्था अभिवृद्धि गर्ने टिप्पणी गरिएको छ ।

(स्रोत विभिन्न पत्रिका)

**वडाध्यक्षको डायरीबाट**

# रक्सी खाने नराम्रो बानी हुँदैमा परिवारले पाटीमा फाल्न ल्याउन पाइन्छ र ?

कुशल

दशैँ सकिएलगत्तै तिहार आयो। यसपाली आमा बित्नु भएकोले दशैँ र तिहार दुवै मनाइएन। त्यसैले घर परिवारमा दशैँ र तिहारको रमाइलो भएन। लक्ष्मी पूजाको दिन थियो। बिदाको दिन परे पनि वडामा टोलवासीको झगडाको विषयमा छलफल गर्नुपर्‍यो भनी फोन आएकोले खाना खाएर वडा कार्यालय जाने तरखर गर्दै थिएँ। मोवाइलको घण्टी बज्यो। एकजना स्थानीय प्रधानाध्यापकले आफ्नो टोलमा आउन अनुरोध गर्नुभयो। मैले आफू वडा कार्यालयमा जान लागेको र केही समस्या भए वडा कार्यालयमा आएर कुरा गर्नसकिने कुरा गरेँ। तर उहाँले अलि जोड गरेर भन्नुभयो, 'टोलको पाटीमा एकजना बिरामी मान्छेलाई परिवारले दुई दिनदेखि बेवारिस छाडेर गएको छ। अन्तिम अवस्थामा रहेको खबर आएको छ। तपाईँ तुरुन्त गएर हेर्नुस्, के भएको हो। दुई दिनदेखि खाएको पनि छैन रे।'

विषयको गम्भीर्यतालाई मध्यनजर गरेर वडा कार्यालय जाने योजनालाई त्यागेर त्यही टोलमा जाने निधो गर्दै बाइक चढ्न खोजेँ। त्यहीबेला अर्को अपरिचित फोन कल आयो।

फोन रिसिभ गर्ने बित्तिकै अवाज आयो, 'वडाध्यक्षज्यू, नमस्कार। तपाईँ यहाँ हाम्रो टोलमा आउनुपर्‍यो। यहाँ पाटीमा बिरामी भएका हरिकृष्ण (नाम परिवर्तन) लाई उसका ससुराले दुई दिनदेखि बेवारिस छाडेर राखेको छ। बिरामी अन्तिम अवस्थामा देखिन्छ। तपाईँ तुरुन्त आएर हेर्नुस्, के भएको हो। दुई दिनदेखि खाएको पनि छैन रे । बोल्न पनि सक्दैन। कसैले वास्ता पनि गरेको छैन।'

मैले उनलाई अरूले पनि त्यस विषयमा जानकारी दिएको खबर गरेँ र त्यहीँ आउन लागेको जानकारी गराएँ। त्यसपछि दुई मिनेटमा नै म त्यस ठाउँमा पुगेँ। म पुग्दा बिरामी पाटीमा सुताएर राखेको देखेँ। एकजना आइमाई बिरामीको स्याहार गर्दै थिइन्। मैले टोलवासीसँग त्यस बिरामीको बारेमा सोधखोज गरेँ।

एकजना प्रौढ व्यक्तिले मलाई भन्नुभयो, 'हेर्नुस् वडाध्यक्ष ज्यू, यहाँ धर्म र नैतिकता भन्ने चिज हराइसक्यो। हेर्नुस् पाटीमा हरिकृष्णलाई उसको सासू र ससुराले दुई दिनअघि पाटीमा फाल्न ल्याए। घरमा उपचार नगरी चिसो छिँडीमा मर्ने भयो भनी राखेको रहेछ। हामी टोलवासीहरू मिलेर उनको घरमा उपचार गर्नको लागि भन्नजाँदा तिमीहरूले नै उपचार गर्नु भनी पाटीमा फाल्न ल्याएका रहेछन्। दुई दिन भयो बिरामीले खान पनि पाएका छैनन्। औषधि उपचारको कुरा त छोडिदिनुस्। तपाईँले परिवारलाई बोलाएर भनिदिनुपर्‍यो।'

मैले त्यस व्यक्तिलाई सोधेँ, 'उसको परिवार छैन र ?' त्यस व्यक्तिले मलाई भन्नुभयो, 'हरिकृष्ण यही टोलकै हरिदास (नाम परिवर्तन) को माइलो छोरा हो। बुबाको पहिल्यै मृत्यु भइसक्यो। आमा कान्छो छोरासँग बस्छ। जेठो छोरा पाण्डु बजारमा बस्छ। २०७२ सालको भूकम्पमा यिनीहरूको घर भत्केकोले कान्छो छोरा र जेठो दुवै भाडामा बस्छन्। हरिकृष्णको श्रीमती पैसा कमाउनको लागि मलेशिया गएको दुई वर्ष भयो। भूकम्पअघि हरिकृष्ण पनि ट्याक्टर चलाउँथ्यो। तर भूकम्पपछि काम गर्न छोड्यो। घर भत्केकोले ससुरालीमा बस्दै आएको छ। छोरी ख्वप मा.वि. मा पढ्छिन्। छोरा कक्षा ३ मा पढ्छ। सासू ससुराले अब उपचार गर्न सक्दिन भनेर पाटीमा फाल्न ल्यायो सर।'

त्यतिन्जेलसम्ममा टोलमा धेरै मान्छे जम्मा भयो। मैले भर्खरको एकजना युवकलाई बिरामीका परिवार बोलाउन अनुरोध गरेँ। टोलवासीहरू बिरामी हरिकृष्णको परिवारको विषयमा कुरा गर्दै थिए। धेरै मान्छे जम्मा भएकोले वातावरण अलि फरक किसिमको देखिन थालिसकेको थियो। यत्तिकैमा एकजना अधबैँसे महिला कराउँदै आइन्।

त्यस आइमाई मलाई हेर्दै भन्न लागिन्, 'हामीले मात्र कति उपचार गर्ने। पहिला पनि बनेपा र धुलिखेल अस्पतालमा तीन चार पटक उपचार गर्न लगिसकेँ। निको पनि पारेर ल्याइसकेँ। निको भएपछि फेरि अत्यधिक रक्सी खान्छ। डाक्टरले कति रक्सी नखानु भनेर सम्झाइसक्यो। हामीले कति रक्सी नखानु बाबु भनेर सम्झाइसकेँ। तर खान छोडेको होइन। सधैँ हामीले मात्र खर्च गर्न सकिन्न नि वडाध्यक्ष ज्यू। छोरीले पनि विदेशबाट पैसा पठाएको छैन। छोरा छोरी दुवैलाई हाम्रै खर्चले पढाइरहेका छौँ। हामीले उपचार गरेको कसैले देख्दैन। उनको परिवार पनि त छन्। दुई दुईजना दाजु भाइ छन्। उनीहरूलाई वास्ता छैन। उनीहरूको पनि त कर्तव्य हो नि। अझ टोलवासीहरू अस्ति मेरो घरमा आएर ज्वाइँलाई मार्न लागेको भनेर गाली गर्न आए। घरमा घाम

पनि आउँदैन । बिरामीलाई घाम ताप्नको लागि पाटीमा ल्याएका हौँ । हामीले बिरामीलाई टोलवासीहरूले भनेजस्तै फाल्न ल्याएको होइन वडाध्यक्ष ज्यू ।'

त्यस आइमाईको कुरा टुङ्गिन नपाउँदै अर्को वडावासीले रिसाएर भन्न थाले, 'घाम ताप्नलाई ल्याएको भए किन राती घरमा सुताउन नलगेको त ? तिमीहरूले उपचारनै नगरी मार्नको लागि चिसो छिँडीमा सुताएको कति दिन भयो ? टोलवासीलाई थाहा छैन र ? त्यस्तो झूट पनि बोल्ने हो वडाध्यक्ष ज्यूको अगाडि । मानवता भन्ने चिज पनि त हुन्छ नि । आफ्नै ज्वाइँलाई पनि जिउँदै मार्ने हो ? ०७२ साल अगाडिसम्म यही ज्वाइँको कमाई हुँदाचाहिँ मनपर्ने अब कमाउन नसक्ने भएपछि मननपर्ने । यस्तो पनि हुन्छ ?'

टोलमा बिस्केट जात्रामाजस्तै मान्छेको भीड जम्मा भइसकेको थियो । परिवार परिवार आएर बिरामीलाई हेर्न आएका थिए भने मलाई पनि मानिसहरूले घेर्न थाले । कोही रमिते भएर हेरिरहे भने कोही ठूलठूलो स्वरमा कराउन थाले । आफू अलि पुड्को भएकोले अग्लो खुड्किलोमा गएर चारैतिर हेरेँ । टोलको वातावरण झगडामा परिणत होलाजस्तै अनुभव गरेँ । मैले वातावरणलाई सहजिकरण गर्दै भीडलाई हटाउनको लागि मेरो अगाडि रहेका मानिसहरूलाई भनेँ, 'मलाई अघि कसले फोन गरेको भन्नुस त ?' एकजना बौद्धिक व्यक्तिजस्तो देखिने भद्र सजनले उत्तर दिनुभयो, 'मैले ।'

मैले ऊतिर हेर्दै जवाफ दिएँ, 'हेर्नुस्, घर परिवारको कुरा पछि वडामा गरौँला । अहिले मुख्य कुरा बिरामीलाई बचाउन तत्काल अस्पताल लानुपर्‍यो । त्यसैले हरिकृष्णाको पहिलाको अस्पतालको कागजात छ भने ल्याउनुस् । म एम्बुलेसलाई बोलाउँछु ।'

मेरो कुरा नसकिँदै सासूचाहिँले कड्किँदै मलाई जवाफ फर्काइन्, 'हेर्नुस्, वडाध्यक्ष ज्यू, तपाइँ उसलाई जहाँसुकै अस्पताल लानुस् । मलाई मतलव छैन । हामी खर्च पनि बेहोर्न सक्दैनौँ । पहिलाको अस्पतालको कागज भए म ल्याइदिन्छु । खर्च हामीले धेरै गरिसकेँ यसलाई । यसलाई उपचार गरेर जस पाउने मान्छे होइन । बाँकी तपाइँको विचार ।'

मैले तुरुन्त फोन गर्ने सज्जनलाई अनुरोध गरेँ, 'सर, यहाँ धेरै मानिसको भीड लाग्यो । अझ यहीँ विवादमा अल्झिने हो भन्ने झगडा हुन बेर छैन । तपाइँ अलि अलि चन्दा अहिल्यै उठाउनुस् । म एम्बुलेन्स बोलाउँछु । पहिला बिरामीलाई जनस्वास्थ्य लगौँ, हुन्न ?'

मैले जनस्वास्थ्यको एम्बुलेन्सको नम्वरमा फोन गरी अलि चाँडो एम्बुलेन्स ल्याउन अनुरोध गरेँ । टोलवासीहरू कापीमा नाम टिप्दै चन्दा उठाउन थाले । मैले पनि रु. ५०० चन्दा दिएँ । मैले चन्दा दिएपछि प्रायः सबैले आफ्नो इच्छाअनुसार चन्दा दिन थाले । कोही कोही वडाध्यक्षले नै चन्दा राखेपछि सबैजसो वडावासीले सकेको जति चन्दा दिनथाले । चन्दा उठाउन थालेको १५ मिनेटमै एम्बुलेन्स आइपुग्यो । बिरामीलाई तुरुन्त जनस्वास्थ्य पुर्‍याए । जनस्वास्थ्यको इमरजेन्सीका डाक्टरले बिरामीको रिर्पोट हेरेर रिसाउँदै कराउन थाल्यो, 'यो बिरामीलाई किन यहाँ ल्याएको । यो कोभिडको बिरामी भनेर थाहा हुँदाहुँदै भक्तपुर अस्पताल नलगी किन यहाँ ल्याएको ? भक्तपुर अस्पताल कोभिड बिरामीको केन्द्र भनी सरकारले तोकेको पनि थाहा छैन कि के हो ? यस्तो लापरवाही पनि गर्ने हो ?'

मैले एकदम नरम स्वरमा डाक्टरलाई जवाफ दिए, 'डाक्टर साहेव, म वडाध्यक्ष हुँ । यो बिरामी दुई दिनदेखि बेवारिस अवस्थामा पाटीमा राखेकोले यहाँ ल्याएको हुँ । कोभिडको बिरामी भन्ने हामीलाई थाहा भएन । तर मैले डा. लासिवलाई फोन गरेर मात्र ल्याएको हुँ । तपाइँ रिसाउनु स्वाभाविक हो । तर नजानिकन भएको गल्ती माफयोग्य हुन्छ । अब के गर्ने ? तपाइँको सल्लाह चाहियो ।'

मेरा नरम स्वरले गर्दा डा. साहेवको रिस अलि कम भएको अनुहारमा देखियो । उहाँले बिरामीलाई भक्तपुर अस्पताल लान अनुरोध गरे । त्यसपछि हामीले एम्बुलेन्समा बिरामी राख्न खोजेँ । तर एम्बुलेन्सको ड्राइभर पनि रिसाएर मसँग कराए, 'वडाध्यक्ष ज्यू, यो कोभिडको बिरामी राख्ने एम्बुलेन्स होइन । तपाईले मलाई ढाँट्नु भयो ।' एम्बुलेन्सको ड्राइभरलाई फोन गर्दा मैले कोभिडको बिरामी होइन भनी भनेको थिएँ । त्यही भएर मसँग ड्राइभर रिसाउनु स्वाभाविक थियो ।

मैले एकदमै नरम स्वरमा ड्राइभरलाई भनेँ, 'हेर्नुस, मलाई कोभिडको बिरामी भन्ने थाहा नभएर नै मैले तपाइँलाई त्यही जानकारी दिएको हुँ । अब कराएर फाइदा छैन । बिरामीलाई जसरी भए पनि अस्पताल लगौँ ।'

ड्राइभर रिसाएर भन्न थाले, 'वडाध्यक्षजस्तो मान्छेले झूट बोलेपछि अरूलाई कसरी विश्वास गर्ने हो । कोभिडले दिनहुँ मानिस मरिरहेको छ । हामीलाई मात्र ज्यानको माया लाग्दैन र ? यसरी पनि जनप्रतिनिधिले दिउँसै झूट बोल्ने पनि हुन्छ र ।' ऊ कराउँदै गर्दा हामीले बिरामीलाई एम्बुलेन्समा राखि सकेका थियौँ । ड्राइभर रिसाउँदै गाडी हाँक्न थाले ।

भक्तपुर अस्पताल बिरामीहरूले खचाखच भरिएको थियो । अस्पतालको मेसुले सीट नभएकोले बिरामी फिर्ता लान भन्न थालिन् । मैले बाटोमा नै यस्तै जवाफको अन्दाज गरिसकेको थिएँ । स्थितिको पूर्वानुमान गरेर मैले मेसुलाई बिरामीको अवस्था र टोलका घटना अवगत गराएँ । साथै अस्पताल

सञ्चालक समितिको सदस्य ज्याख्व सर र अध्यक्षज्यू लाई पनि फोनबाटै स्थितिको अवगत गराइसकेको थिएँ। सायद ज्याख्व सरले पनि मेसुलाई बिरामीको अवस्थाबारे जानकारी गराइसकेकोले होला, एउटा बेड मिलाई दिनुभयो।

बिरामीको उपचार शुरु भयो। हामी इमरजेन्सी कोठाबाट बाहिर आयौँ। मलाई एकजनाले रु. ५६,००० चन्दा उठेको र अझ केही चन्दा उठाउन बाँकी रहेको भन्दै पैसा दिन खोजे। त्यत्तिन्जेलसम्ममा अस्पताल पुगेका हरिकृष्णका भाउजु र भाइलाई अस्पतालमा बस्न अनुरोध गर्दै चन्दाको रकम दिन खोजेँ। तर दुवै जनाले लिन मानेनन्। भाइले भन्नुभयो, 'दाजुको जिम्मा म लिन सक्दिन सर। पैसा कति खर्च हुन्छ ठेगान छैन। घरमा आमा सिकिस्त हुनुहुन्छ। श्रीमती पसलमा बस्नुपर्छ। मेरा छोरा छोरी सानै छन्। त्यसैले म कुरुवा बस्न सक्दिन।'

त्यसपछि मैले भाउजुलाई अस्पतालमा बस्न अुनरोध गरेँ। तर उहाँले भन्नुभयो, 'मलाई नेपाली राम्रोसँग बोल्न आउँदैन सर। घरमा श्रीमान् रक्सी धेरै पिउँछन्। काममा जाँदैनन्। त्यसैले म काममा जानुपर्छ। एक दिन गएन भन्ने जागीरबाट निकाली दिन्छ। देवरको छोरी आएकी छिन्। उसलाई राख्नु पर्ला सर।'

भाउजुको कुरा पनि ठिकै लागेर छोरीलाई बोलाएँ, 'नानु तिमी भए पनि बस्नु है अस्पतालमा। एकजना त कुरुवा हुनुपर्‍यो नि, होइन ?'

नानुले सानो स्वरमा भनिन्, 'सर, मेरो त बोर्ड परीक्षा छ पर्सिबाट, त्यसैले म बस्न सक्दिनँ अस्पतालमा।' परिवारका सदस्यहरूको जवाफ सुनेर म निरास भएँ। हाम्रो समाज कतातिर लाग्दै छ ? नैतिकता, पारिवारिक दायित्व र प्रेम भनेको कहाँ हराउन थाल्यो ? मनमनै आफैसँग सोध्न थालेँ। अर्कोतिर रिसपनि उठ्यो। मैले भाइचाहीँलाई अलि कडा स्वरमा भनेँ, 'परिवारको सदस्य भएर यस्तो पनि जवाफ दिने ? तपाईँले नहेरे कसले हेर्छ ? आज तपाईं बस्नुस्। भोलि भाउजु आउनुहुन्छ। अनि पर्सि छोरी। टोलवासीले त्यत्रो चन्दा उठाइदिएको छ। तपाइँहरूलाई लाज सरम छैन ?' म कराएपछि अरू टोलवासी पनि कराए। केही बेर बसेर पैसा भाइचाहीँको जिम्मा दिई हामी अस्पतालबाट फर्कियौँ।

बेलुका अस्पतालबाट मेसुको फोन आयो। उहाँले बिरामी निकै सिकिस्त भई अन्तिम अवस्थामा पुगेको जानकारी दिनुभयो। सकेसम्म बचाउन कोसिस गरेको र त्यसको लागि क्याबिनमा भर्ना गरेको जानकारी गराउनुभयो। साथै उहाँले आईसीयू खालि भए आजै राति सार्ने जानकारी पनि दिनुभयो। मैले सहयोगको लागि धन्यवाद भन्दै फोन राखिदिएँ। घटना सम्झेर मलाई खाना पनि खान मनलागेन। हाम्रो समाजको स्तर त्यत्ति तलसम्म पुगिसकेकोमा धेरै दुःख लाग्यो। मेरो मनमा विभिन्न प्रश्नहरू उठ्न थाले, 'हरिकृष्णको रक्सी खाने नराम्रो बानी हुँदैमा परिवारले पाटीमा फाल्न ल्याउन पाइन्छ र ? के बिरामीलाई कुर्न परिवारको कोहीसँग समय छैन र ? बुबाको ज्यानभन्दा आफ्नो बोर्ड परीक्षा ठूलो हुनसक्छ र ? आफ्नै श्रीमतीले विदेशबाट पैसा पठाउँदा लोग्नेलाई विश्वास नगरी छोरीलाई पठाउनु भनेको घटिया व्यवहार होइन र ? सासू ससुराले बिरामी ज्वाइँलाई छिटो मार्नलाई चिसो छिँडीमा राख्न हुन्छ र ? हाम्रो समाजको स्तर कति तल झरिसकेको रहेछ। मानवता भनेको कहाँ गयो होला। प्रेम र सद्भाव भनेको कहाँ गयो होला।'

दिउँसो २ बजेको समय थियो। म वडा कार्यालयमा सचिवज्यूसँग हिजोका घटनाबारे छलफल गर्दै थिएँ। मेरो मोवाइलमा अपरिचित कल आयो। अस्पतालको आइसीयुबाट फोन आएको रहेछ। बिरामीलाई रातीनै आइसीयुमा भर्ना गरिएको र बिरामी अन्तिम अवस्थामा रहेकोले मलाई र परिवारको मान्छेलाई अन्तिम पल्ट हेर्न आउनलाई बोलाएको रहेछ। म तुरुन्त अस्पताल गएँ। परिवारको कोही पनि अस्पतालमा रहेनछ। डाक्टरले मलाई बिरामी अब दुई दिन बाच्न पनि मुस्किल हुने जानकारी गराए। बिरामीको पेटमा पानीको मात्रा बढेको र कोभिड शरीरभरि फैलिसकेकोले बचाउन नसकिने जानकारी दिए। कुराकानीभइरहँदा हरिकृष्णका भाउजु, भाइ र छोरी आईपुगे। उनीहरूलाई डाक्टरले भनेको कुरा जानकारी गराएँ। तर उनीहरूको अनुहारमा कुनै गम्भीरता, मलिनता देखिएन। उनीहरूको अनुहारको भावले बिरामी मरेपनि मतलव नभएको स्पष्टै देखिन्थ्यो। मैले उनीहरूलाई भनेँ, 'तपाइँहरू अब हरिकृष्णको अन्तिम अनुहार हेरेर घर जानुहोस्। अब अस्पतालमा बसेर पनि केही फाइदा छैन। आईसीयुमा भित्र पनि पठाउँदैन। केही नयाँ कुरा भए म फोन गर्छु।' भाइचाहीँले मेरो कुरा सुन्नासाथ बील र पैसा मलाई जिम्मा लगाउन आए। मैले पनि सबै बील, कागजात र पैसा लिएँ। उनीहरू सबै घर गए। म पनि एकछिन बसेर डाक्टरलाई केही भए फोन गर्न अनुरोध गरी घर फर्किएँ।

वडाको काम व्यस्तताले गर्दा अस्पतालमा दुई दिनसम्म जान पाइएन। वडावासीहरूलाई फोन गरेर हरिकृष्णको अन्तिम अवस्था भएको जानकारी गराइसकेको थिएँ। हामीहरू टोलवासी र वडा कार्यालयको मिहिनेत खेर जाने भयो भन्ने मानसिकतामा पुगिसकेका थियौँ। तेस्रो दिनको बेलुकीतिर डाक्टरको फोन आयो। बिरामीको पिसाव र दिसा खुलेकोले बिरामी होसमा आएको र अब बाँच्ने आशा पलाएको जानकारी दिनुभयो। ➲

लघुकथा

# लकडाउनले जोगाएको इज्जत

– आर.दिश्ती

कृष्णप्रसाद श्रेष्ठ मध्यम वर्गीय परिवारका थिए। टोलमा तिनको परिवारलाई साहु भनि चिनिन्थ्यो र कृष्णप्रसादलाई पनि कृष्णसाहु भनेर नै सम्बोधान गर्थ्यो। उनका बाबु बाजेहरू त्यसबेला टोल छिमेकमा रवाफका साथ हिंड्थे। टोलका गरिब किसानहरूलाई मान्छे गन्दैनथे। समयको चक्रसँगै समयले कोल्टे फेर्‍यो र तिनीहरूको आर्थिक अवस्था कमजोर हुँदैगयो। कृष्ण साहुका वर्ष १० र १४ का दुई छोराहरू थिए। ती छोराहरूको व्रतबन्ध भएको थिएन। नेवारी परम्पराअनुसार धेरैजसो व्रतबन्ध ५/६ वर्षमै गरिन्थ्यो। त्यसैले छोराहरू ५/७ वर्ष भएदेखि नै उसलाई टोल छिमेकी, नातागोताहरूले छोराहरूको व्रतबन्ध गर्ने होइन ? कहिले गर्ने ? गर्नुपर्‍यो भनिरहन्थे। कृष्ण साहुले दिन आएको छैन भनी टार्थे। तर कृष्ण साहुले दिन (साईत) नआएकोले हैन, व्रतबन्ध गर्न पैसा नभएकोले त्यसो भन्ने गरेको थियो। पैसा छैन भन्यो भने उसको इज्जत जान्छ भन्ने मनमा थियो। ऊसँग पैसा नभएर छोराहरूको व्रतबन्ध नगरेको भन्ने कुरा उसका क्रिश्चियन धर्ममा लाग्ने साथीलाई थाहा थियो। ऊ पनि पैसा नभएर सामाजिक परम्परा र विधिव्यवहार गर्न असमर्थ भई धर्म परिवर्तन गरेका व्यक्ति थिए। उसले आफूजस्तै कृष्ण साहुलाई पनि धर्म परिवर्तन गर्न सल्लाह दिए। साथीको सल्लाहअनुसार कृष्ण साहुलाई पनि धर्म परिवर्तन गरौँजस्तो लागे पनि परम्परादेखि मान्दै आएको धर्म परिवर्तन गर्न उसको अन्तरआत्माले दिएन। छोराहरूको उमेर बढ्दै गएसँगै छोराहरूको व्रतबन्ध त गर्नैपर्‍यो। तर छोराहरूको व्रतबन्ध समाजलाई सुहाउने गरी कसरी गर्ने ? सधैँ मनमा पिरोलिरह्यो। जहिले पनि जहाँ पनि त्यही छोराहरूको व्रतबन्धको कुरा आउने भई बाहिर जान पनि उसलाई अप्ठेरो पर्‍यो। यस्तो अवस्था भएर एकदिन उसले ऋण काढेर भए पनि आफ्नो इज्जत बचाउन सामाजिक परम्पराअनुसार तडकभडक नगरी व्रतबन्ध गर्ने सोच्यो र व्रतबन्धको तयारी गर्न लाग्यो। तर नातागोता साथीभाइहरूले राम्रोसँग धुमधामका साथ व्रतबन्ध गर्नुपर्छ भने। कृष्ण साहुले नाइँ हुन्न भन्न सकेन। उता पार्टी प्यालेस बुकिङ्, पाहुनाहरूको नामावली सूची र निमन्त्रणा कार्ड छपाइलगायत व्रतबन्धको तयारी भइरहेको थियो। यता कृष्ण साहु पैसा कसरी जुटाउने, कति ऋण लिने, ऋणको ब्याज र साँवा कसरी चुक्ता गर्ने भन्ने चिन्ता र छटपटीले राति निदाउन पनि सकेको थिएन। यसरी सोच्दासोच्दै कुखुरा बास्छ। बिहानको किरणसँगै कृष्ण साहु ओछ्यानबाट उठ्छ। मुख धोई, चिया खाँदै पत्रिका हेर्छ र पत्रिकामा उसले– 'विश्वव्यापी महामारीको रूपमा फैलिरहेको कोरोना भाईरस (कोभिड–१९) को सङ्क्रमणलाई न्यूनिकरण र नियन्त्रण गर्न भोलिदेखि अनिश्चितकालीन लकडाउनको घोषणा गरिएको र विवाह, व्रतबन्ध आदि गर्नुपर्नेहरूले १५ जनासम्म व्यक्ति राखी औपचारिकतामा सीमित गरी गर्न पाउने सो को लागि जिल्ला प्रशासन कार्यालयमा स्वीकृति लिनुहोला' भन्ने सूचना पढ्छ। सूचना पढेर कृष्ण साहु मनमनै एकदमै खुसी हुन्छ। सूचनाअनुसार कृष्ण साहुले छोराहरूको व्रतबन्ध सामान्यरूपमा सम्पन्न गर्छ। व्रतबन्ध पछि टोल, छिमेकी र नातागोताहरूलाई लकडाउनको कारणले छोराहरूको व्रतबन्धको भोज खुवाउन नसकेको गुनासो गर्दागर्दै कृष्ण साहुलाई फुर्सद हुँदैन।

➲ मैले डाक्टरलाई धेरै धेरै धन्यवाद दिएँ। त्यसपछि म तुरुन्त अस्पताल गएँ। टोलवासीलाई फोन गरेर हरिकृष्ण बाँच्ने आशा भएको जानकारी दिएँ। टोलवासीले पनि टोलमा भोलिबाट फेरि चन्दा उठाउने वचन दिए। त्यसपछि तुरुन्त मलेशिया बसेकी हरिकृष्णकी श्रीमतीलाई फोन गरेँ। तर श्रीमतीले फोनमा मलाई भन्नुभयो, 'मेरो श्रीमान् मेरो लागि दुई वर्ष अगाडि नै मरिसक्यो। बिहानैदेखि रक्सी खाने, छोरा छोरीलाई पढाउन नसक्ने अनि श्रीमती कमाउन विदेश जान वाध्य गर्ने मान्छे पनि श्रीमान् हुन्छ र सर ? मसँग उसको उपचार खर्च गर्न पैसा पनि छैन, म मात्र होइन मेरा आमा बुबासँग पनि खर्च गर्न पैसा छैन। तपाईंहरू चन्दा उठाएर उपचार गर्ने भए गर्नुस्। हामीलाई मतलव छैन। हामीलाई मरेपनि बाँचेपनि केही मतलव छैन। तपाइँहरूले हेरेर गर्नुहोस्।' श्रीमतीको उत्तर सुनेर म निकै निरास र दुःखी भएँ। श्रीमतीले आफ्नै श्रीमान्को बारेमा यत्तिसम्म पनि बोल्छन् र ? आफ्नै श्रीमान्को अन्तिम अवस्था पुग्दासमेत श्रीमतीलाई माया र प्रेम नजाग्ने कस्ता आइमाई होलान्। यो संसारमा यस्ता पनि आइमाई हुनेरहेछ भनी भित्रिमनसम्म चिसो पस्यो। मैले जवाफ फर्काएँ, 'हामी वडा समिति र टोलवासीले सकेको गरौँला। तपाईं त्यहाँ विदेशमा बसेर पैसा कमाउनुस्।' नभन्दै हरिकृष्णलाई एक्काइस दिन आइसीयुमा राखेर उपचार गरी निको भएपछि घर लिएर आयौँ। टोलवासीहरू सबै हरिकृष्णको अनुहार हेर्न पाएकोमा खुसी देखिन्थ्यो भने परिवारका मानिसहरूको अनुहार भने मलिनो नै देखिन्थ्यो।

# कोभिड युनिटको सेवा र मेरो आत्मबलले जितेँ कोरोनालाई



अन्जु बाग

महामारीको रूपमा फैलिएको कोभिड-१९ रोगबाट बच्न हामी जतिसुकै सचेत र सावधानी भए पनि कहिलेकाहीँ कोरोनाको सङ्क्रमणबाट बच्न नसकिने रहेछ । नियमित कार्यालय जाने क्रममा म पनि कहाँ र कसरी कोरोनाबाट सङ्क्रमित भएँ थाहा पाउन सकिएन । म पनि कोरोना पिडित भएँ ।

घरमा मेरो भाइलाई केही दिनअगाडिदेखि टन्सिलले गर्दा ज्वरो र खोकी आएको थियो । उसलाई सन्चो नभएको बेलादेखि सकेसम्म भाइ कसैको अगाडि पर्दैनथ्यो । उसको मिति २०७८/३/३१ गते बिहिबार नै एन्टिजेन टेष्ट गर्दा निगेटिभ आएको भएर हामी ढुक्क भएर बसेका थियौँ । तर अचानक मलाई पनि हल्का रुघाखोकीले सताउन थालेपछि साउन ३ गते आईतबार जनस्वास्थ्यमा एन्टिजेन टेष्टको लागि स्वाब दिएँ र साँझसम्ममा रिपोर्ट निगेटिभ आयो । रिपोर्ट हेरेपछि अलि ढुक्क भएँ । तरपनि खोकी र मेरो स्वर सुकेको हुनाले लक्षण भएको महसुस गरी एकचोटी पि.सि.आर. टेष्ट गर्ने निधो गरेँ । पि.सि.आर. टेष्टको लागि भक्तपुर अस्पतालमा स्वाब दिन साउन ४ गते गएँ । एकजना साथीले र मैलेसँगै स्वाब दिएर आयौँ । त्यस दिन बेलुकीसम्म पनि अस्पतालबाट केही खबर नआएको भएर रिपोर्ट निगेटिभ हुनेमा ढुक्क भएर बसेका थियौँ । भोलिपल्ट मंगलबार बिहान १० बजेतिर साथी र म अस्पतालमा रिपोर्ट लिन गयौँ । जब रिपोर्ट लिएँ, मेरो पोजेटिभ आयो भन्यो । म छाङ्गाबाट खसेझैँ भएँ, एकछिन त मेरो रिपोर्ट होइनजस्तो लाग्यो । रिपोर्ट हेरेदेखि मनमा डर हुन थाल्यो, के भएको, कसरी भएको म अच्चममा परेँ । साथीको रिपोर्ट निगेटिभ आयो र उसले मलाई नडराउन सम्झाउन थाल्यो । 'केही हुँदैन तिमी किन डराएको, रिपोर्ट पोजेटिभ आउँदैमा आत्तिनुपर्दैन' भनेर साथीले मलाई सम्हाल्न भन्यो । उसले मेरो रिपोर्ट हेर्दै अरूलाई सर्ने सम्भावना कम मात्र छ, चिन्ता लिनुपर्दैन भन्यो ।

अस्पतालबाट नै मैले कार्यालयको सरलाई फोन गरेर रिपोर्ट पोजेटिभ आएको कुरा बताएँ । उहाँले पनि केही हुँदैन चिन्ता नगर्नु बरु घरमा मिल्दैन भने भक्तपुर नगनरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल कोभिड युनिट ब्रम्हायणी आईसालेशनमा मिलाइदिने कुरा भन्नुभयो । घरमा मेरो भाइको पनि पहिला एन्टिजेनमात्र टेष्ट गराएको भएर एकचोटि पि.सि.आर. टेष्ट नै गराउने सल्लाहअनुसार भाइको पनि स्वाब दिन लगाएँ । म घर नपुग्दै मलाई अफिसका दिदीहरू र साथीको फोन आउन थाल्यो । मनमा झन् कता कता डर बढेकोजस्तो लाग्यो । घरमा साना बाबु नानी भए पनि सन्चो नभएको दिनबाट कसैलाई मेरो र भाइको अगाडि आउन नदिएको भएर घरमा अरूलाई केही नहुने कुराले अलि ढुक्क भएँ । त्यसपछि म घर पुगेर मलाई आवश्यक लुगा र अरू केही सामान तथा एउटा उपन्यास किताब साथमा राखेँ । घरमा अरूलाई चिन्ता नगर्न र राम्रोसँग बस्नु भनेर म ख्वप अस्पताल कोभिड युनिटको आईसोलेशनमा पुगेँ ।

आईसोलेशनमा पुग्नेबित्तिकै नर्सले मलाई आईसोलेशनको ढोकासम्म लिन आउनुभयो । त्यसपछि हामी माथि गयौँ र नर्सले म बस्ने कोठा, बेड देखाउँदै मलाई आवश्यक सामानहरू जस्तै पानी तताउने जग, ज्वरो नाप्ने थर्मोमिटर, बेड सिट तथा ब्ल्याङ्केट, दाँत माझ्ने ब्रस, साबुन र औषधी दिनुभयो । साथै नर्सले मलाई प्रेसर तथा अक्सिजन नाप्न सिकाउनु भयो । नर्सले प्रत्येक दिन बिहान र साँझ गरी २ पटक आफ्नो ज्वरो, प्रेसर, अक्सिजन र धड्कनको मात्रा नापेर नर्सिङ शाखामा बुझाउन भन्नुभयो । म बसेको कोठामा एकजना काका र काकी हुनुहुन्थ्यो । एकछिन उहाँहरूसँग कुरा गरेँ र काकाको २ दिनमा डिस्चार्ज हुने कुरा थाहा पाएँ । डाक्टरले तल आईसोलेशनबाट फोन गरेर मेरो स्वास्थ्य अवस्थाबारे सोध्नुभयो । 'ज्वरो आएको छ कि नाई ?, रिङ्गटा लाग्छ कि ?, टाउको दुख्छ ?, रुघाखोकी लागेको छ ?, स्वाद तथा बास्ना छ कि नाई ?' भनेर सोध्नुभयो । मलाई सामान्य रुघाखोकी मात्र लागेको बताएँ । त्यसपछि डाक्टरले यो सामान्य हो डराउनु पर्दैन ठिक हुन्छ, त्यस्तो केही समस्या भए उहाँहरूलाई खबर गर्न भन्नुभयो । मैले कोभिसिल्ड खोपको दोस्रो दोज लगाइसकेको थिएँ । त्यसैले म ढुक्क पनि थिएँ कि मलाई सान्है गाह्रो नहुनेमा ! कोभिड युनिटको डाक्टरले पनि खोप लगाइसकेकोले डराउनुपर्दैन भन्नु भएको थियो । यतिकैमा मलाई अफिसका सरहरू तथा साथीहरूले फोन गरेर मलाई कस्तो छ, राम्रोसँग बस, चिन्ता नगर, केही समस्या परे खबर गर हामी छौँ भन्दै सल्लाह सुझाब दिनुभयो ।

दिउँसोको ३ बजेतिर खाजा आयो र खाजा खाएर

फेरि म साथीहरूसँग नै फोनमा ब्यस्त भएँ। कुरा पनि त्यही कोरोनाको बारेमा हुन्थ्यो, कता कता दिक्क लागेर आउँथ्यो। तर पनि त्यो समयमा आफ्ना प्रियजनहरूले सम्झेर फोन गर्दा खुसी र आत्मबल मिलेको अनुभूति हुन्थ्यो। यतिकैमा बेलुकीको ८ बजेतिर खाना आयो र खाएँ। त्यो मेरो पहिलो रात थियो, मलाई निद्रा लागेपनि म छिनछिनमा ब्युँझन्थ्ये, सायद नयाँ ठाउँ र नयाँ मान्छेहरूसँग भएर पनि हुनसक्छ।

भोलिपल्ट म बिहान ५:४५ बजे उठेर आफ्नो नित्यकर्म गरें। आफ्नो शरीरलाई स्वस्थ र सन्तुलनमा राख्नलाई म बिहान केहीबेर ब्यायाम तथा योग गर्थें। अनि आईसोलेशन केन्द्रबाटै बाहिरको वातावरण हेरेर आनन्द महसुस गर्थें जसबाट मलाई एक किसिमको आत्मसन्तुस्ति मिल्थ्यो। आईसोलेशनमा दिनको ४ पटक खानेकुरा दिइन्थ्यो, जसमा बिहान ८ बजेतिर चिया नास्ता, १०:३०/११ बजेतिर खाना, दिउँसो ३ बजेतिर खाजा र बेलुकी ८ बजेतिर खाना। त्यस्तै हरेक दिन २ पटक नर्सहरू आउनुहुन्थ्यो र हाम्रो स्वास्थ्यबारे बुझ्नु हुन्थ्यो, केही समस्या भए खबर गर्न भन्नुहुन्थ्यो। घरबाट मलाई अदुवा, ल्वाङ, सुकुमेल, दालचिन, नुन, महजस्ता आयुर्वेदिक औषधी ल्याईदिनुभयो र म दैनिक तातोपानीमा राखेर सेवन गर्थें। दिनको २/३ पटक तातोपानीको बाफ लिन्थें। आईसोलेशनमा इन्टरनेट सेवाको पनि राम्रो व्यवस्था भएकोले मेरो दोस्रो दिन पनि घरपरिवार, मेरा प्रिय ३ जना साथीहरू र सरहरूसँग फोन तथा भिडियो कलमै बित्यो।

तेस्रो दिन दिउँसोतिर मलाई नचिनेको नम्बरबाट फोन आयो जुन जनस्वास्थ्य केन्द्र च्याम्हासिंहबाट गरेको रहेछ र मेरो एन्टिजेन तथा पि.सि.आर. टेष्ट गरेको कुराबारे बुझ्नुभयो। मलाई के कस्तो लक्षणहरू देखेको छ भनेर सोध्नुभयो। त्यसपछि मैले मलाई त्यही सामान्य रुघाखोकीमात्र भएको कुरा बताएँ। त्यस दिन कोठाको काकाको डिस्चार्ज भएको भएर कोठामा म र अर्को काकीमात्र थियौं। त्यस्तै चौथो दिन पनि मलाई जनस्वास्थ्य केन्द्र च्याम्हासिंहबाट फोन गरेर मेरो व्यक्तिगत विवरण सोध्नुभयो र अघिल्लो दिनमा जस्तै सोध्नुभयो। उहाँले मलाई थप प्रश्नहरू गर्नुभयो जस्तै- म कोही कोरोना पोजेटिभ व्यक्तिको सम्पर्कमा थियो कि ?, घरमा को कोसँग सम्पर्क भएको छ ?, घरको कसैलाई केही लक्षण देखाएको छ कि ? कसैलाई केही भए खबर गर्न भनेर राख्नुभयो। यसरी फोन आउँदा कता कता मनमा डर लागेर आउँथ्यो, कतै बाहिर धेरै हल्ला हुने हो कि ?, घरका कसैलाई समाजले हेला गर्ने हो कि ? पछि म निको भएर जाँदा पनि समाजले मलाई नराम्रो दृष्टिले हेर्ने हो कि ? भनेर अनेक कुरा खेल्न थाल्थ्यो।

आईसोलेशनमा हुँदा मलाई धेरैले सम्झेर फोन गर्दा मनभित्रबाटै खुसी लाग्थ्यो। उहाँहरूले दिनुभएको सल्लाह-सुझाव, सहयोग र हौसलालाई सम्झेर ममा आत्मविश्वास बढ्थ्यो र केही हुँदैन भनी आफैलाई आस्वासन दिन्थें अनि खुसी हुन खोज्थें। यद्यपि, आईसोलेशनमा बस्दा कहिलेकाहीं दिक्क लाग्थ्यो र समय बिताउन गाह्रो महसुस हुन्थ्यो। तर मैले मलाई कोरोना लागेको छ भनेर त्यसमै मात्र ध्यान दिए आईसोलेशनमा बस्न झन् गाह्रो हुने सोचें। त्यसैले मैले समयसँग रमाउनको लागि म कहिलेकाहीं फिल्म हेर्ने गर्थें त कहिले हाँस्यश्रृङ्खला हेर्ने गर्थें, कहिले गीत सुन्थें, कहिले उपन्यास पढ्थें। त्यस्तै मेरो कोठाको काकीसँग पनि कुरा गरेर समय बिताउँथे, यसरी अरू पनि कोरोना सङ्क्रमितसँग कुरा गर्दा मनबाट हल्का बोझ घटेको महसुस हुन्थ्यो। तर मेरो प्रायः समय मेरा साथीहरू, घरपरिवार र सरहरूसँग कुरा गरेर बित्थ्यो। उहाँहरूले फोन गरेर मलाई सकेसम्म हसाँउन खोज्नुहुन्थ्यो ताकि म चाँडै निको भएर फर्किउन्। यसरी उहाँहरूसँग कुरा गर्दा हौसला बढेको तथा मानसिक रूपमा स्वस्थ हुँदै गरेको अनुभूति हुन्थ्यो। यसरी सबैको साथ र सहयोगले गर्दा मलाई आईसोलेशनमा १० दिन बिताउन खासै गाह्रो भएन। आईसोलेशनमा बस्दा मैले त्यहाँका सरहरू, डाक्टरहरू तथा नर्सहरू सबै सहयोगी भावनाकै पाएँ। आवश्यक परेको बेलामा धेरै सहयोग पनि गर्नुभयो।

विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ रोगलाई रोकथाम गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ब्रम्हायणी कोभिड युनिट आईसोलेशनको व्यवस्थापन एकदम राम्रो गर्नुभएको छ। भक्तपुर नगरपालिकाले समाजमा कोरोना भाइरस फैलिन नदिन आफ्नै कोभिड युनिट आईसोलेशन बनाई नगरवासीहरूलाई निःशुल्क सहयोग गर्नु भएकोमा धेरै-धेरै धन्यवाद दिन चाहन्छु। नगरवासीहरूले पनि आफू कोरोना सङ्क्रमित भएपछि अरूलाई सर्न नदिनको लागी ब्रम्हायणीको कोभिड युनिट आईसोलेशनमा बसेर कोरोनाविरुद्ध लड्न विनम्र अनुरोध गर्दछु। नगरवासीहरूको लागि त्यहाँ निःशुल्क व्यवस्थापन गरिएको छ। आफुलाई सन्चो नहुँदा अथवा केही लक्षण देख्नासाथ पहिला एन्टिजेन टेष्ट गर्नुपर्छ। यदि एन्टिजेनमै पोजेटिभ देखायो भने कोरोनाको सङ्क्रमण भएको हुन्छ र आवश्यक सावधानी अपनाई आईसोलेशनमा बस्नुहोला। यदि केही लक्षण छ, तर पनि एन्टिजेन निगेटिभ आएको खण्डमा ढुक्क भएर नबस्नुहोला र तत्काल पि.सि.आर. टेष्ट गराउनुहोला। किनभने मेरो कोरोना पोजिटिभ आएको अनुभवअनुसार एन्टिजेन निगेटिभ तर पि.सि.आर. पोजेटिभ आएको हुनाले हामी एन्टिजेनमै ढुक्क भएर नबसौं र कोरोनाविरुद्ध लड्न सिकौं। कोरोनालाई हेलचेक्राइँ नगरौं, आफू बचौं र अरूलाई पनि बचाऔं। कोरोनाको सन्दर्भमा सामाजिक दूरी कायम गरी समाज, देश र सिङ्गो विश्वलाई नै कोरोनाबाट मुक्त गर्नुपर्दछ।

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासी स्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## मिति २०७८ साउन २५ गते, सोमबार

### उपस्थिति

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. सचिव श्री रामलाल श्रेष्ठ | ऐ |

## निर्णयहरू

### म्याद थप

भक्तपुर नगरपालिका नगर शिक्षा समितिको म्याद, म्याद सकिएको मितिदेखि भक्तपुर नगरपालिका शिक्षा ऐन, २०७४ को परिच्छेद ३ को दफा ५ अनुसार २ वर्षको लागि म्याद थप गर्ने निर्णय गरियो ।

### नक्सा सूचिकरण समिति

भक्तपुर नगरपालिका साविक मापदण्डअनुसार निर्माण भएका घर/भवनको नक्सा पास र सूचिकरण सम्बन्धी कार्यविधि–२०७७ अनुसार दर्ता भएका नक्सा सूचिकरणसम्बन्धी अध्ययन गर्न यस नगरपालिकाका उपप्रमुख श्री रजनी जोशीको संयोजकत्वमा देहाय बमोजिमको पाँच सदस्यीय नक्सा सूचिकरण समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक : श्री रजनी जोशी, उपप्रमुख

सदस्य : श्री उकेश कवां, ७ नं. वडा अध्यक्ष एवं संयोजक निर्माण समिति

सदस्य : श्री हरिराम सुवाल, ६ नं. वडा अध्यक्ष एवं संयोजक विधायन समिति

सदस्य : श्री गणेशलाल फोजु, कानून अधिकृत, मुद्दा उपशाखा

सदस्य सचिव : श्री विश्वनाथ सुजखु, नक्सा शाखा प्रमुख, नक्सा उपशाखा

### कार्यदल गठन

भक्तपुर नगरपालिका वडा नं. ५ स्थित जगनाथ क्षेत्र उत्खनन तथा अध्ययन गर्न प्रा.डा. श्री पुरुषोत्तमलोचन श्रेष्ठको संयोजकत्वमा देहाय बमोजिमको ७ सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरियो :

संयोजक : श्री पुरुषोत्तमलोचन श्रेष्ठ, ईतिहासविद्

सदस्य : श्री विश्वमोहन जोशी, ईतिहासविद्

सदस्य : कार्यालय प्रमुख, दरवार हेरचाह तथा स्मारक संरक्षण कार्यालय, भक्तपुर

सदस्य : कार्यालय प्रमुख, राष्ट्रिय कला सङ्ग्रहालय, भक्तपुर

सदस्य : श्री रबिना सिल्पकार (प्रतिनिधि, प्राविधिक समिति, ख्वप इन्जिनियरिङ्ग कलेज)

सदस्य : श्री राजेश गाईजु, ईतिहास र पुरातत्त्व विद्यार्थी, भक्तपुर न.पा. वडा नं. ८

सदस्य सचिव : श्री राम गोविन्द श्रेष्ठ, सम्पदा शाखा प्रमुख, भ.न.पा.

### म्याद थप

यस नगरपालिकाका देहाय बमोजिमका अस्थायी, करार, मा.ज्या., दै.ज्या. कर्मचारीहरूको मिति २०७८।४।१ गतेदेखि २०७९ असार मसान्तसम्मको लागि आवश्यकताअनुसार म्याद थप गर्ने निर्णय गरियो –

(यसमा १५२ जना विभिन्न पदका कर्मचारीका साथै कानुनी सल्लहकार र सम्पादकहरूको करार सम्झौता नवीकरण गर्ने निर्णय रहेको छ ।)

## ठेक्का सम्झौता नवीकरण

यस नगरपालिकाका वडा नं. १, २, ५, ६, ७, ९ र १० का देहाय बमोजिमका सफाइ ठेकेदारहरूको आवश्यकता अनुसार ठेक्का सम्झौता संशोधन गरी मिति २०७८।४।१ गतेदेखि २०७९ असार मसान्तसम्मको लागि नवीकरण गर्ने निर्णय गरियो। (यसमा ४० जना ठेकेदारको नामसूचीरहेको छ।)

## म्याद थप

बागमती प्रदेश, सामाजिक विकास मन्त्रालयको च.नं. ७२, मिति २०७८।४।१५ गते परिपत्रअनुसार यस नगरपालिका क्षेत्रमा कार्यरत 'एक विद्यालय एक नर्स' कार्यक्रम अन्तर्गतका देहायबमोजिमका नर्सहरूको सम्बन्धित विद्यालयबाट कार्य सम्पादन मूल्याङ्कन सन्तोषजनक रहेको र निजहरूको म्याद थप गर्न उपयुक्त हुने सम्बन्धित विद्यालयबाट सिफारिस पत्रसमेत प्राप्त भएको हुँदा मिति २०७८।४।१ गतेदेखि मिति २०७९ असोज मसान्तसम्म तीन महिनाको लागि म्याद थप गर्ने निर्णय गरियो -

१. वागीश्वरी मा.वि. का नर्स श्री सजिना मानन्धर
२. बासु. मा.वि. का नर्स श्री राजमति जति

## विविभन्न समितिका निर्णय अनुमोदन

### युवा तथा खेलकुद समिति

**मिति २०७८।४।१२ गते**

क. भक्तपुर नगरपालिकाद्वारा वडा नं. १ देखि १० सम्मका वडा कार्यालयहरूलाई छिपुङ्ग खेलको तालिम संचालन गर्न वडाहरूमा पत्राचार गर्ने निर्णय गरियो।

**मिति २०७८।४।२१ गते**

क. अन्तर्राष्ट्रिय युवा दिवस (२०७८ श्रावण २८) का दिन भक्तपुर नगरपालिका वडा नं. १ देखि १० सम्मका वडा कार्यालयलाई 'कोभिड-१९ सङ्क्रमण र नियन्त्रणमा युवाको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गर्न पत्राचार गर्ने र सोको लागि प्रत्येक वडामा रु.१०,०००।- (अक्षरूपी दश हजार) रकम निकासा पठाउने निर्णय गरियो।

### आर्थिक समिति

**मिति २०७८।४।१ गते**

क. सम्पत्ति (घर जग्गा कर) करमा साविकको २०७५/०७६ सम्मको कर बक्यौतामा आवासीय घरको हकमा दिइएको ५० प्रतिशत छुटको अवधि २०७८ पौष मसान्तसम्म थप गर्ने साथै २०७५/०७६ सम्मको घर जग्गा करको बक्यौतामा जरिवाना नलिने।

ख. आवासीय प्रयोजनको लागि बहालमा दिएको घर जग्गाको बहालमा लाग्ने बक्यौतासहित आ.व. २०७८/०७९ को बहाल करमा ५० प्रतिशत छुट दिई ५ प्रतिशतमात्र बहाल कर लिने तर आवासीय प्रयोजनबाहेक पसल, व्यवसाय, सङ्घ-संस्था वा कार्यालय बहालमा बसेकोमा १० प्रतिशत बहाल कर लिने निर्णय गरियो।

ग. इन्टरनेट, केबुल टि.भी. सञ्चालन तथा केबुल नेटवर्क सेवा प्रदायक संस्थाहरूले भक्तपुर नगरपालिकामा बुझाउनु पर्ने कर तथा व्यवस्थित रूपमा व्यवसाय सञ्चालन गर्ने सम्बन्धमा छलफलको लागि मिति २०७८।४।५ गते मंगलबारका दिन बैठक बस्ने निर्णय गरियो।

घ. स्थायी ठेगाना भक्तपुर नगरपालिका भएका तर सम्बन्धित वडामा घर नभई बसोबाससमेत नभएकाहरूको हकमा प्रति चुल्हो सफाइ शुल्क नलिने तर भाडामा बसेको हकमा सफाइ शुल्क लाग्ने निर्णय गरियो।

**मिति २०७८।४।१४ गते**

क. भक्तपुर नगरपालिकाको स्वामित्वमा रहेका पसल तथा शौचालय भवन (कोठा) बहालमा दिनेसम्बन्धी सूचना अनुसार पर्न आएका शिलबन्दी बोलपत्रहरूमध्ये भक्तपुर नगरपालिका वडा नं. ५ स्थित भगवती स्थान सार्वजनिक शौचालयको लागि अधिकत्तम कबोल गर्ने भ.न.पा. ५ का अरुण द्योलाले कबोल गरेको वार्षिक बहाल रु.६०,१००।-, त्यसैगरी अरनिको सभा भवन पछाडिको साविक तरकारी बजार पसलहरूको पसल नं. ४ का लागि भ.न.पा. ७ का विश्वराम दुवालले कबोल गरेको वार्षिक बहाल रु.६५,६२५।- र सोही भवनको पसल नं. ३ का लागि भ.न.पा.१० का रोहित मानन्धरले कबोल गरेको वार्षिक बहाल रु.६५,०००।- अधिकत्तम देखिएकोले अधिकत्तम कबोल गर्नेहरूको बोलपत्र स्वीकृति गरी बहालको लागि सम्झौता गर्ने र नपर्नेको हकमा धरौटी फिर्ता गर्ने साथै भ.न.पा. ५ भगवती स्थान सार्वजनिक शौचालयको लागि अधिकत्तम अङ्क कबोल गर्ने अरुण द्योलाको कबोल रकममा केरमेट भएको भनी कर उपशाखाको टिप्पणीमा उल्लेख भएकोमा मिति २०७८।४।३ गते खोलिएको बोलपत्रका मुचुल्कामा निजले कबोल गरेको अङ्क वार्षिक बहाल रु.६०,१००।- उल्लेख भएको र उक्त अङ्क रकम अधिकत्तम भएकोले सोही अङ्क रकम स्वीकृत गर्ने निर्णय गरियो।

ख. भक्तपुर नगरपालिकाको दशौँ नगरसभाबाट कोभिड महामारीको असर र छुट सम्बन्धमा अध्ययन गरी छुट दिने अधिकार नगर कार्यपालिका बैठकलाई प्रदान गरिएकोमा सो सम्बन्धी मिति २०७८।४।१३ गतेको कर उपशाखाको टिप्पणीमा श्रीमान प्रमुखज्यूबाट आर्थिक समितिलाई सो सम्बन्धी अध्ययन गरी पेश गर्ने आदेश भए बमोजिम छलफल तथा अध्ययन प्रक्रिया अगाडि बढाइयो।

ग. भक्तपुर नगरपालिकामा दर्ता नभई अन्यत्र दर्ता भै शाखा विस्तार गरी वा सङ्कलन केन्द्र खोली भक्तपुर नगर क्षेत्रभित्र सञ्चालनमा रहेका र सञ्चालन गर्ने क्रममा रहेका सहकारी संस्थाहरूको निरीक्षण र अनुगमन आवश्यक देखिएकोले त्यस्ता सहकारी संस्थाहरूको बारे स्थलगत बुझी प्रतिवेदन दिन वडा निरीक्षकहरूलाई जिम्मेवारी दिने निर्णय गरियो ।

घ. सामाजिक सुरक्षा भत्ता लिन बैंकमा आफै उपस्थित हुन नसक्ने अवस्थामा संरक्षक वा हकवाला सिफारिस बनाउनु पर्दा सिफारिस दस्तुर नलिने निर्णय गरियो ।

**मिति २०७८।४।२० गते**

क. डिभिजन सहकारी कार्यालय खारेज भई सोको जिम्मेवारी भक्तपुर नगरपालिकामा आएको आ.व. २०७४/०७५, २०७५/०७६, २०७६/०७७ र ०७७/०७८ बितिसक्दा पनि भक्तपुर नगरपालिकामा मासिक रूपमा पेश गर्नुपर्ने मासिक प्रतिवेदन, साधारण सभाका प्रतिवेदनलगायत अन्य रिपोर्ट नबुझाउने निम्न लिखित सहकारी संस्थाहरूलाई आवश्यक प्रतिवेदन यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र बुझाउने जानकारीसहितको सूचना प्रकाशित गर्ने निर्णय गरियो । सो समयमा पनि प्रतिवेदन पेश नभएको खण्डमा सहकारी ऐन नियम अनुसार कारबाही गरिने व्यहोराको सूचना प्रकाशित गर्ने निर्णय गरियो-

**तपसिल**

१. ॐ बचत तथा ऋण सहकारी संस्था लि.
२. श्री उच्च महिला बचत तथा ऋण सहकारी संस्था लि.
३. एकल महिला बचत तथा ऋण सहकारी संस्था लि.
४. कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.
५. जय माहाकाली बचत तथा ऋण सहकारी संस्था लि.
६. दही विनायक बचत तथा ऋण सहकारी संस्था लि.
७. भद्रकाली बचत तथा ऋण सहकारी संस्था लि.
८. हाम्रा अरनिको बचत तथा ऋण सहकारी संस्था लि.
९. महामञ्जुश्री बचत तथा ऋण सहकारी संस्था लि.
१०. सन्तति विकास बचत तथा ऋण सहकारी संस्था लि.
११. महिला उद्यमी बचत तथा ऋण सहकारी सस्था लि.
१२. स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.
१३. सिद्ध पोखरी बचत तथा ऋण सहकारी संस्था लि.
१४. नव जागरण बचत तथा ऋण सहकारी संस्था लि.
१५. बटुक भैरब बचत तथाऋण सहकारी संस्था लि.
१६. सञ्चय बचत तथा ऋण सहकारी संस्था लि.
१७. सुनौलो बचत तथा ऋण सहकारी संस्था लि.
१८. सुनिभा बचत तथा ऋण सहकारी संस्था लि.
१९. सुरक्षित बचत तथा ऋण सहकारी संस्था लि.
२०. स्वर्णिम बचत तथा ऋण सहकारी संस्था लि.
२१. जय सन्तोषी मां बचत तथा ऋण सहकारी संस्था लि.

## निर्माण समिति

**मिति २०७८।०३।२९ गते**

| क्र. सं. | योजनाका बिवरण | वडा नं. | बजेट | ल.ई.रकम | रि ल.ई. कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| म्याद थप सम्बन्धमा | | | | | | | | | | | | |
| १ | बेताल द्यःछैं पुन:निर्माण ङकार्य | ५ | बेताल द्यःछैं पुन:निर्माण कार्य | ९,९८०,४७४।५६ | | आ.व. २०७८।७९ को जेठ मसान्तसम्म म्याद थप | | | | | | |
| २ | मधिकर्मी छैं पुन: निर्माण कार्य | ३ | मधिकर्मी छैं संरक्षण कार्य | ४,२२८,८०८।०० | | आ.व. २०७८ श्रावण मसान्तसम्म म्याद थप | | | | | | |
| ३ | तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजनाअन्तर्गतको तुमचो स्थित दुगुरे क्षेत्र संरक्षण निर्माण कार्य | ३ | तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजना | ४,२२८,८०८।०० | | आ.व. २०७८/८९ पुष मसान्तसम्म म्याद थप | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | कमलविनायक कभर्ड हल छाना मर्मत तथा रङरोगन कार्य | १० | खेलकुद | १,३२५,६१४।१२ | | ४३०,०००।०० | ५१९,४६०।२९ | ८९,४६०।२९ | ६१५,८४८।१५ | सम्पन्न | मधव प्रसाद सुवाल | |
| २ | मधिकर्मी छैं पुनः निर्माण कार्य | ३ | मधिकमी छैं संरक्षण कार्य | ४,२२८,८०८।०० | | १,३७५,०००।०० | १,७६७,९०९।०० | ३९२,९०९।०० | २,८९९,९३४।५६ | सम्पन्न | लक्ष्मी बहादुर सुवाल | भनपामा भएको रू. १०,५५,८७८।०३ बराबरको काठ र तारफेल्ट प्रयोग भएको |
| ३ | गणेश मावि सभा हल निर्माण कार्य | १ | बागमती प्रदेश सांसद कोष | १,१४०,३३७।८२ | | ३५०,०००।०० | ४२१,१४९।३० | ७१,१४९।३० | ४३७,२०६।०७ | सम्पन्न | बुद्धि भक्त सिन्ताकल | रू.४,१७४।१४ विद्यालयबाट आर्थिक सहयोग |
| | | | | | | ५००,०००।०० | ५८३,०२४।८४ | ७८,८५०।७० | ५९१,८०६।५१ | | | |
| | | | | | | **८५०,०००।००** | **१,००४,१७४।१४** | **१५०,०००।००** | **१,०२९,०१२।५८** | | | |
| **विद्युतीय पोलको तौल फरक भएको स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | आ.व. २०७६/७७ मा राष्ट्रिय योजना आयोग नेपाल सरकारको विशेष अनुदान र भ.न.पा. को संयुक्त लगानीमा भक्तपुर नगरको रिङ्ग रोडलगायतका स्थानहरूमा नयाँ सडक बत्ती जडान कार्य गर्न कन्ट्राक्टर टपशन इनर्जी प्रा. लि. काठमाण्डौंबाट भइरहेको कार्यमा BOQ को आईटम नं. 1.3 को Steel Tubuler Pole Hot Deep Galvanized को तौल 147 kg हुनुपर्नेमा Steel Tubular Pole Hot Deep Galvanized को तौल 125 kg मात्रको प्राप्त भई तौल फरक भएकाले सोको Unitary Method अनुसार प्रति पोलको रु.25000/147 kg = 170.07x 125 kg =21,258.50 (अक्षेरुपी एकाइस हजार दुई सय अन्ठाउन्न रुपैयाँ पचास पैसा) मात्र हुन आएको स्वीकृति गर्ने निर्णय गरियो । | | | | | | | | | | | |
| **प्रधनमन्त्री रोजगार कार्यक्रमतर्फ** | | | | | | | | | | | | |
| भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | कालदह कुण्ड र सहिद स्मृति खेल मैदान सरसफाइ सहिद उद्यान व्यवस्थापन सुधार कार्य | २ | प्रधान मन्त्री रोजगार | ४३४,८०५।३१ | | | | २६९,३५७।०० | २९४,४०१।९५ | सम्पन्न | | जेष्ठ महिना सम्मको भुक्तानी |
| | | | | | | | | ६३,५९१।०० | ७२,०२६।३५ | | | असार महिना को भुक्तानी |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | **जम्मा** | **३३२,९४८।००** | **३६६,४२८।३०** | | | कुल जम्मा |
| २ | मंगलतीर्थ परिसर सरसफाइ कार्य | ४ | प्रधान मन्त्री रोजगार | १,१७७,८४०।२८ | | | | ४८९,०८२।०० | ५८६,८९३।६१ | सम्पन्न | | जेष्ठ महिनासम्म को भुक्तानी |
| | | | | | | | | १८७,१५४।०० | २१२,८४४।३७ | | | असार महिनाको भुक्तानी |
| | | | | | | | **जम्मा** | **६७६,२३६।००** | **७९९,७३७।९८** | | | |
| ३ | महाकाली मन्दिर एरिया हरियाली प्रवर्द्धन कार्य | ६ | प्रधान मन्त्री रोजगार | १,२६९,९३८।४९ | | | | ९३५,२५३।०० | १,०७५,६८५।१० | सम्पन्न | | जेष्ठ महिनासम्म को भुक्तानी |
| | | | | | | | | ७२,३८०।०० | ९५,१२०।०० | | | असार महिनाको भुक्तानी |
| | | | | | | | **जम्मा** | **१,००७,६३३।००** | **१,१७०,८०५।१०** | | | |
| ४ | वागीश्वरी स्कूलसँगैको बाटो मर्मत र वडाको विभिन्न स्थानमा सरसफाइ कार्य | ८ | प्रधानमन्त्री रोजगार | ४९८,८३२।९३ | | | | २२६,४४२।०० | २५५,६३०।१० | सम्पन्न | | वैशाख महिना सम्मको भुक्तानी |
| | | | | | | | | १३५,४५८।०० | १५९,८०७।६० | | | जेठ र असार महिनाको भुक्तानी |
| | | | | | | | **जम्मा** | **३६१,९००।००** | **४१५,४३७।७०** | | | |
| ५ | तुमचो, दुगुरु, चोखा जग्गा एकीकरण आयोजनाको बाटोहरूको फुटपाथ तथा पानीपास सफा गर्ने कार्य | ९ | प्रधान मन्त्री रोजगार | ६०४,३३४।१८ | | | | १८६,१२०।०० | २६५,७१३।१६ | सम्पन्न | | वैशाख महिना सम्मको भुक्तानी |
| | | | | | | | | २०,६८०।०० | २३,०७८।८८ | | | जेठ महिनाको भुक्तानी |
| | | | | | | | **जम्मा** | **२०६,८००।००** | **२८८,७९२।०४** | | | |

## मिति २०७८।०३।३१ गते

| क्र.सं | योजनाका विवरण | वडा नं | बजेट | ल.ई.रकम | रि ल.ई.र कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पेश्की फिर्ता सम्बन्धमा | | | | | | | | | | | | |
| १ | चण्डेश्वरी आधारभूत विद्यालयको पर्खाल निर्माण कार्य | ७ | बागमती प्रदेश सांसद कोष | १,१८९,३७२।४० | | ३५०,०००।०० | ६५९,२२३।८९ | ३०९,२२३।८९ | ७१८,०७४।७६ | आंशिक सम्पन्न | लक्ष्मीनारायण त्वाना बासु | |
| २ | फोहोर मैला प्रशोधन निर्माण कार्य | ८ | फोहोर मैला प्रशोधन | ७,४३३,२६४।३० | | २,०००,०००।०० | २,२१९,६५७।०१ | २१९,६५७।०१ | २,७८३,३३९।२८ | आंशिक सम्पन्न | कृष्ण लाल किसी | |
| | | | | | | २,०००,०००।०० | २,६८४,०५४।६० | ६८४,०५४।६० | २,७८०,२७७।८९ | | | |
| | | | | | | **४,०००,०००।००** | **४,९०३,७११।६१** | **९०३,७११।६१** | **५,५६३,६१७।१७** | | | |
| ३ | पुरानो नापी शाखा बाटो पीच कार्य, दागाचा | ७ | | १,३७३,१८७।२३ | | ५००,०००।०० | | | | | हरि कृष्ण दनेगुलु | **बैंक दाखिला रू.५,००,०००।००** |

## मिति २०७८।०४।८ गते

| क्र.सं. | योजनाका विवरण | वडा नं | बजेट | ल.ई.रकम | रि ल.ई.र कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्थT | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रिभाइज ल.ई. स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | महेश्वरी घाट सुधार कार्य | ८ | | ३,४५८,५५५।५१ | ४,०८८,८०५।०७ | | | | | | तुल्सी राम खायमली | |
| २ | महेश्वरी घाट सुधार कार्य | ८ | फोहोर मैला प्रशोधन | ३,४५८,५५५।५१ | | ८००,०००।०० | ८४२,०४५।०० | ४२,०४५।०० | १,०३५,२७०।४७ | सम्पन्न | तुल्सी राम खायमली | |
| | | | | | | ८००,०००।०० | ८७२,९९०।१७ | ७२,९९०।१७ | १,३३९,९०४।२८ | | | |
| | | | | | | ८००,०००।०० | १,२५२,९९५।०० | ४५२,९९५।०० | १,३८४,७२३।०७ | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २,४००,०००।०० | २,९६८,०३०।१७ | ५६८,०३०।१७ | ३,७५९,८९७।८२ | | | |

## मिति २०७८।०४।१४ गते

| क.सं. | योजनाका विवरण | वडा नं | बजेट | ल.ई.रकम | रि ल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | भक्तपुर नगरपालिका क्षेत्र भित्र जडित सडक बत्ती मर्मत सम्भार कार्य (साउन र भदौ) | १–१० | | २,६५,१०३।६०(सामान तर्फ)<br>२,६५,१०३।६०(सामान तर्फ)<br>४०१,५६७।०७ | | | | | | | | |
| २ | तुमचो दुगुरे चोखा आवास क्षेत्रमा खानेपानी योजनाअन्तर्गत खानेपानी डिप बोरिंगका लागि विद्युत मिटर जडान कार्य, | ९ | | ९३,५४५।४७ | | | | | | | | |
| **दररेट सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | आ.व. २०७८।७९ को लागि दशौं नगर सभाबाट स्वीकृत योजनाहरूको कार्यान्वयनको लागि साविक आ.व. २०७७।७८ को दररेट प्रयोजन गरी ल.ई. कार्यान्वयन गर्ने र आ.व. २०७८।७९ को दररेट स्वीकृत भए पश्चात् सोही दररेट अनुसार ल.ई. परिमार्जन गरी कार्यान्वयन अगाडि बढाउने निर्णय गरियो । | | | | | | | | | | | |

## मिति २०७८।०४।१९ गते

| क.सं. | योजनाका विवरण | वडा नं | बजेट | ल.ई. रकम | रि ल.ई. र कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | थुसाचादेखि हनुमान्घासम्मको सडकमा बेस (Base-course) बिछ्याउने कार्य | ८ | मर्मत सम्भार | ४९९,९६०।२९ | | | | | | | | **कोटेशन प्रकाशित गर्ने** |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | हनुमानघाट पुल मर्मत कार्य | ७ | नपा | ३,६६५,४५७।८० | | | | | | | | |
| ३ | सिद्धपोखरी परिसर उत्तर तर्फको गुहेश्वरी पाटी पुन: निर्माण कार्य | १ | नपा | ७,३५७,०५२।४१ | | | | | | | | |
| **म्याद थप सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | गय भिंद्यो पुलदेखि आदर्श बसस्टपसम्म पीच तथा पेटी निर्माण कार्य (दोश्रो चरण) | ७ | बागमती प्रदेश समपुरक अनुदान | १९,९३४,९४५।२८ | १४,५६०,७०१।१४ | | आ.व. २०७८।७९ को मंसिर मसान्तसम्म म्याद थप | | | | | |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो –

क. यस नगरपालिकाद्वारा सञ्चालित तुमचो-दुगुरे-चोखा जग्गा एकीकरण आयोजनाबाट सम्बन्धित जग्गा धनी तथा मोहीहरूको साना कित्ता जग्गालाई न्यूनत्तम क्षे.फ. नपुग भई थप दिएको जग्गा र बिक्री गर्ने विकसित घडेरी जग्गा बिक्री वा सट्टापट्टा गर्दा भूमि सुधार तथा मालपोत कार्यालय, भक्तपुरबाट पूँजीगत लाभकर तिर्नुपर्ने भनी उक्त कार्य रोकिएको हुँदा सम्बन्धित मालपोत कार्यालयलाई यसरी उक्त आयोजनाबाट सम्बन्धित जग्गा धनी तथा मोहीहरूलाई घडेरी फिर्ता गर्दा पूँजीकर लाभकर छुटको लागि पत्राचार गरिदिनु हुन भनी सम्बन्धित आयोजनाबाट लेखिआएको सम्बन्धमा छलफल हुँदा उक्त आयोजना यस नगरपालिकाबाट काठमाडौँ विकास प्राधिकरण ऐन २०४५ र काठमाडौँ उपत्यका विकास प्राधिकरण नियमावली २०६८ बमोजिम व्यवस्थित शहरीकरणको अवधारणा अनुसार सञ्चालन गरिएको हुनाले तथा विगतमा उक्त आयोजनाबाट जग्गा बिक्री र सट्टापट्टा गर्दा पूँजीगत लाभकर तिर्न नपरेको व्यहोरालाई समेत ध्यानमा राखी उक्त आयोजनाबाट नियमानुसार जग्गा बिक्री वा सट्टापट्टा गर्दा **लाभकर छुट गरिदिन** भूमि सुधार तथा मालपोत कार्यालय, भक्तपुरलाई पत्राचार गर्ने निर्णय गरियो ।

ख. यस नगरपालिकाको आर्थिक प्रशासन शाखा, जिन्सी उपशाखा, नक्सा उपशाखा, शिशु स्याहार केन्द्र र श्यानिटेशन उपशाखाबाट विभिन्न तह र पदमा करार सेवा कर्मचारी पदपूर्तिको लागि माग भएको विषयमा आवश्यकता विश्लेषण गरी करार सेवामा कर्मचारी पदपूर्ति गर्ने प्रक्रिया अगाडि बढाउन "भक्तपुर नगरपालिकामा करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी कार्यविधि, २०७५" को सूचिकरण तथा छनौट समितिलाई **जिम्मा दिने** निर्णय गरियो ।

ग. भक्तपुर नगरपालिकाको यस अघि बसेका कार्यपालिकाको बैठकका पूर्व निर्णयहरूको कार्यान्वयन अवस्थाबारे **प्रगति समिक्षा** गरियो ।

घ. नपाद्वारा सञ्चालित प्रेसको मेशिन मर्मत गरे वापत रु.४५,१७७।४० के.पी. हिमाल इन्टरप्राइजेजलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ङ. नपाको बा ६ प ७९५५ को मोटरसाइकल मर्मत गरे वापत रु.२,४५०।- लक्ष्मी अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो ।

च. नपाको एम्बुलेन्स गाडी नं. बा ३ च ७१४९ मर्मत गरे वापत रु.३,५००।- गाडी चालक लक्ष्मीनारायण सुवाललाई **भुक्तानी दिने** निर्णय गरियो ।

छ. नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत भ्रुछेँ खाजा घरलाई रु.४,०२०।- **भुक्तानी दिने** निर्णय गरियो ।

ज. नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत बालकृष्ण खाजा घरलाई रु.१६,६३०।- **भुक्तानी दिने** निर्णय गरियो ।

झ. यस नपाको कार्यपालिका बैठकमा खाजा उपलब्ध गराए वापत सूर्यविनायक भेनुलाई रु.६,७८०।- **भुक्तानी दिने** निर्णय गरियो ।

नगरपालिका गतिविधि

नगरपालिका गतिविधि



# ख्वप अस्पतालमा दश दिने आई.सी.यु. तालिम सम्पन्न

## तालिमको उद्घाटन




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ख्वप अस्पतालमा कार्यरत चिकित्सक स्वास्थ्यकर्मीहरूलाई १० दिने आई.सी.यु. तालिम साउन १९ गते एक कार्यक्रम गरी उद्घाटन गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख अतिथि प्रजापतिले हरेक संस्था सञ्चालनको लागि दक्ष जनशक्तिको खाँचो रहन्छ भन्नुहुँदै ख्वप अस्पताल सञ्चालन गर्न सबैको साथ र सहयोग तथा सामुहिक भावना आवश्यक रहेको बताउनुभयो । उहाँले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालमाथि जनविश्वास रहेको हुँदा कार्यरत कर्मचारीहरूले जनतामा समर्पित भएर कार्य गर्नुपर्ने बताउनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकता राख्दै कार्य गरिरहेको बताउनुहुँदै भक्तपुर नगरपालिकाद्वारा ख्वप अस्पताल कोभिड युनिटमा २५ बेडको एचडियू र ५० बेडको साधारण उपचार सेवा सञ्चालन प्रभावकारी रूपमा गर्दै आएको बताउनुभयो । नगरपालिकामा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धिको लागि विभिन्न तालिमहरू सञ्चालन गरिरहेको उल्लेख गर्नुहुँदै उहाँले तालिमबाट सिकेको सीपलाई कार्यक्षेत्रमा सदुपयोग गरी ख्वप अस्पतालद्वारा प्रदान गरिने आईसियु सेवा प्रभावकारी हुनेमा विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा प्रशिक्षक एनेस्थसियाका विशेषज्ञ डा. पवन रायले २४ घण्टै सेवा दिनुपर्ने आईसीयु सेवा सञ्चालनको लागि सामूहिक भावना र दृढ भावनाको आवश्यकता रहेको भन्नुहुँदै आईसियु तालिम लिएका कर्मचारीहरू विशिष्टकृत हुने बताउनुभयो । उहाँले तालिमबाट सिकेको सीपले निखर हुने बताउनुहुँदै तालिमलाई सदुपयोग गर्दै निरन्तर प्रयोगमा ल्याउनुपर्नेमा जोड दिनुभयो ।



प्रमुख अतिथि प्रजापतिले तालिमका प्रशिक्षकहरू डा. पवन राय, डा. प्रभाकर खनाल र डा. अमर प्रजापतिलाई भेन्टिलेटर हस्तान्तरण गर्नु भई आई.सी.यु. तालिम शुरुवात गर्नुभएको थियो ।

## तालिमको समापन



भक्तपुर नगरपालिकाको आयोजनामा नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको लागि सञ्चालित १० दिने आई.सी.यु. तालिम साउन २७ गते सम्पन्न भयो ।

समापन कार्यक्रममा बोल्नुहुँदै प्रमुख अतिथि नेमकिपाका सङ्घीय सांसद प्रेम सुवालले ख्वप अस्पताललाई जनताको अस्पतालको रूपमा स्थापित गर्न सिङ्गो टीम नै परिचालित हुनुपर्ने बताउनुभयो । ख्वप अस्पतालमा आइसीयु तथा भेन्टिलेटर सञ्चालनको लागि यस किसिमको तालिमले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुहुँदै सांसद सुवालले चिकित्सक तथा स्वास्थ्यकर्मीहरुमा औपचारिक शिक्षासँगसँगै व्यवहारिक तथा नयाँ नयाँ प्रविधिबारे जानकार रहनुपर्ने बताउनुभयो ।

जनस्वास्थ्य सेवा केन्द्र ख्वप अस्पतालको रूपमा विकास हुनुले नगरवासीहरूमा उत्साह थपेको बताउनुहुँदै उहाँले जनताको विश्वास कायम हुने ढङ्गले काम गर्न प्रेरित गर्नुभयो । साथै नेपाल सरकारले ल्याएको स्वास्थ्य बीमा कार्यक्रममा बढीभन्दा बढी जनताको सहभागिता रहनुपर्ने उल्लेख गर्नुहुँदै उहाँले गरिब जनतालाई उपचार सेवा पाउन स्वास्थ्य बीमाले निकै सहज बनाइरहेको छ भन्नुभयो ।

बढ्दो महँगो चिकित्सा शिक्षाका कारण गरिब जनता यसबाट वञ्चित हुनुपरेको यथार्थबारे प्रस्ट पार्नुहुँदै सांसद सुवालले चिकित्सा शिक्षा आयोगलाई नाफा कमाउने संस्थाको रूपमा विकास गर्नु गलत भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका सुनिल प्रमुख प्रजापतिले ख्वप अस्पतालले जनताको सेवामा समर्पित भएर उपचार सेवा दिइने बताउनुहुँदै स्वास्थ्य सेवामा ख्वपको नाम उँचो रहनेगरी



आफ्नो सीप र विवेक प्रयोग गरी कार्य गर्न चिकित्सक तथा स्वास्थ्यकर्मीलाई मार्गनिर्देश गर्नुभयो । उहाँले अनुशासन बाहिर रही काम गर्नेहरू दण्डको भागीदार हुनुपर्नेतर्फ सचेत पार्नुहुँदै स्वास्थ्य क्षेत्रलाई पैसा कमाउने व्यापारको रूपमा नभई जनताको सेवा गर्ने थलोको रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा प्रशिक्षक एनेस्थेसियाका विशेषज्ञ डा. पवन रायले तालिम सफलतापूर्वक सम्पन्न भएकोमा खुसी व्यक्त गर्नुहुँदै गम्भीर र जटिल अवस्थाका बिरामीलाई स्वास्थ्यकर्मीको टोलीले आइसीयुमा कसरी उपचार व्यवस्थापन गर्ने भन्नेबारे सिकाएको बताउनुभयो ।

प्रमुख अतिथि सुवालले तालिमका प्रशिक्षक तथा तालिम प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो । तालिममा ख्वप अस्पतालमा कार्यरत ३५ जना चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले उक्त तालिम लिएका थिए ।

समापन कार्यक्रममा ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य डा. रत्नसुन्दर लासिवा र प्रशिक्षार्थीको तर्फबाट ख्वप अस्पतालका डा. बीनु महर्जनले पनि बोल्नुभएको थियो ।

**अन्तर्राष्ट्रिय युवा दिवस**

# कोभिड १९ विरुद्ध युवाहरूको भूमिका

**वडा नं. १ मा**

## नेपालमा समाजवादी व्यवस्था स्थापना गर्नु नेमकिपाको प्रमुख उद्देश्य




नेपाल मजदुर किसान पार्टीका सचिव एवम् प्रतिनिधिसभाका सांसद प्रेम सुवालले जनताको सेवा गर्नु र नेपालमा समाजवादी व्यवस्था स्थापना गर्नु नेमकिपाको प्रमुख उद्देश्य भएको बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. १ को आयोजनामा अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा कोभिड १९ विरुद्ध युवाहरुको भूमिकाबारे साउन ३० गते भएको अन्तरक्रिया कार्यक्रममा बोल्नुहुँदै उहाँले पार्टीको उद्देश्य पूरा गर्न पार्टीका जनवर्गीय सङ्गठनहरू क्रियाशील रहेको बताउनुभयो ।

युवा वर्गलाई लक्षित गरी विभिन्न सृजनशील र सीपमूलक तालिम सञ्चालन गर्नु आवश्यक भएको बताउनुहुँदै उहाँले यसबाट युवा जनशक्ति विदेशिनबाट रोक्ने र स्वदेशमै युवालाई रोजगारीका अवसरहरू सिर्जना हुने बताउनुभयो ।

देशको विकास र समृद्धिको लागि नेतृत्वदायी भूमिका खेल्ने युवाहरूमा देश र समाजलाई सुसंस्कृत बनाउने विचार हुनुपर्दछ । उहाँले भन्नुभयो, नजिकिँदै गरेको सापारु पर्वलाई

भौतिकवादी दृष्टिकोणबाट व्याख्या गर्न जरुरी रहेको र कोभिड जोखिमका कारण यसपटकको सापारु पर्व सामान्य औपचारिकतामा सीमित गरी मनाउन आग्रह गर्नुभयो ।

आन्दोलन र सङ्घर्षमा भाग लिने, पार्टी प्रकाशन नियमित अध्ययन गर्ने, प्रगतिशील साहित्य र विचार अध्ययन गर्ने युवाहरूको राजनैतिक चेतनास्तर उँचो हुने बताउनुहुँदै सांसद सुवालले शेयरबजार कारोबार र घरजग्गा दलालीका कारण युवापुस्ताको प्रगतिशील कामहरूमा निष्क्रियता बढेको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले देशको अर्थतन्त्र विकासको निम्ति ऊर्जावान र क्षमतावान युवाहरूको खाँचो रहेको बताउनुभयो । उहाँले युवाहरू विचार र सिद्धान्तले परिपक्व हुने बताउनुहुँदै प्रगतिशील र क्रान्तिकारी विचारधाराका युवाहरू आजको समाजको आवश्यकता हो भन्नुभयो ।

युवा पुस्ताले आफ्नो बौद्धिक श्रम देश र समाजको हितको निम्ति प्रयोग गर्नुपर्नेमा जोड दिनुहुँदै प्रमुख प्रजापतिले कोभिड महामारी नियन्त्रणमा भक्तपुरका युवा तथा स्वयम्सेवकहरूको भूमिका उल्लेखनीय भएको बताउनुभयो ।

पद र पैसा कमाउन राजनीति गर्नेहरू विचार र सिद्धान्तमा शून्य हुने बताउनुहुँदै उहाँले राजनीतिप्रति युवाहरूको बुझाइ सकारात्मक नहुनुमा शासक दल जिम्मेवार भएको बताउनुभयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा बागमती प्रदेश सांसद सुरेन्द्रराज गोसाईले चीनको आर्थिक विकास रोक्न संरा अमेरिकाले अनेक जालझेल जस्तै व्यापार युद्ध, कोभिड-१९ को उत्पत्तिबारे झूटा प्रचार आदि गरेको बताउनुभयो ।

उहाँले चीन सरकारले चिनियाँ कम्युनिस्ट पार्टीको शतवार्षिकीको अवसरमा गरिबी उन्मूलनको घोषणा गरेर समाजवादी व्यवस्थाको उपलब्धि संसारसमक्ष प्रस्तुत गर्न सफल भएको प्रस्ट पार्नुभयो ।

सांसद गोसाईले क्युवाविरुद्धसंरा अमेरिकी नाकाबन्दीले क्युवाविरुद्ध क्युवाली जनताको जीवन कष्टकर बनाएको र साम्राज्यवादी नाकाबन्दीविरुद्ध संसारका जनताले ऐक्यबद्धता व्यक्त गरेको बताउनुभयो ।

नेमकिपा १ वडाका पार्टी इन्चार्ज लक्ष्मीनारायण राजलवटले बहसङ्ख्यक युवा वर्ग सही मार्गमा लागे देशको विकास सम्भव भएको बताउनुहुँदै युवाहरूले इमानदारीपूर्वक देश र समाजको निम्ति काम गरे देशको भविष्य राम्रो हुने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, वडा सदस्यहरू गंगालक्ष्मी बमनु र सूर्यप्रसाद श्रेष्ठले पनि कोभिड महामारी नियन्त्रणमा युवाहरूले खेलेको भूमिकाबारे प्रष्ट पार्नुभएको थियो ।

**वडा नं. ७ मा**

## युवा वर्गको विशिष्ट शक्तिलाई राष्ट्र निर्माणमा समेटिनु आवश्यक




भक्तपुर नगरपालिका ७ नं. वडाको आयोजनामा अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा कोभिड १९ सङ्क्रमण र नियन्त्रणमा युवाको भूमिका विषयमा साउन ३० गते वडाका युवाहरूबीच प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपालमा १६ देखि ४० वर्षका युवा वर्गको सङ्ख्या ४० प्रतिशतको हाराहारीमा रहेको बताउनुहुँदै युवाको विचार, क्षमता र योग्यता परिचालन स्वदेशमै गर्नसके युवा दिवस मनाउनुको सार्थकता रहने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले युवा लक्षित तालिमहरूलाई प्राथमिकतामा राख्दै आएको बताउनुहुँदै युवा वर्गको विशिष्ट शक्तिलाई राष्ट्र निर्माणको सन्दर्भमा समेटिनु आजको आवश्यकता हो भन्नुभयो ।

युवा भनेका मानव जीवनमा जोश, जाँगर, उत्साह र शक्ति भएको उमेर समूह हो भन्नुहुँदै उहाँले युवाहरू उमेरसँगै विचार र सिद्धान्तले परिपक्व हुनुपर्ने र सक्षम जनशक्तिको योग्यता र क्षमता सदुपयोग भए देशको विकासले गति लिने बताउनुभयो ।

गरिबहरूको निम्ति पूँजीवादी व्यवस्था हितकर नभएको बताउनुहुँदै नगर प्रमुख प्रजापतिले युवा पुस्ताले व्यक्तिगत लाभ र फाइदाभन्दा पनि सेवाभावले काम गर्नुपर्ने बताउनुभयो । उहाँले संस्कृति र परम्पराबाट निम्तिने विकृतिबाट युवाहरू सचेत हुन जरुरी रहेको बताउनुहुँदै राजनीतिमा इमानदार

व्यक्तिहरूको खाँचो रहेको औँल्याउनुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले कोभिड रोकथाम तथा नियन्त्रणमा वडाका स्वयम्सेवक, युवा, स्वास्थ्यकर्मीहरूले नि:स्वार्थरूपमा गरेको सेवाको लागि कृतज्ञता ज्ञापन गर्नुभयो । उहाँले कोभिड नियन्त्रणमा युवाहरूको सक्रियताले विशेष भूमिका खेलेको बताउनुहुँदै युवाहरूलाई राजनीतिक रूपमा सचेत र सङ्गठित गर्ने काममा क्रियाशील रहेको बताउनुभयो । नेमकिपा वडा नं. ७ का पार्टी इन्चार्ज बलराम गोसाइँले युवाहरू राष्ट्रका भविष्य हुन्, नेपालमा २०७३ सालदेखि युवा दिवस मनाइँदै आएको बताउनुहुँदै राष्ट्र निर्माणमा सबै उमेर समूहका व्यक्तिहरूको भूमिका महत्त्वपूर्ण हुने बताउनुभयो ।

कार्यक्रममा नेक्रायुसङ्घ ७ वडा एकाइ समितिका अध्यक्ष राकेश सुकुपायो, भनपा वडा नं. ७ का वडा सदस्य हरिरत्न गोर्खाली, स्थानीय रन्जन कपालीले पनि बोल्नुभएको थियो ।

**वडा नं. ३ मा**

## नेतृत्वले आत्मसमर्पण गरेपछि राज्य र जनताले दु:ख पाउँछ




भक्तपुर नगरपालिका ३ वडाको आयोजनामा अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा कोभिड १९ सङ्क्रमण र नियन्त्रणमा युवाको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम नेमकिपा केन्द्रीय सचिव एवम् प्रतिनिधिसभाका माननीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा साउन ३२ गते सम्पन्न भयो ।

उक्त कार्यक्रममा उहाँले युवाहरू परिवतर्नका बाहक भएको हुनाले कोरोनाबाट जनतालाई बचाउन र समयमा आमूल परिवर्तन गर्न अग्रसर हुनुपर्ने बताउनुहुँदै कोरोनालाई वैज्ञानिक तवरले विश्लेषण हुनुपर्नेमा आध्यात्मिकतामा जोडेर भारतको मोदी सरकारले जनतालाई गलत बाटोतिर लगेको बताउनुभयो । भारतसँगको खुला सिमानाले गर्दा नेपालमा कोरोना सङ्क्रमित बढ्ने स्पष्ट पार्नुहुँदै उहाँले देश तथा राज्यका नेतृत्वले आत्मसमर्पण गरेपछि राज्य र जनताले दु:ख पाउँछ भन्नुहुँदै युवाहरू राजनीतिक रूपले सचेत हुनुपर्ने धारणा राख्नुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदालगायतमा प्राथमिकता दिएर जनताको सुझाव र सहयोगमा काम गरिरहेको छ भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोरा, वडा सदस्य कृष्ण गोपाल चौगुठी, महिला वडा सदस्य सुनिता अवाल, नेक्रायुवा सङ्घका शिवसुन्दर धुख्वा तथा स्थानीय बुद्धिजीवी चन्द्रभक्त भुजुले पनि बोल्नुभएको थियो ।

**वडा नं. ९ मा**

## युवाहरूले राजनीतिक गतिविधिमा सक्रियता बढाउनु आवश्यक




अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा भक्तपुर नपा वडा नं. ९ को आयोजनामा कोभिड सङ्क्रमण न्युनीकरणमा युवाहरूको भूमिका र समसामयिक विषयमा प्रवचन कार्यक्रम भदौ १ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले पतोन्मुख र प्रतिगामी विचार बोक्ने कुनै पनि उमेर समूहका व्यक्तिहरू युवा कहलिन नसक्ने बताउनुभयो । समाजलाई अगाडि बढाउने, प्रगतिशील र क्रान्तिकारी विचारधाराका जुनसुकै उमेर समूहलाई युवाको रूपमा परिभाषित गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

देशको भविष्य युवा शक्तिमा निहित हुने बताउनुहुँदै उहाँले आफूमा भएको ज्ञान, अध्ययन, योग्यता र क्षमता विकास गर्न युवाहरू अग्रसर हुनुपर्ने बताउनुभयो । कोभिड नियन्त्रणमा समाजवादी देशको अनुभवबारे प्रशिक्षित गर्नुहुँदै भक्तपुर नपाले निकै छोटो समयमा जनताको सहयोगमा अक्सिजन प्लान्ट स्थापना गरी सर्वसाधारण जनतालाई वितरण गरेको उहाँले

स्मरण गर्नुभयो ।

युवाहरूले राजनीतिक गतिविधिमा सक्रियता बढाउनु आवश्यक छ । उहाँले भन्नुभयो, जबसम्म युवाहरूमा आफ्नै देशमा बसेर देशलाई आत्मनिर्भर बनाउने सोचको विकास गर्न सक्दैन, तबसम्म देशको विकास र समृद्धिको सम्भावना छैन ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले भक्तपुर नगरमा हाल ४५६१ जना सक्रिय कोभिड सङ्क्रमित रहेको, भक्तपुर नपाको आइसोलेसन केन्द्रमा ३७ जना स्वास्थ्य लाभगरिरहेको बताउनुभयो । उहाँले कोरोनाविरुद्धको लडाइँमा भक्तपुर नपाले कोभिडविरुद्धको खोप अभियान सशक्त र व्यवस्थित रूपमाले सञ्चालनमा जोड दिएको बताउनुहुँदै नजिकिँदै गरेको सापारु पर्वलाई मर्यादित, व्यवस्थित र सुरक्षित ढङ्गले मनाउन अनुरोध गर्नुभयो ।

नेमकिपा दत्तात्रय एकाइ समितिका अध्यक्ष सञ्जय मानन्धरले कोभिड सङ्क्रमण जोखिमका कारण धेरैले शारीरिक र मानसिक पीडा भोग्नुपरेको बताउनुहुँदै कोरोना महामारी नियन्त्रणमा भक्तपुर नगरपालिका र नपाका जनप्रतिनिधिले खेलेको भूमिका प्रशंसनीय भएको बताउनुभयो ।

भक्तपुरका प्रहरी नायब उपरीक्षक पञ्चकुमार बाखुले समाजमा शान्ति सुरक्षा, सुव्यवस्था कायम गर्न तथा अपराध अनुसन्धान तथा नियन्त्रण गर्न प्रहरी र समाजको सम्बन्ध सुमधुर हुनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा विकास प्रजापतिले पनि बोल्नुभएको थियो ।

**वडा नं १० मा**

## युवा जनशक्तिको जोश र जाँगर सही ठाउँमा सदुपयोग गर्नुपर्ने




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको सल्लाघारीमा अवस्थित नेपाल ट्रष्टको नाममा रहेको १०८ रोपनी जग्गा शैक्षिक क्षेत्रको लागि सदुपयोग गर्ने नियममा व्यवस्था भएबमोजिम ख्वप विश्वविद्यालय स्थापना गरी सोअन्तर्गत चिकित्सा शास्त्र अध्ययनको लागि सदुपयोग गर्ने योजना रहेको बताउनुभएको छ ।

भक्तपुर नपा वडा नं. १० को आयोजनामा अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा भदौ ३ गते आयोजित प्रवचन कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले सल्लाघारीको उक्त जग्गा भक्तपुर नपाले नेपाल ट्रष्टसँग समन्वय गरी आफ्नै लगानीमा चारैतिर पर्खाल लगाई गेटहरूको समेत व्यवस्था गरी संरक्षण गर्दै आइरहेको बताउनुभयो ।

नेपालका राम्रा राम्रा डाक्टर, इन्जिनियर, नर्स, वैज्ञानिक, विशेषज्ञलगायतका जनशक्ति विदेशिएका कारण देशको विकासमा अवरोध सिर्जना भएको बताउनुहुँदै उहाँले नजिकिँदै गरेको सापारु पर्व कोभिड सङ्क्रमण नफैलिने गरी सुरक्षित ढङ्गले मनाउन आग्रह गर्नुभयो ।

भक्तपुर नपाले नगरवासीहरूलाई कोभिडबारे सचेतनाका कार्यक्रमलाई जोड दिँदै दिनहुँ माइकिङलाई चालू राखेको बताउनुहुँदै कोभिडविरुद्धको खोप अभियानलाई व्यवस्थित ढङगले सञ्चालन गरिरहेको प्रष्ट पार्नुभयो ।

उहाँले युवा जनशक्तिको जोश र जाँगर सही ठाउँमा सदुपयोग गर्नुपर्ने आवश्यकता रहेको बताउनुहुँदै युवाहलाई विकृति विसङ्गतिबाट टाढा राख्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा बागमती प्रदेश सभासद् सृजना सैंजुले छिमेकी देश चीनका युवाहरूले जनताको नि:स्वार्थ रूपले सेवा गर्ने भावनालाई आफ्नो जीवनपद्धतिको रूपमा अँगालेको बताउनुहुँदै युवा भावना जीवित राख्नुपर्नेमा जोड दिनुभयो ।

युवाहरूलाई शिक्षासँगसँगै राजनैतिक चेतना दिनु आजको आवश्यकता रहेको औँल्याउनुहुँदै उहाँले कोभिड नियन्त्रण तथा रोकथाममा भक्तपुर नगरपालिकाको गतिविधिहरू प्रशंसनीय भएको बताउनुभयो । एमसीसी अमेरिकी साम्राज्यवादको गुलियो पोतेको विष भएको बताउनुहुँदै सांसद सैंजुले एमसीसीको विरुद्ध युवा, विद्यार्थी, महिलालगायतका जनसमुदायलाई सचेत गर्दै लानुपर्ने बताउनुभयो ।

नेमकिपा भक्तपुर नगर समितिका अध्यक्ष नारायणबहादुर दुवालले अमेरिकी साम्राज्यवादले कमजोर देशहरूलाई ध्वस्त पार्ने काम गरिरहेकोतर्फ युवाहरू सचेत हुनुपर्ने बताउनुहुँदै युवा जनशक्तिलाई राजनैतिक रूपले सचेत पार्नसके देशको समृद्धि सम्भव हुने बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नपा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखा र वडा सदस्य जितेन्द्र मुनंकर्मीले नजिकिँदै गरेको सापारु पर्व सुरक्षित र मर्यादित ढङ्गले मनाउन वडाले घरदैलो कार्यक्रमलाई तीव्रता दिइरहेको बताउनुभयो ।

**वडा नं. ६ मा**

## युवा-विद्यार्थीमा राजनीतिक र सांस्कृतिक चेतना उँचो हुनुपर्छ




नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय प्रतिनिधिसभा सदस्य प्रेम सुवालले युवा-विद्यार्थीमा राजनीतिक र सांस्कृतिक चेतना उँचो हुन जरूरी रहेको बताउनुभएको छ ।

अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा भक्तपुर नगरपालिका वडा नं ६ को कार्यालयको आयोजनामा स्थानीय युवाहरूमाझ भाद्र ४ गते आयोजित अन्तरक्रिया कार्यक्रममा उहाँले नयाँ पुस्ताले समाजको जटिलतालाई समाधान नदिने पूँजीवादी विचारलाई त्याग्नुपर्ने र नयाँ विचार समाजवादलाई आत्मसात गर्न आवश्यक छ भन्नुभयो ।

सामन्त वर्गले जोताहा मोही किसानलाई शोषण गरेजस्तै सरकारमा गएका दल र नेताहरूको आशीर्वाद पाएका म्यानपावर कम्पनी र शैक्षिक परामर्श केन्द्रहरूले युवा र विद्यार्थीलाई शोषण गरेका छन्, सांसद सुवालले भन्नुभयो ।

उहाँले सरकारले रोक लगाएको अफगानिस्तानमा शासक दलका कुन कुन नेताको संरक्षणमा रहेका म्यानपावर कम्पनीहरूले नेपाली युवालाई पुऱ्यायो, सो सार्वजनिक गरी दोषीहरूमाथि कारबाही हुनुपर्छ भन्नुभयो ।

काठमाडौँ उपत्यकामा भइरहेको डोजर सञ्चालन, सडक निर्माण र निजी प्लटिङको परिणाम मेलम्ची र मनाङमा जस्तै बाढी पहिरो र डुबान हुने र अन्ततः चोभारको गल्छी थुनिएर काठमाडौँ उपत्यका पुनः तलाउ बन्ने जोखिम बढेको उहाँले बताउनुभयो ।

सांसद सुवालले पूँजीवादी सरकार र तिनका दलालहरूले युवालाई जाँड, रक्सी र जुवातासको कुलतमा फसाउने र अन्ततः घरखेत सिध्याउन दिनेमा सबै सचेत हुनु आवश्यक रहेको बताउनुभयो ।

उहाँले ख्वप विश्वविद्यालयको अनुमति नदिने र मेडिकल कलेज सस्तोमा चलाउन नदिने सरकार र तिनका नेताहरूमा राणा शासनकै मानसिकता सरेको हो भन्नुभयो ।

निर्वाचनमा पैसा र सामान बाँडेका, भोज भत्तेर खुवाएर भोट लिएका र झूटा आश्वासन दिएका दलहरूको एकमना सरकार भए पनि देश र जनताको हित हुनेछैन, उहाँले भन्नुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय उपाध्यक्ष तथा वडा नं ४ का वडा सदस्य गोविन्द दुवालले हिजो निरङ्कुश पञ्चायती कालरात्रिमा पनि जनताको अधिकारका लागि सङ्घर्ष गरेका नेता कार्यकर्ताहरू युवा रहेको बताउनुहुँदै समाजमा परिवर्तनका लागि युवाहरूले जति योगदान गर्नसक्छ अरूले नसक्ने प्रस्ट पार्नुभयो ।

शिक्षक गणेशराम थुसाले देशको विकासमा युवाहरूको भूमिका अत्यन्त महत्त्वपूर्ण भएको चर्चा गर्नुहुँदै युवाहरू धूमपान, मद्यपान र लागूऔषधको कुलतमा र पैसाको लागि जे पनि गर्ने पूँजीवादी मानसिकतामा पर्नाले देश र समाजलाई ठूलो क्षति भइरहेको छ भन्नुभयो ।

कार्यक्रमका सभापति एवं वडा नं. ४ का वडाध्यक्ष हरिराम सुवालले भनपाको आह्वानअनुसार कोभिड-१९ महामारीविरुद्धको सचेतना अभियानमा युवाहरूको सक्रियता प्रशंसालायक भएको बताउनुभयो ।

भनपाका कार्यपालिका सदस्य एवं महिला वडा सदस्य रोशनमैया सुवालले कोभिड-१९ को सङ्क्रमण रोक्नमा युवाहरूको भूमिका महत्त्वपूर्ण भएको बताउनुहुँदै महामारीलाई ध्यानमा राखी गाईजात्राका गतिविधिहरू औपचारिकतामा सीमित गर्न अनुरोध गर्नुभयो ।

कार्यक्रममा वडा सदस्यहरू सिद्धिराम अवाल र सीतादेवी नेपालीले पनि बोल्नुभएको थियो ।

**वडा नं. ४ मा**

## सत्ता केन्द्रित राजनीतिले देश र जनतालाई दुःख



भक्तपुर नपा ४ नं. वडा कार्यालयको आयोजनामा भाद्र ४ गते अन्तराष्ट्रिय युवा दिवसको अवसरमा कोभिड-१९ सङ्क्रमण र नियन्त्रणमा युवाको भूमिका विषयक प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् बाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाईले शासक दलहरू सत्ता केन्द्रित राजनीतिमा सीमित भएको हुँदा देश र जनताले दुःख झेल्नु परेको हो भन्नुभयो ।

पटक-पटक प्रधानमन्त्री मन्त्री भएर पनि केही गर्न नसक्नेहरूबाट जनताको भलो नहुने उल्लेख गर्नुहुँदै उहाँले कोभिड-१९ बाट जोगिन एक-दुई व्यक्ति लागेर नसकिने हुनाले सामूहिक प्रयास जारी राख्नुपर्ने आवश्यकतामाथि जोड दिनुभयो ।

विश्वका दुई सयभन्दा बढी देशलाई छिमेकी देश चीनले खोप उपलब्ध गराएको र खर्बौं रकम बराबरको स्वास्थ्य सामग्री वितरण गरेको तथ्य प्रस्तुत गर्नुहुँदै उहाँले अमेरिकी साम्राज्यवादले क्युवामाथि लगाएको ६ दशक लामो अमानवीय नाकाबन्दी तत्काल हटाउनुपर्ने विचार व्यक्त गर्नुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले सल्लाघारीको ९९ रोपनी जग्गा जनताको हो अहिले नेपाल ट्रस्टको नाममा गएको उक्त स्थानमा भनपाको ख्वप विश्वविद्यालय तथा मेडिकल कलेज निर्माण गर्ने प्रस्तावमाथि सरकारले बेवास्ता गरिरहेकोमा आपत्ति जनाउनुभयो । उक्त जग्गा शिक्षा स्वास्थ्यको लागि प्रयोग गर्न सकिने ट्रस्टको नियमावलीमा प्रावधान हुँदाहुँदै काठमाडौँ महानगरपालिकाले बसपार्क बनाउनुपर्ने कुरो उठाउनु जनभावनाविपरीत भएको टिप्पणी गर्नुभयो ।

उपप्रमुख जोशीले जनताको अपार माया पाएर भनपाले अक्सिजन प्लान्ट स्थापना गरी निःशुल्क अक्सिजन वितरण गर्दै नगरवासीको सेवा गरिरहेको चर्चा गर्नुभयो ।

नेमकिपा भनस सदस्य उपेन्द्र सुवालले देशका ७० प्रतिशत युवाहरू विदेशमा खतरापूर्ण काममा संलग्न हुनुपरेको र दैनिक ती युवाहरूको लाश भित्रिरहेको तीतो यथार्थबारे बताउनुहुँदै साम्राज्यवादी शक्ति र विदेशी दलालहरूबाट देशको सार्वभौमिकता रक्षाका लागि युवाहरू सचेत र सङ्गठित भइ सङ्घर्षको मोर्चामा अगाडि बढ्नुपर्ने खाँचो औँल्याउनुभयो ।

भनपा-४ नं वडाका वडाध्यक्ष कुमार चवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेमकिपा लाकोलाछेँ एकाइ समिति अध्यक्ष न्हुछेराम भेले, नगर कार्यपालिका सदस्य कृष्णलक्ष्मी दुवाल, वडा सदस्य पशुपति प्रजापति, राजेन्द्र माकलगायतले बोल्नुभएको थियो ।

# भक्तपुर नपाद्वारा भक्तपुर काण्डको भर्त्सना र विरोध

**भक्तपुर काण्ड : पञ्चायती फासीवादको सिलसिला**

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले नेमकिपाविरुद्ध पञ्चायती राज्यस्तरको षड्यन्त्र र पञ्चहरूबाट भएको ज्यादतीबारे नयाँ पुस्तालाई थाहा दिन र राजनीतिक पूर्वाग्रह राखी दमन गर्ने काम आगामी दिनहरूमा पनि हुनसक्ने विषयमा सचेत पार्न वर्सेनी भक्तपुर काण्डको विरोध र भर्त्सना कार्यक्रमहरू गर्दै आएको बताउनुभयो ।



भक्तपुर नगरपालिकाको आयोजनामा भाद्र ११ गते भएको पञ्चायती राज्यस्तरबाट रचिएको भक्तपुर काण्ड (२०४५ भदौ ९) को विरोध कार्यक्रममा बोल्नुहुँदै सांसद सुवालले भक्तपुर काण्ड भक्तपुरवासीहरूलाई जातीय हिसाबले दमन गर्ने पञ्चायती फासीवादको सिलसिला भएको बताउनुभयो ।

२०४६ सालको जनआन्दोलनमा शहादत प्राप्त गर्नुभएका शहीदहरूको योगदान स्मरणीय भएको बताउनुहुँदै सांसद सुवालले भक्तपुर काण्डले शत्रु र मित्र चिन्ने अवसर मिलेको बताउनुभयो ।

दल विभाजनसम्बन्धी अध्यादेशले राजनीतिक पार्टीहरू विभाजित हुनसक्ने खतरा रहेको औँल्याउनुहुँदै उहाँले यो अध्यादेश प्रजातन्त्रविपरीत, लोकतन्त्रविपरीत र निरङ्कुश भएको बताउनुभयो ।

राजनीतिक दलले आफ्ना कार्यकर्ताहरूलाई विचार र सिद्धान्तबाट अनुशासित नबनाएसम्म देशमा भ्रष्टाचारको अन्त्य गर्न सम्भव नभएको बताउनुहुँदै उहाँले कार्यकर्ताहरूले सङ्कटमा भाग्ने होइन, त्यसको प्रतिरोध गर्ने प्रतिबद्धता लिनु आवश्यक भएको बताउनुभयो ।

निर्वाचन आयोगलाई स्वायत्त, निष्पक्ष र स्वतन्त्र बनाउनुपर्नेमा जोड दिनुहुँदै सांसद सुवालले विदेशीको सहयोगमा

निर्वाचन आयोगको सफ्टवेयर बनाउनु गलत कदम भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पूँजीपति वर्ग शासन सत्ता हातमा लिन जस्तोसुकै अनैतिक र कठोर कदम चाल्न पनि पछि नपर्ने बताउनुभयो ।



सामान्य कुटपिटबाट घाइते भएका व्यक्तिलाई मृत घोषणा गरेर भक्तपुर काण्ड घटना घटाइएको स्मरण गर्नुहुँदै उहाँले 'जहाँ दमन हुन्छ त्यहाँ प्रतिरोध हुन्छ' भनेझैँ भक्तपुर काण्डको विरोधमा भएको चर्को प्रतिरोधका कारण देशभरका जनतालाई एउटा नयाँ ऊर्जा दिएको र षड्यन्त्रको सहारामा शासन सत्ता टिकाउन खोज्ने पञ्चहरू आफै समाप्त भएको बताउनुभयो ।

पूँजीवादी व्यवस्था भित्र गएर जनताको सेवा गर्ने नीतिअनुसार नेमकिपाले क्रान्तिकारी संसदवादको रूपमा काम गर्दै आइरहेको प्रष्ट पार्नुहुँदै प्रमुख प्रजापतिले संसदमा जनविरोधी कानुन पारित हुन नदिन, जनताको पक्षमा नयाँ नयाँ कानुनहरू निर्माण गर्न नेमकिपाले सङ्घ र प्रदेश संसदलाई उपयोग गरिरहेको छ भन्नुभयो ।

सत्ता सुरक्षाको लागि शासक वर्गले छद्म भेषमा विभिन्न गतिविधिहरू गर्न सक्ने, नेमकिपालाई नष्ट गर्न सम्पूर्ण बल प्रयोग गर्न सक्ने र २०४५ सालको 'भक्तपुर काण्ड' फेरि फेरि दोहोरिन सक्नेतर्फ उहाँले सचेत गराउनुभयो ।

नगरपालिकाका उपप्रमुख रजनी जोशीले राज्यस्तरबाट नेमकिपालाई समाप्त गर्न रचिएको षड्यन्त्र अन्ततः असफल भएको बताउनुहुँदै नेमकिपा विचार र सिद्धान्तमा अडिग पार्टी भएको बताउनुभयो ।

'भक्तपुर काण्ड' जस्ता घटनाहरू फेरि पनि घट्न सक्ने सम्भावना रहेको औँल्याउनुहुँदै उपप्रमुख जोशीले नेमकिपाका जनप्रतिनिधि, कार्यकर्ता, कर्मचारीहरू सचेत र सजग भई जनताको सेवामा कटिबद्ध भई लाग्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ६ का वडा सदस्य गोविन्द दुवालले पञ्चायती राज्य आतङ्कविरुद्धको सङ्घर्षको स्मरण गर्नुहुँदै भक्तपुर काण्डमा नेमकिपाको पक्षमा वकालत गर्ने न्यायप्रेमी जनता, बुद्धिजीवी र सञ्चारमाध्यमहरू धन्यवादका पात्र भएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले आफ्नो जेल जीवनको अनुभव सुनाउनुहुँदै भक्तपुर काण्ड नेमकिपाको विचार र सिद्धान्तविरुद्ध रचिएको षड्यन्त्र भएको बताउनुभयो ।

भक्तपुर नपाका कार्यपालिका सदस्य रोशनमैंया सुवालले भक्तपुर काण्डको समयमा महिलाहरूको भूमिकामाथि प्रष्ट पार्नुहुँदै पञ्चायती व्यवस्था अन्त्य गर्न भक्तपुरका महिलाहरूको साहसिक भूमिका उल्लेखनीय भएको बताउनुभयो ।

कार्यक्रममा नेपाल नगरपालिका कर्मचारी एशोसियसन भक्तपुरका अध्यक्ष गौतमप्रसाद लासिवाले भक्तपुर काण्डको समयमा निरङ्कुश निर्दलीय पञ्चायती राज्य सत्ताले भक्तपुर नगरपालिकाका कर्मचारीहरूप्रति गरेको ज्यादती बिर्सन नसकिने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ र भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले पनि बोल्नुभएको थियो ।

## पार्टी कार्यकर्ता र नगरवासीहरू सधैं सजग हुनुपर्ने




नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिका वडा नं. ७ को आयोजनामा नेपाल मजदुर किसान पार्टीलाई समुल नष्ट पार्न रचिएको २०४५ साल भाद्र ९ गतेको भक्तपुर काण्डको विरोध एवं भर्त्सना कार्यक्रम वडा कार्यालय भवनमा भदौ १२ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख अतिथि प्रजापतिले नेपाल मजदुर किसान पार्टीको इतिहासबाट नयाँ पुस्ताले सिक्नुपर्ने र पूँजीवादीहरू अहिले पनि समाजमा हाम्रो विरुद्ध लागिरहेरहेको हुँदा सबै पार्टी कार्यकर्ता र नगरवासीहरू सधैँ सजग हुनुपर्ने औँल्याउनुभयो ।



# नपाका कर्मचारीहरूबीच भक्तपुर काण्ड विषयक प्रवचन



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले जनताको बीचमा गएर सेवा गर्ने र श्रमिक जनतालाई पूँजीवादी विचारबाट जोगाउने नीति नै लेनिनवादी नीति भएको बताउनुभयो ।

नेपाल नगरपालिका कर्मचारी एशोसियसन भक्तपुर नपा एकाई समितिको आयोजनामा 'भक्तपुर काण्ड र वर्तमान समसामयिक राजनैतिक विषय' मा भदौ १६ गते भएको प्रवचन कार्यक्रम बोल्नुहुँदै उहाँले कर्मचारीहरू पूँजीवादी प्रवृत्तिबाट टाढा रहनुपर्ने र जनताको निःस्वार्थ सेवा गर्ने भावनाबाट प्रेरित हुनुपर्ने बताउनुभयो ।

नेपालमा पञ्चायती व्यवस्था अन्त्य गर्न भक्तपुर काण्डको भूमिकाबारे प्रष्ट पार्नुहुँदै अध्यक्ष बिजुक्छेँले पञ्चायती शासकहरूबाट भएका दमन, षड्यन्त्र अगाडि नेमकिपाका नेता कार्यकर्ता कहिल्यै नझुकेको बताउनुभयो ।

शासक दलहरूले नेमकिपाका कार्यकर्ताहरूलाई अनेक लोभमा फसाएर सिद्धान्तच्युत बनाउने काम गरिरहेको बताउनुहुँदै उहाँले राजनीतिक कार्यकर्ता तथा कर्मचारीहरू राजनीतिक अडानमा बस्नुपर्छ भन्नुभयो ।

कर्मचारीहरूले आफ्नो स्तरवृद्धिमा ध्यान दिनुपर्ने, समयसापेक्ष तालिमहरू लिनुपर्ने र नयाँ नयाँ विषयहरूको अध्ययनमा जोड दिनुपर्ने बताउनुहुँदै बाली काट्ने आन्दोलन, भर्पाई आन्दोलन, मोहियानी हक सुरक्षाको आन्दोलन, भारतले सुस्तामा गरेको अतिक्रमणको विरोधलगायतका गतिविधि गरी नेमकिपाले देश र जनताको पक्षमा आवाज उठाउँदै आइरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर काण्डलाई पञ्चायती सरकारको असफल राजनीतिक षड्यन्त्रको रूपमा चित्रण गर्नुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले पारदर्शिताका साथ गरिरहेको गतिविधि र विकास निर्माण कार्य प्रतिक्रियावादीहरूका लागि आँखाको धूलो बराबर भएको उल्लेख गर्नुहुँदै नेपाल मजदुर किसान पार्टीका अग्रज कार्यकर्ताहरूहरूले नयाँ पुस्तालाई समाज सेवाको भावना दिनुपर्नेमा जोड दिनुभयो ।

निजी स्वार्थ र भावना पूँजीवादी विचार भएको उल्लेख गर्नुहुँदै उहाँले सामुहिक भावना नै समाजवादी विचारहुँदा त्यसलाई देशभरि फैलाउनुपर्ने तथा शत्रुलाई निरन्तर खबरदारी गर्न भाद्र ९ गतेको कालो दिनलाई सम्झनुपर्ने विचार व्यक्त गर्नुभयो ।

प्रमुख प्रजापतिले ख्वप अस्पतालमा अक्सीजन प्लान्ट स्थापनाको लागि स्वतस्फूर्त रूपमा जनताबाट हालसम्म ६ करोड ५० लाखभन्दा बढी रकम सहयोग प्राप्त भई नगरवासीहरूले निःशुल्क अक्सीजन प्राप्त गरिरहेको जानकारी दिनुभयो ।

कार्यक्रमका सभापति एवं वडाध्यक्ष उकेश कवांले २०४५ भाद्र ९ गतेको कालो दिनको स्मरण गर्नुहुँदै इमानदारी र सत्यनिष्ठ व्यक्ति अडिग रहने र जालझेल तथा षड्यन्त्रकारीहरू लामो समय टिक्न नसक्ने बताउनहुँदै ती कालो दिनबाट शिक्षा ग्रहण गरी नयाँ पुस्ता अगाडि बढ्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी महिला सङ्घका उपाध्यक्ष कमलमैया सुवालले भक्तपुर काण्डको २० महिनाले भक्तपुरका जनता २० वर्ष पछाडि परेको उल्लेख गर्नुहुँदै सो अवधिमा पञ्चायती दमनविरुद्ध महिलाहरूले गरेको सशक्त प्रतिकारको चर्चा गर्नुभयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका भक्तपुर नगर समिति अध्यक्ष नारायणबहादुर दुवालले भक्तपुर काण्ड राज्यस्तरबाट नेमकिपालाई समूल नष्ट गर्न रचिएको षड्यन्त्रको बारेमा युवाहरूलाई जानकारी दिई सङ्गठित बनाउनुपर्ने चर्चा गर्नुभयो ।

स्थानीय समाजसेवीहरू श्रीकृष्ण किसी, लक्ष्मी भक्त कवां, नाती कवां, वडासदस्यहरू हेरा ख्याजु र हरिरत्न गोर्खालीले निरङ्कुश पञ्चायती शासनको बेला घटेको भक्तपुर काण्डको २० महिनाको अवधिमा आफूले भोगेका अनुभवहरूको चर्चा गर्नुभएको थियो ।

नेमकिपाले प्रतिक्रियावादी सङ्घ संस्थाभित्र गएर जनताको सेवा गर्ने लेनिनवादी नीतिअनुसार पञ्चायतका हरेक निर्वाचनलाई उपयोग गर्दै अगाडि बढेको स्मरण गर्नुहुँदै प्रमुख प्रजापतिले कर्मचारीहरूमा इमानदारी र अनुशासनका साथै जनताको निःस्वार्थ सेवा गर्ने भावना हुनुपर्नेमा जोड दिनुभयो ।

शासक दलहरूले आफ्नो शासन टिकाउन अनेक किसिमका षड्यन्त्रहरू गरिरहनेतर्फ चनाखो हुनुपर्ने बताउनुहुँदै उहाँले नेपाल सरकारले जारी गरेको अध्यादेशले राजनीतिक पार्टीहरूको अस्तित्वमाथि नै प्रश्नचिन्ह खडा भएको बताउनुभयो ।



भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले नेमकिपा विचार र सिद्धान्तमा दृढ पार्टी भएकै कारण नेमकिपाविरुद्धको षड्यन्त्र सफल हुन नसकेको बताउनुभयो ।

भक्तपुर काण्डले सचेत र सङ्गठित पार्न कार्यकर्ताहरूलाई पाठ सिकाएको बताउनुहुँदै उहाँले कर्मचारीहरूलाई सुसंस्कृत र सभ्य व्यवहारले नगरबासीहरूको सेवा गर्न अभिप्रेरित गर्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठले भक्तपुर काण्डमा भक्तपुरवासीहरूको अदम्य साहस, योगदान उल्लेखनीय भएको बताउनुहुँदै नयाँ पुस्तालाई यसले दिएको सन्देशबारे सुसूचित गर्दै लानु आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा नेपाल नगरपालिका कर्मचारी एशोसियसन भक्तपुरका अध्यक्ष गौतमप्रसाद लासिवाले भक्तपुर काण्डमा कर्मचारीहरूलाई जाली मुद्दामा फसाउन अनेक जालझेल गरेको बताउनुहुँदै भक्तपुर काण्डका सिलसिला अझ दोहोरिनेसक्नेतर्फ सचेत पार्नुभयो ।

कार्यक्रममा नेपाल नगरपालिका कर्मचारी एशोसियसन भक्तपुरका सदस्य गणेशलाल फाँजु र विकास प्रजापतिले पनि बोलनुभएको थियो ।

**झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।**

## राष्ट्रिय पुस्तकालय दिवसमा विचार गोष्ठी

# 'नयाँ पुस्तालाई विद्यार्थी जीवनदेखि पुस्तकालय गएर अध्ययन गर्ने संस्कृतिको विकासमा जोड दिनुपर्ने'

*– अध्यक्ष नारायणमान बिजुक्छेँ*

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाले राष्ट्रिय पुस्तकालय दिवसको अवसरमा भदौ १५ गते विचार गोष्ठी आयोजना गरेको छ ।




कार्यक्रममा अध्यक्ष बिजुक्छेँले जनतालाई शिक्षित र देशलाई समृद्ध बनाउने उद्देश्यले पुस्तकालय दिवस मनाउनुपर्नेमा जोड दिनुभयो । पुस्तकालय भनेको ज्ञानको भण्डार हो भन्नुहुँदै अध्यक्ष बिजुक्छेँले नेपालका पुस्तकालयहरू अझै व्यवस्थापन हुन बाँकी रहेको बताउनुभयो ।

भक्तपुरमा रहेको सार्वजनिक पुस्तकालयहरूको व्यापक सदुपयोग गर्नुपर्ने औँल्याउनुहुँदै उहाँले पुस्तकालय व्यवस्थापकहरूको स्तरवृद्धि र पुस्तकालय व्यवस्थित सञ्चालनको लागि नगरपालिकाले प्राविधिक तथा आवश्यक सहयोग गर्नुपर्छ भन्नुभयो ।



सार्वजनिक पुस्तकालयहरूमा दक्ष जनशक्तिको अभाव देखिएको बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले पुस्तकालयमा आउने पाठकलाई राम्रोसँग व्यवहार गर्ने र पुस्तक दिने जनशक्ति व्यवस्थापनमा पुस्तकालयहरूले ध्यान दिनुपर्ने बताउनुभयो ।

पुस्तकालयमा बस्ने जनशक्तिलाई वैज्ञानिक पुस्तकालय व्यवस्थापनबारे तालिमहरू सञ्चालन गर्नुपर्ने, प्राचीन महत्त्व बोकेका पुस्तकहरूको सङ्ग्रह पुस्तकालयले सुरक्षित ढङ्गले राख्नुपर्ने र नयाँ पुस्तालाई विद्यार्थी जीवनदेखि पुस्तकालय गएर अध्ययन गर्ने संस्कृतिको विकासमा जोड दिनुपर्ने उहाँले बताउनुभयो ।

समाजमा आमूल परिवर्तनको निम्ति शिक्षालाई जोड दिनुपर्छ भन्नुहुँदै उहाँले हरेक विद्यालय तथा शैक्षिक संस्थाहरूमा सुविधायुक्त पुस्तकालयको अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ भन्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विज्ञान र प्रविधिको विकाससँगै आधुनिक र प्रविधियुक्त पुस्तकालयको महत्त्व झन् बढ्दै गएको बताउनुहुँदै भक्तपुर नगरपालिकाबाट सञ्चालित जनज्योति पुस्तकालयलाई थप व्यवस्थित र समयानुकूल सुधार गर्ने प्रयास गरिरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, जनज्योति पुस्तकालयमा इ. लाइब्रेरीको विकास, उच्च शिक्षाको लागि अध्ययन गर्न छुट्टै व्यवस्थित अध्ययन कक्षको व्यवस्था र उच्च शिक्षा हासिल गर्ने विद्यार्थी र बुद्धिजीवीहरूको सुझावअनुसार थप पुस्तकहरू राख्ने हामीले तयारी गरिरहेका छौँ ।

पुस्तकालय भनेको नयाँ विषय अध्ययन अनुसन्धान गर्नेहरूको लागि अत्यन्त उपयोगी ठाउँ भएको बताउनुहुँदै प्रमुख प्रजापतिले भन्नुभयो, हाम्रा प्राचीन पुस्तक र पत्रपत्रिकाहरू पनि पुस्तकालयहरूमा सुरक्षित गर्नु आवश्यक छ ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले पुस्तक पढ्ने बानी र पुस्तकालयसँग अभ्यस्त रहने बानीले सुसंस्कृत, सुसुचित र सभ्य समाज निर्माणमा टेवा पुग्ने बताउनुहुँदै उपप्रमुख जोशीले समाजका हरेक क्षेत्रमा राष्ट्रिय, नगरस्तरीय, विश्वविद्यालय, कलेज/विद्यालयस्तरीय मात्र नभई वडा/टोलहरूमा समेत पुस्तकालयहरू अपरिहार्य भएको बताउनुभयो ।

इतिहासविद् डा. पुरुषोत्तमलोचन श्रेष्ठले नेपालमा संस्थागत रूपमा पुस्तकालय स्थापना भएको २०० वर्षभन्दा लामो इतिहास पूरा भएको बताउनुहुँदै भक्तपुरको साकोथामा अवस्थित साफू कुथि छँ नेपालकै पहिलो पुस्तकालय भएको र यसबाट भक्तपुर शिक्षाको केन्द्रको रूपमा रहेको प्रष्ट भएको बताउनुभयो ।

विचार गोष्ठीमा भनपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व, भनपाका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ, भनपाबाट सञ्चालित जनज्योति पुस्तकालयका अधिकृत भूपाल मूलले पनि बोल्नुभएको थियो ।



कार्यक्रममा भक्तपुर पुस्तकालय सङ्घका अध्यक्ष सुरेन्द्र दुवाल, प्रगति पुस्तकालयका अध्यक्ष रबिन्द्रप्रसाद कुसी, सहिद राजकुमार स्मृति पुस्तकालयका अध्यक्ष कृष्णप्रसाद सुवाल र सहिद स्मृति पुस्तकालयका अध्यक्ष नारायणप्रसाद मचामसीले पुस्तकालयहरूको इतिहास, वर्तमान अवस्था र चुनौतीहरूबारे आआफ्नो धारणा राख्नुभएको थियो ।

# नवनिर्मित ३ वडा कार्यालय भवन उद्घाटन



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. ३ वंशगोपालस्थित वडा कार्यालयको नवनिर्मित वडा कार्यालय भवन भदौ १२ गते एक कार्यक्रमबीच उद्घाटन गर्नुभयो ।

साढे ३ तले वडा कार्यालय भवनको शिलान्यास नगर प्रमुख प्रजापतिले २०७५ मंसिर २८ गते गर्नुभएको थियो भने २०७७ मंसिर २८ गते भवन निर्माण सम्पन्न भएको थियो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले वडा कार्यालय व्यवस्थित नभएसम्म वडा तहको कार्य सम्पादन व्यवस्थित हुन नसक्ने बताउनुहुँदै नवनिर्मित वडा कार्यालयको भवनबाट सेवाग्राहीले सहज रूपमा सेवा प्राप्त गर्ने र भवनको पूर्ण सदुपयोग हुनेमा विश्वास व्यक्त गर्नुभयो ।

'जनप्रतिनिधि भनेका जनताका सेवक हुन्' उहाँले भन्नुभयो, 'भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू जनताकेन्द्रित भई समर्पित भावले काम गर्दै आइरहेका छन्। जनताको आवश्यकतामा साथ दिन जनप्रतिनिधिहरू हरदम तयार छन्।'

भक्तपुर नगरपालिकाले उपभोक्ता समितिमार्फत विकास निर्माणका कार्यहरू अगाडि बढाउनुको मुख्य उद्देश्य आर्थिक पारदर्शिता, स्थानीय जनताको अपनत्व र बलियो निर्माणको लागि भएको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुरवासी जनताको एकता र मिहिनेतले आजको सुन्दर भक्तपुरको परिचय स्थापित भएको हो भन्नुभयो।

भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले साबिक वडा नं. १३ र १६ लाई पायक पर्ने ठाउँमै वडाको नयाँ भवन निर्माण गरेको बताउनुहुँदै भवन निर्माणमा उपभोक्ता समिति र वडावासीको सहयोग तथा समन्वयका कारण समयमै निर्माण सम्पन्न भएको बताउनुभयो।

भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष एवम् समाजसेवी रामसुन्दर खाताखोले भक्तपुरका जनता नगरपालिकाका हरेक गतिविधिमा अपनत्व लिएर सहयोगी भावनाका साथ अगाडि बढेको बताउनुहुँदै वडा कार्यालय भवन निर्माणमा प्रत्यक्ष अप्रत्यक्ष सहयोगी भूमिका खेल्नेहरूप्रति धन्यवाद ज्ञापन गर्नुभयो।




साबिक वडा नं. १३ का पूर्व वडाध्यक्ष रामहरि गोराले वडा कार्यालयको भवन निर्माणको लागि उपयुक्त जग्गा अभावले गर्दा भवन निर्माणको कार्यमा ढिलाइ भएको बताउनुहुँदै भवन लागत इस्टिमेटभन्दा कम खर्चमा सम्पन्न हुनु सुखद् रहेको बताउनुभयो।

कार्यक्रममा भनपा साविक वडा नं. १६ पूर्ववडाध्यक्ष इन्द्रमान श्रेष्ठ, भवन निर्माण अनुगमन समितिका संयोजक मुक्तिराम स्वानेपा, उपभोक्ता समितिका सदस्य मैंया ध्वजु र उपभोक्ता समितिका शिवराम धुख्वाले पनि वडा कार्यालय भवन निर्माणबाट सेवाग्राहीहरूलाई सेवा प्रदान गर्न सहज भएको, भवन निर्माणमा सबैको साथ र सहयोग पाएकोलगायतका धारणाहरू राख्नुभयो।

कार्यक्रममा उपभोक्ता समितिका कोषाध्यक्ष लक्ष्मीप्रसाद गोराले वडा कार्यालयको निर्माण निर्धारित समयमै सम्पन्न भएको र भवनको लागत इस्टिमेट २ करोड ७३ लाख ११ हजार ९१४ र कूल खर्च १ करोड ७२ लाख ५३ हजार ३५३ रहेको कार्यक्रममा जानकारी गराउनुभयो।

# भक्तपुर नगरभित्रका सहकारीकर्मीहरूबीच बैठक



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा नगरभित्र सञ्चालित सहकारी संस्थाहरूको प्रतिनिधिमूलक बैठक भदौ १७ गते सम्पन्न भयो।

नगर प्रमुख प्रजापतिले सहकारी संस्थाहरूले पूँजीलाई सेवाको रूपमा रूपान्तरण गर्ने ढङ्गले काम गर्नुपर्नेमा जोड दिनुहुँदै कोभिड महामारीबीच नगरपालिकाले जनताको जीवन रक्षा र स्वास्थ्य क्षेत्रलाई प्रमुख प्राथमिकतामा राखेर गतिविधिहरू अगाडि बढाइरहेको बताउनुभयो।

कोभिडविरुद्धको खोप नगरको १० ओटै वडामा व्यवस्थित सञ्चालन गर्दै आइरहेको बताउनुहुँदै उहाँले कोभिड नियन्त्रण तथा रोकथाम र नपाबाट सञ्चालित ख्वप अस्पतालमा अक्सिजन प्लान्ट निर्माण तथा सञ्चालनमा भक्तपुरका सहकारी संस्थाहरूको उल्लेखनीय भूमिका रहेको बताउनुभयो।

नगरपालिकाले सहकारी संस्थाहरूको नियमन र अनुगमनलाई प्राथमिकतामा राख्दै आएको बताउनुहुँदै प्रमुख प्रजापतिले विद्यालय सञ्चालन गर्ने विषयमा विद्यालयका प्रअहरूसँग चरणबद्ध छलफल पनि चलाइरहेको बताउनुभयो।

नगरमा चिस्यान केन्द्र सञ्चालन, आदर निकेतन सञ्चालन, ख्वप अस्पताल व्यवस्थित सञ्चालन गर्न आवश्यक तयारीहरू भइरहेको उहाँले बैठकमा अवगत गराउनुभयो।

बैठकमा भक्तपुर सहकारी अनुगमन समितिका संयोजक हरिप्रसाद बासुकलाले भक्तपुर नपा सहकारी विभागले सहकारी संस्थाहरूको मासिक प्रतिवेदन सङ्कलन, सहकारी अनुगमन र बिनास्वीकृति सञ्चालित प्रदेशस्तरीय बहुउद्देश्यीय सहकारी संस्थाहरूको अनुगमनलाई जोडदिँदै आइरहेको बताउनुभयो। कोभिड महामारी दिनानुदिन बढिरहेको अवस्थामा सहकारी संस्थाहरूको साधारणसभा सञ्चालन गर्नेबारे राय सुझाव सङ्कलनको लागि उक्त बैठक बोलाइएको उहाँले प्रष्ट पार्नुभयो।

बैठकमा उपस्थित सहकारी संस्थाका प्रतिनिधिहरूले

नगरपालिकाको स्वीकृतिबिना सञ्चालित सहकारी संस्थाहरूलाई कानुनको दायरामा ल्याउनुपर्ने, सहकारी संस्थाहरूको ब्याज दर अन्तरको विषयमा निरीक्षण गर्नुपर्ने, सहकारी अनुगमनलाई तीव्रता दिनुपर्ने, सहकारी संस्थाहरूले उत्पादनमूलक क्षेत्रमा लगानी बढाउनुपर्ने, जनमुखी र नाफामुखी सहकारी संस्थाहरूको उद्देश्यबारे सर्वसाधारण जनतालाई सचेत बनाउनुपर्ने, प्रदेशस्तरीय सहकारीसंस्थाहरूलाई नियन्त्रण गर्नुपर्ने, प्लास्टिकजन्य उत्पादनलाई निरुत्साहित गर्दै सहकारी संस्थाले कपडाको झोला बनाउने तालिमहरू सञ्चालन गर्नुपर्नेलगायतका आफ्ना विचारहरू राख्नुभयो ।

उहाँहरूले यस वर्षको साधारणसभा पनि गत वर्षजस्तै सामाजिक दूरी कायम गरी भर्चुअल रूपमा सञ्चालन उपयुक्त हुने धारणा राख्नुभयो ।

## बालविवाह अन्त्यको लागि समुदाय परिचालनसम्बन्धी गोष्ठी




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले शिक्षा र रोजगारले महिलालाई आत्मनिर्भर बनाउने र उमेर पुगेपछिमात्रै विवाह गर्नाले महिलाहरूको शारीरिक र मानसिक स्वास्थ्य विकासमा सहयोग पुग्ने बताउनुभयो ।

भक्तपुर नगरपालिका १ नं. वडा कार्यालयको आयोजनामा साउन २३ गते भएको बालविवाह अन्त्यको लागि समुदाय परिचालनसम्बन्धी कार्यक्रमको प्रमुख अतिथि प्रजापतिले महिलाहरूले हातमा सीप बनाउनेतर्फ ध्यान दिनुपर्नेमा जोडदिनुभयो ।

उहाँले कोरोना महामारीबाट बच्न समाजलाई जोगाउन गुलाँपर्व र गाईजात्रा पर्वलगायतका चाडपर्वहरूमा स्वास्थ्य मापदण्ड पालना गरी मनाउन र औपचारिकतामा सीमित गरी सम्पन्नगर्न नगरवासीहरूमा आग्रह गर्नुभयो ।

उहाँले समाजमा भइरहेको परिवर्तनलाई आत्मसात् गर्दै अगाडि बढ्नुपर्ने उल्लेख गर्नुहुँदै समयअनुसार महिलाहरूको जीवनमा परिवर्तन हुन सकेन भने समस्या हुनसक्छ भन्नुभयो । आफुले अरूलाई राम्रो व्यवहार गरे समाजले पनि आफूलाई राम्रो व्यवहार गर्छ- उहाँले भन्नुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य र सम्पदा संरक्षणमा गरिरहेको कार्य उदाहरणीय रहेको प्रष्ट पार्नुहुँदै निर्माणाधीन भाजुपोखरी र रानीपोखरी भावी पुस्ताको निम्ति अमूल्य सम्पत्ति हुने विचार व्यक्तगर्नुभयो ।

कार्यक्रममा भनपा १ नं. वडाका वडाध्यक्ष श्यामकृष्ण खत्रीले भक्तपुर नगरपालिकाले विकास निर्माणलगायत शिक्षा र स्वास्थ्यका क्षेत्रलाई विशेष प्राथमिकता दिई कार्य गरिरहेको बताउनुहुँदै जनप्रतिनिधिहरू नगरवासीहरूको आधारभूत आवश्यकताहरू पूरा गर्न कतिबद्ध भई लागिरहेको बताउनुभयो । वडासदस्य गंगालक्ष्मी बमनुको सभापतित्वमा भएको कार्यक्रममा अधिवक्ता लक्ष्मीसुन्दर सुवाल, अधिवक्ता रेजिना गारु, स्थानीय राजन कोजु, विकुलक्ष्मी कोजु र शिवलक्ष्मी दुवालले पनि बालविवाह अन्त्यका लागि सचेतनामूलक आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

## खानेपानी वितरण प्रणाली सुधार बारे सार्वजनिक सुनुवाई



भक्तपुर नगरपालिका वडा नं. १, २, ३, ४, ५, ६, ७ पूर्णरूपमा, वडा नं. ८, ९ र १० मा आंशिक रूपमा र सूर्यविनायक नपा वडा नं. ६ र ७ मा आंशिकरूपमा सञ्चालन गर्न लागिएको खानेपानी वितरण प्रणाली सुधार आयोजनाको प्रारम्भिक वातावरण परीक्षणबारे सार्वजनिक सुनुवाई कार्यक्रम साउन २६ गते सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल

प्रजापतिले भक्तपुरमा खानेपानी अभावबारे जनताको गुनासो दिनप्रति दिन बढ्दै गइरहेको अवस्थामा नगरपालिकाले नगरका विभिन्न स्रोतहरू प्रयोग गरी सीमित पानी वितरण कार्य गरिरहेको बताउनुभयो ।

उहाँले मेलम्चीको पानी भक्तपुरमा आउने सूचनाबाट भक्तपुरवासी जनता निकै खुसी भएको बताउनुहुँदै विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदाहरू भएको सांस्कृतिक नगर भक्तपुरमा तार भूमिगत तथा खानेपानीको नयाँ पाइप बिछ्याउने कार्य निकै संवेदनशील विषय भएको हुँदा सतर्कतापूर्वक काम गर्न आग्रह गर्नुभयो ।

खानेपानी पाइपलाइन विस्तार गर्दा स्थानीय निकाय र सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी सुरक्षाको व्यवस्थापन गरी निर्माण कार्य अगाडि बढाउन प्रेरित गर्नुहुँदै उहाँले सबैको संयुक्त प्रयासबाट खानेपानी समस्या समाधान सम्भव हुने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले खानेपानीको समस्या भक्तपुरको प्रमुख समस्याको रूपमा रहेको बताउनुहुँदै प्राचीन खानेपानीको स्रोत नबिग्रने ढङ्गले वितरण प्रणालीको व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नपा प्रमुख प्रजापतिको अध्यक्षतामा सम्पन्न उक्त सार्वजनिक सुनुवाई कार्यक्रममा काठमाडौं उपत्यका खानेपानी लिमिटेड आयोजना कार्यान्वयन निर्देशनालय (पीआईडी) का प्रतिनिधि, भक्तपुर नगरपालिका वडा नं. १ देखि १० का जनप्रतिनिधि, सूर्यविनायक नपाका वडाध्यक्ष तथा ख्वप इन्जिनियरिङ कलेजका प्रतिनिधिहरूलगायतले भक्तपुर नगरपालिकाभित्र प्राचीन सम्पदाका वस्तुहरूलाई असर नपर्ने गरी निर्माण कार्य गर्नुपर्ने, पाइपलाइनको कार्य गर्दा बिग्रेका बाटाघाटा तथा अन्य संरचनाहरू यथाअवस्थामा पुन:निर्माण गर्नेतर्फ ध्यान दिनुपर्नेलगायतका रायहरू प्रस्तुत गर्नुभएको थियो ।

## सापारू (गाईजात्रा) पर्व औपचारिकतामा सीमित गरिने

कोभिड सङ्क्रमणको जोखिमलाई ध्यानमा राखेर यो वर्षको गुन्हीपुन्ही (जनैपूर्णिमा) र सापारु (गाईजात्रा) पर्व सामान्य औपचारिकतामा मात्र सीमित गर्न तथा घिन्ताङघिसी र सांस्कृतिक प्रदर्शनीहरू नगर्न नगरपालिकाले सबैमा अनुरोध गरेको छ ।

नगर प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा साउन २९ गते वडा वडाका सांस्कृतिक गुरु एवम् सांस्कृतिक प्रतिनिधिहरू र जनप्रतिनिधिहरूसहितको बैठकले सापारुको दिन ताहा साँ नगर परिक्रमा गराइँदा एउटा टोलीमा बढीमा २० जनासम्म मात्र सहभागी गराउन अनुरोध गर्ने निर्णय गरेको थियो ।

बैठकमा नगर प्रमुख प्रजापतिले विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड १९ को सङ्क्रमण भक्तपुरमा पनि दैनिक रूपमा बढ्दो क्रममा रहेको बताउनुहुँदै नेपालमा १० हजारभन्दा बढीले कोभिडबाट ज्यान गुमाइसकेको बताउनुभयो ।

सामान्य अवस्थामा खपत हुने अक्सिजन पनि कोभिड महामारीबीच चरम अभाव हुँदा धेरैले ज्यान गुमाउनुपरेको यथार्थबारे प्रष्ट पार्नुहुँदै उहाँले कोभिडबाट बच्ने उपाय भनेकै कोभिडविरुद्धको खोप लगाउनु हो भन्नुभयो ।



नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले कोभिड सङ्क्रमितहरूको लागि सञ्चालित ख्वप अस्पताल कोभिड युनिटको सेवा प्रभावकारी भएको बताउनुहुँदै विगतमा गाईजात्रामा सांस्कृतिक प्रतियोगिता गर्दै आएकोमा भक्तपुर नगरपालिकाले कोभिड सङ्क्रमण जोखिमका कारण यस पटक पनि औपचारिकतामा सीमित गर्न नगरवासीहरूलाई अनुरोध गर्दै आइरहेको पनि बताउनुभयो ।

बढी भीड जम्मा हुने जात्रा, पर्वहरूले सङ्क्रमण फैलिने खतरा रहने बताउनुहुँदै उहाँले भन्नुभयो– 'कोभिडलाई हेलचेक्र्याइँ होइन, सतर्कता अपनाएर परास्त गर्नुपर्छ ।'

बैठकमा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले नगरवासीको स्वास्थ्यलाई प्राथमिकतामा राख्दै घरदैलो नर्सिङ सेवा सञ्चालनमा ल्याएको र हाल ख्वप अस्पताल कोभिड युनिटमार्फत कोभिड सङ्क्रमित तथा अन्य बिरामीहरूको उपचार सेवा प्रभावकारी ढङ्गले अगाडि बढाइरहेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले भक्तपुर नगरपालिकाले यहाँका जात्रा, संस्कृति, पर्व र

सभ्यता जगेर्ना गर्न महत्त्वपूर्ण भूमिका खेलिरहेको बताउनुभयो । धर्म, पर्व, संस्कृतिलाई भौतिकवादी दृष्टिकोणबाट व्याख्या गर्नुपर्नेमा जोड दिनुहुँदै उहाँले कोभिड सङ्क्रमणको दर उच्च रहेको हुँदा गत वर्ष जस्तै यस पटक पनि गाईजात्रा पर्वलाई सामान्य औपचारिकतामा सीमित गर्न आग्रह गर्नुभयो ।

बैठकमा जात्रासँग सम्बन्धित सांस्कृतिक गुरु तथा सांस्कृतिक समूहका प्रतिनिधिहरूले कोरोना सङ्क्रमणको जोखिम यथावत रहेको हुँदा यस वर्षको गाईजात्रालाई गत वर्षजस्तै औपचारिकतामा सीमित गर्नुपर्ने, गाईजात्रा प्रदक्षिणा मार्गमा आवश्यक सरसफाइ र क्लोरिन छर्कनुपर्ने, भीड जम्मा हुने खालका सबै किसिमको सांस्कृतिक प्रदर्शनीमा रोक लगाउनुपर्ने, कोभिडबारे जनतालाई सचेत पार्न माइकिङ गर्नुपर्ने, गाईजात्रा व्यवस्थित गर्न स्वयम्सेवकहरू परिचालन गर्नुपर्नेलगायतका राय–सुझावहरू प्रस्तुत गरेका थिए ।



बैठकमा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो भने प्रत्येक वडाबाट बढीमा ५ ओटा सांस्कृतिक समूहका प्रतिनिधिहरूलाई बैठकमा आमन्त्रित गरिएको थियो ।

**गाईजात्राबारे भक्तपुर नगरपालिकाले गरेको निर्णय** :

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड १९ को सङ्क्रमण भक्तपुरमा पनि दैनिक रूपमा बढ्दो क्रममा रहेको र काठमाडौँ उपत्यकामा यही २०७८ भदौ ८ गते राति १२ बजेसम्म खुला रूपमा सभा, सम्मेलन, जात्रा, भोजभतेर गर्न जिल्ला प्रशासन कार्यालयबाट निषेधाज्ञासमेत जारी गरिएको अवस्थामा यस वर्षको गुन्हीपुन्ही (जनैपूर्णिमा) र सापारु (गाईजात्रा) पर्वलाई सामान्य औपचारिकतामा मात्र सीमित गर्न तथा घिन्ताङघिसी र सांस्कृतिक प्रदर्शनीहरू नगर्न नगराउन मृतकको स्मरणमा लगिने ताहा साँ परिक्रमाको क्रममा बढीमा २० जनामात्र सहभागी हुन दाफा, भजन, सांस्कृतिक समूह, बाजा खलःलगायत सबैमा अनुरोध गर्ने निर्णय गरियो ।

# सापारु औपचारिकतामा सीमित गरी मनाउन अनुरोध गर्ने निर्णय



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा गाईजात्रा २०७८ सामान्य औपचारिकतामा सीमित गर्नेबारे जात्रासँग सम्बन्धित सरोकारवालाहरूबीच भदौ २ गते बैठक सम्पन्न भयो ।

बैठकले विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड १९ रोग काठमाडौँ उपत्यकालगायत देशैभरी दिनानुदिन बढिरहेको र भक्तपुर जिल्लामा समेत सो रोगको सङ्क्रमणको कारण मृत्यु हुने मृतकको सङ्ख्या दिनदिनै बढिरहेको वर्तमान विषम परिस्थितिमा समेत मृत्यु संस्कारको रूपमा ऐतिहासिक कालदेखि मनाउँदै आएको गाईजात्रा पर्व यस वर्ष २०७८ को सापारु र गाईजात्रा अवधिभर घिन्ताङ्घिसि र अन्य सांस्कृतिक नाचगान प्रदर्शन नगरी सामान्य औपचारिकतामा सीमित गरेर मनाउन दाफा भजन, सांस्कृतिक समूह, मृतक परिवारलगायत सम्पूर्ण नगरवासीहरूलाई अनुरोध गर्ने निर्णय गरेको छ ।

बैठकमा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले कोभिड जोखिमका कारण नजिकिँदै गरेको सापारु पर्व र गुन्हीपुन्हीलाई शान्तिपूर्ण र सुरक्षित ढङ्गले औपचारिकतामा सीमित गर्न सरोकारवाला पक्ष, वडा वडाका सांस्कृतिक गुरु एवम् सांस्कृतिक प्रतिनिधिहरूसँग चरणबद्ध रूपमा छलफलमा रहेको बताउनुभयो ।

कोभिड नियन्त्रणको उपाय भनेकै खोप अभियान प्रभावकारी सञ्चालन गर्नु रहेको हुँदा भक्तपुर नपाले नगरका सबै वडाहरूमा व्यवस्थित ढङ्गले खोप अभियान सञ्चालन गरिरहेको बताउनुभयो । साथै जनतालाई कोभिडबारे सचेतना

जगाउन नियमित रूपमा माइकिङ, गाईजात्रा प्रदक्षिणा मार्गमा निर्माण सामग्री हटाउन र सापारुको दिन भीड नहुने गरी पर्व मनाउन जनतालाई आग्रह गरिरहेको उहाँले बताउनुभयो ।

भक्तपुर नपाले समाजलाई कोभिड सङ्क्रमणबाट मुक्त गर्न प्रयासरत रहेको बताउनुहुँदै प्रमुख प्रजापतिले आफ्नो स्वास्थ्यको सुरक्षाको निम्ति जनता स्वयम् सजग हुनुपर्ने बताउनुभयो ।

बैठकमा भक्तपुरका प्रहरी उपरीक्षक शिवकुमार श्रेष्ठले जनताको जीवनरक्षा नै पहिलो प्राथमिकतामा रहेको हुँदा कोभिड महामारीका कारण नजिकिँदै गरेको गाईजात्रा पर्व भीडभाड नहुने गरी औपचारिकतामा सीमित गरी मनाउनुपर्नेमा जोड दिनुभयो । नगरका विभिन्न ठाउँहरूमा हेल्थ डेस्क सञ्चालन, अडियो भिडियोमार्फत सचेतना अभिवृद्धि गर्ने, सम्भावित अपराध नियन्त्रण तथा ट्राफिक व्यवस्थापनमा टोली परिचालन आदि विषयलाई प्राथमिकतामा राखेको उहाँले बताउनुभयो ।

गुठी संस्थान कार्यालय भक्तपुरका प्रमुख आनन्दप्रसाद कर्माचार्यले हाम्रो संस्कृति बचाउन जात्रालाई औपचारिकतामा सीमित गरी मनाउनु आजको आवश्यकता भएको बताउनुभयो ।

बैठकमा ख्वप अस्पतालका डा. रत्नसुन्दर लासिवा, काठमाडौँ उपत्यका खानेपानी लि., नेपाल विद्युत प्राधिकरण, विभिन्न केबल नेटवर्कका प्रतिनिधि तथा अन्य निकायहरूले जात्रा अवधिभर स्वास्थ्य सुरक्षा मापदण्डको पालना गर्न, खानेपानीको व्यवस्थापन गर्न, विद्युत कटौती नगर्न, अव्यवस्थित तार र केबुलहरूको व्यवस्थापन गर्न आ-आफ्नो जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता जनाउनुभयो ।

सरोकारवालाहरूसँग बसेको सो बैठकले सापारुको दिन भक्तपुर नगरपालिकाले प्रदक्षिणा मार्गको ठाउँ ठाउँमा प्राथमिक स्वास्थ्य उपचार केन्द्रको व्यवस्था, निर्माण सामग्रीलगायत अन्य सामाग्रीहरू व्यवस्थापन, मास्क, स्यानिटाइजर वितरण, साबुनपानीले हात धुने व्यवस्था, सरसफाइलगायत प्रचार प्रसारको लागि माइकिङ गर्ने व्यवस्था गर्ने निर्णय गरेको छ ।

जनैपूर्णिमा (गुन्हिपुन्हि) र गाईजात्रा अवधिभर आवश्यक शान्ति सुरक्षाको सम्पूर्ण व्यवस्था जिल्ला प्रशासन कार्यालय र महानगरीय प्रहरी परिसर, अव्यवस्थित तार र केबुलहरू नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकमलगायत सम्बन्धित सेवा प्रदायकले २०७८ भाद्र ५ गतेभित्र व्यवस्थित गर्ने निर्णय पनि बैठकले गरेको थियो ।

# कर्मचारीहरूलाई एक महिने साङ्केतिक भाषा तालिम




भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले नपाको अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरणसम्बन्धी अस्थायी समन्वय समितिको आयोजनामा एक महिने साङ्केतिक भाषा तालिमको उद्घाटन साउन ३ गते गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै उपप्रमुख तथा अस्थायी समन्वय समितिका संयोजक जोशीले नगरपालिकाका वडा र शाखाहरूमा कार्यरत कर्मचारीहरूको लागि साङ्केतिक भाषा तालिम ल्याइएको बताउनुभयो ।

कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरणसम्बन्धी अस्थायी समन्वय समितिमार्फत ५४० जना (२४५ महिला, २९५ पुरुष जसमध्ये पूर्णअशक्त ९० जनाले रातो कार्ड, अतिअशक्त २५५ जनाले निलो कार्ड, मध्यमअशक्त १५४ जनाले पहेंलो कार्ड र सामान्य ४० जनाले सेतो कार्ड) ले अपाङ्गता परिचयपत्र प्राप्त गरिसकेको जानकारी दिनुहुँदै अपाङ्गताको लागि खेलकुद, स्वास्थ्य शिविर र सहायक सामग्रीहरू समेत वितरण गरिएको बताउनुभयो ।

कार्यक्रममा महानगरीय प्रहरी परिसर, भक्तपुरका प्रहरी उपरीक्षक शिवकुमार श्रेष्ठले तालिम तथा सूचनाले सबै पक्षको विकासमा मद्दत मिल्ने र यसले सीप, क्षमता अभिवृद्धि गर्नुका साथै सकारात्मक परिवर्तन हुने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं १ का वडा अध्यक्ष श्यामकृष्ण खत्रीले पनि बोल्नुभएको थियो ।

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐनअनुसार बहिराहरू अन्य नागरिकसरह सूचना लिनबाट भाषाको समस्याकै कारण वञ्चित हुनुपरेकोले तालिममा भक्तपुर नपाका वडा र विभिन्न शाखाका कर्मचारीहरूको सहभागिता रहेको छ ।

# तालिम सम्पन्न

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा एक महिने साङ्केतिक भाषा तालिमको समापन भाद्र ३ गते भयो ।




समापन कार्यक्रममा उपप्रमुख जोशीले सरकारले अपाङ्गता भएकाहरूलाई प्रदान गर्ने सुविधाबाट वञ्चित नहोस् भनी परिचयपत्र वितरण गरिएको बताउनु भयो। उहाँले अपाङ्गता भएका नगरवासीहरूको लागि भक्तपुर नपाले शिक्षा, स्वास्थ्य सम्बन्धी कार्यक्रम गरिरहने जानकारी दिनुभयो।

नपाले अपाङ्गता भएकाहरूलाई सहज होस् भनी साङ्केतिक भाषाको तालिम दिइएकोले तालिममा सिकेको सीपलाई प्रयोग गर्न आग्रह गर्नुभयो ।



भक्तपुर नपा १ नं. का वडाध्यक्ष श्यामकृष्ण खत्रीले नपाबाट भएका विभिन्न गतिविधिको जानकारी दिनुहुँदै युवापुस्तालाई विभिन्न तालिम दिइएको र त्यसको सकारात्मक प्रतिक्रिया आएको बताउनुभयो ।

पूर्ववडाध्यक्ष हिमालयश्वरलाल मूलले तालिममा सिकेको कुरालाई व्यवहारमा ल्याउनसके उपलब्धी देखिने बताउनुहुँदै बहुअपाङ्गता भएकालाई राज्यबाट कुनै सहयोग प्राप्त नभएको जानकारी दिनुभयो ।

प्रशिक्षक योजनी साखले बहिराहरूको समस्यालाई बुझ्ेर तालिम दिइएकोमा खुसी व्यक्त गर्नुहुँदै अन्य सङ्घ-संस्थाले पनि यस्तो तालिम दिनुपर्ने बताउनुभयो ।

प्रमुख अतिथि जोशीले तालिममा सहभागी सबैलाई प्रमाणपत्र र प्रशिक्षक साखलाई मायाको चिनो प्रदान गर्नुभएको कार्यक्रममा कार्यपालिका सदस्य रोशनी मैया सुवालले पनि बोल्नुभएको थियो ।



तालिममा सबै वडा कार्यालय, नपा प्रशासन शाखा र पर्यटन शाखाबाट ३५ जना कर्मचारीहरू सहभागी भएका थिए ।

# क्वाठण्डौँको सरस्वती फल्चा शिलान्यास




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. १० क्वाठण्डौँस्थित सरस्वती फल्चाको साउन २९ गते एक कार्यक्रमबीच शिलान्यास गर्नुभयो। २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त उक्त फल्चा रु. २४ लाखको लगत इस्टिमेटमा भक्तपुर नगरपालिकाले पुन:निर्माण गर्न लागेको हो ।

शिलान्यास कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले

मौलिकताबिनाको ऐतिहासिक सम्पदा पुन:निर्माणको कुनै अर्थ नभएको बताउनुभयो। इतिहास जोगाएर भावी पुस्तामा हस्तान्तरण गर्ने काममा कुनै किसिमको हेलचक्र्याइँ गर्नुहुन्न, उहाँले भन्नुभयो– 'सम्पदा पुन:निर्माणको काम भनेको इतिहास निर्माण गर्ने काम हो। सयौँ वर्ष टिक्ने यी सम्पदा पुन:निर्माणको काम गुणस्तरीय हुनु जरुरी छ।'

भक्तपुर नगरपालिकाले नगरको सन्तुलित विकासमा जोड दिइरहेको बताउनुहुँदै उहाँले यस वर्ष भक्तपुर नपाले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राख्दै जनस्वास्थ्य सेवा केन्द्रलाई ख्वप अस्पतालको रूपमा सञ्चालन गरी वडा वडामा स्वास्थ्य चौकी निर्माण, नगरवासीहरूलाई नि:शुल्क अक्सिजन वितरणलगायतका जनतालाई प्रत्यक्ष फाइदा पुग्ने कार्यहरूलाई प्राथमिकतामा राख्दै आएको बताउनुभयो।

भक्तपुर नगरपालिकाको बजेटमा उपभोक्ता समितिमार्फत सरस्वती फल्चा पुन:निर्माण कार्य समयमै सम्पदा हुने विश्वास व्यक्त गर्नुहुँदै नगर प्रमुख प्रजापतिले जनताकै सक्रिय सहभागितामा फल्चा पुन:निर्माणको काम छिटो र गुणस्तरीय ढङ्गले सम्पन्न गर्न प्रेरित गर्नुभयो।



भक्तपुर नपा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाले वडाका विकास निर्माणका गतिविधिहरूबारे अवगत गराउनुहुँदै १० नं. वडामा थुप्रै ऐतिहासिक पाटीहरू रहेको हुँदा आवश्यकता र प्राथमिकताअनुसार सम्पदाहरूको पुन:निर्माण कार्यलाई अगाडि बढाइरहेको बताउनुभयो। नगरपालिकाको काममा नगरवासीहरूको साथ र सहयोग भएकै कारण काम गर्न सजिलो भएको बताउनुहुँदै वडाध्यक्ष ह्यौंमिखाले भूकम्पले भत्किएका सम्पदा अझ राम्रो र बलियो ढङ्गले पुन:निर्माण गर्ने अवधारणाका साथ अगाडि बढिरहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाका पूर्व उपप्रमुख चैत्यराज शाक्यले विश्वव्यापीरूपमा फैलिएको कोभिड महामारीका कारण सांस्कृतिक एवम् ऐतिहासिक महत्त्वका सम्पदा पुन:निर्माण कार्यमा केही ढिलाइ भएको बताउनुहुँदै भक्तपुर नगरपालिकाले भूकम्पबाट क्षतिग्रस्त ऐतिहासिक सम्पदालाई मौलिक शैलीमा पुन:निर्माणमा जोड दिइरहेको बताउनुभयो।

कार्यक्रममा भनपा वडा नं. १० का वडासदस्य जितेन्द्र मुनंकर्मी, सम्पदा शाखाका रामगोविन्द श्रेष्ठ, उपभोक्ता समितिका अध्यक्ष गणेशराम मुस्याख्व, समितिका कोषाध्यक्ष चन्वला मुस्याख्व र सचिव हरिराम कर्माचार्यले पनि बोल्नुभएको थियो।

# भक्तपुर नपाको अनुगमन

## कमलविनायक आवास क्षेत्रमा

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वको टोलीले साउन १८ गते कमलविनायक आवास क्षेत्रमा ११ ओटा पसल अनुगमन गर्‍यो। दर्ता नभएका तरकारी पसल, खाजा घर, मोटर साईकल वर्क सप, हेयर सैलुन, वासिङ्ग सेन्टर, किराना स्टोर पसलहरू सोही स्थानमा दर्ता गराइयो।

एउटा डेरीले दर्ता भएको भनेता पनि प्रमाण पत्र देखाउन नसकेकोले दर्ता भएको भए प्रमाणसहित र एक पसल दर्ता गर्न आलटाल गरेकोले तराजु एक जफत गरी तीन दिन भित्र कार्यालयमा उपस्थित हुन निर्देशन दियो।

अनुगमनमा सम्बन्धित पसललाई दर्ता नवीकरण गर्न, ढक तराजु नापतौल विभागमा नवीकरण गर्न, साइन बोर्ड र मूल्य सूची राख्न, प्यानमा दर्ता गर्न, निर्देशन दियो।

अनुगमनको क्रममा फेला परेका फ्रि मिरिण्डा, जम्बो मिरिण्डा ३ ओटा, आटा ५ केजिको एक पाकेट र २ केजिको दुई पाकेट जफत गरी नष्ट गरियो।

## जगातीमा

सोही दिन जगातीमा १० ओटा पसल अनुगमन गर्दा दर्ता नभएका मिट सप, लेडिज टेलर्स, मोटरसाइकल वर्कसप, टेलरिङ्ग सेन्टर, स्वास्थ्य क्लिनिक, दुई जनरल स्टोर, तरकारी पसल गरी ८ ओटा पसलहरू दर्ता गराइयो।

अनुगमनमा सम्बन्धितलाई दर्ता भएको भए प्रमाणपत्र देखिने गरी राख्न, दर्ता नवीकरण गर्न, मूल्य सूची राख्न, प्याकेजिङ्ग सामानमा खाद्यबाट अनुज्ञापत्र लिई लेवल राखीमात्र बिक्री वितरण गर्न, तराजु नापतौल विभागमा नवीकरण गर्न, प्यानमा दर्ता गर्न, सरसफाइमा ध्यान दिन, र लेबल नभएको तोरीको तेल नबेच्न, वेगन लगायत विषादीहरू खाद्यान्नमाथि राखेर बेचविखन नगर्न र नराख्न निर्देशन दिइयो।

अनुगमनको क्रममा फेला परेका म्याद नाघेका सामानहरू जम्बो कोक १, जम्बो स्प्राइट १, करी पाउडर मसला १० पाकेट, नर्पा फिस मसला ६ पाकेट, बिएमसि चिकमस ७ पाकेट, वेगन २ वटा जफत गरी नष्ट गरियो।

### दुधपाटीका औषधी पसलहरूमा

भक्तपुर नपाको अनुगमन टोलीले साउन ३१ गते दुधपाटीमा ९ ओटा औषधी पसलहरूको अनुगमन गऱ्यो ।

अनुगमनमा पसलमा औषधी बिक्रीको लागि पसलमा बस्ने व्यक्तिहरू औषधी व्यवस्थाबाट स्वीकृति लिएका नबसिकन अन्य व्यक्तिहरू बस्ने गरेको पाइएको छ । औषधी बिक्री गर्ने व्यक्ति फार्मेसिष्ट वा औषधी व्यवस्था विभागबाट ओरिन्टेशन पास गरेको हुनु पर्दछ ।

औषधी बिक्री वितरण गर्न ओरिन्टेशन पास गर्नु अनिवार्य भएको, फार्मेसिष्ट पढे पनि ओरिन्टेशन पास गर्नुपर्ने, ओरिन्टेशन पास गरेको प्रमाणपत्र पसलमा राख्न, सरसफाइमा ध्यान दिन, बिलमा कारोबार गर्न सम्बन्धित पसललाई निर्देशन दियो ।

अनुगमनको क्रममा एक पसल २०७६ सालदेखि र अर्को २०६८ सालदेखि नगरपालिकामा बिनादर्ता सञ्चालन गरेको पाइएकोले तीन दिनभित्र दर्ता गर्न, पसल नविकरण गर्न निर्देशन दियो ।

अनुगमनमा फेला परेका म्याद नाघेका औषधी ग्लिफाज-५ १ पाकेट र सेफोट १ ओटा, आक्वा सेभेन बोटलको पानी दुई कार्टुन र ९ ओटा जफत गरी नष्ट गरियो ।

टोलीले सबैजसो पसलहरुलाई म्याद नाघेको औषधीको जनाउ दिने कम्प्युटर प्रणालीको व्यवस्था गर्नुपर्ने सुझाव दियो ।

### ब्यासी, देकोचा र कमलविनायकका औषधी पसलहरूमा

अनुगमन टोलीले साउन ३२ गते ब्यासीदेखि कमलविनायकसम्म ७ ओटा औषधी पसलहरूको अनुगमन गऱ्यो ।

टोलीबाट सबैजसो पसलहरुलाई फार्मेसिष्ट वा औषधी व्यवस्था विभागबाट ओरिन्टेशन पास अनुमति प्राप्तले मात्र औषधी बिक्री वितरण गर्न पाउने जानकारी गराइयो ।

अनुगमनमा सम्बन्धित पसललाई तीन दिनभित्र नपामा दर्ता गर्न, नवीकरण गर्न, प्यानमा दर्ता गर्न, औषधी व्यवस्था विभागको स्वीकृति लिन, फार्मेसिष्ट वा औषधी व्यवस्था विभागबाट ओरिन्टेशन पास अनुमति प्राप्तले मात्र औषधी बिक्री वितरण गर्न, फार्मेसी अध्ययनरतले औषधी बिक्री वितरण गरेको पाइएकोले औषधी बिक्री नगर्न निर्देशन दियो ।

एक पसलमा बिक्री गर्न नपाउने क्षयरोगको औषधी आर-सिनेक्स ६०० नौ पाकेट भेटिएकोले बेचविखन नगर्न र तीन दिनभित्र कार्यालयमा उपस्थित हुन निर्देशन दियो ।

अनुगमनको क्रममा विभिन्न पसलमा फेला परेका म्याद नाघेका सामान र औषधी डिक्लोफेनाक डाइथालामाइन १, पोटक्लोर ५ ओटा, जी कोरिल ३ ओटा, सनस्क्रिन लोशन १ ओटा, सिनोहिस्त ४ ओटा, ब्याकफेन २५ एक ओटा, ए एम क्लेभ ६२५ १० पाकेट, इन्डोलर ५० चालीस पाकेट, आइओस्मुथ लोशन १ ओटा, निम सोप १ ओटा, सुफेक्स १८० दश पाकेट, ट्रिजोल क्रिम ३ ओटा, सिनारेस्ट १ ओटा, कारमाइसाइड ६ ओटा, सेफवार ३ ओटा, फरमिङ्ग जि वान २ पाकेट, मिकोली ३ ओटा, मेटोक्लोड्रामाइड हाइड्रोक्लोरिक ११ ओटा, आसमारेक्स ३ ओटा, आक्लोभ ९ ओटा, सिटा ड्रप्स २ ओटा, सिफाम १०० दश ओटा, डाबरको सानिटाइजर ४ ओटा, फ्लुपेन ७ ओटा, स्टेरिम्याक्स सानिटाइजर ६ ओटा, ए एम क्लेभ १० पाकेट तथा हाप लिटरको ड्यु ९ ओटा, कोक १० ओटा, फाण्टा ३ ओटाजफत गरी नष्ट गरियो ।

अनुगमनमा समितिका सदस्य हरिराम सुवाल, रोशन मैया सुवाल, भनपा श्यानिटेश उपशाखा प्रमुख दिलिप कुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, कर शाखाका न्हुज किजू, अर्जुन खाईतु र मोहनदेवी ब्याञ्जु, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक भगाउप्रसाद हरिजन, रेशमबहादुर कार्की, निरञ्जन थापा र बलराम स्यामाजू राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा र लक्ष्मी भण्डारी, उद्योग बाणिज्य सङ्घ भक्तपुरका गौतम सुजखु र विश्वराम दुवाल, घरेलु तथा साना उद्योग सङ्घका लक्ष्मीप्रसाद कवाँ, स्वास्थ्य कार्यालय भक्तपुरका देवीका किजू, घरेलु तथा साना उद्योग कार्यालयका सिताराम त्वायना, जिल्ला स्थास्थ्य कार्यालय भक्तपुर र औषधी व्यवस्था विभागका प्रतिनिधि पनि सहभागी थिए ।

## सहकारी संस्थाको अनुगमन

### साउन २९ गते



भक्तपुर नगरपालिकाको सहकारी संस्था अनुगमन समितिका संयोजक हरिप्रसाद बासुकलाको संयोजकत्वमा कमलविनायक, मूलढोका, लान्चाफल्चा, देगइना र च्याम्हासिंहमा रहेको ६ ओटा सहकारी संस्थाहरूमा साउन २९ गते अनुगमन गरियो ।

अनुगमनमा अधिकांश सहकारीहरू नगरपालिकाको

स्वीकृतिबिना सञ्चालन गरिरहेको संयोजक बासुकलाले बताउनुभयो ।

उहाँले प्रदेशबाट स्वीकृति लिएता पनि विनियममा उल्लेखित कार्य गर्न प्रचलित कानूनबमोजिम इजाजत लिनुपर्ने वा सम्झौता गर्नुपर्ने भएमा सम्बन्धित निकायबाट इजाजत लिई वा सम्झौता गरी सोको जानकारी विभाग वा कार्यालयलाई गराएपछि मात्र सङ्घ संस्थाको विनियममा उल्लेखित कार्यहरू गर्न सकिने भएकोले स्थानीय तहको स्वीकतिबिना सञ्चालन गर्न नपाउने बताउनुभयो ।

उहाँले स्थानीय जनताबाट उठाएको रकम घरजग्गा, शेयरमा लगानी गरी त्यसमा डुबे जनताको रकम डुब्ने भाग्ने सम्भावना रहेको बताउनुभयो ।

उहाँले सरकारको सहकारी नीति दोधारे भएको बताउनुहुँदै २००० जना बराबर एक सहकारी भन्ने तर प्रदेशबाट बहुउद्देश्य सहकारी धमाधम दर्ता गरेकोले सहकारीमा बेथिति आउने सम्भावना भएकोले नियमित गराउन अनुगमन गरेको बताउनु भयो ।

उहाँले नगरपालिकाको स्वीकृतिबिना सञ्चालन भएका सहकारीहरूमा रकम जम्मा नगर्नसमेत अनुरोध गर्नुभयो ।

अनुगमन टोलीले केन्द्रीय कार्यालय काठमाडौँबाट भक्तपुरमा स्थानान्तर गरी नगरपालिकाको स्वीकृतिबिना काठमाडौँ, भक्तपुर र ललितपुर कार्यक्षेत्र स्वीकृति लिई बचत र ऋणको मात्र कारोबार गरेको, ठिमीबाट स्थानान्तर गरी भक्तपुर नपामा सञ्चालनको तयारी गरिरहेको, चाँगु नपामा दर्ता भएको सहकारी जिल्ला कार्य क्षेत्रको आधारमा च्याम्हासिंहमा सञ्चालन गरेको पाइएकोले सम्बन्धितलाई नगरपालिकाको स्वीकृतिबिना सञ्चालन नगर्न र आजै देखि कारोबार नगर्न निर्देशन दिएको छ ।

## साउन ३२ गते

सहकारी अनुगमन टोलीले साउन ३२ गते एक सहकारीलाई व्यवस्थित रूपमा हिसाबकिताब राख्न, बचत, ऋण, बैंक मौज्दात र नगदबारे हिसाब किताबसहित नगरपालिकामा उपस्थित हुन निर्देशन दियो ।

अर्को एक सहकारीले गत वर्ष अनुगमनको क्रममा देखिएका कैफियतहरूलाई के कति सुधार गरेको हो सो सम्बन्धी फाइलहरू अध्ययन गरी फेरि सुधार गर्नुपर्ने कैफियतहरूलाई तीन महिनाभित्र सुधार गर्ने संस्थाका व्यवस्थापकले टोलीलाई जानकारी दिएको छ ।

अनुगमनमा समितिका सदस्य जितेन्द्र मुनंकर्मी, हरिरत्न गोर्खाली, श्याम मातां, रञ्जना त्वाती, भनपा सहकारी प्रमुख रेबिड कुस्मा र वडा निरीक्षक रामकृष्ण प्रजापति सहभागी रहेको थियो ।


## कोरोना महामारी

### जतातते फैलिरहेकोले



अत्यावश्यक काममा बाहेक घर बाहिर नजाऔं, मास्कबिना जाँदै नजाऔं ।

बाहिरी वस्तु छोएपछि हरेक पटक साबुन पानीले हात धुन वा सानिटाइजर लगाउन नबिर्सौं ।



भौतिक दूरीको सधैं ख्याल गरौं,



अरुसँग मास्क झिकेर कहिल्यै कुरा नगरौं ।

हात नधोई आँखा नमिचौं, नाक नकोट्याऔं र मुख नछोऔं ।

सावधानी, सचेतता र सतर्कताको स्वस्थकर बानी बसालेर आफू बचौं र अरूलाई पनि बचाऔं ।


## हार्दिक समवेदना



**स्व. गणेशकुमारी गोसाई**

**जन्म : १९९२ मंसिर १५ | निधन : २०७८ भाद्र ०४**

भक्तपुर नगरपालिका, नगर कार्यपालिकाका सदस्य रञ्जना त्वाती (गोसाई) को सासु आमा **गणेशकुमारी गोसाई** को दु:खद निधनमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**

# विविध समाचार

## शिक्षक तथा कर्मचारीहरूलाई स्थायी सेवाको पत्र वितरण



भक्तपुर नपाद्वारा सञ्चालित ख्वप मा.वि., ख्वप कलेज र शारदा क्याम्पसमा कार्यरत रही स्थायी भएका शिक्षक तथा कर्मचारीहरूलाई स्थायी सेवाका पत्र वितरण एक कार्यक्रमबीच साउन २२ गते सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवम् कलेज/विद्यालय सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले अझ ऊर्जावान भएर काम गर्न स्थायी भएका शिक्षक तथा कर्मचारीहरूलाई निर्देशन दिनुभयो ।

उहाँले भन्नुभयो, 'हामीमा राम्रो गर्ने विषयमा प्रतिस्पर्धा हुनु आवश्यक छ । हामीले हरेक क्षेत्रमा उत्कृष्ट हुने उद्देश्यसाथ काम गर्नुपर्छ ।'

हरेक कार्यालयको उन्नतिमा सानोदेखि माथिल्लो तहसम्मका कर्मचारीको योगदान हुने चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले सानो-तिनो कमजोरीको कारण संस्थाको बद्नाम हुन जानेप्रति सबै सजग हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

शिक्षक तथा कर्मचारीहरूमा स्वयंसेवाको भावना हुनुपर्नेमा जोड दिनुहुँदै उहाँले पैसा केन्द्रित मानसिकताले समस्या सृजना गर्ने भएकोले आफ्नो हितभन्दा संस्थाको हितलाई ध्यानमा राखी काम गर्नुपर्छ भन्नुभयो ।

उहाँले जोड दिँदै भन्नुभयो, 'भक्तपुरका जनप्रतिनिधिले जनतालाई केन्द्रमा राखेर काम गर्दै आएको छ । भनपाले शिक्षा, स्वास्थ्य र सम्पदा संरक्षणमा गर्दै आएको कार्य अरू स्थानीय निकायले अभिरुचीपूर्वक अध्ययन गरिरहेका छन् ।'

प्रमुख प्रजापतिले भन्नुभयो, 'ख्वप अस्पताल सञ्चालनमा जनताले देखाएको सहयोग प्रशंसनीय छ । ख्वप आफ्नै परिचयका साथ अगाडि बढ्छ । हामी अरूबाट सिक्छौं तर आफ्नै पहिचानसाथ अघि बढ्छौँ ।'

'विदेशी शक्तिहरू नेपालमा शक्तिशाली सरकार भएको चाहँदैन । कमजोर कठपुतली सरकार बनाउन सरकारमा रहेका पार्टीलाई फुटाउने नकाम भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवाद लागिपरहेको छ', उहाँले भन्नुभयो ।

राजनीतिले नै सबै कुरा निर्धारण गर्ने हुनाले शिक्षक तथा कर्मचारीहरू राजनीतिक सुझबुझका साथ अगाडि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

'समाजवादी व्यवस्थामा जनतालाई केन्द्रमा राखी काम गर्ने भएकोले नै कोरोना महामारीमा नियन्त्रण गर्न समाजवादी देशहरू सफल भएको हो ।

'कोभिड नियन्त्रणमा समाजवादी देश चीनको कार्य संसारको लागि उदाहरणीय बनेको छ', प्रमुख प्रजापतिले भन्नुभयो ।

ख्वप मा.वि.का प्राचार्य प्रकाशकुमार श्रेष्ठले शिक्षक तथा कर्मचारीहरूले संस्थाको हितमा आफूलाई समर्पित गर्न सकेमात्र संस्थाको प्रगति हुने धारणा राख्नुभयो ।

उहाँले भन्नुभयो, 'हामीले आफूलाई होइन संस्थालाई केन्द्रमा राखेर काम गर्नुपर्छ । संस्थाको हितको लागि आलोचना र आत्मालोचना आवश्यक छ ।'

ख्वप कलेजका प्राचार्य रूपक जोशीको सभापतित्वमा भएको कार्यक्रममा बीए तथा एमए अङ्ग्रेजी कार्यक्रम इन्चार्ज कमिनिका न्याइच्याईले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा प्रमुख प्रजापतिले स्थायी सेवाका पत्र वितरण गर्नुभएको थियो ।

## प्रदेशले कानून निर्माण गर्दा स्थानीयलाई ध्यान दिनुपर्ने



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले जनताले अपनत्व नस्वीकारेको कानून दीगो हुन नसक्ने बताउनुभएको छ ।

बागमती प्रदेश, उद्योग, पर्यटन तथा वातावरण समितिको आयोजनामा भएको प्रदेश पर्यटन विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि साउन २० गते सम्पन्न 'प्रदेश पर्यटन विकासका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' बारे छलफल कार्यक्रममा बोल्नुहुँदै उहाँले सङ्घीयतामा कानून निर्माण गर्दा स्थानीय तहलाई ध्यान दिनुपर्नेमा जोड दिनुभयो । स्थानीय तहलाई अलग्ग गरी प्रदेशले मात्रै काम गर्न खोजे विधेयक असफल हुने सुझाव प्रस्तुत गर्नुहुँदै उक्त मस्यौदा विधेयकले स्थानीय तहहरूले जिम्मेवारीपूर्वक काम गरिरहेको बारे सोच्न नसकेको बताउनुभयो ।

स्थानीय तहले स्वीकार नगरेको कुनै पनि कानून कार्यान्वयन हुन नसक्ने उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले पर्यटन प्रवर्द्धनको लागि प्रदेशले स्थानीय तहलाई आवश्यक सहयोग गर्नुपर्ने तथा स्वदेशी र विदेशी पर्यटन प्रबर्द्धनको लागि सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयकारी भूमिका हुनुपर्छ भन्नुभयो ।



प्रस्तुतिकरणपश्चात भक्तपुर नगरपालिकाका प्रमुख प्रजापतिले लिखित सुझाव समितिका सभापति आलेमगरलाई हस्तान्तरण गर्नुभयो भने शंकरापुर नगरपालिकाका प्रमुख सुवर्ण श्रेष्ठले विधेयकमा काठमाडौँ उपत्यकाभित्र रहेका मूर्त अमूर्त सम्पदाहरूको संरक्षण उल्लेख हुनुपर्ने सुझाव दिनुभयो । कार्यक्रममा चन्द्रागिरी नगरपालिकाका प्रमुख घनश्याम गिरीले सङ्घ प्रदेश र स्थानीय तहमा राजश्व कर दोहोरिने समस्या रहेकोले सजग हुनुपर्ने तथा बुढानीलकण्ठ नगरपालिकाका प्रमुख उद्धब प्रसाद खरेलले भक्तपुर नगरपालिका सम्पदा संरक्षणमा उत्कृष्ट नमूना भएको उल्लेख गर्नुहुँदै पर्यटन व्यवसायमा साना–ठूला गरी सबै तहका व्यवसायलाई विधेयमा समेट्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा तारकेश्वर नगरपालिकाका उपप्रमुख भवानी डोटेल धितालले विधेयकले औद्योगिकीकरण र व्यापारिकरणमा जोड दिएको तर सांस्कृतिक क्षेत्र छुटेकोले उल्लेख हुनुपर्ने, सूर्यविनायक नगरपालिकाका उपप्रमुख जुना बस्नेतले व्यवसाय दर्ता गर्ने अधिकार स्थानीय तहमै हुनुपर्ने र दक्षिणकाली नगरपालिकाका उपप्रमुख बसन्ती तामाङले पर्यटन भित्र धार्मिक, राजनैतिक, ऐतिहासिक र सांस्कृतिक पक्षहरू समेटिने हुँदा सर्वसाधारण जनताको हितमा विधेयक निर्माण हुनुपर्ने सुझाव दिनुभएको थियो ।

कार्यक्रममा बागमती प्रदेश, उद्योग, पर्यटन तथा वातावरण समितिका सभापति रमा आलेमगरले कार्यक्रमको महत्त्वमाथि प्रकाश पार्नुहुँदै विधेयकलाई १३ ओटै जिल्लाका स्थानीय स्तरमा क्रमशः चरणबद्ध रूपमा छलफल गर्दै भदौको दोस्रो हप्तामा अन्तिम रूप दिई प्रदेश सभामा प्रस्तुत गरिने जानकारी दिनुभयो । समितिका सदस्य नरोत्तम बैद्यले बागमती प्रदेशले विभिन्न ५ ओटा समितिमार्फत ६३ ओटा विधेयक बनाइसकेको जानकारी दिनुहुँदै नेपालको संविधान २०७२ मा पर्यटनको नीति बनाइने उल्लेख भएको सन्दर्भमा प्रस्तुत पर्यटनसम्बन्धी विधेयक सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयबिना पूर्ण नहुने उल्लेख गर्नुभयो ।

कार्यक्रममा समितिका सदस्य एवं पर्यटन उपसमितिका संयोजक कुसुम कुमार कार्कीले विधेयकसम्बन्धी प्रस्तुतिकरण गर्नुहुँदै विधेयकको प्रमुख साझेदार स्थानीय तह रहेकोले यसमाथि व्यापक छलफल गरी ६ ओटै प्रदेशको लागि नमूनायोग्य विधेयक बनाउनुपर्ने बताउनुभयो ।

## भक्तपुर नपाका प्रमुखसँग काठमाडौँ महानपाका उपप्रमुखको भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग काठमाडौँ महानगरपालिकाका उपप्रमुख हरिप्रभा खड्गी (श्रेष्ठ)को नेतृत्वमा आएको प्रतिनिधि मण्डलले भक्तपुर नगरपालिकाको कार्यालयमा साउन २२ गते भेट गऱ्यो । उहाँहरू बीचको भेटमा

काठमाडौँ उपत्यकाको ट्राफिक व्यवस्थापन र दुई नगरले गरिरहेको विकास निर्माणलगायतका विविध गतिविधिहरूको विषयमा अनुभवको आदान–प्रदान भयो ।

भेटको क्रममा नगर प्रमुख प्रजापतिले नगरपालिकाले सांस्कृतिक नगर भक्तपुरको सम्पदा संरक्षण, शिक्षा र स्वास्थ्यमा जोड दिँदैआएको बताउनुहुँदै हाम्रा कला–संस्कृति र सम्पदाहरू आफ्नै शैलीमा जताको सहयोगमा संरक्षण र सम्वर्द्धन गर्न आवश्यक भएको बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले नगरपालिकाले व्यवस्थित आवास योजनाहरू सञ्चालन र निर्माण गरिरहेको जानकारी दिनुहुँदै भनपाले शिशुस्याहारदेखि ७ ओटा कलेजहरू सञ्चालन गरी नगरवासीहरूको सेवा गरिरहेको बताउनुभयो ।

उहाँले ख्वप विश्वविद्यालय सञ्चालनको लागि विधेयक पारित भएमा कम शुल्कमा गुणस्तरीय चिकित्सा विज्ञानको अध्ययन अध्यापन गराउने योजना रहेको जानकारी गराउनुहुँदै नगरभित्रका ९२ ओटा विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागू गरी भक्तपुर नगरभित्रका नयाँ पुस्तालाई भक्तपुरको मौलिकता बारे जानकारी गराउँदै देशभक्त र सामाजिक उत्तरदायी नागरिक बनाउन स्थानीय पाठ्यक्रम तयार गरी अध्ययन अध्यापन गराइरहेको जानकारी गराउनु भयो ।

नगरवासीहरूलाई निःशुल्क अक्सीजन व्यवस्था गरिरहेको बताउनुहुँदै ख्वप अस्पताललगायत आँखा अस्पताल, आयुर्वेदिक उपचार केन्द्र र घरघरमा नर्सिङ सेवाबाट स्वास्थ्य सेवा प्रदान गरिरहेकोसमेत उहाँले जानकारी दिनुभयो ।



भेटमा उपप्रमुख खड्गीले भक्तपुरबाट सिक्नयोग्य धेरै कामहरू रहेको बताउनुहुँदै महानगरपालिकाले महानगरभित्र बसपार्क र पार्किङको समस्या रहेकोले उपत्यकाका अन्य नगरपालिकाहरूसँग सहकार्य गर्दै उपयुक्त स्थानमा बसपार्क व्यवस्थापन गर्न भनपाको सहयोगको अपेक्षा राख्नुभयो ।

महानगरभित्र रहेका पुराना सम्पदा संरक्षण तथा हनुमानढोका र असनलगायतका पुराना बस्तीमा रहेका घरहरू पुरानै शैलीमा निर्माण गर्ने कार्यलाई विशेष प्राथमिकता दिँदै कार्य गरिरहेको उहाँले जानकारी दिनुभयो ।

भेटको क्रममा नगर प्रमुख प्रजापतिले उपप्रमुख खड्गीलाई भक्तपुरको प्रसिद्ध मयूर झ्याल तथा नगरपालिकाको सम्पदा पुनःनिर्माणका सङ्कलित सचित्र 'फोटो पुस्तक' सहित नगरपालिकाका विभिन्न प्रकाशनहरू उपहार स्वरूप प्रदान गर्नुभयो ।

भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला, वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्व, काठमाडौँ महानगरपालिका ३२ नं. का वडाध्यक्ष नवराज पराजुली, भनपाका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठलगायतको उपस्थिति थियो ।

## ईसीडी शिक्षिकाहरूको ज्ञापनपत्र



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई ईसीडी (पूर्व प्रावि तहमा कार्यरत) शिक्षक सङ्घर्ष समिति, भक्तपुरका अध्यक्ष श्वेता छुस्याकीले ६ बुँदे मागसहितको ज्ञापन पत्र साउन ३१ गते हस्तान्तरण गर्नुभएको छ ।

ज्ञापन पत्र ग्रहण गर्नुहुँदै नगर प्रमुख प्रजापतिले नगरभित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा कार्यरत इसिडी शिक्षकहरूलाई दिइँदै आएको प्रोत्साहन रकमलाई यस वर्ष पनि निरन्तरता दिएको बताउनुभयो । 'परिस्थिति सहज भएपछि विगतका वर्षमा झैँ तालिम सञ्चालनलाई अगाडि बढाइनेछ' – उहाँले भन्नुभयो ।

उहाँले सङ्घ सरकारले घोषणा गरेबमोजिम शिक्षकहरूको तलब समायोजनको लागि आवश्यक व्यवस्था गरिने बताउनुहुँदै कोभिड महामारीका कारण पर्यटन क्षेत्रमा प्रत्यक्ष असर परेको बताउनुभयो ।

आधारभूत विद्यालयहरूको शैक्षिक स्तर उठाउन सबै विद्यालयहरूमा आवश्यक शैक्षिक सामग्री उपलब्ध गराउँदै आएको बताउनुहुँदै उहाँले ईसीडी शिक्षकहरूको समस्याहरूबारे

नगरपालिकाको ध्यानाकर्षण भएको प्रष्ट पार्नुभयो ।

उक्त ज्ञापन पत्रमा पूर्व प्राथमिक तहका शिक्षकहरूलाई तलब वृद्धि गर्नुपर्ने, बाल विकास केन्द्रका शिक्षकहरूका लागि 'मन्टेश्वरी विधि' को तालिम व्यवस्था र शैक्षिक सामग्रीहरूको बन्दोबस्त गर्नुपर्ने, बाल विकास केन्द्रका विद्यार्थीहरूको उचित स्याहारसुसार गर्न २० जना विद्यार्थीका लागि एक जना सहयोगी (आया) को बन्दोबस्त गर्नुपर्नेलगायतका मागहरू समाविष्ट छन् ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका गणेशराम थुसाले भक्तपुर नपाले शिक्षा क्षेत्रमा गरिरहेको उदाहरणीय काम प्रशंसनीय भएको बताउनुहुँदै ईसीडी शिक्षकहरूको मागहरू सम्बोधन गर्न नगरपालिकाको ध्यानाकर्षण गराउनुभयो ।

## नेपाल कपडा तथा सिलाइ व्यवसायी सङ्घको ज्ञापनपत्र



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई नेपाल कपडा तथा सिलाइ व्यवसायी सङ्घले साउन २५ गते ज्ञापनपत्र बुझाएको छ ।

ज्ञापनपत्र ग्रहण गर्नुहुँदै नगर प्रमुख प्रजापतिले भक्तपुरको परम्परागत पेशा संरक्षण र संवर्द्धनमा नगरपालिकाले प्राथमिकतामा राख्दै नियमित रूपमा सिलाइको तालिमहरू दिँदै रोजगारी प्रवर्द्धनको लागि काम गर्दैआएको बताउनुभयो । उहाँले युवाहरूका लागि विभिन्न विदेशी भाषा तथा सीपमूलक तालिम सञ्चालनलाई पनि जोड दिँदैआएको बताउनुभयो । श्रमको सम्मान गर्नुपर्ने र कुनै पनि काम ठूलो वा सानो नहुने बताउनुहुँदै उहाँले आफ्नो पेशा समयसापेक्ष ढङ्गले पेशामा परिमार्जन गर्दै व्यवसायीहरू अगाडि बढ्नुपर्ने आजको आवश्यकता रहेको बताउनुभयो ।

बाहिरी तयारी पोशाक तथा विदेशी कामदारहरूका कारण आफूहरू विस्थापित हुनलागेको र परम्परागत पेशालाई जोगाउन तथा व्यवसायलाई संरक्षण र प्रवर्द्धन गर्नका ज्ञापनपत्र बुझाएको सङ्घका कार्यवाहक अध्यक्ष सुवरत्न बज्राचार्यले बताउनुभयो ।

ज्ञापन पत्रमा भक्तपुर नगरपालिकाभित्र सञ्चालित कपडा तथा सिलाइ व्यवसायीलाई गुणस्तरीय सीपमूलक तालिमको प्रवर्द्धन गर्ने, बजार व्यवस्थापनलगायत रोजगारीको प्रत्याभूति दिनुपर्ने, कपडा तथा सिलाइसम्बन्धी कुनै पनि सीपमूलक तालिम, बजार प्रवर्द्धनका क्रियाकलापहरूमा सङ्घसँग समन्वयकारी भूमिका खेल्नुपर्ने, स्थानीय उत्पादनलाई प्रोत्साहन दिनुपर्ने, सडकपेटीहरूमा जथाभावी राखिएका पसलहरू हटाउन आवश्यक पहलको लागि अनुरोध गरिएको छ ।

## सुकुन्दा साकोसको कृषि सेवा शुभारम्भ



भक्तपुरको जगातीमा अवस्थित सुकुन्दा बचत तथा ऋण सहकारी संस्था लि. मा कृषि सेवाको शुभारम्भ भएको छ ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सुकुन्दा साकोसमा अन्नबाली, फलफूल, रोगकिरा समस्या पहिचान र समाधानबारे परामर्श सेवा तथा प्रयोगशालाको भदौ १ गते एक समारोहबीच उद्घाटन गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले अन्नबालीमा लाग्ने रोगको पहिचान गरी कृषकलाई परामर्श तथा सल्लाह दिने कार्यको शुभारम्भ हुनु समग्र भक्तपुरवासीहरूको निम्ति सुखद् पक्ष भएको बताउनुभयो ।

सहकारी संस्थाबाट सुरु भएको कृषि सेवा प्रभावकारी रूपमा कार्यानवयन हुनेमा विश्वास व्यक्त गर्नुहुँदै उहाँले भक्तपुर नपाले उन्नत जातको धान, गहुँ र आलुको बीउ वितरण गरिरहेको, माटो परीक्षण, विषादी प्रयोगसम्बन्धी लगायतका

तालिम सञ्चालन गरिरहेको र नगरवासी युवा कृषकहरूलाई लक्षित गर्दै आधुनिक शैलीको खेतीबारे पनि तालिम सञ्चालनमा जोड दिँदैआएको बताउनुभयो ।

सरकारले कृषिजन्य वस्तुको उत्पादन बढाएर मुलुकलाई आत्मनिर्भर बनाउनुपर्नेमा जोड दिनुहुँदै प्रमुख प्रजापतिले नेपालमै रसायनिक मल कारखाना स्थापना गर्नेबारे नेपाल सरकारको ध्यानार्षण गराउनुभयो ।

उहाँले भन्नुभयो, 'कृषि सेवाबाट किसानले आफ्नो बारी तथा खेतमा देखिएका समस्या, किरा लाग्ने, माटोको गुणस्तर तथा विविध जानकारी समयमै थाहा पाउने उल्लेखनीय काम भएको छ ।'

कृषकहरूमा सैद्धान्तिक ज्ञानको कमीले गर्दा कृषि उत्पादनमा ऱ्हास आएको बताउनुहुँदै उहाँले नेपालभरका किसानलाई कृषि प्रविधिसँग जोड्नु ठूलो उपलब्धी हुने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाद्वारा गठित कृषि समितिका संयोजक राजकृष्ण गोराले अन्नबालीको रोग पहिचानबारे परामर्श सेवा बहुसङ्ख्यक किसानहरूको हितमा रहेको बताउनुहुँदै नेपाल सरकार कृषि क्षेत्रलाई कमजोर बनाउने गतिविधिमा लागेको बताउनुभयो । उहाँले कृषिसम्बन्धी परामर्श सेवा अभावले किसानहरूको उत्पादनमा कमी आएको र कृषि क्षेत्रतर्फ आकर्षण पनि घटिरहेको छ भन्नुभयो ।

कार्यक्रममा भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले सहकारी संस्थाहरूबाट सञ्चालित कृषि सेवाबारे व्यापक प्रचारप्रसारको आवश्यकता औँल्याउनुहुँदै किसानहरूको अनुकूलतामा कृषि सेवा प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने बताउनुभयो । उहाँले कृषि क्षेत्रमा नयाँ प्रविधि, आधुनिकीकरण, वैज्ञानिकीकरण भए मात्रै देशलाई आत्मनिर्भर बनाउन टेवा पुग्ने बताउनुहुँदै भक्तपुर नगरपालिकाको स्वीकृतिबिना सञ्चालित सहकारी संस्थाहरूको अनुगमनमा तीव्रता दिइरहेको बताउनुभयो ।

कृषि विशेषज्ञ सबिन ख्याजुले सुकुन्दा साकोसले स्थानीय तहमै किसानको समस्या समाधान गर्ने कार्यको प्रशंसा गर्नुहुँदै संस्थाले अन्नबाली तथा फलफूलमा लाग्ने रोग किरा समस्या पहिचान गरी आवश्यक परामर्श दिनुका साथै उन्नत जातका बीऊ उत्पादनमा जोड दिने बताउनुभयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष सानुकाजी त्वानाबासु, सल्लाहकार नाति कवां र सञ्चालक सानुकाजी चिकंबन्जारले पनि संस्थाको उद्देश्य, सेवा सुविधा र आगामी दिनमा नयाँ नयाँ कार्यक्रमहरू अगाडि बढाउँदै लाने विचारहरू व्यक्त गर्नुभयो ।

# नगर प्रमुख प्रजापतिद्वारा नेपाल बैंक लिमिटेडको एक्स्टेन्सन काउण्टर शुभारम्भ




नेपाल बैंक लिमिटेड भक्तपुर शाखाले भक्तपुर नपा वडा नं. १ दुधपाटीमा एक्स्टेन्सन काउण्टर सञ्चालन गरेको छ । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले उक्त एक्स्टेन्सन काउण्टरको भदौ १ गते एक समारोहबीच रिबन काटेर उद्घाटन गर्नुभयो ।

शुभारम्भ कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले नेपाल बैंक लि. जनताले बढी विश्वास गरेको बैंक भएको र भक्तपुर नगरपालिकाले सरकारको लगानी भएको बैंकलाई प्रोत्साहित गर्न नगरपालिकाका कारोबारहरू यसै बैंकमार्फत गरिरहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले सिंहदरबारभित्र हुने सबै आर्थिक कारोबार विदेशी लगानी भएको बैंकमार्फत हुँदै आएकोप्रति आपत्ति जनाउनुहुँदै यसबाट बैंकमार्फत नेपालका महत्त्वपूर्ण व्यक्तिको सूचना बाहिरिने सम्भावना भएको बताउनुभयो । सिंहदरबारभित्र सरकारी स्वामित्वकै बैंकमार्फत कारोबार गर्नुपर्ने धारणा उहाँले राख्नुभयो ।

सरकारले विदेशी लगानी भएका निजी बैंकहरूलाई प्राथमिकतामा राखेकै कारण सरकार मातहत सञ्चालन भएका बैंकहरू डुब्ने खतरा बढेको छ, उहाँले भन्नुभयो– भक्तपुर नगरपालिकाले निजी क्षेत्र, सरकारी तथा गैरसरकारी संस्थाहरूलाई निरुत्साहित गर्दै आइरहेको छ ।

भक्तपुर क्याम्पसका प्रमुख डा. कृष्णप्रसाद पोखरेलले नेपाल बैंक लि. नेपालकै पुरानो र गौरव बोकेको संस्था भएको बताउनुहुँदै बैंकले सेवाग्राहीहरूलाई नयाँ प्रविधि र नयाँ सेवा सुविधाहरू प्रदान गर्दै आइरहेको छ भन्नुभयो ।

नेपाल बैंक लि. बागमती प्रदेशका प्रमुख निलुजा

श्रेष्ठले सबैको मायाले संस्था सञ्चालन गर्न हौसला प्राप्त भएको बताउनुहुँदै नेपालका निजी बैंकहरूसँग प्रतिस्पर्धा गर्दै नेपाल बैंक लि. ले उत्कृष्ट सेवासुविधा प्रवाह गर्दै आएको र बागमती प्रदेशको १३ ओटै जिल्लामा शाखा रहेको र १६ ओटा एक्स्टेन्सन काउन्टर सञ्चालनमा ल्याएको बताउनुभयो।

कार्यक्रममा भक्तपुर शाखाका दीपा पनेरु, शाखा प्रबन्धक विष्णुमान भैलले पनि बोल्नुभएको थियो।

## भक्तपुर बहिरा सङ्घको २५ औँ वार्षिक साधारणसभा




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर बहिरा सङ्घको २५ औँ वार्षिक साधारणसभा भदौ १२ गते सम्पन्न भयो।

कार्यक्रममा प्रमुख प्रजापतिले योग्यता र क्षमता भएका व्यक्तिहरूले जुनसुकै क्षेत्रमा पनि सफलता प्राप्त गर्ने बताउनुहुँदै भक्तपुर नगरपालिकाले नगरवासी युवाहरूलाई लक्षित गरी विभिन्न सीपमूलक तालिम सञ्चालन गर्दै आएको बताउनुभयो।

भक्तपुर नगरपालिकाले १ महिने साङ्केतिक भाषा तालिम सञ्चालन गरिसकेको अवगत गराउनुहुँदै उहाँले नगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरूको लागि अपाङ्गमैत्री सामग्री वितरण तथा अपाङ्गमैत्री खेलकुद प्रतियोगिताहरूलाई निरन्तरता दिँदै आएको बताउनुभयो।

भक्तपुर नगरपालिकाभित्र बनेका सरकारी कार्यालय, सम्पदा क्षेत्र, पोखरीहरू अपाङ्गमैत्री ढङ्गले निर्माण गरेको बताउनुहुँदै प्रमुख प्रजापतिले साङ्केतिक भाषाको तालिमको आवश्यकताबारे प्रष्ट पार्नुभयो।

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका केन्द्रीय सदस्य सत्यदेवी वाग्लेले नगरपालिकाहरूले साङ्केतिक भाषाका दोभाषेहरूको लागि आवश्यक बजेट छुट्याउन माग गर्नुहुँदै अपाङ्गता भएकाहरूलाई रोजगारी सिर्जना गर्ने वातावरण तयार गर्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा राष्ट्रिय बहिरा महासङ्घ नेपालका सचिव शर्मिला मानन्धर, बहिरा महासङ्घ नेपालका निवर्तमान महासचिव सूर्यबहादुर बुढाथोकी, साङ्केतिक भाषा दोभाषे सङ्घ नेपालका अध्यक्ष दिनेश श्रेष्ठ, गैसस महासङ्घ भक्तपुरका रमेश गिरी, सल्लाहकार एवम् दोभाषे टीकाराम लामिछाने, संस्थापक अध्यक्ष नकुलप्रसाद अधिकारी, वागीश्वरी माविका प्रअ कृष्णप्रसाद धन्छा, भक्तपुर बहिरा सङ्घका अन्य पदाधिकारीहरूले शुभकामना दिनुभएको थियो।

भक्तपुर बहिरा सङ्घका अध्यक्ष एवम् सभाका सभापति जयराम पकानेवारले सङ्घले सञ्चालन गर्दै आएको गतिविधिबारे प्रष्ट पार्दै सङ्घको भवन निर्माणमा भक्तपुरका चारैओटा नगरपालिकाको तर्फबाट आवश्यक सहयोग मिल्ने विश्वास व्यक्त गर्नुभयो।

भक्तपुर बहिरा सङ्घका सचिव राजकुमार दुलालले सभाको औचित्यबारे प्रकाश पार्नुभयो भने अनिता बोहजूले स्वागत मन्तव्य दिनुभएको थियो।



उक्त अवसरमा प्रमुख प्रजापतिले सङ्घका संस्थापक पदाधिकारीहरूलाई दोसल्ला ओढाई सम्मान गर्नुभएको थियो।

## आ.व. २०७६/०७७ को बेरुजु

महालेखा परीक्षकको कार्यालयले भाद्र ४ गते राष्ट्रपतिलाई बुझाएको ५८ औँ वार्षिक प्रतिवेदनमा आव २०७६/०७७ मा १ खर्ब ४ अर्ब रुपैयाँ बराबरको बेरुजु थप भएको जनाएको छ। जुन अघिल्लो आव २०७५/०७६ भन्दा २८ अर्बले कम हो। अघिल्लो आवमा १ खर्ब ३२ अर्ब बराबरको बेरुजु थियो। प्रतिवेदनका अनुसार आव

२०७६/०७७ सम्ममा कूल बेरुजु ४ खर्ब १८ अर्ब ८५ करोड रुपैयाँ पुगेको छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को व्यवस्था बमोजिम म्याद ननाघेको पेश्की बेरुजु कायम नगरिने व्यवस्था बमोजिम यसवर्ष म्याद ननाघेको पेश्कीलाई बेरुजु अङ्कमा समावेस नगरिएको महालेखाका एक अधिकारीले बताए । '२०७७ सालमा आएको नियमावलीले म्याद ननाघेको पेश्कीलाई बेरुजु नमान्ने भनेका छ,' उनी भन्छन्, 'सोही व्यवस्थामा टेकेर हामीले बेरुजु अङ्कमा म्याद ननाघेको पेश्कीलाई समावेश गरेका छैनौं । वार्षिक प्रतिवेदनको परिच्छेद २ मा कुल बेरुजु रकममा म्याद ननाघेको पेस्की समावेश नगरिएको जनाइएको छ ।

| सबैभन्दा धेरै बेरूजु मन्त्रालय | बेरूजु रकम (करोड) |
|---|---|
| अर्थ | २२८४ |
| भौतिक पूर्वाधार तथा यातायात | ६८१ |
| कृषि तथा पशुपन्छी विकास | २६५ |
| खानेपानी | २२५ |
| स्वास्थ्य तथा जनसख्या | १८४ |

| प्रदेश | बेरूजु रकम (करोड) |
|---|---|
| १ | ११७ |
| २ | १८० |
| बागमती | ७२ |
| गण्डकी | ६० |
| लुम्बिनी | ९४ |
| कर्णाली | ८३ |
| सुदूरपश्चिम | ५७ |
| जम्मा | ६७५ |

| महानगरपालिका | बेरूजु रकम (करोड) |
|---|---|
| काठमाडौं | १९४ |
| वीरगन्ज | ७५ |
| पोखरा | ७० |
| ललितपुर | ६७ |
| विराटनगर | ४६ |
| भरतपुर | १० |

| धेरै बेरूजु भएका उपमहा नपा | बेरूजु रकम (करोड) |
|---|---|
| जनकपुर | ३५ |
| जीतपुर सिमरा | १८ |
| हेटौंडा | १७ |
| तल्सिपुर | १४ |
| धरान | १२ |

| नगरपालिका | सङ्ख्या | बेरूजु रकम (करोड) |
|---|---|---|
| प्रदेश १ | ४५ | २०६ |
| प्रदेश २ | ७१ | ७१ |
| बागमती | ३७ | ३७ |
| गण्डकी | २६ | ९६ |
| लुम्बिनी | २७ | १३६ |
| कर्णाली | २३ | १३७ |
| सुदूरपश्चिम | ३१ | २१४ |

| गाउँपालिका | सङ्ख्या | बेरूजु रकम (करोड) |
|---|---|---|
| प्रदेश १ | ८५ | २३६ |
| प्रदेश २ | ५६ | ४३२ |
| बागमती | ५७ | २१० |
| गण्डकी | ५८ | ९२ |
| लुम्बिनी | ६४ | २०१ |
| कर्णाली | ५० | १८९ |
| सुदूरपश्चिम | ४७ | १४७ |

स्रोत : कारोबार

# क्युबाद्वारा नयाँ अमेरिकी प्रतिबन्ध अस्वीकार

हवाना, २२ अगस्त (टेलिसुर/प्रेन्सा ल्याटिना) । क्युवाले आफ्नो देशका उच्च अधिकारीहरूविरुद्ध संरा अमेरिकाले लगाएको नयाँ प्रतिबन्ध अस्वीकार गर्दै त्यसको विरोध गरेको छ । क्युवाली विदेशमन्त्री ब्रुनो रोड्रिगेजले क्युवाली क्रान्तिकारी सशस्त्र बल र आन्तरिक मामिला मन्त्रालयका अधिकारीहरूविरुद्ध अमेरिकी सरकारले लगाएको प्रतिबन्धलाई क्युवा राज्यको तर्फबाट अस्वीकार गर्दै विरोध गर्नुभएको हो ।

क्युवाली विदेश मन्त्री रोड्रिगेजका अनुसार क्युवाली अधिकारीहरूलाई दण्डित गर्ने नैतिक अधिकार छैन । उहाँले पोस्ट गर्नुभएको टिव्ट सन्देशमा भन्नुभएको छ, 'म संरा अमेरिकी राष्ट्रपतिको क्युवामाथि हमला गर्ने चाहनाको विरोध गर्छु र क्युवाली जनतासँगै उभिएर आर्थिक नाकाबन्दीसँगै सबै किसिमका प्रतिबन्धहरूलाई अस्वीकार गर्छु ।'

सरां अमेरिकी ट्रेजरी डिपार्टमेन्टले बिहीबार एक घोषणामार्फत क्युवाको क्रान्तिकारी सशस्त्र बलको मुख्यालयका अधिकारीहरू र आन्तरिक मामिला मन्त्रालयका अधिकारीहरूको एक सूची प्रकाशित गर्दै सबै अधिकारीहरूमाथि कुनै पनि आर्थिक र कूटनीतिक कारोबार गर्न प्रतिबन्ध लगाएको हो ।

ती क्युवाली अधिकारीहरूलाई तथाकथित विशेष योजनाकृत राष्ट्रियताको सूचीमा राखी विश्वव्यापी म्याग्निटस्की ऐनअनुसार प्रतिबन्ध लगाइएको हो । प्रतिबन्ध लागेका अधिकारीहरूलाई अमेरिका भ्रमणमा प्रतिबन्ध लगाउनुका साथै अमेरिकी भूमिमा रहेका सम्पत्ति र बैङ्कमा रहेका खाता फ्रिज गरिएको बताइएको छ ।

आफूले लगाएको प्रतिबन्धलाई न्यायोचित सिद्ध गर्न अमेरिकी ट्रेजरी डिपार्टमेन्टले ती क्युवाली अधिकारीहरूमाथि जुलाई ११ को तथाकथित शान्तिपूर्ण प्रदर्शनमाथि दमन गरेको र मानव अधिकार हनन गरेको आरोप लगाएको छ । केही क्युवाली सहरहरूमा जुलाई ११ को दिन भएका प्रदर्शन शान्तिपूर्ण नभएका, तोडफोड र लुटपाटमा केन्द्रित रहेको विभिन्न सञ्चारमाध्यमले प्रसारित गरेको श्रव्यदृश्यहरूमा देखिएकै हो । क्युवाली सुरक्षाकर्मीहरूले दोषीहरूलाई पक्राउ गर्नुबाहेक कुनै दमन गरेको थिएन र प्रदर्शनको क्रममा कुनै दमन पनि गरिएको थिएन ।

क्युवाली सरकारले ती प्रतिबन्धहरू अव्यावहारिक र असम्बन्धित रहेको पनि बताएको छ ।

## बाइडेनको भ्रमात्मक अभिव्यक्तिविरुद्ध ९ हजारभन्दा बढी वैज्ञानिक

कोभिड-१९ विरुद्धको लडाइँबारे अमेरिकी राष्ट्रपति जो बाइडेनले व्यक्त गरेको भ्रमात्मक अभिव्यक्तिविरुद्ध क्युवाली वैज्ञानिकहरूको तर्फबाट लेखिएको चिठीमा विश्वका ९ हजारभन्दा बढी वैज्ञानिकहरूले समर्थन गर्दै हस्ताक्षर गरेका छन् ।

क्युवाली वैज्ञानिक प्रतिष्ठानको वेभपेजमा प्रकाशित उक्त चिठीको समर्थनमा ९,०६७ जनाले अनलाइन हस्ताक्षर गरिसकेका छन् । हस्ताक्षर गरेका वैज्ञानिकहरू ल्याटिन अमेरिकाका अतिरिक्त उत्तर अमेरिका, युरोप, अफ्रिका र एसिया महादेशका पनि छन् ।

त्यस्तै चीन, अंगोला, नाइजेरिया, दक्षिण अफ्रिका, जापानलगायत देशका वैज्ञानिक प्रतिष्ठानहरूले पनि क्युवाली वैज्ञानिकहरूको चिठीमा समर्थन जाहेर गरेका छन् ।

जुलाई १५ का दिन अमेरिकी राष्ट्रपति जो बाइडेनले सार्वजनिक अभिव्यक्ति दिँदै क्युबालाई असफल राज्यको संज्ञा दिँदै कोभिड-१९ को प्रतिरोधमा क्युवाली क्षमतालाई न्यूनाङ्कन गर्दै क्युवाको स्वास्थ्य प्रणाली र विज्ञानले महामारीले सिर्जना गरेको चुनौतीको स्थितिलाई सम्बोधन गर्न नसकेको बताएका थिए ।

स्मरणीय छ, ल्याटिन अमेरिकामा जनसङ्ख्याको अनुपातमा कम कोभिड-१९ सङ्क्रमित रहेका र मृत्यु दर कम भएका देशहरूमा क्युवा अग्रपङ्क्तिमा रहेको छ । क्युवाली वैज्ञानिकहरूले ९० प्रतिशतसम्म प्रभावकारित सिद्ध भएका कोरोनाविरुद्धका ५ ओटा खोप विकास र उत्पादन गरिसकेका छन् ।

## टोकियो 2020 ओलम्पिक

### जुलाइ २३ देखि अगस्त ८, २०२१

## अन्तिम पदक तालिका

टोकियो ओलम्पिकमा कूल २०५ देशका ११ हजार ३०० खेलाडीले भाग लिएका थिए । खेलाडीले कूल ३३ खेलमा ३४० स्वर्ण, ३३८ रजत तथा ४०२ कास्य पदकका लागि प्रतिस्पर्धा गरेका थिए । उद्घाटन समारोहमा नेपालको झण्डा पौडी खेलाडी गौरिका सिंह र एलेक्स शाहले बोकेका थिए भने समापनमा स्वयंसेवकले बोकेका थिए ।

नेपालबाट टोकियो ओलम्पिकमा चार खेलका पाँच खेलाडीले प्रतिस्पर्धा गरेका थिए । पौडीकी गौरिका सिंह र एलेक्स शाह तथा सुटिङकी कल्पना परियारले राष्ट्रिय कीर्तिमान बनाए । जुडोकी सोनिया भट्ट र एथ्लेटिक्सकी सरस्वती चौधरीको प्रदर्शन भने सामान्य रह्यो ।



## आफन्तीको कथा



विनय कुमार कसजू

### आफन्तीको दोष

एक दिन राती आफन्ती र उसकी पत्नी बिहेको भोजको निम्तो मान्न गएका थिए । फर्कदा उनीहरूले आफ्नो घरको ढोकाको ताल्चा फोरिएको देखे । चोर घरभित्र पसेर सबै मालताल उडाएछ । आफन्तीकी पत्नी दुःखी भएर रुन थालिन् । रुवाइ सुनेर छिमेकीहरू सान्त्वना दिन आए ।

केही बेर सान्त्वनामा बितेपछि छिमेकीहरूले उनीहरूको खोट निकाल्न थाले । एक जनाले भन्यो, 'तिमीहरूले घरभित्र बत्ती बालेर छाड्नु पर्थ्यो । बत्ती बलेको देखेपछि भित्र मान्छे रहेछ भनेर चोर पस्ने थिएन ।'

'मैले तिमीलाई कुकुर पाल्ने सल्लाह दिएको थिएँ । तिमीले मानेनौ ।' अर्कोले भन्यो ।

'मूल ढोकाको साँचो फेर भनेर मैले कति चोटि भनेँ तर मानेकै होइन ।' उसकी पत्नीले पनि उसैलाई दोष दिइन् ।

उनीहरूको कुरा सुनेर दिक्क मान्दै आफन्तीले भने, 'यो त अचाक्ली नै भयो । तिमीहरू सबैले मेरो मात्रै दोष देख्यौ ? चोरको दोष कत्ति पनि देखेनौ ? कस्तो अचम्म ?'


भक्तपुर नगरपालिकाको

रेडियो कार्यक्रम

'ख्वप सः' अर्थात् 'भक्तपुर आवाज'

भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्

बुधबार : बिहान ७:३० देखि ८:३०

शुक्रबार : साँझ ६:३० देखि ७:०० सम्म

सोमबार : बिहान ७:०० देखि ७:३० सम्म

| क्रसं | देश | स्वर्ण | रजत | कास्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | संरा अमेरिका | ३९ | ४१ | ३३ | ११३ |
| २ | चीन | ३८ | ३२ | १८ | ८८ |
| ३ | जापान | २७ | १४ | १७ | ५८ |
| ४ | बेलायत | २२ | २१ | २२ | ६५ |
| ५ | रूस | २० | २८ | २३ | ७१ |
| ६ | अस्ट्रेलिया | १७ | ७ | २२ | ४६ |
| ७ | नेडरलान्डस् | १० | १२ | १४ | ३६ |
| ८ | फ्रान्स | १० | १२ | ११ | ३३ |
| ९ | जर्मनी | १० | ११ | १६ | ३७ |
| १० | इटाली | १० | १० | २० | ४० |
| ११ | क्यानाडा | ७ | ६ | ११ | २४ |
| १२ | ब्राजिल | ७ | ६ | ८ | २१ |
| १३ | न्यु जीलान्ड | ७ | ६ | ७ | २० |
| १४ | क्युवा | ७ | ३ | ५ | १५ |
| १५ | हङगेरी | ६ | ७ | ७ | २० |
| १६ | द. कोरिया | ६ | ४ | १० | २० |
| १७ | पोलान्ड | ४ | ५ | ५ | १४ |
| १८ | चेक गणतन्त्र | ४ | ४ | ३ | ११ |
| १९ | केन्या | ४ | ४ | २ | १० |
| २० | नर्वे | ४ | २ | २ | ८ |
| २१ | जमैका | ४ | १ | ४ | ९ |
| २२ | स्पेन | ३ | ८ | ६ | १७ |
| २३ | स्वीडेन | ३ | ६ | ० | ९ |
| २४ | स्वीट्जरलान्ड | ३ | ४ | ६ | १३ |
| २५ | डेनमार्क | ३ | ४ | ४ | ११ |
| २६ | क्रोएसिया | ३ | ३ | २ | ८ |
| २७ | इरान | ३ | २ | २ | ७ |
| २८ | सर्बिया | ३ | १ | ५ | ९ |
| २९ | बेल्जियम | ३ | १ | ३ | ७ |
| ३० | बुल्गेरिया | ३ | १ | २ | ६ |
| ३१ | स्लोभेनिया | ३ | १ | १ | ५ |
| ३२ | उज्बेकिस्तान | ३ | ० | २ | ५ |
| ३३ | जर्जीया | २ | ५ | १ | ८ |
| ३४ | ताइवान | २ | ४ | ६ | १२ |
| ३५ | टर्की | २ | २ | ९ | १३ |
| ३६ | ग्रीस | २ | १ | १ | ४ |
| ३७ | उगान्डा | २ | १ | १ | ४ |
| ३८ | इक्वेडर | २ | १ | ० | ३ |
| ३९ | आएरलान्ड | २ | ० | २ | ४ |
| ४० | इजरायल | २ | ० | २ | ४ |
| ४१ | कतार | २ | ० | १ | ३ |
| ४२ | बहामाज | २ | ० | ० | २ |
| ४३ | कोसोभो | २ | ० | ० | २ |
| ४४ | युक्रेन | १ | ६ | १२ | १९ |
| ४५ | बेलारूस | १ | ३ | ३ | ७ |
| ४६ | रोमानिया | १ | ३ | ० | ४ |
| ४७ | भेनेजुएला | १ | ३ | ० | ४ |
| ४८ | भारत | १ | २ | ४ | ७ |
| ४९ | हङकङ | १ | २ | ३ | ६ |
| ५० | फिलिपिन्स | १ | २ | १ | ४ |
| ५१ | स्लोभाकिया | १ | २ | १ | ४ |
| ५२ | द.अफ्रिका | १ | २ | ० | ३ |
| ५३ | अस्ट्रिया | १ | १ | ५ | ७ |
| ५४ | मीश्र | १ | १ | ४ | ६ |
| ५५ | इन्डोनेसिया | १ | १ | ३ | ५ |
| ५६ | इथियोपिया | १ | १ | २ | ४ |
| ५७ | पोर्तुगल | १ | १ | २ | ४ |
| ५८ | ट्युनिसिया | १ | १ | ० | २ |
| ५९ | इस्टोनिया | १ | ० | १ | २ |
| ६० | फिजी | १ | ० | १ | २ |
| ६१ | लाटभिया | १ | ० | १ | २ |
| ६२ | थाइलान्ड | १ | ० | १ | २ |
| ६३ | बर्मुडा | १ | ० | ० | १ |
| ६४ | मोरोक्को | १ | ० | ० | १ |
| ६५ | प्युर्टो रिको | १ | ० | ० | १ |
| ६६ | कोलम्बीया | ० | ४ | १ | ५ |
| ६७ | अजरबैजान | ० | ३ | ४ | ७ |
| ६८ | डोमिनिकन | ० | ३ | २ | ५ |
| ६९ | आर्मेनिया | ० | २ | २ | ४ |
| ७० | कीर्गिस्तान | ० | २ | १ | ३ |
| ७१ | मंगोलिया | ० | १ | ३ | ४ |
| ७२ | अर्जेन्टिना | ० | १ | २ | ३ |
| ७३ | सान मारिनो | ० | १ | २ | ३ |
